Micro Enterprise Development Programme (MEDEP IV)
National Programme Support Office
Dhobighat, Lalitpur, Nepal
Postal address : P.O. Box 107, Kathmandu
Phone : 977-1-5541949, 5541951
Fax : 977-1-5541950
Email : info@medep.org.np
Website : www.medep.org.np

ISBN 978-99946-916-9-2
9 789994 691692

Australian Aid

UNDP
Empowered lives.
Resilient nations.

लघु उद्यमसम्बन्धी विभिन्न नीतिगत तथा कानुनी प्रावधानहरूको सँगालो

लघु उद्यमसम्बन्धी विभिन्न नीतिगत तथा कानुनी प्रावधानहरूको सँगालो

Demand Driven Strategy of Micro Enterprise Development
लघु उद्यम विकासको मागमा आधारित रणनीति



Micro Enterprise Development Model
लघु उद्यम विकासको नमुना

मेडेप र मेडपाको भौगोलिक कभरेज (आ.व. २०७२/७३)



लघु उद्यमसम्बन्धी विभिन्न नीतिगत तथा कानुनी प्रावधानहरूको सँगालो

प्रकाशक
लघु उद्यम विकास कार्यक्रम
धोविघाट, ललितपुर

साउन २०७२

प्रकाशक : लघु उद्यम विकास कार्यक्रम, धोबिघाट, ललितपुर

सर्वाधिकार © : लघु उद्यम विकास कार्यक्रम (नेपाल सरकार, उद्योग मन्त्रालय र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम) मा सुरक्षित ।

ISBN : 978-99946-916-9-2

मुद्रण : प्यासिफिक प्रिन्टिङ सोलुसन प्रा.लि.

यो पुस्तिका विभिन्न कानुनी दस्तावेजहरूमा भएका लघु उद्यमसम्बन्धी व्यवस्थाहरूको सङ्ग्रह मात्र हो । यसमा संलग्न कुनै पनि सामग्रीप्रति लघु उद्यम विकास कार्यक्रम (नेपाल सरकार उद्योग मन्त्रालय र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम) को धारणा प्रतिबिम्बित भएको मानिने छैन ।

नेपाल सरकार
उद्योग मन्त्रालय
सिंहदरवार, काठमाडौं
नेपाल ।

प्राक्कथन

लघु उद्यम विकास कार्यक्रम (मेडेप) नेपाल सरकार उद्योग मन्त्रालय र संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम (युएनडिपी) को संयुक्त परियोजना हो । सन् १९९८ देखि मेडेपले गरीबीको रेखामुनि रहेको ग्रामीण जनसंख्यालाई लक्षित गरि उद्यमशीलता बिकासमार्फत रोजगारी सिर्जना गरिरहेको छ । मेडेपले २०७२ असार मसान्तसम्म ३८ जिल्लामा ७३,५०० लघु उद्यमी सिर्जना गरेको छ र उनीहरुबाट ८४,००० दिगो रोजगारीका अवसर सिर्जना भएका छन् ।

लघु उद्यम विकास सफल ढाँचालाई नेपाल सरकार र स्थानीय निकायहरुले पनि आर्थिक वर्ष २०६६-६७ देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को रुपमा आन्तरिकिकरण गरिरहेका छन् । यो आन्तरिकिकरणलाई गति दिन र मेडेपसँगको समन्वयमा मेडपा कार्यक्रम सञ्चालन गर्न नेपाल सरकारले २०७० साउनमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) ५ वर्षे रणनीति स्वीकृत गरि कार्यक्रम अगाडि बढाइरहेको छ । जस अनुसार आ. व. २०७२ र ७३ मा ६४ जिल्लामा लागु भएको यो कार्यक्रम आर्थिक वर्ष २०७४/७५ सम्ममा देशका ७५ वटै जिल्लामा पुर्याउने सरकारको लक्ष्य रहेको छ । ७३,००० नयाँ उद्यमी सिर्जना गर्ने लक्ष्यका साथ शुरु भएको मेडपा कार्यक्रमलाई गति दिन मेडेपले क्षमता अभिवृद्धि, संस्थागत सुदृढिकरण र लघु उद्यममैत्री नीति वकालततर्फ कार्य गर्नेछ भने उद्यमी सिर्जना गर्ने र स्तरोन्नती गर्ने कार्य नेपाल सरकारका निकायहरु मुलतः घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति मार्फत गरिनेछ।

लघु उद्यम विकास कार्यक्रम ढाँचाको सफलताले नेपाल सरकारका नीतिहरु र विभिन्न मन्त्रालय अन्तर्गतका कार्यक्रमहरुमा पनि लघु उद्यम विकाससँग सम्बन्धी प्रावधानहरु राख्न शुरूवात गरिएको छ । यद्यपी यस्ता व्यवस्थाहरू एउटै पुस्तिकामा एकिकृत रुपमा नहुँदा लघु उद्यमीहरुले पाउनुपर्ने सेवा तथा सुविधाहरु प्राप्त गर्न र यस क्षेत्रमा कार्यरत संघसंस्था र व्यक्तिहरुलाई पनि सहज रूपमा जानकारी हुन नसक्केको अवस्था छ । यसरी लघुउद्यमी तथा सरोकारवालाहरूलाई सहज रूपमा जानकारी गराउनका लागि लघु उद्यमसम्बन्धी विभिन्न नीतिगत र कानुनी दस्तावेजहरुमा भएका प्रावधानहरुलाई एकिकृत गरि यो पुस्तिका प्रकाशन गरिएको छ ।

पुस्तिकाको पहिलो खण्डमा लघु उद्यमसम्बन्धी समग्र व्यवस्था गर्ने कानूनी दस्तावेजहरुका मुख्य प्रावधानहरु, दोस्रो खण्डमा कृषिमा आधारित लघु उद्यमहरुलाई दिइने विभिन्न सुविधा र सोसम्बन्धी व्यवस्थाहरु, तेस्रो खण्डमा वनमा आधारित उद्यम सम्बन्धी व्यवस्थाहरू, चौथो खण्डमा पर्यटनमा आधारित लघु उद्यमसम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरु र पुस्तिकाको अन्तिम खण्डमा लघु उद्यमीहरुसित सम्बन्धित विविध व्यवस्थाहरु समेटिएको छ । प्रस्तुत पुस्तिका लघु उद्यमी र यस क्षेत्रमा काम गर्ने सबै सरोकारवाला तथा अध्येता, अनुसन्धानकर्ताहरुलाई पनि उपयोगी हुनेछ भन्ने विश्वास लिएको छु।

यामकुमारी खतिवडा (बास्कोटा)
सहसचिव तथा
राष्ट्रिय कार्यक्रम निर्देशक, लघु उद्यम बिकास कार्यक्रम
साउन, २०७२

फोन नं. ४२११५७९, ४२११५४७ फ्याक्स नं. ९७७-१-४२११६१९
Email: info@moi.gov.np, **Website:** www.moi.gov.np

धन्यवाद ज्ञापन

नेपाल सरकारका नीतिहरु तथा विभिन्न कानुनी दस्तावेजहरुमा लघु उद्यमसम्बन्धी भएका व्यवस्थाहरुलाई एकिकृत गरि लघु उद्यमी र यस क्षेत्रमा कार्यरत सबै सरोकारवाला तथा अध्येता, अनुसन्धानकर्ताहरुलाई एउटै पुस्तिकामा उपलब्ध गराउने हेतुले यो पुस्तिका तयारी गरिएको हो । विभिन्न दस्तावेजमा छरिएर रहेका त्यस्ता नीतिहरु तथा व्यवस्थाहरुको सुचनाको अभावमा लघु उद्यमीहरुले लिनुपर्ने र लिन सक्ने सुविधा तथा उपायहरुको अवलम्वन गर्न सकिरहेको अवस्था छैन । यो पुस्तिकाले यही समस्याको समाधान गर्ने अपेक्षा गरेको छ ।

यी व्यवस्थाहरुलाई एकिकृत गराउने कार्यमा सहयोग गर्ने दीगो कृषि सँस्था नेपाल, यस कार्यमा सँलग्न सबै अध्ययन टोलीका सदस्यहरु र अध्ययनको क्रममा दस्तावेज तथा महत्वपुर्ण सुझाव दिने लघु उद्यमी तथा अन्य सरोकारवालाहरुलाई धन्यवाद दिन चाहन्छु । उक्त कार्यको सँयोजन गर्ने मेडेपको नीति वकालतसम्बन्धी अवयव व्यवस्थापक भुपेन्द्र रानामगर र पुस्तिकाको रुपमा प्रकाशनयोग्य बनाउने सञ्चार विशेषज्ञ इन्द्रध्वज क्षेत्रीलाई पनि धन्यवाद दिन चाहन्छु ।

यस अवसरमा लघु उद्यम बिकास कार्यक्रमलाई लामो समयदेखि आर्थिक सहायता प्रदान गर्दै आइरहेको अस्ट्रेलिया सरकारको वैदेशिक मामला तथा व्यापार विभागप्रति आभार व्यक्त गर्दछु ।

डा. रामजीप्रसाद न्यौपाने

राष्ट्रिय कार्यक्रम प्रबन्धक, लघु उद्यम बिकास कार्यक्रम

साउन २०७२

विषयसूची

दस्तावेजहरूको विश्लेषणात्मक सारांश १

भाग १ : समग्र लघु उद्यमसम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरू ११

१.१ औद्योगिक नीति, २०६७ १३

१.२ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३) २४

१.३ लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२ २५

१.४ लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ ३१

१.५ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ५ बर्से योजना ५६

१.६ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका, २०७० ५८

१.७ ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९ ७०

१.८ महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९ ७२

१.९ राष्ट्रिय सहकारी नीति, २०६९ ८२

१.१० श्रम तथा रोजगार नीति, २०६२ ८२

१.११ राष्ट्रिय लघु वित्त नीति, २०६४ ८२

१.१२ जिल्ला उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन कार्तिक, २०६९ ८५

१.१३ गाउँ उद्यम विकास योजना तर्जुमा मार्गदर्शन कार्तिक, २०६६ ८७

१.१४ बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३ ८८

१.१६ जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ ८९

१.१७ गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७ ८९

भाग २ : कृषिमा आधारित लघु उद्यमसम्बन्धी नीतिहरू ९१

२.१ कृषि व्यवसाय प्रवर्द्धन नीति (२०६३) कार्यान्वयन कार्यविधि, २०६५ ९३

२.२ पन्छीपालन नीति, २०६८ ९७

२.३ पुष्प प्रवर्द्धन नीति, २०६९ ९७
२.४ राष्ट्रिय कफी नीति, २०६० ९९
२.५ पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१ ९९
२.६ बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ ११४
२.७ बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७० ११७

भाग ३ : वनमा आधारित लघु उद्यमसम्बन्धी व्यवस्थाहरू ११८

३.१ वन नीति, २०७१ १२०
३.२ निजी वन विकास निर्देशिका, २०६८ १२१
३.३ सुनाखरी सकलन तथा खेती विकास कार्यविधि निर्देशिका, २०६९ १३४
३.४ सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्सन २०६५ १३६

भाग ४ : पर्यटनमा आधारित लघु उद्यमसम्बन्धी व्यवस्थाहरू १३७

४.१ पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० १४१
४.२ होमस्टे सञ्चालन कार्यविधि, २०६७ १४२

भाग ५ : विविध १५१

५.१ राष्ट्रिय युवा नीति, २०६६ १५५
५.२ औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६७ १५५
५.३ आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति १५७
आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण १५८

दस्तावेजहरूको विश्लेषणात्मक सारांश

सन् १९९८ मा नेपाल सरकार उद्योग मन्त्रालय र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम (मेडेप) लागु भएपछि नै अङ्ग्रेजी भाषाको Micro Enterprise को समानार्थी नेपाली भाषामा लघु उद्यम शब्दको प्रवेश भएको हो । त्यतिन्जेलसम्म घरेलु तथा साना उद्योगको प्रचलन व्यापक रहेको थियो । नेपालको गरिबी निवारणमा यो कार्यक्रमको सकारात्मक योगदान देखिएपछि नेपाल सरकारका योजना र नीति तथा कार्यक्रममा पनि लघु उद्यमले स्थान पाउँदै गइरहेको छ ।

गत १७ वर्षदेखि विभिन्न दातृ निकायहरू र पछिल्लो समय अस्ट्रेलिया सरकारको विदेश मामिला तथा व्यापार विभाग (DFAT) को सहयोगमा मेडेप कार्यक्रम देशका ३८ जिल्लामा लागु भइरहेको छ । नेपाल सरकारले लघु उद्यम विकासको ढाँचालाई अनुसरण गर्दै वि. सं. २०६६/६७ देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन गर्दै आइरहेको छ । वि. सं २०७० सालमा नेपाल सरकारले ***गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) ५ वर्षे रणनीतिक योजना*** र ***मेडपा सञ्चालन निर्देशिका*** जारी गरी लघु उद्यमको ढाँचालाई आफ्नै मेडपा कार्यक्रममा चरणबद्ध रूपमा आन्तरिकिकरण गरिरहेको छ ।

मेडेप हाल चौँथो चरणमा सञ्चालन भइरहेको छ र यसको मुख्य उद्देश्य मेडपा कार्यक्रम सञ्चालनका लागि उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग र घरेलु तथा साना उद्योग विकास समिति र तिनका जिल्लास्थित निकायहरू र जिल्ला उद्यम विकास समितिको क्षमता अभिवृद्धि गर्नु र प्राविधिक सहयोग प्रदान गर्नु तथा नेपालमा दिगो लघु उद्यम विकास मैत्री वातावरण र नीतिहरू निर्माण गर्न सहयोग गर्नु रहेको छ ।

नेपाल सरकारका विभिन्न दस्तावेजहरू (नीति, ऐन, नियम, कार्यविधि र निर्देशिका) मा उल्लेख भएका लघु उद्यमसम्बन्धी प्रावधानहरूको सङ्ग्रह गरी लघु उद्यमी र लघु उद्यम विकासमा लागेका सबै सरोकारवालाहरूलाई एकमुष्ट उपलब्ध गराउने लक्ष्यस्वरूप यो पुस्तिका तयारी गरिएको हो । यस खण्डमा पुस्तिकामा संलग्न दस्तावेजहरूका लघु उद्यमसम्बन्धी प्रावधानहरूको विश्लेषणात्मक सारांश प्रस्तुत गरिएको छ ।

१) आवधिक योजनाहरूमा लघु उद्यम

आवधिक योजनाहरूमध्ये सर्वप्रथम दसौँ योजना (२०५९/०६०-२०६३/०६४) मा लघु उद्यमबारे पहिलोपटक उल्लेख भएको थियो जसले सबै जिल्लामा लघु उद्यम विकास कार्यक्रमहरू सञ्चालन गरिने लक्ष्य राखेको थियो । उक्त योजनामा "लघु उद्यम विकास गरी घरेलु तथा साना उद्योगलाई

बढी व्यावसायिक ढङ्गले ग्रामीणस्तरसम्म पुऱ्याउने वातावरणको निर्माण तथा निजी क्षेत्रको सक्रियतामा समग्र उद्योग क्षेत्रको उत्पादनमा विस्तार एवम् विविधीकरण गर्दै कुल गार्हस्थ उत्पादनमा यस क्षेत्रको योगदान उल्लेख्य वृद्धि गर्न नीतिगत, कानुनी, संस्थागत एवम् प्रक्रियागत सुधार आवश्यक देखिएको" उल्लेख छ । साथै उद्योगसम्बन्धी उद्देश्यमै "साना तथा घरेलु उद्योग र लघु उद्यमको माध्यमबाट ग्रामीण क्षेत्रमा स्वरोजगारी तथा रोजगारीका अवसरहरू सिर्जना गरी ग्रामीण जनताको आय र क्रयशक्ति वृद्धि गर्दै गरिबी घटाउनमा मद्दत गर्ने" रहेको छ । साथै लघु उद्यमबाट गरिबी निवारणमा पर्न जाने योगदानलाई समेत उक्त योजनाले पहिचान गर्दै रणनीतिमा उल्लेख गरिएको छ : "ग्रामीण क्षेत्रमा आय आर्जनको अवसर सिर्जना गर्न साना तथा लघु उद्यम प्रवर्द्धनका निम्ति आवश्यक सिप, उद्यमशीलता, लगानी र प्रविधिको एकीकृत कार्यक्रम तयार गरी स्थानीय स्रोतमा आधारित निर्यातमूलक उद्योगहरूको स्थापना गर्न सकिएमा ग्रामीण क्षेत्रका गरिब समुदायको निम्ति आय आर्जन एवम् रोजगारीका अवसरहरू सिर्जना हुनेछ । यसबाट गरिबी निवारणमा अर्थपूर्ण योगदान पुग्न जाने देखिन्छ ।"

त्यसका लागि उक्त योजनाले लघु उद्यमशीलताको तालिमको व्यवस्था गर्ने, लघु उद्यमीहरूलाई बजार सूचना उपलब्ध गराउने, लघु उद्यमीहरूलाई ऋणको व्यवस्था गर्ने र सुलभ तथा सहज कर्जा उपलब्ध गराउने कार्यक्रमहरू पहिचान गरेको थियो ।

दसौँ योजनाका कार्यक्रमलाई निरन्तरता दिँदै एघारौँ ३ वर्षे अन्तरिम योजना (२०६४/०६५-२०६६/०६७) ले अझै विस्तार गर्ने लक्ष्य लिएको छ । उक्त योजनाको उद्योग खण्डमा लघु उद्यमको योगदानलाई यसरी उल्लेख गरिएको छ :

"स्थानीयस्तरमा उपलब्ध कच्चा पदार्थ, मौलिक प्रविधि र ससाना पुँजी लगानीमा सञ्चालित लघु उद्यमले आर्थिक सामाजिक उत्थानमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएका छन् । अति विपन्न वर्ग, महिला, दलित, आदिवासी, जनजाति तथा पिछडिएका जन समुदायको जीवनस्तरमा सुधार ल्याउन यस्ता उद्यमहरूको भूमिका सशक्त हुने देखिन्छ । साथै यसले स्वरोजगारीका अवसरहरू सिर्जना गरी आर्थिक स्वावलम्बन बढाई गरिबी न्युनीकरणमा योगदान दिन सक्ने अपेक्षा गरिएको छ ।"

एघारौँ योजनामा लघु उद्यम नीतिअनुसार सबै जिल्लामा कार्यक्रम कार्यान्वयन गरिने, लघुस्तरका उद्यमहरूको सिर्जना, प्रवर्द्धन एवम् विकासमा सघाउ पुग्ने गरी औद्योगिक व्यवसाय केन्द्रहरू (Industrial Business Clusters) को विकासलाई प्रोत्साहित गर्ने, निश्चित ग्रामीण समुदायमध्ये पनि गरिबीको रेखामुनी रहेका अति विपन्न वर्ग र सामाजिक रूपमा बहिस्कृत वर्ग/समूहलाई लक्षित गरी लघु, घरेलु तथा साना उद्योगको विकाससम्बन्धी कार्यक्रम सञ्चालन गरिने उल्लेख छ ।

२. समग्र लघु उद्यमसम्बन्धी नीतिगत र कानुनी व्यवस्था

२.१ औद्योगिक नीति, २०६७

आवधिक योजनामा राखिएका कार्यक्रमहरूलाई कार्यान्वयन गर्न र लक्ष्यहरू प्राप्त गर्न २०६४ सालमा लघु उद्यम नीति जारी भयो र २०६७ सालमा औद्योगिक नीतिको अङ्गका रूपमा लघु उद्यम नीति रहन पुग्यो । उक्त नीतिअनुसार लघु उद्यमको परिभाषा यसप्रकार रहेको छ :

- घर जग्गाबाहेक बढीमा दुई लाख रूपैयाँसम्म स्थिर पुँजी लगानी हुने,
- उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमीसमेत ९ जनासम्म कामदार रहेको,
- वार्षिक आर्थिक कारोबार २० लाख रूपैयाँ भन्दा कम रहेको, र
- इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत् मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।

नेपालमा लघु उद्यमको सम्भाव्यता र प्रभावकारिताबारे सबैभन्दा गहन रूपमा उल्लेख भएको दस्तावेज औद्योगिक नीति, २०६७ हो । यसले लघु उद्यम नीति, २०६४ मा भएका धेरै व्यवस्थाहरूलाई समावेश गरेर बृहत बैधता प्रदान गर्नुका साथै लघु उद्यमको विकासका लागि मार्गदर्शन गर्ने कार्य गरेको छ । यो नीतिले लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष रणनीति र यस्ता उद्यमहरूका लागि विभिन्न सुविधाहरू पनि उल्लेख गरेको छ । नीतिमा भएका लघु उद्यमसम्बन्धी मुख्य प्रावधानहरू तल उल्लेख गरिएको छ ।

लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष नीतिगत व्यवस्था

१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानुनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिनेछ ।

२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

३ जिल्लामा उपलब्ध प्राकृतिक स्रोत, मानवीय संसाधन र लगानीका अवसरको आधारमा स्थानिय जिल्ला विकास समिति/नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरूसँगको सहकार्यमा चरणगत रूपमा कार्यान्वयन गरिनेछ ।

४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिँदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत-साधनको सम्भाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिनेछ ।

५ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा (Business Development Service-BDS) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरू (Industrial Clusters) को विकास गरिनेछ ।

६ एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणाअनुसार स्थानीयस्तरमा सबैभन्दा बढी सम्भाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरू (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

७ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

८ सामूहिक चिन्ह (Collective Mark) को उपयोगद्वारा लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।

९ लघु उद्यम, घरेलु तथा साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षणका लागि एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समुचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

१० लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगका लागि विशेष व्यवस्था गरिनेछ ।

भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा सुविधा र सहुलियत

- मुलुकभित्र उत्पादित वस्तु विदेश निकासी गरेमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन ।
- निर्यातमूलक उद्योग, निर्यात प्रवर्द्धन गृह र विशेष आर्थिक क्षेत्रका उद्योगले अरू कुनै उद्योगसँग करार (Sub-Contracting) गरी निकासीका लागि वस्तु उत्पादन गराउन पाउनेछन् । यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ सामग्रीमा लागेको भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासीकर्ताले तोकिएबमोजिम फिर्ता पाउने छ ।
- निकासी गरेवापत पाउने ड्युटी ड्र ब्याक सुविधालाई सरल बनाउन उस्तै प्रकृतिका उद्योगहरूको हकमा कच्चा पदार्थ खपतको आधारमा समदर निर्धारण गरिनेछ । यस्तो रकम निकासी कारोबार गरेको बैङ्कबाटै फिर्ता पाउने व्यवस्था गरिनेछ । समदर निर्धारण हुन नसकेका उद्योगहरूको हकमा हाल प्रचलनमा रहेको नियमित प्रक्रियालाई पनि निरन्तरता दिइनेछ ।

- उद्योगले पाउने ड्युटी ड्र ब्याकको सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको मितिले ४५ दिनभित्र निकासीकर्तालाई अनिवार्य रूपमा उपलब्ध गराइनेछ ।
- उद्योगले अन्तर्राष्ट्रिय बोलपत्रमा सहभागी भई मुलुक भित्र विदेशी मुद्रा आर्जन हुने गरी विक्री गरेको आफ्नो उत्पादन वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने ड्युटी ड्र ब्याकको सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।
- विदेशी मुद्रा आर्जन हुने गरी स्वदेश भित्रै आफ्नो उत्पादन विक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महसुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ मेटरियलमा लागेको भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणको आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।
- उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ सामग्रीमा लाग्ने भन्सार महसुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरभन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिनेछ । न्युनतम १ प्रतिशत भन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्युनतम २५ प्रतिशत कम हुने गरी भन्सार दर कायम गरिनेछ ।
- उद्योगले आफ्नो प्रयोजनका लागि आयात गर्ने मेसिनरी, ट्रान्सफर्मर, जेनरेटर, औद्योगिक उपकरण तथा औजारमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरूले आयात गर्ने मेसिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारका लागि थप मेसिनरी तथा उपकरणलगायत अनुसन्धान तथा विकास (R & D) का लागि ल्याउने मेसिनरी तथा उपकरणमा समेत १ प्रतिशत भन्सार महसुल लाग्नेछ र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।

लघु, घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा एवम् सहुलियत

- लघु उद्यम व्यवसायहरूलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि करलगायत कुनै पनि किसिमका करहरू लाग्ने छैन ।
- अति अविकसित, अविकसित तथा कम विकसित क्षेत्रहरूमा स्थापित घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर क्रमशः १२ वर्ष, ७ वर्ष र ५ वर्ष छुट दिइनेछ । आयकर लाग्ने रकममा त्यस पछिका वर्षहरूमा क्रमशः ७५ प्रतिशत, ६० प्रतिशत र ५० प्रतिशत आयकर छुट दिइनेछ । यसका अतिरिक्त नेपाल सरकारले समय समयमा तोक्ने राष्ट्रिय प्राथमिकता प्राप्त वस्तुमा पाँच वर्ष र प्राथमिकता प्राप्त क्षेत्रमा स्थापित उद्योगहरूलाई १० वर्षसम्म अन्तःशुल्क तथा आयकर लाग्ने छैन ।
- लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तिय पहुँच पुऱ्याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भएअनुरूपको विपन्न वर्गको ऋण सुविधालगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ । यसका लागि वित्तिय संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।

- वित्तीय सेवा उपलब्ध हुन नसक्ने जिल्ला तथा गा.वि.स.हरूमा लघु उद्यमीहरूलाई सहकारीमा आवद्ध गराई समूह धितोमा ऋण उपलब्ध गराउन लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डअन्तर्गत एक कोष खडा गरी थोक ऋण उपलब्ध गराइने छ ।

२.२ गरिबी निवारणका लागी लघु उद्यम विकास कार्यक्रम (मेडपा)

लघु उद्यमको सफल मोडेललाई नेपाल सरकार र स्थानीय निकायहरूले आर्थिक वर्ष २०६६-६७ देखि गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) को रूपमा आन्तरिकीकरण गरिरहेका छन् । यो आन्तरिकीकरणलाई गति दिन नेपाल सरकारले २०७० साउनमा गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) ५ वर्षे रणनीति स्वीकृत गरी कार्यक्रम अगाडि बढाइरहेको छ । यो कार्यक्रम ७३,००० नयाँ उद्यमी सिर्जना गर्ने लक्ष्यका साथ आर्थिक वर्ष २०७४/७५ सम्ममा देशका ७५ वटै जिल्लामा पुऱ्याउने सरकारको लक्ष्य रहेको छ । यो कार्यक्रमका मुख्य प्रावधानहरू निम्न छन् :

- ४१,००० लघु उद्यमीहरूले लघुवित्त ऋण सेवा प्राप्त गर्नेछन् । (प्रति उद्यमी औसत २०,००० का दरले)
- जम्मा ऋण परिणाम ८२ करोड हुनेछ ।
- ३५,००० उद्यमीहरूले प्रावधिक सेवा प्राप्त गर्नेछन् ।
- व्यवसाय आवद्धता (B2B) का लागि लघुउद्यमी र समूह उद्यमीबिच १७,६०० उपकरणहरू खरिद गरिनेछन् ।
- ७६ वटा सौगात गृह/कोसेली घरहरू सञ्चालन हुनेछन् ।
- लघु उद्यमीहरूका उत्पादनहरूको मूल्य स्थानीय बजारमा २५% वृद्धि हुनेछ ।
- विदेशी बजारमा लघु उद्यमीहरूका उत्पादनको हिस्सा १०% ले वृद्धि हुनेछ ।
- उद्यमीहरूलाई ९०% नव बिकसित प्रविधिहरूका बारेमा जानकारी हुनेछ ।
- ६०% उद्यमहरूले वातावरणमैत्री प्रविधि र अभ्यासहरूको अनुसरण गर्नेछन् ।

मेडपाका लक्षित समूह

- गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरू यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।
- अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिवासी जनजातिहरू, दुर्गम तथा सेवाको पहुँच कम पुगेका गाविसहरूमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।
- लक्षित समूहमा महिला ७०% दलित, ३०%, जनजाति ४०%, मधेसी ४०%, युवा (१६–४० वर्ष) ६०% रहनेछन् ।
- कोषमा जम्मा रहेको रकम गरिबी निवारणका लागि लघु उद्यम कार्यक्रम कार्यन्वयनमा जिल्ला उद्यम विकास समितिले स्वीकृत गरेको कार्यक्रमअनुसार खर्च गरिनेछ ।
- जिल्ला उद्यम विकास समितिले प्राविधिक प्रस्ताव (भार ८० प्रतिशत) र आर्थिक प्रस्ताव (भार २० प्रतिशत) मूल्याङ्कनका आधारमा सो प्रस्ताव खोलेको मितिले सात दिन भित्रमा उत्कृष्ट देखिएको संस्था छनौट भएको निर्णय गर्नु पर्नेछ ।

३. कृषिसम्बन्धी नीतिहरू

लघु उद्यम विकास कार्यक्रमले सिर्जना र विकास गरेका उद्यमीहरूमध्ये सबैभन्दा धेरै (५५ प्रतिशत) कृषिमा आधारित लघु उद्यम छन् । नेपाल सरकार कृषि विकास मन्त्रालयले पनि कृषिमा आधारित लघु उद्यमहरूका लागि विभिन्न प्रावधानहरू ल्याएको छ । तीमध्ये कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३, पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७० र बाली तथा पशुपन्छी बिमा निर्देशिका, २०६९ मुख्य छन् । तिनका मुख्य प्रावधानहरू तल उल्लेख गरिएको छ ।

३.१ कृषि व्यवसाय प्रवर्द्धन नीति, २०६३ र कार्यान्वयन कार्यविधि, २०६५ का मुख्य प्रावधानहरू

- कृषिजन्य व्यवसायका लागि आवश्यक पर्ने उपकरण, थ्रेसर, स्प्रिङकलर, विडिङ मेसिन, हार्भेस्टर, चिलिङ भ्यान, कुलिङ भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदिमा आयात गर्दा सम्बन्धित निकायहरूको सिफारिसमा व्यवसाय स्थापना भएको १० वर्षसम्म भन्सार ७५ प्रतिशत अर्थ मन्त्रालयको बजेट वक्तव्यमा समावेश गरी छुट दिइने छ ।
- गरिब तथा साना कृषकहरूले कृषि व्यवसायमा लगानी गर्ने क्रममा कर्जा लिँदा लघु व्यवसाय कर्जा कार्यक्रमको व्यवस्था गरी कृषक समूह जमानीमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।
- सरकारी स्वामित्व भएका कृषि विकास बैङ्क तथा संस्थाबाट यस दफाअनुसारको कर्जा सुविधा प्रवाह हुनेछ ।
- प्राङ्गारिक खेती प्रविधिद्वारा उत्पादित कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने छ ।
- पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गरिने छ र सोहीबमोजिम सुविधा प्रदान गरिने छ ।
- पुष्प नर्सरी तथा पुष्प फर्महरूले आवश्यक फुलका माउ बोटविरुवा (Mother Plant), कलमी विरुवाहरू, फुलको गानो तथा जराहरू, फुलको बिउ बिजन, सिँचाइ र बाली संरक्षणका उपकरणहरू, ग्लास हाउस निर्माणका सामग्रीहरू, कुलिङ च्याम्बर भएको ढुवानी साधन (Refrigerated truck) आयातमा लाग्ने कर महसुल रकम आर्थिक ऐनमा व्यवस्था गरी सहुलियत प्रदान गर्न सकिनेछ ।
- पुष्प व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था तथा पुष्प व्यवसाय प्रवर्द्धनका लागि कृषक समूहको जमानतमा ऋण प्रवाह गरिने छ ।

३.२ पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधिका मुख्य प्रावधानहरू

गाईपालन, भैँसीपालन, बाखापालन, बङ्गुरपालन, तथा पशुपन्छी बजार प्रवर्द्धनसम्बन्धी व्यवसाय सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने व्यवस्था यो नीतिले

गरेको छ । व्यावसायिक गाईभैँसी फार्मलाई साना, मझौला र समूह गरी ३ वर्गमा विभाजन गरिएको छ र सोहीअनुरूप सहयोग दिइने व्यवस्था छ । त्यसैगरी युवा लक्षित व्यावसायिक बाखा प्रवर्द्धन कार्यक्रमतर्फ बाखा फार्मलाई निजी व्यावसायिक बाखापालन फार्म, समूह वा समितिमा सञ्चालन हुने व्यावसायिक बाखापालन फार्म र सहकारीमा सञ्चालन हुने व्यावसायिक बाखा पालन फार्म गरी ३ वर्गमा विभाजन गरिएको छ र सोहीअनुरूप सहयोग दिइने व्यवस्था छ ।

युवा लक्षित व्यावसायिक बङ्गुर प्रवर्द्धन कार्यक्रमतर्फ ग्रामीण युवा, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत: सम्बन्धित काममा दक्षता हासिल गरेका युवाहरूलाई मानव संसाधनका रूपमा रहेका १८ देखि ५० वर्ष उमेर समूहका व्यक्तिहरूलाई लक्षित गरिएको छ । यस स्किम सञ्चालन गर्नका लागि साना, मझौला र ठुला व्यावसायिक बङ्गुरपालन फार्म गरी ३ वर्गमा विभाजन गरिएको छ र सोही अनुरूप सहयोग दिइने व्यवस्था छ ।

३.३ बाली तथा पशुपाक्षी बीमा निर्देशिका २०६९ मुख्य प्रावधानहरू

सुरक्षण हुने बालीको क्षेत्रफल : प्रत्येक कृषकले सुरक्षण गर्न पाउने बालीको न्युनतम क्षेत्रफल पहाडमा आठ आना (आधा रोपनी) र तराईमा एक कट्ठा हुनु पर्नेछ । सो भन्दा कम क्षेत्रफलमा लगाइएको बाली बीमालेख जारी गरिने छैन । निर्देशिकामा बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिई खरिद गरेको, आफ्नै गोठमा हुर्केको वा आफ्नै लगानीबाट खरिद गरेको पशुपन्छी धनीहरूलाई स्थानीय मूल्यका आधारमा बिमाङ्क रकम तोकिने उल्लेख छ । निर्देशिकामा पशुधनको न्युनतम र अधिकतम बिमायोग्य उमेर पनि उल्लेख छ ।

४. वनसम्बन्धी व्यवस्थाहरू

लघु उद्यम विकास कार्यक्रमले सिर्जना र विकास गरेका उद्यमीहरूमध्ये कृषिपछि सबैभन्दा धेरै (१८ प्रतिशत) वनमा आधारित लघु उद्यम छन् । नेपाल सरकार वन तथा भूसंरक्षण मन्त्रालयले पनि यस्ता लघु उद्यमहरूलाई प्रोत्साहन गर्न विभिन्न प्रावधानहरू ल्याएको छ । तीमध्ये वनमा आधारित उद्यम प्रवर्द्धन गर्ने दृष्टिकोणबाट निजी वन विकास निर्देशिका, २०६८ र सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ प्रमुख छन् ।

४.१ निजी वन विकास निर्देशिका, २०६८

दर्ता भएको निजी वन धनीले आफ्नो निजी वनको रुख कटानी गर्नुपर्ने भएमा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकाको सिफारिस साथ कटान गर्नुभन्दा एक दिन अगाडि जिल्ला वन कार्यालय वा इलाका वन कार्यालय वा रेन्ज पोष्टलाई जानकारी दिई कटान गर्न सक्नेछ । निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई रु. ५ का दरले ढुवानी तथा वृक्षरोपणमा सहयोग अनुदान दिइने व्यवस्था यो निर्देशिकाले गरेको छ ।

४.२ सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५

सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५ मा वनमा आधारित उद्यम विकासका लागि निम्न कार्यहरू गर्न सकिने उल्लेख छ :

- उद्यम सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया निर्धारण गर्ने ।
- वनमा रहेको कच्चा पदार्थहरूबाट सञ्चालन गर्न सकिने सम्भाव्य उद्यमहरूको सूची तयार गर्ने ।
- कुन किसिमको उद्यम सञ्चालन गरेमा फाइदा हुन्छ त्यसको सम्भाव्यता अध्ययन गरी छनौट गर्ने ।
- उद्यम सञ्चालनबाट कुन वर्गको कति जना लाभान्वित हुन सक्छन् लेखाजोखा गर्ने ।
- उद्यमबाट उत्पादन भएको वस्तुको बजारको खोजी गरी यसको खपत सुनिश्चित गर्ने ।
- उद्यम सञ्चालन गर्न सहयोग गर्न सक्ने सरोकारवालाहरूको सूची तयार गर्ने र कसले कस्तो भौतिक, आर्थिक, सिपमूलक सहयोग गर्न सक्दछ जानकारी सङ्कलन गरी सहयोगका लागि पहल गर्ने ।
- वनमा आधारित उद्यमको व्यावसायिक योजना (Business Plan) बनाउने ।
- सम्भाव्यता हेरी पर्यापर्यटन (Eco-tourism) विकास गर्ने ।
- उद्देश्य मिल्ने समूहसँग सञ्जाल निर्माण गरी सहकार्य गर्न सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने ।
- 'एक सामुदायिक वन एक उद्यम' को अवधारणालाई जोड दिने ।
- वनमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालन गर्न सिप, ज्ञान र स्रोतको आवश्यकता पर्न सक्दछ ।
- त्यसका लागि सहयोगी निकायहरूको सहयोग लिन सकिन्छ ।
- गरिब उन्मुख लघु उद्यमको प्रवर्द्धनमा सहयोग गर्ने ।

५. पर्यटनसम्बन्धी व्यवस्थाहरू

मेडेपले प्रवर्द्धन गरेका लघु उद्यममध्ये २ प्रतिशत पर्यटनमा आधारित उद्यमहरू हुन् । साथै मेडेपले पर्वत र म्याग्दीमा नयाँ पर्यावरणीय पर्यटन मार्ग विकास गर्नुका साथै अन्य सम्बन्धित एकीकृत उद्यमहरूको विकास गरिरहेको छ । त्यसैले यस पुस्तिकामा पर्यटनमा आधारित लघु उद्यमसम्बन्धी मुख्य नीतिगत र कानुनी व्यवस्थाहरू पनि संलग्न गरिएको छ ।

पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७० ले पथ प्रदर्शक (Trekking Guide/Tour Guide) ले इजाजतपत्र एवम् परिचयपत्र लिनुपर्ने व्यवस्था गरेको छ । त्यसै गरी होमस्टे सञ्चालन कार्यविधि, २०६७ ले अलग/अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामूहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे र ग्रामीण तथा सहरी क्षेत्रमा निजी स्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेका रूपमा वर्गीकरण गरेको छ । होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जङ्गल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ । साथै होमस्टे सञ्चालनका लागि दर्ता प्रक्रिया, व्यवस्थापन समितिको गठन, समितिको काम, कर्तव्य र अधिकारलगायतका कुराहरू समावेश गरिएको छ ।

भाग १

समग्र लघु उद्यमसम्बन्धी नीतिगत र कानुनी व्यवस्थाहरू

१.१ औद्योगिक नीति, २०६७

९. लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष नीतिगत व्यवस्था :

९.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारलाई टेवा पुग्ने आवश्यक कानुनी व्यवस्था गर्दै संस्थागत संरचना तथा पूर्वाधारहरूको निर्माण गरिनेछ ।

९.२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रतिस्पर्धात्मक क्षमता वृद्धि गरी बजार पहुँच तथा विस्तारका लागि सक्षम बनाउन हाल रहेको लघु उद्यम, घरेलु तथा साना उद्योग विकास कोषको सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

९.३ जिल्लामा उपलब्ध प्राकृतिक स्रोत, मानवीय संसाधन र लगानीका अवसरको आधारमा स्थानीय जिल्ला विकास समिति/नगरपालिका र गाउँ विकास समितिसँगको समन्वयमा जिल्ला उद्यम तथा उद्योग विकास योजना तयार गरी यी निकायहरूसँगको सहकार्यमा चरणगत रूपमा कार्यान्वयन गरिनेछ ।

९.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको स्थापना तथा प्रवर्द्धन गर्दा नेपाल सरकारले तोकेको लक्षित समूहलाई विशेष प्राथमिकता दिँदै उत्प्रेरणा तथा उद्यमशीलता विकास तालिमको माध्यमबाट लक्षित समूहमा स्रोत-साधनको सम्भाव्यता र बजारको मागमा आधारित उपयुक्त उद्यमहरूको छनौट गरी त्यस्ता उद्यम सञ्चालन गर्ने क्षमताको विकास गरिनेछ ।

९.५ ग्रामीण क्षेत्रका उत्पादनमूलक उद्योगहरूलाई व्यवसाय विकास सेवा (Business Development Service-BDS) पुऱ्याउन सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गरी औद्योगिक केन्द्रहरू (Industrial Clusters) को विकास गरिनेछ ।

९.६ एक गाउँ एक उत्पादन (One Village One Product) को अवधारणाअनुसार स्थानीयस्तरमा सबै भन्दा बढी सम्भाव्य देखिएका स्रोत र साधनको पहिचान गरी त्यसमा आधारित औद्योगिक वस्तुको उत्पादनलाई प्रवर्द्धन गर्न वस्तु विकास केन्द्र (Product Development Centres) हरू स्थापना गर्दै थप समूहगत औद्योगिक केन्द्रहरू (Product Specific Industrial Clusters) को माध्यमबाट औद्योगिक प्रवर्द्धनलाई प्राथमिकता दिइनेछ ।

९.७ लघु उद्यम, घरेलु तथा साना उद्योगग्राम स्थापना गर्न औद्योगिक पूर्वाधार विकास गर्ने कार्यमा अग्रसरता देखाउने स्थानीय निकायलाई खर्चको अनुपातमा अनुदान रकम वृद्धि गर्ने व्यवस्था मिलाइनेछ ।

९.८ सामूहिक चिह्न (Collective Mark) को उपयोगद्वारा लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको उत्पादनको पहिचान कायम गराई यिनीहरूको प्रवर्द्धनका लागि सहयोग गरिनेछ ।

९.९ लघु उद्यम, घरेलु तथा साना उद्योगमा बौद्धिक सम्पत्ति संरक्षणका लागि एकीकृत र सक्षम संस्थागत व्यवस्था गरी यसको समुचित संरक्षण र उपयोगलाई प्रोत्साहन गरिनेछ ।

९.१० लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादन तथा बजार प्रवर्द्धनका लगि उपयुक्त सूचना प्रविधि (Information Technology) को प्रयोगका लागि विशेष व्यवस्था गरिनेछ ।

११. लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी विशेष रणनीति :

११.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तारको कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनसमेतको माध्यमबाट गर्ने गरी प्राथमिकताको आधारमा स्थान र लक्षित समूहको पहिचान गरिनेछ ।

११.२ लघु तथा घरेलु उद्यमीहरूलाई सम्भव भएसम्म समूहमा आवद्ध गरी उद्यमशीलता तथा सिप विकास तालिम, उपयुक्त प्रविधिको छनौट, उत्पादन व्यवस्थापन, पुँजीमा पहुच र बजार व्यवस्थापनमा समेत सहयोग पुऱ्याउन "एकीकृत व्यवसाय विकास सेवा" प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

११.३ लघु उद्यमी, घरेलु तथा साना उद्योगीहरूलाई बजार मागमा आधारित गुणस्तरीय वस्तु उत्पादन गर्न क्षमता विकास तथा उत्पादकत्व अभिवृद्धि गरी प्रतिस्पर्धी बन्न प्रोत्साहित गरिनेछ ।

११.४ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई लघु घरेलु तथा साना उद्योग विकास कोष, ग्रामीण स्वाबलम्बन कोष, Equity Fund, Credit Guarantee Fund लगायत विभिन्न कोषहरू मार्फत् वित्तीय पहुँचको व्यवस्था गरिनेछ ।

११.५ सामुदायिक वा सहकारी लघु उद्यम, घरेलु तथा साना उद्योगग्रामहरूमा रहेका उद्योगहरूबाट उत्पादित हुने वस्तुहरूको छुट्टै पहिचानका लागि सामूहिक चिह्न (कलेक्टिभ मार्क) दर्ता गराई यसको प्रयोगबाट बजार प्रवर्द्धन गर्न सहयोग पुऱ्याइनेछ ।

११.६ "एक गाउँ एक उत्पादन" (One Village One Product) कार्यक्रमलाई अभियानका रूपमा अगाडि बढाइनेछ ।

११.७ लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने पुँजी निर्माण गर्नका निमित्त त्यस्ता उद्यमीहरूलाई बचत गर्न प्रोत्साहित गरी बहुउद्देश्यीय सहकारीमा आबद्ध हुन उत्प्रेरित गरिनेछ ।

११.८ लघु उद्यम, घरेलु तथा साना उद्योगको समुचित विकासका लागि यस्ता उद्योगहरूको प्रतिनिधिमूलक संस्थाहरू मार्फत् समेत प्राविधिक, परामर्श तथा अनुगमन सेवा उपलब्ध गराउने व्यवस्था मिलाइने छ । यस प्रयोजनका लागि छाता संस्थाहरूको संस्थागत विकासका लागि प्रोत्साहन गरिनेछ ।

११.९ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूबाट उत्पादित वस्तु वा सेवाको बजार प्रवर्द्धन गरिनेछ । मझौला तथा ठुला उद्योगहरूसँग पृष्ठ (Backward) र अग्र (Forward) अन्तरसम्बन्ध (Linkages) कायम गराई ठुला तथा मझौला उद्योगहरूले प्रयोग गर्ने सहायक वस्तुहरू उत्पादन गर्ने गरी लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई सहायक उद्योग (Ancillary Industries) का रूपमा विकास गरी उत्पादन गराउने व्यवस्था गरिनेछ ।

११.१० लघु उद्यम र घरेलु उद्योगको उत्पादनको बजार प्रवर्द्धनमा सहयोग पुऱ्याउन निजी क्षेत्र, सहकारी क्षेत्र र स्थानीय निकायहरूको संलग्नतामा विभिन्न तहमा विक्री केन्द्र तथा कोसेली घरहरूको स्थापना र विकासमा जोड दिइनेछ ।

११.११ लघु उद्यम, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुहरूको निर्यात प्रवर्द्धन गर्ने प्रयोजनका लागि जारी गरिएको "निर्यात गृहको स्थापना तथा सञ्चालन आदेश, २०६१" लाई परिमार्जन सहित प्रभावकारी कार्यान्वयनको व्यवस्था मिलाइनेछ ।

११.१२ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि सूचना प्रविधि (Information Technology) को उपयोग गर्न सहकारी तथा निजी क्षेत्रसमेतको सहभागितामा विभिन्न तहमा सूचना प्रविधि केन्द्र (Information Technology Hub) हरू सञ्चालनमा ल्याइने छन् । यी केन्द्र (Hub) हरू मार्फत् सञ्चारका सबै माध्यमहरू (छापा, रेडियो, टेलिभिजन, इन्टरनेट आदि) प्रयोग गरी लघु उद्यम, घरेलु तथा साना उद्योगको विकासका लागि आवश्यक हुने सबै पृष्ठ (Backward) र अग्र (Forward) सूचनाहरू सम्प्रेषण गर्ने व्यवस्था मिलाइनेछ ।

११.१३ लघु उद्यम, घरेलु तथा साना उद्योगको औद्योगिक सम्पत्ति संरक्षण गर्नुका साथै त्यसो गर्दा लाग्ने दस्तुरमा सहुलियत प्रदान गरिनेछ ।

११.१४ लघु उद्यम, घरेलु तथा साना उद्योगको उत्पादनको विक्रीलाई प्रोत्साहन गर्न सरकारी तथा गैर सरकारी निकायहरूलाई यस्ता वस्तु खरिद गर्न प्रोत्साहित गरिनेछ ।

११.१५ कृषि, वन, पर्यटन र खानीमा आधारित लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन गर्न विद्यमान कृषि, वन, पर्यटन र खानी नीति तथा ऐनको अधीनमा रही कच्चा पदार्थ सङ्कलन वा उत्खनन् तथा आपूर्ति व्यवस्थालाई सरलीकृत गरिनेछ ।

११.१६ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धन र विकास गर्न सरकारी, सहकारी र निजी क्षेत्रसमेतको साझेदारीमा प्रवर्द्धनात्मक कार्यक्रमहरू सञ्चालन गर्ने व्यवस्था मिलाइनेछ ।

११.१७ लघु उद्यम र घरेलु उद्योगहरूमा हुने लगानी नेपाली नागरिकका लागि आरक्षण गर्ने तर प्रविधि तथा बजार प्रवर्द्धन सेवा उपलब्ध गराउन भने विदेशी लगानीकर्तालाई प्रोत्साहन गरिनेछ ।

११.१८ लघु उद्यम, घरेलु तथा साना उद्योगलाई प्रदान गरिने सेवा, सुविधा र सहुलियतहरू एउटै थलोबाट उपलब्ध गराइनेछ ।

११.१९ उद्योगहरूलाई प्रदान गरिने व्यवसाय विकास सेवा (BDS) का लागि व्यवसाय विकास सेवा प्रदायक (Business Development Service Provider- BDSP) संस्थाहरूको सेवा लिने व्यवस्था गरिने छ । यसका लागि निजी क्षेत्रलाई प्रोत्साहन गरिनेछ ।

११.२० निजी क्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ र राष्ट्रिय लघु उद्यमी समूह सङ्घलगायतका संस्थाहरूसँगको सहकार्यमा विशेष गरी कृषि र गैरकाष्ठ वनजन्य कच्चा पदार्थ र प्रविधिमा आधारित व्यवसाय सम्वर्द्धन केन्द्रहरू (Business Incubation Center) सञ्चालनमा ल्याइनेछ ।

११.२१ व्यवसाय सम्वद्र्धन सेवा (Business Incubation Service) मार्फत् लघु उद्यम, घरेलु तथा साना उद्योगहरूमा प्रतिभाशाली सृजनशील युवा र महिलालाई आकर्षित गर्न विशेष व्यवस्था गरिनेछ ।

११.२२ व्यवसाय सम्वद्र्धन सेवा (Business Incubation Service) को चरण पार गरेका उद्यमीहरूका लागि उद्योग सञ्चालनमा सहयोग पुऱ्याउन Angel Fund/Venture Capital Fund को व्यवस्था गरी उनीहरू मार्फत् रोजगारी सृजनाको कार्यक्रम अगाडि बढाइनेछ ।

११.२३ निजी क्षेत्रका छाता संस्था नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, नेपाल उद्योग वाणिज्य महासङ्घ र राष्ट्रिय लघु उद्यमी समूह सङ्घलगायत अन्य राष्ट्रियस्तरका वस्तुगत संस्थाहरूसँगका सहकार्यमा सम्भाव्यता तथा प्राथमिकताका आधारमा विभिन्न स्थानमा क्षेत्रीय स्तरका लघु उद्यम, घरेलु तथा साना औद्योगिक ग्राम तथा वस्तु विकास केन्द्र (Product Development Centers) स्थापना गरिनेछ ।

११.२४ लघु उद्यमीहरूलाई एकीकृतरूपमा सेवा प्रदान गर्न र उनीहरूको उत्पादन तथा बजार सेवाका लागि आवश्यक हुने पूर्वाधारमा सहयोग पुऱ्याउन उपयुक्त स्थानहरूमा सामुदायिक/साझा सेवा केन्द्रहरू स्थापना गरिनेछ ।

११.२५ लघु, घरेलु तथा सानास्तरका महिला उद्यमीहरूलाई बैङ्किङ तथा सहकारी संस्थामार्फत् सरल र सुलभ तरिकाबाट समूहगत ऋण प्रदान गर्ने व्यवस्था मिलाइनेछ ।

१२.३ लगानी र प्रकृतिका आधारमा उद्योगको वर्गीकरण देहायबमोजिम गरिएको छ :

१२.३.१ लघु उद्यम (Micro Enterprises)

यस नीतिको प्रयोजनका लागि लघु उद्यम भन्नाले देहायका शर्त पुरा गरेको व्यवसाय सम्झनु पर्छ :

- घर जग्गाबाहेक बढीमा दुई लाख रूपैयाँसम्म स्थिर पुँजी लगानी हुने,
- उद्यमी स्वयं व्यवस्थापनमा संलग्न रहेको,
- उद्यमीसमेत ९ जनासम्म कामदार रहेको,
- वार्षिक आर्थिक कारोबार २० लाख रूपैयाँ भन्दा कम रहेको, र
- इन्जिन उपकरण प्रयोग हुने भएमा त्यस्तो इन्जिन वा उपकरणको विद्युत् मोटर वा अन्य तेल इन्जिन शक्ति क्षमता १० किलोवाट भन्दा कम भएको ।

स्पष्टीकरण : माथि उल्लेखित शर्तहरू पुरा गरे तापनि अनुमति लिनुपर्ने उद्योग व्यवसाय, मदिरा, बियर, चुरोट बिँडी वा अन्य सुर्तीजन्य वस्तु उत्पादन वा प्रयोग हुने व्यवसायलाई लघु उद्यम मानिने छैन । त्यसैगरी एकपटक लघु उद्यम व्यवसायका रूपमा दर्ता भएका उद्यमले अन्य उद्योगका रूपमा स्तरोन्नति गरेमा सो उद्यम लघु उद्यमको वर्गमा रहने छैन ।

१६. लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रशासनसम्बन्धी विशेष व्यवस्था :

१६.१ लघु उद्यम सञ्चालन गरेको एक महिना भित्र उद्यमीले उद्यमको सङ्क्षिप्त विवरण सहित स्थानीय निकाय (गा.वि.स. वा न.पा.) मा जानकारी दिनु पर्नेछ । उद्यमीले चाहेमा तोकिएको

शुल्क लिई त्यस्ता निकायले उद्यम दर्ता गरी प्रमाणपत्र दिनेछ । यस्तो जानकारीको अभिलेख स्थानीय निकायले जिल्ला स्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयलाई मासिकरूपमा उपलब्ध गराउनु पर्नेछ ।

१६.२ अनुमति लिनु नपर्ने अन्य उद्योगले रीतपूर्वक आवेदन दिएको मितिले १५ दिनभित्र सम्बन्धित निकायले उद्योग दर्ता गरी दिनेछ । कुनै कारणबाट उद्योग दर्ता हुन नसक्ने भएमा त्यस्तो निकायले सोको कारण खुलाई निवेदकलाई ३ दिनभित्र जानकारी गराउनु पर्नेछ ।

१६.३ अनुसूची–८ मा उल्लेखित अनुमति लिनु पर्ने उद्योगबाहेक अन्य घरेलु तथा साना उद्योगको दर्ता तथा नवीकरण जिल्लास्थित घरेलु तथा साना उद्योग विकास समितिको कार्यालयले गर्नेछ ।

१६.४ वातावरण व्यवस्थापन प्रयोजनका लागि लघु उद्यम र परम्परागत घरेलु उद्योगले आफ्नो विवरण दिँदा पानीको मुहान, फोहोरमैला निष्कासन बारेमा समेत सामान्य जानकारी मात्र दिए पुग्छ तर साना उद्योगको हकमा भने प्रचलित वातावरण संरक्षण ऐन तथा नियमावलीमा व्यवस्थाअनुसार प्रारम्भिक वातावरणीय परीक्षण (Initial Environmental Examination) मात्र गर्नु पर्ने र नभएकोमा जानकारी दिए मात्र पुग्नेछ ।

१६.५ पहाडी जिल्लाहरूमा उद्योग दर्ता गर्दा हाल वन क्षेत्रको सीमाबाट १ कि.मि. टाढा हुनु पर्ने भन्ने व्यवस्थालाई पुनरावलोकन गरी उपयुक्त सीमाङ्कनलाई आधार मानी दर्ता गर्ने व्यवस्था मिलाइनेछ ।

१७. सुविधा तथा सहुलियत :

उद्योगको विकास तथा प्रवर्द्धनका लागि देहायबमोजिमका सुविधा र सहुलियत प्रदान गरिनेछः

(ख) भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि करमा सुविधा र सहुलियत :

१७.२१ मुलुकभित्र उत्पादित वस्तु विदेश निकासी गरेमा अन्तःशुल्क र मूल्य अभिवृद्धि कर लाग्ने छैन ।

१७.२२ निर्यातमूलक उद्योग, निर्यात प्रवर्द्धन गृह र विशेष आर्थिक क्षेत्रका उद्योगले अरू कुनै उद्योगसँग करार (Sub-Contracting) गरी निकासीका लागि वस्तु उत्पादन गराउन पाउँनेछन् । यसरी उत्पादन गराएको वस्तुमा प्रयोग हुने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ सामग्रीमा लागेको भन्सार महसुल, अन्तःशुल्क तथा मूल्य अभिवृद्धि कर निर्यात भएको परिमाणको आधारमा निकासीकर्ताले तोकिएबमोजिम फिर्ता पाउने छ ।

१७.२३ निकासी गरे वापत पाउने ड्युटी ड्र ब्याक सुविधालाई सरल बनाउन उस्तै प्रकृतिका उद्योगहरूको हकमा कच्चा पदार्थ खपतका आधारमा समदर निर्धारण गरिनेछ । यस्तो रकम निकासी कारोबार गरेको बैङ्कबाटै फिर्ता पाउने व्यवस्था गरिनेछ । समदर निर्धारण हुन नसकेका उद्योगहरूको हकमा हाल प्रचलनमा रहेको नियमित प्रक्रियालाई पनि निरन्तरता दिइनेछ ।

१७.२४ उद्योगले पाउने ड्युटी ड्र ब्याकको सुविधा निकासी परिमाणको आधारमा निवेदन परेको मितिले ४५ दिनभित्र निकासीकर्तालाई अनिवार्यरूपमा उपलब्ध गराइनेछ ।

१७.२५ उद्योगले अन्तर्राष्ट्रिय बोलपत्रमा सहभागी भई मुलुक भित्र विदेशी मुद्रा आर्जन हुने गरी विक्री गरेको आफ्नो उत्पादन वा सेवालाई Deemed Export सरह निर्यातमा पाउने ड्युटी ड्र ब्याकको सुविधा उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.२६ विदेशी मुद्रा आर्जन हुने गरी स्वदेश भित्रै आफ्नो उत्पादन विक्री गरेमा त्यस्तो उत्पादनमा लागेको शुल्क, महसुल र प्रयोग भएको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ तथा प्याकेजिङ मेटरियलमा लागेको भन्सार महसुल, अन्तःशुल्क, मूल्य अभिवृद्धि कर उत्पादनमा लागेको परिमाणका आधारमा निर्यात सरह (Deemed Export) मानी फिर्ता दिइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.२७ अर्ध प्रशोधित वा अर्ध तयारी माध्यमिक वस्तु उत्पादन गर्ने उद्योगले आफ्नो उत्पादन अर्को मूल वस्तु तयार गर्ने उद्योगलाई विक्री गरेमा त्यस्तो वस्तुमा लागेको अन्तःशुल्क एवम् मूल्य अभिवृद्धि कर मूल वस्तु उत्पादन गर्ने उद्योगले प्रयोग गरेको परिमाणको आधारमा करको हिसाव समायोजन गर्न पाउने छ । तर यो सुविधा उपभोग गर्न ती उद्योग मूल्य अभिवृद्धि कर वा अन्तःशुल्क प्रयोजनका लागि दर्ता भएको हुनुपर्नेछ ।

१७.२८ उद्योगको आफ्नो उत्पादनका लागि आवश्यक पर्ने कच्चा पदार्थ, सहायक कच्चा पदार्थ, प्याकेजिङ सामग्रीमा लाग्ने भन्सार महसुल त्यस्तो कच्चा पदार्थबाट उत्पादन हुने तयारी वस्तुको आयातमा लाग्ने भन्सार दरभन्दा सामान्यतया एक तह (Slab) कम गर्न सकिनेछ । न्युनतम १ प्रतिशतभन्दा कम भन्सार दर रहेको वस्तुको आयातको हकमा न्युनतम २५ प्रतिशत कम हुने गरी भन्सार दर कायम गरिनेछ ।

१७.२९ उद्योगले आफ्नो प्रयोजनका लागि आयात गर्ने मेसिनरी, ट्रान्सफर्मर, जेनरेटर, औद्योगिक उपकरण तथा औजारमा एक प्रतिशत मात्र भन्सार महसुल लाग्नेछ । साथै गुणस्तर मापन प्रयोगशालाहरूले आयात गर्ने मेसिनरी, वैज्ञानिक उपकरण र उद्योग विस्तारका लागि थप मेसिनरी तथा उपकरण लगायत अनुसन्धान तथा विकास (R & D) का लागि ल्याउने मेसिनरी तथा उपकरणमा समेत १ प्रतिशत भन्सार महसुल लाग्नेछ र मूल्य अभिवृद्धि कर तथा अन्तःशुल्क लाग्ने छैन ।

(ग) थप सुविधा, सहुलियत एवम् सुनिश्चितता :

१७.३० यस नीतिमा उल्लेख भएका उद्योगले पाउने सुविधा सहुलियतलाई कानुनद्वारा सुनिश्चित गरिनेछ । नीतिमा उल्लेख भएका वर्गीकरण, अति अविकसित, अविकसित र कम विकसित क्षेत्रको सुविधा सहुलियतसम्बन्धी सूची र व्यवस्थामा हेरफेर वा थपघट भएमा यस नीति कार्यान्वयनका लागि बनेको कानुनले तोकेको अवधिसम्मका लागि विनाअवरोध त्यस्ता सुविधा उपभोग गर्न पाउने सुनिश्चितता प्रदान गरिने छ । कुनै उद्योगले एकै समयमा एकभन्दा बढी प्रकारको छुट पाउन सक्ने अवस्था भएमा उद्योगले रोजेको बढी छुट पाउनेछ ।

१७.३१ यस नीतिअन्तर्गत प्राप्त हुने सुविधा तथा सहुलियतहरू तोकिएको अवधिसम्मका लागि परिवर्तन गरिने छैन ।

१७.३२ उद्योगले आफ्नै प्रयोजनका लागि उत्पादन गरेको विद्युत्मा रोयल्टी लाग्ने छैन । साथै उद्योगले विद्युत शक्ति विक्री गर्न चाहेमा बजारमा प्रचलित दरमा राष्ट्रिय ग्रीडमा जोड्न दिने व्यवस्था गरिने छ ।

१७.३३ कुनै प्राथमिकता प्राप्त उद्योग वा नेपालमा स्वीकृत पेटेन्टको प्रविधि प्रयोग गरी सोअनुरूप स्थापना भएका उद्योगहरूलाई औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा नेपाल सरकारको निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.३४ निर्यात प्रवर्द्धन उद्योगलाई बन्डेड वेयर हाउसको सुविधा अझ सरल बनाई उपलब्ध गराइनेछ । यस्तो सुविधा निवेदन परेको मितिले ४५ दिनभित्र उपलब्ध गराइनेछ ।

१७.३५ उद्योगहरूको हकमा विद्युत् आपूर्ति नभएको समयको अनुपातका आधारमा विद्युत् महसुलमा लागिआएको डिमान्ड चार्ज छुट दिइनेछ ।

१७.३६ उद्योगको प्रकृति र क्षमताअनुसार उद्योग सञ्चालनका लागि आवश्यक पर्ने जग्गा उपलब्ध गराउन सरकारले सहयोग गर्नेछ । उद्योगको प्रकृति हेरी जग्गाको हदबन्दी फुकुवा गर्न आवश्यक देखिएमा जग्गाको हदबन्दी सीमामा छुट दिन सकिनेछ ।

१७.३७ अति अविकसित क्षेत्रमा उद्योग स्थापना गर्न सहकारी र लघु उद्यम तथा घरेलु तथा साना उद्योगलाई बीउ पुँजीको (सिड क्यापिटल) रूपमा अनुदान उपलब्ध गराउने व्यवस्था गरिने छ ।

१७.३८ गैरआवासीय नेपालीलाई प्रदान गरिने व्यावसायिक प्रवेशाज्ञा निःशुल्क उपलब्ध गराइनेछ ।

१७.३९ विदेशी लगानीमा सञ्चालित उद्योगलाई नयाँ वस्तुको उत्पादन तथा बजार विकास र प्रवर्द्धन गर्नका लागि देशमा रहेका मूल कम्पनीका शाखा उद्योगले विदेशस्थित मूल कम्पनीबाट उत्पादित सामानहरू तोकिएबमोजिम शर्त र सीमाभित्र रही निश्चित समयका लागि आयात गर्न अनुमति दिइने छ ।

१७.४० वन पैदावारमा आधारित उद्योगलाई कबुलियत वा लिजमा वन उपलब्ध गराउन सकिनेछ ।

१७.४१ निर्यात उद्योग, निर्यात प्रवर्द्धन क्षेत्र, सरकारी वा गैर सरकारी औद्योगिक क्षेत्र र औद्योगिक ग्राममा स्थापना हुने उद्योगलाई नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४२ कुनै राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग वा नेपालभित्र आविष्कार गरी स्थापना भएका उद्योगहरूका लागि लघु उद्यम, घरेलु तथा साना औद्योगिक प्रवर्द्धन बोर्डको सिफारिसमा उद्योग मन्त्रालयमार्फत् मन्त्रिपरिषद्को निर्णयले नेपाल राजपत्रमा सूचना प्रकाशित गरी थप सुविधा दिन सकिनेछ ।

१७.४३ व्यवसाय सम्वर्द्धन केन्द्र (इन्कुवेशन सेन्टर) र व्यवसाय सम्बर्द्धन सेवा (इन्कुवेशन सर्भिस)मा स्थापना भएका उद्योगहरूमा कुनै पनि कर लाग्ने छैन ।

१७.४४ निर्यातमूलक उद्योगहरूको सहायक कच्चा पदार्थ वा प्याकिङको सामान बनाउने उद्योगहरूलाई पनि निर्यातमूलक उद्योगहरूले उक्त वस्तुहरू निकासीमा प्रयोग गरेको परिमाणको आधारमा सुविधा दिइने छ ।

१७.४५ खनिजजन्य उद्योगको विकास र प्रवर्द्धनका लागि उद्योग र खानी क्षेत्रसम्मको पहुँच सडक निर्माण एवम् विद्युत् प्रसारण लाइन विस्तार तथा विद्युत् सेवाका लागि भौतिक पूर्वाधार निर्माण गर्न विशेष कार्यक्रम तथा बजेटको व्यवस्था सरकारले गर्नेछ ।

१८. लघु, घरेलु तथा साना उद्योगका लागि विशेष सुविधा एवम् सहुलियत :

माथि दफा १७ मा उल्लेखित सुविधा तथा सहुलियतका अतिरिक्त लघु उद्यम, घरेलु तथा साना उद्योगहरूले देहायबमोजिम सुविधा तथा सहुलियत थप पाउनेछन् ।

१८.१ लघु उद्यम व्यवसायहरूलाई अन्तःशुल्क तथा आयकर, मूल्य अभिवृद्धि करलगायत कुनै पनि किसिमका करहरू लाग्ने छैन ।

१८.२ अनुसूची ९, १० र ११ मा उल्लेख भएका अति अविकसित, अविकसित तथा कम विकसित क्षेत्रहरूमा स्थापित घरेलु उद्योगहरूलाई लाग्ने अन्तःशुल्क र आयकर क्रमशः १२ वर्ष, ७ वर्ष र ५ वर्ष छुट दिइनेछ । आयकर लाग्ने रकममा त्यस पछिका वर्षहरूमा क्रमशः ७५ प्रतिशत, ६० प्रतिशत र ५० प्रतिशत आयकर छुट दिइनेछ । यसका अतिरिक्त नेपाल सरकारले समय समयमा तोक्ने राष्ट्रिय प्राथमिकता प्राप्त वस्तुमा पाँच वर्ष र प्राथमिकता प्राप्त क्षेत्रमा स्थापित उद्योगहरूलाई १० वर्ष सम्म अन्तःशुल्क तथा आयकर लाग्ने छैन ।

१८.३ अनुसूची ६ मा उल्लेखित सबै प्रकारका परम्परागत तथा घरेलु उद्योगलाई आयकरमा ५० प्रतिशत छुट दिइनेछ ।

१८.४ उद्योगले आफ्नो उत्पादन वा उत्पादनमा प्रयोग गरेको कच्चा पदार्थ, सहायक कच्चा पदार्थ आदिमा तिरेको मु.अ.कर र अन्तःशुल्क उत्पादित वस्तु निकासी गरेको परिमाणको आधारमा फिर्ता दिइने छ । त्यसरी फिर्ता हुने राजश्व फिर्ता पाउन रितपूर्वक दरखास्त दिएको साठी दिनभित्र निकासीकर्तालाई फिर्ता दिइनेछ । तर त्यस्तो रकम फिर्ता पाउन निकासी गरेको ४५ दिन भित्र दरखास्त नदिएमा फिर्ता दिइने छैन ।

१८.५ कुनै उद्योगले आफ्नो उत्पादन कोसेली घर तथा निर्यात गृहमा विक्री गरेमा त्यस्तो विक्री गरिएको वस्तु उत्पादन गर्न आयात गरिएको कच्चा पदार्थमा लागेको मु.अ.कर र तयारी वस्तुमा लागेको मु.अ.कर तथा अन्तःशुल्क सो वस्तु निर्यात भएको परिमाणको आधारमा सम्बन्धित उद्योगलाई फिर्ता दिइनेछ ।

स्पष्टीकरणः यस खण्डको प्रयोजनका लागि "निर्यात गृह" भन्नाले नेपालभित्र स्थापित उद्योगको उत्पादनहरू सङ्कलन गरी विदेशमा समेत निर्यात गर्ने उद्देश्यले तोकिएबमोजिम स्थापित कम्पनी, फर्म वा सहकारी संस्था सम्झनु पर्छ र "कोसेली घर" भन्नाले परम्परागत नेपाली लघु, घरेलु तथा साना उद्योगहरूले स्थानीय कच्चा पदार्थ, सिप र श्रम प्रयोग गरी उत्पादन गरेका वस्तुहरूलाई बजारीकरण गर्न सघाउ पुऱ्याउने उद्देश्यले स्थापित बजार केन्द्रसमेतलाई जनाउने छ ।

१८.६ उद्योगले प्रयोग गर्ने मेसिन, औजार, उपकरण, यन्त्र एवम् कच्चा पदार्थमा र उत्पादनमा कुनै कर, शुल्क वा दस्तुर लाग्ने छैन । तर यस्ता उद्योगको उत्पादन कुनै कारणबाट स्वदेशमा विक्री गर्नु परेमा विक्री गरिएको परिमाणको आधारमा कर, शुल्क वा दस्तुर बुझाउनु पर्नेछ ।

१८.७ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूलाई वित्तीय पहुँच पुऱ्याउन विद्यमान वित्तीय संस्था ऐनमा व्यवस्था भएअनुरूपको विपन्न वर्गको ऋण सुविधालगायत ऋण लगानीका लागि विशेष वातावरण तयार गरिनेछ । यसका लागि वित्तीय संस्थाहरूलाई प्रोत्साहित गरिने छ ।

१८.८ लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम र साझा सुविधा केन्द्रका स्थानीय उद्योगलाई सहकारीमा आवद्ध गराई वित्तीय पँहुचको व्यवस्था गरिनेछ ।

१८.९ वित्तीय सेवा उपलब्ध हुन नसक्ने जिल्ला तथा गा.वि.स.हरूमा लघु उद्यमीहरूलाई सहकारीमा आबद्ध गराई समूह धितोमा ऋण उपलब्ध गराउन लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डअन्तर्गत एक कोष खडा गरी थोक ऋण उपलब्ध गराइने छ ।

१८.१० सरकारले घोषणा गरेका विभिन्न नीति तथा कानुनी व्यवस्था अन्तरगत उपलब्ध गराइने सेवा सुविधाहरूका लागि आवश्यक हुने प्रक्रिया र कागजातहरू घरेलु तथा साना उद्योग विकास समितिका जिल्लास्थित कार्यालयहरूबाटै तयार गराई उद्योगहरूलाई प्रदान गरिने व्यवस्था मिलाइने छ ।

माथि उल्लिखित सुविधा र सहुलियत मदिराजन्य तथा सुर्तिजन्य उद्योगहरूलाई प्रदान गरिने छैन ।

२०.६ उद्योग विभाग :

२०.६.७ आफूलाई भएको अधिकार विभागले जिल्लास्थित लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्डको कार्यालयलाई प्रत्यायोजन गर्न सक्नेछ ।

२०.७ एकल बिन्दु सेवा केन्द्र (One Stop Service Centre):

कानुनद्वारा प्रदत्त सुविधा, सहुलियत तथा पूर्वाधार सेवा समयमै बिना झन्झट एकै थलोबाट उद्योगलाई उपलब्ध गराउन उद्योग विभागमा एकल बिन्दु सेवा केन्द्रको गठन गरिनेछ । उक्त सेवा केन्द्रको काम, कर्तव्य र अधिकारसम्बन्धी व्यवस्था कानुनद्वारा गरिनेछ ।

२०.१३ राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन बोर्ड र घरेलु तथा साना उद्योग विकास समिति :

२०.१३.१ लघु उद्यम, घरेलु तथा साना उद्योगको प्रवर्द्धन एवम् प्रशासनमा कार्यरत निकायहरू बिचको अस्पष्टता हटाउन केन्द्रीयस्तरमा "लघु उद्यम, घरेलु तथासाना उद्योग प्रवर्द्धन बोर्ड" गठन गरिनेछ । घरेलु तथा साना उद्योगको प्रवर्द्धन, विकास र विस्तार गर्ने जिम्मेवारी रहेको घरेलु तथा साना उद्योग विकास समितिलाई सोही बोर्डको संरचना भित्र समाहित गरी ७५ वटै जिल्लामा समितिको कार्यालयहरूबाट लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको दर्ता नवीकरण सुविधा सिफारिसलगायत सम्पूर्ण प्रवर्द्धनात्मक सेवा उपलब्ध गराइने छ ।

२०.१३.२ लघु उद्यम, घरेलु तथा साना उद्योगहरूको विकास र प्रवर्द्धन गर्नका निम्ति देहायबमोजिमको राष्ट्रिय लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धन वोर्ड स्थापना गरिने छ ।

अनुसूची ६

(दफा १२.३.२ सँग सम्बन्धित)

परम्परागत तथा अन्य घरेलु उद्योगहरू*

१. ह्यान्ड लूम, पेडल लूम, सेमी–अटोमेटिक लूम, कपडा वार्पिङ, परम्परागत प्रविधिबाट गरिने रङ्गाइ, छपाइ, सिलाइ (तयारी पोशाकबाहेक) र बुनाइ

२. ऊन र रेशममा आधारित हाते बुनाईका राडी पाखी, गलैंचा, पश्मिना, पोशाक ।

३. हातेकागज र सोमा आधारित वस्तु ।

४. परम्परागत कलामा आधारित वस्तु (Filigree and Ornamental Items based on Traditional Crafts)।

५. परम्परागत मूर्तिकला ।

६. तामा, पित्तल, ढलौट, काँस र जर्मन सिल्भरजस्ता धातुबाट हस्त निर्मित भाँडावर्तन तथा हस्तकलाका सामान ।

७. फलामबाट बनेका हस्तनिर्मित भाँडा वर्तन तथा घरायसी प्रयोगका चक्कु, चुलेसी, खुकुरी, हँसिया, कुटो, कोदालोजस्ता परम्परागत औजारहरू ।

८. सुन चाँदीबाट हस्त निर्मित गर गहना, वस्तु, भाँडा वर्तनहरू (बहुमूल्य, अर्ध बहुमूल्य तथा साधारण पत्थर जडान भएका समेत) ।

९. स्वदेशमा उपलब्ध किमति, अर्ध किमति तथा साधारण पत्थर कटाइ उद्योग ।

१०. ग्रामीण ट्यानिङ/छालबाट हस्त निर्मित वस्तुहरू ।

११. जुट, सवाइ घाँस, चोया, बाबियो, सुति धागो, अल्लो आदि प्राकृतिक रेशामा आधारित उद्योग ।

१२. पत्थरकला (ढुङ्गा कुँदी बनाइएका सामानहरू) ।

१३. पौभा, थाङ्का चित्र र अन्य परम्परागत चित्रकला ।

१४. मुकुन्डो (Mask) तथा परम्परागत संस्कृति दर्साउने पुतली र खेलौना ।

१५. परम्परागत संस्कृति, बाजागाजा र कला दर्साउने विभिन्न प्रकारका हस्तकलाका वस्तु ।

१६. काठ, हाड, सिङ तथा माटो, चट्टान र खनिजका कलात्मक वस्तुहरू ।

१७. सेरामिक्स तथा माटाका भाँडाकुँडा ।

* परम्परागत घरेलु उद्योगको हकमा १० किलोवाट भन्दा बढी विद्युत् शक्ति क्षमता भएको हुनु हुँदैन ।

अनुसूची ८

(दफा १४.१ सँग सम्बन्धित)

अनुमति लिनु पर्ने उद्योगहरू

१) हातहतियार, गोलीगट्ठा, बारुदलगायतका विस्फोटक पदार्थ उत्पादन गर्ने, सुरक्षात्मक छपाई (सेक्युरिटी प्रिन्टिङ) मुद्रा तथा सिक्का उद्योग ।

२) चुरोट, बिँडी, खैनी, सिगार तथा सुर्ती मुख्य कच्चा पदार्थ हुने वस्तु उत्पादन गर्ने उद्योग र बियर तथा मदिरा उत्पादन गर्ने उद्योग ।

३) ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, प्रशोधन गर्ने उद्योगहरू ।

४) क्षेत्रगत ऐनले व्यवस्था गरेका अनुमति लिनुपर्ने उद्योगहरू ।

अनुसूची ९

(दफा १७.२ सँग सम्बन्धित)

अति अविकसित क्षेत्र

१. बाजुरा	२. जाजरकोट	३. डोल्पा	४. हुम्ला
५. जुम्ला	६. कालिकोट	७. दार्चुला	८. अछाम
९. बझाङ	१०. मुगु	११. रुकुम	१२. सल्यान
१३. दैलेख	१४. रोल्पा	१५. तेह्रथुम	१६. डोटी
१७. खोटाङ	१८. सङ्खुवासभा	१९. मनाङ	२०. मुस्ताङ
२१. सोलुखुम्बु	२२. ताप्लेजुङ	२३. ओखलढुङ्गा	

अनुसूची १०

(दफा १७.३ सँग सम्बन्धित)

अविकसित क्षेत्र

१. बैतडी	२. डडेलधुरा	३. म्यार्दी	४. भोजपुर	५. इलाम
६. सिन्धुली	७. पाँचथर	८. प्यूठान	९. बागलुङ	१०.रसुवा
११. सिन्धुपाल्चोक	१२. गुल्मी	१३ पर्वत	१४. दोलखा	१५. रामेछाप

अनुसूची ११

(दफा १७.४ सँग सम्बन्धित)

कम विकसित क्षेत्र

१. कैलाली	२. वर्दिया	३. कञ्चनपुर	४. पाल्पा	५. लम्जुङ
६. गोरखा	७. अर्घाखाँची	८. धनकुटा	९. सुर्खेत	१०. दाङ
११. स्याङ्जा	१२. तनहुँ	१३. उदयपुर	१४. नुवाकोट	१५. धादिङ
१६. काभ्रेपलान्चोक	१७. कपिलवस्तु	१८. सिराहा	१९. बाँके	२०. धनुषा
२१. रौतहट	२२ सप्तरी	२३. सर्लाही	२४. महोत्तरी	

१.२ तेह्रौं योजना (आर्थिक वर्ष २०७०/७१-२०७२/७३)

उद्योगसँग सम्बन्धित उद्देश्य

उद्यमशीलता अभिवृद्धिमार्फत् अर्थ मन्त्रालयाई टेवा

रणनीति

क) उद्योगहरूलाई आवश्यक साधन स्रोतमा पहुँच, ऊर्जा तथा अन्य भौतिक पूर्वाधारको व्यवस्था तथा नीति निर्माण र कार्यान्यवनमा जोड दिने ।

ख) स्थानीय स्रोत एवम् सिपको उपयोग र बजारको सम्बन्ध विस्तार गरी सन्तुलित क्षेत्रीय विकासलाई बढावा दिने गरी लघु, घरेलु, साना, मझौला तथा ठुला उद्योग स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

ग) पिछडिएको गरिब समूहमा उद्यमशीलता सिर्जना गरी लाभमूलक स्वरोजगारी सिर्जना गर्न जोड दिने ।

कार्यनीति

क) उत्पादन प्रक्रियामा अग्रपृष्ठ सम्बन्ध मजबुत बनाउन उत्पादनमूलक उद्योगहरूमा करार, करार खेती, कृषिमा आधारित उद्योगको शृङ्खला निर्माण एवम् अन्तर्सम्बन्धित उद्योगको कारोबार जस्ता व्यवस्थापकीय विकल्पहरूको अवलम्बन गरिनेछ ।

ख) सामुदायिक तथा सहकारी सस्थाको अग्रसरतामा लघु उद्यम, घरेलु तथा साना उद्योग ग्राम स्थापना गरी औद्योगिक केन्द्रहरूको विकास गरिनेछ ।

ग) गरिबका लागि लघु उद्यम विकास कार्यक्रमलाई मुलुकभर विस्तार गर्न कार्यान्वयन गर्ने निकाय तथा सहयोग निकायहरूको समन्वय तथा क्षमता विकास गर्दै लगिनेछ ।

घ) उपयुक्त प्रविधिको पहुँच तथा मूल्य शृङ्खला सम्बन्ध विकासको आधारमा लक्षित समूहका लघु उद्यमको स्तर वृद्धि गरिनेछ ।

ङ) लघु उद्यम, घरेलु तथा साथा उद्योग कोष सेवालाई विस्तार गरी प्रभावकारी बनाइनेछ ।

च) एक गाउँ एक उत्पादनसम्बन्धी कार्यक्रमलाई कार्यान्वयन गरिनेछ ।

छ) निजी तथा सहकारी क्षेत्रसमेतको सहभागितामा लगानी प्रवर्द्धन कोष, प्रविधि विकास कोष, लघु उद्यम विकास कोष, रुग्ण उद्योग पुनरुत्थान कोष, महिला उद्यमी विकास कोष र गैर व्यावसायिक गैर व्यापारिक जोखिमका लागि क्षतिपूर्ति दिन औद्योगिक लगानी संरक्षण कोषको स्थापना तथा सञ्चालन गरिनेछ ।

ज) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमलाई विस्तार गर्दै लगिनेछ ।

झ) उत्पादनशील स्वरोजगारी सिर्जनाका लागि पिछडिएको गरिब लक्षित समूहका लागि प्रशिक्षण तथा आर्थिक टेवा दिन विशेष कोष खडा गरिनेछ ।

१.३ लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२♦

पृष्ठभूमि : विश्व व्यापार सङ्गठनमा नेपालको प्रवेशसँगै लघु, घरेलु तथा साना उद्योग व्यवसायका क्षेत्रमा नयाँ अवसर र चुनौतीहरू पनि सिर्जना भएको सन्दर्भमा लघु, घरेलु तथा साना उद्योग व्यवसायीहरूलाई प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच र अन्य पूर्वाधारहरूमा संस्थागत टेवा पुऱ्याउन ∅..... लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा संलग्न निजी क्षेत्रका छाता सङ्गठनहरूसँगको समन्वयमा लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरूमा संस्थागत टेवा पुऱ्याउने किसिमका कार्यक्रमहरू सञ्चालन गर्नेसम्बन्धी कार्यविधि निर्धारण गर्न आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ११४ बमोजिम देहायको विनियमावली बनाएको छ ।

३. **लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन तथा व्यवस्थापन समितिको गठन :** कोषको सञ्चालन तथा व्यवस्थापनका निमित्त देहायबमोजिमको एक समिति रहने छ :

(क)	सचिव, उद्योग मन्त्रालय	- अध्यक्ष
(ख)	सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय	- सदस्य
(ग)	सहसचिव, अर्थ मन्त्रालय	- सदस्य
(घ)	सहसचिव, उद्योग मन्त्रालय	- सदस्य
(ङ)	अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ	- सदस्य
(च)	अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ	- सदस्य
(छ)	महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग	- सदस्य सचिव

समितिको बैठकमा घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशकलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइनेछ ।

४. **समितिको काम, कर्तव्य र अधिकार :** कोषको सञ्चालन गर्ने सम्बन्धमा समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) लघु, घरेलु तथा साना उद्योगको प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधारहरूमा संस्थागत टेवा पुग्ने र प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि हुने कार्यक्रममा सहयोग पुऱ्याउने,

(ख) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनहरूद्वारा समितिमा प्रस्तुत प्रवर्द्धनात्मक कार्यक्रमको प्रस्ताव स्वीकृत गर्ने र कार्यक्रमको प्रकृति हेरी अनुदानबाट कार्यक्रम कार्यान्वयन गर्न रकम निकासा दिने,

(ग) नेपाल सरकारद्वारा यस कोषमा विनियोजित रकम र अन्य स्रोतबाट समय समयमा समितिलाई उपलब्ध हुने रकम लघु, घरेलु तथा साना उद्योग विकास कोषको नाममा जम्मा गर्ने,

---

♦ नेपाल सरकारबाट पहिलो संशोधन, मिति २०६९।११।१०

∅ पहिलो संशोधनद्वारा झिकिएको

(घ) एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी बचेको रकम अर्को आर्थिक वर्षमा फ्रिज नहुने र सो रकम कार्यक्रम बनाई खर्च गर्ने,

(ङ) कोषद्वारा सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(च) कोषबाट खर्च भएको रकम नेपाल सरकारको स्वीकृत लेखा प्रणालीबमोजिम राख्ने र महालेखा परीक्षकको विभागबाट लेखापरीक्षण गराउने,

⊕(च१) लघु, घरेलु तथा साना उद्योगको विकासमा सहयोग पुऱ्याउने सङ्घ, संस्थाहरूलाई समितिले तोकेको शर्तमा ऋण सहायता उपलब्ध गराउने ।

(छ) लघु, घरेलु तथा साना उद्योगको विकास र त्यससँग सम्बन्धित अन्य कार्यहरू गर्ने,

(ज) समितिले उपलब्ध गराएको खण्ड (च १) बमोजिम को ऋण सहायतासम्बन्धी सङ्घ संस्थाले तोकेको समयभित्र नतिरेमा सरकारी बाँकी सरह असुल उपर गरिने छ ।

⊕**४क. ऋण लगानी तथा शर्तहरू :** विनियम ४ बमोजिम ऋण लगानी तथा असुलीको कार्यविधि तथा ब्याजको प्रतिशत लघु, घरेलु तथा साना उद्योग कर्जा व्यवस्थापन निर्देशिका, २०६३ बमोजिम हुनेछ ।

५. <u>कोषको स्थापना र खर्च</u> : १) "लघु, घरेलु तथा साना उद्योग विकास कोष" नामको एक छुट्टै कोष रहनेछ । कोषको नाममा जुनसुकै स्रोतबाट प्राप्त हुने रकम सोही कोषमा जम्मा गरिने छ ।

२) कोषको रकम नेपाल राष्ट्र बैङ्कमा खाता खोली जम्मा गरिने छ ।

३) कोषको कार्यक्रम कार्यान्वयन गर्न तथा समितिको सञ्चालनका लागि गरिने सबै प्रकारका खर्च कोषबाट व्यहोरिनेछ, तर समितिको सञ्चालन खर्च कार्यक्रम कार्यान्वयन खर्चको ५ प्रतिशतभन्दा बढी हुने छैन ।

४) कोषको खाताको सञ्चालन सदस्य सचिव वा निजले तोकेको समितिको सचिवालयको अन्य कुनै अधिकृत कर्मचारी र अध्यक्षले तोकेको समितिको सचिवालयको अर्को एक कर्मचारीको संयुक्त दस्तखतबाट गरिनेछ ।

६. समितिको बैठकसम्बन्धी कार्यविधि : १) समितिको बैठक समितिको अध्यक्षले तोकेको मिति, समय र स्थानमा साधारणतया दुई महिनामा एकपटक बस्ने छ ।

२) समितिको बैठकमा आवश्यकताअनुसार सम्बन्धित विशेषज्ञ, कुनै संस्थाका पदाधिकारी वा प्रतिनिधि वा सम्बन्धित अधिकारीलाई आमन्त्रण गर्न सक्नेछ ।

३) समितिको कुल सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकका लागि गणपूरक सङ्ख्या पुगेको मानिनेछ ।

⊕ पहिलो संशोधनद्वारा थपिएको

⊕ पहिलो संशोधनद्वारा थपिएको

*४) सदस्यहरू तथा आमन्त्रितहरूले समितिको बैठकमा भाग लिए वापत प्रति बैठक भत्ता तोकिएबमोजिम पाउनेछन् ।

५) समितिको बैठकसम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गर्नेछ ।

७. कोषको रकमको प्रयोग : कोषको रकमको प्रयोग देहायका कार्यहरूका लागि गरिनेछ :

१) प्रविधि विकाससम्बन्धी कार्यहरू :

क) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनहरूसँग समन्वय राखी लघु, घरेलु तथा साना उद्योगहरूलाई प्रविधि विकाससम्बन्धी सेवा उपलब्ध गराउन सहयोग गर्ने,

ख) नयाँ प्रविधिबारे प्रशिक्षण तथा प्रविधि हस्तान्तरणमा सहयोग गर्ने,

ग) नयाँ तथा आधुनिक प्रविधिहरूका बारेमा नियमित प्रकाशन तथा सूचना सम्प्रेषण (Dissemination) गर्ने कार्यका लागि सहयोग गर्ने,

घ) अन्य विविध प्रविधिबारे नियमितरूपमा प्रशिक्षण कार्यक्रम सञ्चालन गराउन आवश्यक सहयोग गर्ने,

ङ) लघु, घरेलु तथा साना उद्योग, उत्पादन तथा उत्पादकत्वलाई प्रशोधित गर्न सामूहिक रूपमा प्रयोग गर्ने गरी नयाँ प्रविधिको स्थापना गर्न अनुदान तथा ऋण सहयोग गर्ने,

⊕च) नविन प्रविधिको विकास, सिर्जना, उपभोग र प्रविधि हस्तान्तरणलाई बढावा दिन बौद्धिक सम्पत्ति व्यवस्थाको उपयोग तथा क्षमता वृद्धिका लागि सहयोग गर्ने,

⊕छ) लघु, घरेलु तथा साना उद्योगका लागि उपयोगी हुने नयाँ प्रविधिबारे अध्ययन तथा अनुसन्धानका लागि आवश्यक सहयोग गर्ने ।

२) क्षमता विकाससम्बन्धी कार्यहरू :

क) उद्यमशीलता विकास कार्यक्रमअन्तर्गत आवश्यकतासम्बन्धी अध्ययनका आधारमा नयाँ व्यवसाय सिर्जना, उत्पादन, व्यवस्थापन, बजार व्यवस्थापन, लेखा व्यवस्थापन, विक्रयकला ⊕तथा बौद्धिक सम्पत्ति अधिकार जस्ता विषयहरूमा आवश्यक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने कार्यमा सहयोग गर्ने,

ख) ग्राहकहरूको रुचि एकै प्रकारका वस्तुमा सदैव नहुने तथ्यलाई दृष्टिगत गरी उत्पादित वस्तुहरूको विकास तथा विविधीकरण गर्न वस्तु समूह छनौट गरी त्यस्ता वस्तुको विकास तथा विविधीकरण गर्ने कार्यक्रमहरू कार्यान्वयन गर्न सहयोग गर्ने,

---

* पहिलो संशोधनद्वारा संशोधित

⊕ पहिलो संशोधनद्वारा थपिएको

⊕ पहिलो संशोधनद्वारा थपिएको

ग) वस्तु विकासका लागि स्थानीय स्तरमा उपलब्ध स्रोतको पहिचान गरी उक्त स्रोत (कच्चा पदार्थ) बाट तयार हुन सक्ने वस्तु विकास गरी यस्ता वस्तुको बजार प्रवर्द्धनसमेत गर्ने कार्यमा सहयोग गर्ने,

घ) उत्पादकत्व वृद्धि तथा प्रतिस्पर्धी क्षमताको विकासका लागि वस्तुको गुणस्तर विकास, उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धी क्षमता विकासका लागि निम्नअनुसारको कार्यक्रम सञ्चालनमा सहयोग गर्ने :

(१) गुणस्तर विकास कार्यक्रम ।

(२) उत्पादकत्व अभिवृद्धि कार्यक्रम ।

(३) स्वच्छतर उत्पादनका लागि तालिम ।

⊕(४) बौद्धिक सम्पत्ति अधिकार उपयोगसम्बन्धी कार्यक्रम ।

⊕(५) श्रम, सिप ।

⊕ङ) लघु, घरेलु उद्यमहरूको व्यवसाय सिर्जना, प्रवर्द्धन, पुँजी व्यवस्थापन, उपयुक्त प्रविधि र बजार व्यवस्था आदि विषयहरूमा आवद्धता बढाई त्यस प्रकारका व्यवसायमा ग्रामीण, पछाडि परेका समूह, जनजाति, मधेसी, महिला एवम् न्युन आय भएका वर्गको सहभागिता बढाउने कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने ।

३) बजार पहुँचसम्बन्धी कार्यहरू :

(क) लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित वस्तुहरू बिक्री गर्न स्थानीय, क्षेत्रीय तथा केन्द्रीयस्तरका विक्री कक्षहरू स्थापना गर्ने कार्यमा सहयोग गर्ने,

(ख) लघु, घरेलु तथा साना उद्योगद्वारा उत्पादित सामानको बजार प्रवर्द्धनका लागि जिल्ला, क्षेत्रीय तथा केन्द्रीयस्तरमा विभिन्न व्यापार मेला तथा प्रदर्शनीको आयोजना गर्ने कार्यमा सहयोग गर्ने,

ग) विश्व बजारमा स्वदेशी वस्तुहरूको प्रवर्द्धनका लागि निकासीयोग्य गुणस्तरीय वस्तु उत्पादन गर्ने लघु, घरेलु तथा साना उद्यमीहरूलाई अन्तर्राष्ट्रिय व्यापार मेलामा भाग लिने कार्यमा सहयोग गर्ने,

घ) नेपालमा उत्पादित वस्तुहरूको निकासी कुनै एउटा देशमा मात्र सीमित नराखी वस्तु बजार विविधीकरण गर्ने उद्देश्यले कुनै नयाँ देशमा वा राम्ररी बजार स्थापित भई नसकेका मुलुकमा निकासीको सम्भाव्यता अध्ययन गर्ने काममा सहयोग गर्ने ।

⊕ पहिलो संशोधनद्वारा थपिएको

४) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउनेसम्बन्धी कार्यहरू :

(क) इन्कुवेशन केन्द्र (Incubation Center) को स्थापना र सञ्चालन गराउने : नयाँ लघु, घरेलु तथा साना उद्योग स्थापना गर्ने उद्यमीलाई प्राविधिक, व्यवस्थापकीय तथा व्यावहारिक ज्ञान दिन एवम् सिपमूलक प्रशिक्षण, कच्चा पदार्थ र लगानी अनुपातको आधारमा वित्तीय सहयोग गर्न तथा उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्न सहयोग गर्ने र Growth Trap मा परेका लघु, घरेलु तथा साना उद्योगहरूलाई पनि इन्कुबेशन केन्द्रमा राखी Growth Trap बाट निकास दिई प्रतिस्पर्धी क्षमता अभिवृद्धि गर्ने कार्यमा सहयोग गर्ने छ ।

(ख) नेपाल सरकार तथा निजी क्षेत्रको सहकार्यमा स्थापना हुने हस्तकला डिजाइन सेन्टरको भौतिक पूर्वाधार विकासमा आवश्यक सहयोग गर्ने,

*(ग) लघु, घरेलु तथा साना उद्योग ग्रामको भौतिक पूर्वाधार विकास कार्यमा सहयोग गर्ने,

⊕(घ) लघु, घरेलु तथा साना उद्यमहरूको सृजना, प्रवर्धन एवम् विकासमा सहयोग पुग्ने औद्योगिक व्यवसाय केन्द्रहरू (Industrial Business Cluster) को स्थापना गर्न सहयोग गर्ने ।

५) अध्ययन अनुसन्धान तथा सहयोग आदान प्रदानसम्बन्धी कार्यहरू :

क) मुलुकको लघु, घरेलु तथा साना उद्योगको अवस्था सम्बन्धमा विभिन्न तथ्याङ्क सङ्कलन गर्ने ।

ख) लघु, घरेलु तथा साना उद्योगको प्रविधि विकास, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधार विकास सम्बन्धमा आवश्यक अध्ययन तथा अनुसन्धान गर्ने ।

ग) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि सम्बन्धित विदेशी तथा अन्तर्राष्ट्रिय सङ्घ संस्थाहरूसँग सहयोगको आदान प्रदान गर्ने तथा सहकार्य गर्ने ।

⊕६) बौद्धिक सम्पत्ति उपयोग र क्षमता विकास सचेतनासम्बन्धी कार्यहरू :

(क) परम्परागत, हस्तकला तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको क्षमता विकास गर्ने ।

(ख) सृजनात्मक प्रतिभाको विकास गर्ने ।

(ग) औद्योगिक प्रवर्द्धन र सम्वर्द्धन गर्ने ।

(घ) बौद्धिक सम्पत्ति कानुनको जानकारी गराउने ।

---

* पहिलो संशोधनद्वारा संशोधित

⊕ पहिलो संशोधनद्वारा थपिएको

⊕ पहिलो संशोधनद्वारा थपिएको

८. कोषको रकम उपलब्ध गराउने प्रक्रिया :

(१) समितिले लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनहरूसँग समन्वय राखी कार्यक्रमहरू तर्जुमा तथा स्वीकृत गर्नुपर्ने छ ।

(२) कोषको रकम विनियम ७ बमोजिमका कार्यहरूसँग सम्बन्धित र समितिबाट स्वीकृत कार्यक्रमको निमित्त मात्र खर्च गरिनेछ ।

(३) विनियम ७ बमोजिमका कार्यसँग सम्बन्धित विषयमा कुनै कार्यक्रम सञ्चालन गर्न चाहने लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनले समितिले तोकेको तरिका तथा ढाँचाबमोजिम समितिसमक्ष आफ्नो कार्यक्रम पेश गर्नु पर्ने छ । त्यसरी पेश भएका कार्यक्रममध्ये समितिले लघु, घरेलु तथा साना उद्योगको प्रविधि विकास, क्षमता विकास, बजार पहुँच तथा अन्य पूर्वाधार विकासमा सबभन्दा बढी योगदान गर्न सक्ने आधारमा कार्यक्रमको छनौट गरी त्यस्तो कार्यक्रमको कार्यान्वयनका लागि रकम उपलब्ध गराउने छ ।

(४) उपविनियम (३) को अधीनमा रही लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित छाता सङ्गठनले समेत लगानी गर्ने कार्यक्रमलाई प्राथमिकता दिनेछ ।

(५) समितिले कार्यक्रम स्वीकृत गरी रकम उपलब्ध गराउँदा आवश्यक शर्त तोकिदिन सक्नेछ र त्यस्तो शर्तको पालना गर्नु कार्यक्रम कार्यान्वयन गर्नु संस्थाको कर्तव्य हुनेछ ।

९. अनुगमन तथा मूल्याङ्कन : (१) समितिले कोषबाट रकम उपलब्ध गराइएको कार्यक्रमको नियमित अनुगमन तथा मूल्याङ्कन गर्नु पर्नेछ ।

(२) समितिले स्वीकृत गरेबमोजिम कोषको रकमबाट कुनै कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले समितिले तोकेको तरिका तथा ढाँचाबमोजिम समितिलाई कार्यक्रम कार्यान्वयनसम्बन्धी प्रगति तथा विवरण उपलब्ध गराउनु पर्नेछ ।

⊕(३) समितिले स्वीकृत गरेबमोजिम कोषको रकमबाट कार्यक्रम कार्यान्वयन गर्ने संस्थाले उपयुक्त तरिकाले सो कार्यक्रम कार्यान्वयन नगरेमा वा समितिले तोकेको शर्तको पालना नगरेमा वा समितिलाई उपलब्ध गराउनु पर्ने विवरण उपलब्ध नगराएमा वा राख्नु पर्ने विवरण तथा कागजात दुरुस्त नराखेमा समितिले जुनसुकै समयमा रकम रोक्का गर्न सक्ने छ ।

⊕ पहिलो संशोधनद्वारा थपिएको

१.४ लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९

पृष्ठभूमि– विश्व व्यापार सङ्गठनमा नेपालको प्रवेशसँगै लघु, घरेलु तथा साना उद्योग व्यवसायका क्षेत्रमा थप अवसर र चुनौतीहरू सृजना भएको सन्दर्भमा उद्योगी व्यवसायीहरूलाई छाता संस्थाहरूको समन्वयमा प्रविधि सेवा, क्षमता विकास, बजार पहुँच, उत्पादन विविधीकरण तथा विस्तार अध्ययन, अनुसन्धान जस्ता क्षेत्रहरूमा सहयोग गरी तिनीहरूको कार्य सञ्जाल विस्तार र पूर्वाधार विकासका लागि संस्थागत टेवा पुऱ्याई लघु, घरेलु तथा साना उद्योगको विकासका लागि कार्य गर्न लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली, २०६२ मा भएको व्यवस्थालाई थप प्रष्ट पारी सरल र पारदर्सी ढङ्गले कोष सञ्चालन गर्नु वान्छनीय देखिएकाले यो कोष सञ्चालन कार्यविधि, २०६९ जारी गरिएको छ ।

२. **परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा;

(क) "कोष" भन्नाले मन्त्रिपरिषदको मिति २०६२।०२।२५ को निर्णयबाट गठित "लघु, घरेलु तथा साना उद्योग विकास कोष" लाई सम्झनु पर्दछ ।

(ख) "विनियमावली" भन्नाले "लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन विनियमावली २०६९" लाई सम्झनु पर्दछ ।

(ग) "कार्यविधि" भन्नाले लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ लाई सम्झनु पर्दछ ।

(घ) "कोष सञ्चालन तथा व्यवस्थापन समिति" भन्नाले लघु, घरेलु तथा साना उद्योग विकास कोष विनियमावलीको विनियम ३ बमोजिम गठित कोष सञ्चालन तथा व्यवस्थापन समितिलाई सम्झनु पर्छ ।

(ङ) "मन्त्रालय" भन्नाले उद्योग मन्त्रालयलाई सम्झनु पर्दछ ।

(च) "विभाग" भन्नाले घरेलु तथा साना उद्योग विभागलाई सम्झनु पर्दछ ।

(छ) "वस्तु विकास केन्द्र" (Product Development Center) भन्नाले औद्योगिक उत्पादनका क्षेत्रमा कुनै एक खास वस्तु (उत्पादन) को प्रवर्द्धन र विकासका लागि कार्य गर्न आवश्यक प्रविधि, जनशक्ति र पूर्वाधारसमेत व्यवस्था गरिएको सुविधा सम्पन्न केन्द्रलाई सम्झनु पर्दछ ।

(ज) "हस्तकला डिजाइन केन्द्र" भन्नाले हस्तकलाका सामानहरूको उत्पादन प्रवर्द्धनका लागि विभिन्न डिजाइन तयार गरी वितरण गर्न विकास गरिएको केन्द्रलाई सम्झनु पर्दछ ।

(झ) "घरेलु/हस्तकला उद्योगग्राम" भन्नाले लघु, घरेलु तथा साना/हस्तकला उद्योगको स्थापना, विकास एवम् प्रवर्द्धनका लागि पूर्वाधार सहित व्यवस्था गरिएको सुविधा सम्पन्न औद्योगिक क्षेत्रलाई सम्झनु पर्दछ ।

(ञ) "व्यवसायीदेखि व्यवसायीसम्म" (Businessmen to Businessmen- B2B) भन्नाले उत्पादनकर्ता र व्यवसायीबिचको अन्तरसम्बन्ध विकास गरी औद्योगिक उत्पादनको बजार प्रवर्द्धन गर्न सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ट) "व्यवसायीदेखि उपभोक्तासम्म" (Businessmen to Consumer- B2C) भन्नाले उत्पादनकर्ता र उपभोक्ताबिचको अन्तरसम्बन्ध विकास गरी औद्योगिक उत्पादनको बजार प्रवर्द्धन गर्न सञ्चालन गरिने कार्यक्रमलाई सम्झनु पर्दछ ।

(ठ) "मूल्य शृङ्खला हस्तक्षेप" (Value Chain Intervention) भन्नाले कुनै पनि वस्तुको उत्पादन देखि उपभोगसम्मको मूल्य शृङ्खलामध्ये मूल्य अभिवृद्धि हुने कुनै एक वा बढी क्रियाकलापहरूमा सुधार ल्याउन गर्नु पर्ने कार्यलाई सम्झनु पर्दछ ।

(ड) "व्यवसाय सम्बर्द्धन केन्द्र" (Business Incubation Centre) भन्नाले नवीन सोच र विचार भएका क्षमता युक्त व्यक्तिलाई व्यवसाय सम्बर्द्धन सेवा प्रदान गरी उद्यमीका रूपमा विकास गर्न सञ्चालन गरिने केन्द्रलाई सम्झनु पर्दछ ।

(ढ) "औद्योगिक केन्द्र" (Industrial Cluster) भन्नाले यातायातलगायत अन्य आधारभूत पूर्वाधार उपलब्ध भएको क्षेत्रमा विकसित औद्योगिक केन्द्रलाई सम्झनु पर्दछ ।

(ण) "छाता संस्था" भन्नाले नेपाल उद्योग वाणिज्य महासङ्घ र यसका जिल्ला सङ्घहरू र नेपाल घरेलु तथा साना उद्योग महासङ्घ र यसका जिल्ला सङ्घ/शाखाहरूलाई सम्झनु पर्दछ ।

(त) "कोसेली घर" भन्नाले लघु, घरेलु तथा साना उद्यमीहरूलाई आवश्यक पर्ने कोरा माल/कच्चा पदार्थ र मेसिन उपकरणहरू सरल र सहज ढङ्गले उपलब्ध गराउने र उनीहरूका उत्पादन विक्री गर्ने उद्देश्यले कुनै एक निश्चित स्थानमा उद्यमीहरूद्वारा स्थापना गरिएको औद्योगिक वस्तु खरिद तथा विक्री केन्द्रलाई सम्झनु पर्दछ ।

(थ) "सामुदायिक सेवा केन्द्र" (Community Facility Center) भन्नाले लघु, घरेलु तथा साना उद्यमीहरू आफैले कारखाना स्थापना गरी उत्पादन प्रक्रिया सञ्चालन गर्न सम्भव नभएका ग्रामीण इलाकामा यस्ता उद्यमीहरू भेला भई आआफ्ना औद्योगिक वस्तु उत्पादन गर्ने तथा राज्यका तर्फबाट सेवा सुविधाहरू उपलब्ध गराउन पायक पर्ने गरी स्थापना गरिएको केन्द्रलाई सम्झनु पर्दछ ।

(द) "विशेष कार्यक्रम" भन्नाले निर्धारित प्रकियाबाट छनौटमा नपरेका तर उद्योग तथा उद्यमशीलताका क्षेत्रमा सञ्चालन गर्न अत्यावश्यक देखिएका कार्यक्रमहरूलाई सम्झनु पर्दछ ।

परिच्छेद–दुई

कोषको पृष्ठभूमि, उद्देश्य र कार्यक्षेत्र

२.१ पृष्ठभूमि : निम्न लिखित कुराहरू कोष स्थापनाको पृष्ठभूमिको रूपमा रहेका छन्:

(क) लघु, घरेलु तथा साना उद्योगहरूका छाता संस्थाहरूसँग उद्योग प्रवर्द्धनका लागि कार्य गर्न नियमित स्रोतको अभाव,

(ख) लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धनका लागि लगानी गर्ने छुट्टै कोषको अभाव,

(ग) नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल घरेलु तथा साना उद्योग महासङ्घले कोष स्थापनाका लागि गरेको पहल,

(घ) आर्थिक वर्ष २०६१।०६२ को बजेट वक्तव्यबाट कोष गठन गर्ने व्यवस्था र

(ङ) मन्त्रिपरिषद्को मिति २०६२।०२।२५ को निर्णयबाट कोष सञ्चालन विनियमावलीको स्वीकृति ।

२.२ दूरदृष्टि (Vision): प्राकृतिक सम्पदामा आधारित, उत्पादनमूलक र स्थानीय सिपमा आधारित सेवामूलक लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा सहयोग पुऱ्याई मुलुकको औद्योगिक विकासमा टेवा पुऱ्याउनु कोषको दूरदृष्टि हुनेछ ।

२.३ परिलक्ष्य (Mission): लघु, घरेलु तथा साना उद्योगहरूको विकास तथा प्रवर्द्धनका लागि सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा औद्योगिक पूर्वाधारको विकास, उद्योगहरूमा उपयुक्त प्रविधिको प्रयोग र उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि गराई यस्ता उद्योगलाई प्रतिस्पर्धी बनाउन र राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजार पहुँचको विकास गर्न सहयोग पुऱ्याउनु कोषको परिलक्ष्य हुनेछ ।

२.४ उद्देश्य : श्रम र सिप भएका, तर पुँजीको अभावले स्थानीय स्रोत, साधन र कच्चा पदार्थको समुचित प्रयोग गर्न नसकेका साना उद्यमीहरूको विकास एवम् औद्योगिक प्रवर्द्धन गर्ने मूल उद्देश्यसहित कोषका उद्देश्यहरू निम्नअनुसार हुनेछन् :

(क) लघु घरेलु, तथा साना उद्योगसँग सम्बन्धित छाता संस्थाहरूसँग समन्वय गरी लघु घरेलु, तथा साना उद्योगीहरूलाई प्रविधि प्रयोग र विकाससम्बन्धी सेवा उपलब्ध गराउन सहयोग गर्ने ।

(ख) लघु, घरेलु तथा साना उद्योगको क्षमता विकासका लागि आवश्यक प्रशिक्षण कार्यक्रमहरू सञ्चालन गर्ने गराउने ।

(ग) लघु, घरेलु तथा साना उद्योगका उत्पादनहरूको बजारीकरणका लागि विभिन्न स्तरका विक्री कक्ष तथा राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय स्तरमा औद्योगिक प्रर्दशनी, व्यापार मेलाहरू तथा औद्योगिक अध्ययन र अवलोकन भ्रमण आयोजना गर्न सहयोग गर्ने ।

(घ) नेपाली उत्पादनहरू निकासी गर्न सकिने सम्भावित मुलुकहरूको पहिचान गर्न सहयोग पुऱ्याउने ।

(ङ) व्यवसाय सम्बर्द्धन केन्द्र, घरेलु/हस्तकला उद्योग ग्राम, औद्योगिक केन्द्र जस्ता लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि आवश्यक हुने पूर्वाधार विकासका लागि टेवा पुऱ्याउने ।

(च) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित विविध पक्षको अध्ययन र अनुसन्धान गर्ने तथा तथ्याङ्क सङ्कलन, विश्लेषण र वितरण गर्ने ।

२.५ रणनीति : कोषका रणनीतिहरू देहायअनुसार हुनेछन् :

(क) निर्वाहमुखी परम्परागत कृषिलाई औद्योगिक तथा व्यावसायिक कृषिमा रूपान्तरण गर्दै स्वरोजगार तथा व्यापक रोजगारीको अवसर सृजना गर्ने खालका लघु, घरेलु तथा साना उद्योगको स्थापना र प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(ख) वन पैदावार, खनिजलगायतका तुलनात्मक लाभका अन्य प्राकृतिक सम्पदामा आधारित स्वरोजगार तथा व्यापक रोजगारीको अवसर सृजना गर्ने खालका लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन र विकासमा सहयोग पुऱ्याउने ।

(ग) हस्तकलालगायत प्राकृतिक सम्पदामा आधारित निर्यातजन्य लघु, घरेलु तथा साना उद्योगहरूको प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(घ) आयात प्रतिस्थापन गर्ने खालका स्थानीय कच्चा पदार्थ र सिपमा आधारित उत्पादन तथा सेवामूलक लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनमा सहयोग पुऱ्याउने ।

(ङ) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि सम्बन्धित अन्य सरकारी निकायहरू– मन्त्रालय, विभाग, दातृ निकाय र अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूसँग उद्यमशीलता विकास, औद्योगिक पूर्वाधार विकास एवम् बजार पहुँच विस्तारका लागि समन्वय गरी कार्यक्रम सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

२.६ कार्यनीति : कोषका कार्यनीति निम्नअनुसार हुनेछन् :

(क) लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा उपयुक्त प्रविधिको प्रयोगका लागि प्रविधि सूचना, प्रविधि हस्तान्तरण र प्रविधि प्रयोगसम्बन्धी प्रशिक्षण सञ्चालन गरी त्यस्ता उद्योगको उत्पादकत्व बढाउने खालका कार्यक्रमहरूलाई सहयोग गर्ने ।

(ख) लघु, घरेलु तथा साना उद्योगहरूलाई उपयुक्त हुने प्रविधिको विकास र अध्ययन अनुसन्धानलाई सहयोग पुऱ्याउने ।

(ग) लघु, घरेलु तथा साना उद्योगको चुस्त व्यवस्थापनका लागि आवश्यक हुने उत्पादन व्यवस्थापन, बजार प्रवर्द्धन, लेखा व्यवस्थापन र वित्तीय व्यवस्थापन जस्ता व्यवस्थापकीय विषयहरूमा सञ्चालन हुने प्रशिक्षण कार्यक्रमहरूलाई सहयोग गर्ने ।

(घ) उत्पादन विविधिकरण र उत्पादकत्व तथा गुणस्तर अभिवृद्धि गराउन आवश्यक सिप अभिवृद्धि गर्ने खालका कार्यक्रम सञ्चालन गरी उद्यमीहरूलाई प्रतिस्पर्धी बनाउने परियोजनामा सहयोग गर्ने ।

(ङ) लघु, घरेलु तथा साना उद्योगका क्षेत्रमा ग्रामीण तथा न्युन आय भएका दलित, जनजाति, मधेसी, अल्पसङ्ख्यक, अपाङ्ग, मुस्लिम समुदाय र महिलाहरूको सहभागिता बढाउन उद्यमी विकास कार्यक्रम सञ्चालन गर्ने ।

(च) लघु, घरेलु तथा साना उद्योगको औद्योगिक र बौद्धिक सम्पति संरक्षण गर्न चेतना विकास कार्यक्रम र औद्योगिक सम्पत्ति संरक्षण गर्न सहयोग पुऱ्याउने कार्यक्रम सञ्चालन गर्ने ।

(छ) लघु, घरेलु तथा साना उद्योगको उत्पादनको दिगो बजार व्यवस्थापनका लागि सार्वजनिक, निजी र सहकारीको साझेदारीमा स्थानीय, क्षेत्रीय तथा राष्ट्रियस्तरमा विक्री कक्षहरू (कोसेली घर/सौगातगृह) स्थापना गर्न सहयोग पुऱ्याउने ।

(ज) लघु, घरेलु तथा साना उद्योगको उत्पादनको बजारीकरणका लागि जिल्ला, बहुजिल्ला, क्षेत्रीय तथा केन्द्रीयस्तरमा व्यापार मेला तथा औद्योगिक प्रदर्शनी आयोजना गर्न सहयोग पुऱ्याउने,

(झ) लघु, घरेलु तथा साना उद्योगका निर्यातजन्य उत्पादनहरूको अन्तर्राष्ट्रिय बजार विस्तार गर्न अन्तर्राष्ट्रिय व्यापार मेला, सभा, सेमिनार र गोष्ठीमा भाग लिन सहयोग गर्ने ।

(ञ) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि स्थानीय तथा छाता संस्थाहरूको पहलमा स्थापना हुने घरेलु/हस्तकला उद्योग ग्राम, औद्योगिक केन्द्र, वस्तु विकास केन्द्र र सामुदायिक सुविधा केन्द्रहरू स्थापना गर्न सहयोग गर्ने ।

(ट) लघु, घरेलु तथा साना उद्योगको विकासका लागि व्यवसाय सम्वर्द्धन केन्द्रहरूको स्थापना गर्दै युवा तथा महिलाहरूका लागि रोजगारीको अवसर वृद्धि गर्ने खालका कार्यक्रमहरू सञ्चालन गर्न सहयोग पुऱ्याउने ।

(ठ) लघु, घरेलु तथा साना उद्योगको विकासका सन्दर्भमा अध्ययन अनुसन्धानमा संलग्न खोज तथा अनुसन्धानकर्ता र विद्यार्थीहरूको खोजपत्र र सोधपत्रका लागि सहयोग गर्ने ।

(ड) मुलुकको लघु, घरेलु तथा साना उद्योगको तथ्याङ्कलाई अद्यावधिक गर्न सञ्चालित कार्यक्रमहरूमा सहयोग पुऱ्याउने ।

(ढ) लघु, घरेलु तथा साना उद्योगको विकासका सन्दर्भमा सञ्चालन हुने विभिन्नस्तरका अन्तर्राष्ट्रिय गोष्ठीहरू नेपालमा सञ्चालन हुने भए त्यस्ता कार्यक्रमलाई सहयोग गर्ने ।

२.७ कार्यक्षेत्र : कोषको कार्यक्षेत्र देहायअनुसार हुनेछ :

(क) प्रविधि विकास

१) प्रविधि हस्तान्तरण तथा प्रयोगबारे प्रशिक्षण सञ्चालन गर्न सहयोग,

२) नवीन र उपयुक्त प्रविधिबारे सूचना सङ्कलन तथा संप्रेषण,

३) उत्पादकत्व अभिवृद्धि हुने खालको प्रविधि प्रयोगका लागि सहयोग,

४) नवीन प्रविधिको अध्ययन र अनुसन्धानका लागि सहयोग,

(ख) उद्यमशीलता तथा औद्योगिक सिप विकास

१) उद्यमशीलता विकास र औद्योगिक व्यवस्थापन क्षमता अभिवृद्धि,

२) उद्योग सञ्चालनका लागि क्षमता विकास,

३) उत्पादकत्व अभिवृद्धिसम्बन्धी प्रशिक्षण,

४) समावेशी उद्यमी विकास,

५) वस्तु विकास र उत्पादन विविधीकरण,

६) उत्पादकत्व अभिवृद्धि तथा प्रतिस्पर्धी क्षमता विकास,

(ग) बजार पहुँच सहजीकरण र सञ्जाल विकास

१) उत्पादित वस्तुको बजार तथा विक्री प्रवर्द्धनका लागि विक्री कक्षहरू (कोसेली घर/सौगात गृह) को स्थापना,

२) औद्योगिक प्रदर्शनी तथा व्यापार मेलाको आयोजना,

३) निकासीजन्य उत्पादनको विश्व बजार पहुँचमा सहजीकरण,

४) बजार विकासका लागि सम्भाव्यता अध्ययन र सर्वेक्षण,

५) बजार विकास र प्रवर्द्धनसम्बन्धी प्रशिक्षण,

६) औद्योगिक बौद्धिक सम्पत्ति संरक्षण, उपयोग र क्षमता विकास,

(घ) औद्योगिक पूर्वाधार विकास

१) सामुदायिक सेवा केन्द्रहरूको स्थापना,

२) डिजाइन केन्द्र तथा वस्तु विकास केन्द्रका लागि भौतिक पूर्वाधारको विकास,

३) व्यवसाय सम्वर्द्धन केन्द्रको पूर्वाधार विकास र सेवा विस्तार,

४) घरेलु/हस्तकला उद्योग ग्राम तथा औद्योगिक केन्द्रहरूको स्थापना,

(ङ) औद्योगिक अध्ययन र अनुसन्धान तथा सञ्जाल विकास

१) औद्योगिक सूचना र तथ्याङ्क व्यवस्था,

२) औद्योगिक प्रवर्द्धन र विकासका लागि अध्ययन र अनुसन्धान ,

३) छाता संस्थाहरूको संस्थागत क्षमता विकास,

४) औद्योगिक सूचना स्रोत केन्द्रको विकास र सञ्चालन,

२.८ ऋण कार्यक्रम :

क) १) रुग्ण उद्योगहरूका लागि ऋण सहयोग,

२) नयाँ प्रविधिका मेसिन औजार खरिद गर्न सहयोग,

३) माथि दफा २.७ को क देखि ङ सम्मका कार्यक्रमबाट समेट्न नसकेका कार्यक्रम छाता संस्थाहरू मार्फत सिफारिस सहितको प्रस्ताव पेश हुन आएमा सहयोग,

ख) चालु आ.व. मा खर्च नभएको रकम र लगानी भई फिर्ता आएको साँवा व्याज सोही शीर्षकमा सालबसाली जम्मा हुदै जाने,

उल्लेखित कार्यक्रम सञ्चालन गर्न ऋण कोष निर्देशिका, २०६३ को दफा ११ बमोजिम गरिनेछ ।

२.९ बौद्धिक सम्पति सञ्चालन र प्रयोग : लघु घरेलु परम्परागत हस्तकला तथा साना उद्योगहरूबाट उत्पादित वस्तु तथा सेवा सोसँग सम्बन्धित उद्यमीहरूको सृजनालगायतका विषयको बौद्धिक सम्पति संरक्षणको सम्बर्धन, प्रवर्द्धन, उपभोग, विकास र सामूहिक दर्ताका बारेमा कार्यक्रम सञ्चालन गर्ने । यस्ता कार्यक्रमहरू घरेलु तथा साना उद्योग विभागबाट वार्षिक कार्य योजना बनाई समितिबाट स्वीकृत गरी केन्द्र तथा जिल्लाहरूमा सञ्चालन गरिने । औद्योगिक बौद्धिक सम्पति सम्बन्धमा उद्यमीहरूलाई विद्यमान नीतिगत कानुनी, प्रक्रियागत, विषय, WIPO तथा Trips Agreement सम्बन्धमा सचेतना र जानकारी गराउने । बौद्धिक सम्पतिका रूपमा आफ्नो उत्पादन दर्ता गरेकोमा सो दर्ता गर्दाका बखत लागेको राजस्व सम्वन्धित व्यक्तिलाई फिर्ता दिने ।

परिच्छेद–तिन

कोषको सञ्चालन तथा व्यवस्थापन

३.१ कोषको सञ्चालन तथा व्यवस्थापन : कोषको सञ्चालन तथा व्यवस्थापनका लागि देहायअनुसार कोष सञ्चालन तथा व्यवस्थापन समिति रहने छ ।

(क) सचिव, उद्योग मन्त्रालय	–अध्यक्ष
(ख) सहसचिव, राष्ट्रिय योजना आयोगको सचिवालय	–सदस्य
(ग) सहसचिव, अर्थ मन्त्रालय	–सदस्य
(घ) सहसचिव, उद्योग मन्त्रालय	–सदस्य
(ङ) अध्यक्ष, नेपाल उद्योग वाणिज्य महासङ्घ	–सदस्य
(च) अध्यक्ष, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ	–सदस्य
(छ) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग	–सदस्य सचिव

समितिको बैठकमा घरेलु तथा साना उद्योग विकास समितिका कार्यकारी निर्देशकलाई आमन्त्रित सदस्यका रूपमा सहभागी गराइनेछ ।

(समितिले आवश्यकताअनुसार अन्य विषय विज्ञहरूलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।)

३.२ प्रस्ताव उपसमिति : कोषमार्फत् सञ्चालन हुने कार्यक्रमहरूको छनौट गरी उपयुक्त कार्यक्रमहरू स्वीकृतिका लागि सिफारिस गर्ने विनियमावलीको विनियम १२ मा व्यवस्था भए वमोजिम देहायअनुसारको कार्यक्रम प्रस्ताव सिफारिस उपसमिति रहनेछ ।

क) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग	–संयोजक
ख) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ	–सदस्य
ग) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ	–सदस्य
घ) प्रतिनिधि, उपसचिव, उद्योग मन्त्रालय, औद्योगिक प्रबर्धन शाखा	–सदस्य
ङ) निर्देशक, घरेलु तथा साना उद्योग विभाग	–सदस्य सचिव

उपसमितिले आवश्यकताअनुसार विषय विज्ञहरू आमन्त्रित गर्न सक्नेछ ।

३.३ कोषको सचिवालय : कोषको सचिवालय घरेलु तथा साना उद्योग विभागमा रहनेछ । कोषको सचिवालयको कार्य सम्पादनमा सघाउ पुऱ्याउन प्रशासनिक खर्चको सीमा भित्र रही रा. प. अनङ्कित द्वितीय श्रेणी सरहको कर्मचारी पद एक र कार्यालय सहयोगी (श्रेणीविहीन) कर्मचारी पद एक सिर्जना गरी काममा लगाइनेछ । निजहरूको पारिश्रमिक कोष सञ्चालन तथा व्यवस्थापन समितिले तोकेबमोजिम हुनेछ ।

३.४ कोषमार्फत् सञ्चालन हुने कार्यक्रमहरूको प्राथमिकता : कोषमार्फत् सञ्चालन हुने कार्यक्रमहरूको प्राथमिकता निम्नानुसार हुनेछ ।

(क) प्रविधि विकास – १० प्रतिशत

१) प्रविधि विकासका लागि अनुदान,

२) उपयुक्त प्रविधिसम्बन्धी सूचना सङ्कलन तथा सम्प्रेषण,

३) प्रविधि अध्ययन/अनुसन्धानमा सहयोग,

४) प्रविधि हस्तान्तरण ।

(ख) उद्यमशीलता तथा औद्योगिक सिप विकास – ३० प्रतिशत

१) औद्योगिक सिप तथा क्षमता विकास,

२) उत्पादन विविधीकरणसम्बन्धी तालिमहरू,

३) उत्पादकत्व तथा प्रतिस्पर्धी क्षमता विकास,

४) समावेशी उद्यमीहरूको विकास,

५) वातावरणमैत्री उत्पादन,

६) औद्योगिक र बौद्धिक सम्पतिको संरक्षण,

७) गुणस्तर व्यवस्थापन,

८) उद्योगी व्यावसायीहरूको वित्तीय पहुँच विस्तार,

९) विश्व व्यापार सङ्गठनलगायत अन्य द्विपक्षीय र बहुपक्षीय अन्तर्राष्ट्रिय व्यापार सन्धिसम्बन्धी चेतना अभिवृद्धि,

१०) कृषि, वन तथा पर्यटन, विकास,

(ग) बजार पहुँचमा सहजीकरण र संयन्त्र निर्माण – १५ प्रतिशत

१) विक्री कक्ष, सौगात गृह तथा कोसेली घर स्थापना,

२) औद्योगिक प्रदर्शनीहरू,

३) अन्तर्राष्ट्रिय व्यापार मेला तथा बजार प्रवर्द्धन गोष्ठीहरूमा सहभागिता,

४) इन्टरनेट व्यापार (E-Commerce) र घुम्ती बजारीकरणमा सहयोग,

५) सामूहिक बजार प्रवर्द्धनसम्बन्धी कार्यक्रमहरू,

६) बजार विविधीकरणसम्बन्धी अध्ययन तथा अनुसन्धान,

७) मूल्य शृङ्खला हस्तक्षेप (Value Chain Intervention),

८) व्यवसायी–व्यवसायी B2B (Businessmen to Businessmen) र व्यवसायी–उपभोक्ता B2C (Businessmen to Consumer) सम्बन्धी कार्यक्रमहरू ।

घ) औद्योगिक पूर्वाधारको विकास – १० प्रतिशत

१) सामुदायिक सेवा केन्द्रको स्थापना,

२) वस्तु विकास केन्द्रको स्थापना,

३) व्यवसाय सम्वर्द्धन केन्द्रहरूको स्थापना,

४) घरेलु/हस्तकला उद्योग ग्रामको स्थापना,

५) औद्योगिक केन्द्रको स्थापना ।

ङ) औद्योगिक अध्ययन, अनुसन्धान तथा सञ्जाल विकास – ५ प्रतिशत

१) तथ्याङ्क अद्यावधिकीकरण र सूचना सम्प्रेषण,

२) उद्यमशीलता विकासका विभिन्न पक्षहरूको अध्ययन तथा अनुसन्धान,

३) शोधपत्र लेखनमा सहयोग,

४) अध्ययन तथा अवलोकन भ्रमण,

५) विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय स्तरका गोष्ठीको आयोजना ।

च) विशेष कार्यक्रम – ५ प्रतिशत

नियमित प्रक्रियाअनुसार प्रस्ताव आह्वान गरी नियमावली तथा कोष सञ्चालन कार्यविधिअनुसार परियोजना छनौट गरी कार्यान्वयन गरिने अवस्थाबाहेक पनि उद्योग र उद्यमशीलताका क्षेत्रमा कुनै पनि समयमा विशेष कार्यक्रम सञ्चालन गर्नु पर्ने अवस्था सृजना भएमा समितिद्वारा विशेष कार्यक्रम स्वीकृत गरी कार्यान्वयन गरिनेछ । यस्ता विशेष कार्यक्रमहरू जम्मा वार्षिक बजेटको ५ प्रतिशत भन्दा बढी हुने छैन् ।

छ) अनुगमन र मूल्याङ्कन – ७ प्रतिशत

स्थानीय/केन्द्रीयस्तरको सुपरीवेक्षण, अनुगमन र मूल्याङ्कनको कार्य छाता संस्थाहरूले सम्पन्न गर्ने छन् ।

ज) ऋण कार्यक्रम ७ प्रतिशत

क) औद्योगिक उत्पादन वृद्धिका लागि विना धितो ऋण ।

ख) छाता संस्थाहरूको क्षमता अभिवृद्धि ।

ग) उद्योग प्रवर्द्धन र बजार पहुँच ।

घ) कोसेली घर तथा उद्योग ग्राम निर्माण ।

ङ) परम्परागत हस्तकला, लघु, घरेलु तथा साना उद्योगीहरूका लागि समूहमा विना धितो ऋण ।

झ) बौद्धिक सम्पति उपयोग र क्षमता विकास सचेतना ६ प्रतिशत

क) परम्परागत, हस्तकला तथा साना उद्योगहरूबाट उत्पादित वस्तुहरूको क्षमता विकास ।

ख) सृजनात्मक प्रतिभाको विकास ।

ग) औद्योगिक प्रवर्द्धन र सम्वर्द्धन ।

घ) बौद्धिक सम्पति कानुनको जानकारी ।

ञ) कोषको सचिवालयको प्रशासनिक व्यवस्थापन – ५ प्रतिशत

१) पूर्वाधार सहितको सचिवालयको व्यवस्थापन,

२) कोष सञ्चालन तथा व्यवस्थापन समिति, प्रस्ताव उपसमितिलगायत अन्य उपसमिति र कार्यदलहरूको वैठक आदि,

३) कार्यक्रम सञ्चालनका सम्बन्धमा कोष व्यवस्थापन समितिबाट गरिने अनुगमन, मूल्याङ्कनका लागि यस शीर्षकबाट खर्च गर्न सकिनेछ ।

३.५ कोष सञ्चालन तथा व्यवस्थापन समिति, प्रस्ताव उपसमितिलगायत अन्य उपसमिति र कार्यदलका सदस्यहरूको बैठक भत्ता र सुविधाहरू समितिले निर्णय गरेबमोजिम हुनेछ ।

परिच्छेद-चार

परियोजना छनौट, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन

४.१ प्रस्ताव आह्वान : कार्यविधि स्वीकृत भएपछि कोष सञ्चालन कार्यक्रमका लागि विनियोजित रकम (गत आ.व. मा खर्च नभई बाँकी रहेको समेत) को परिधिभित्र रही प्रत्येक आर्थिक वर्ष भित्र परियोजना प्रस्तावको सार्वजनिक सूचना आह्वान गरिनेछ । यस्तो प्रस्ताव बजेटको परिधि भित्र रही वर्षमा बढीमा २ पटकसम्म गर्न सकिने छ ।

४.२ प्रस्ताव पेश गर्ने : देहायका संस्थाहरूले कोषबाट सूचना भएको समय सीमाभित्र प्रस्ताव पेश गर्न सक्ने छन् । यसका लागि छाता संस्थाहरूको सिफारिससमेत संलग्न राखी नेपाल उद्योग वाणिज्य महासङ्घ अथवा नेपाल घरेलु तथा साना उद्योग महासङ्घको सचिवालयमा सिधै वा हुलाक/कुरियरमार्फत् समेत पेश गर्न सकिनेछ । घरेलु कार्यालयहरूबाट सिफारिस गरिएकोमा सिधै विभागमा पेश गर्ने छन् ।

क) लघु, घरेलु तथा साना उद्योगसँग सम्बन्धित उद्योगहरूका राष्ट्रिय सङ्घ/महासङ्घ र तिनका जिल्ला शाखा र जिल्ला सङ्घहरू,

ख) विभिन्न वस्तुगत सङ्घ (Commodity Associations) र तिनका जिल्ला शाखाहरू,

ग) उद्योग र उद्यमशीलताका क्षेत्रमा कार्यरत गैर सरकारी संस्थाहरू,

घ) अध्ययन अनुसन्धानका लागि त्यस्तो कार्यमा संलग्न विद्यार्थी/अनुसन्धानकर्ता/परामर्शदातृ व्यक्ति, संस्था वा कम्पनीहरू ।

परियोजना प्रस्तावको ढाँचा अनुसूची २ मा उल्लेख भएबमोजिम हुने छ ।

ङ) कुनै पनि सङ्घ सङ्गठन वा छाता संस्थाहरूसँग आबद्ध नभएका उद्यमीहरूले जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालयमार्फत् विवरणसमेत राखी प्रस्ताव पेश गर्न सक्ने छन् । यसरी पेश भएका कार्यक्रमहरूको सिफारिस, सम्झौता, अनुगमन, लेखा नियन्त्रण तथा लेखापरीक्षण गर्ने कार्यसमेत सम्बन्धित कार्यालय प्रमुखले गर्नेछन् ।

४.३ प्रस्ताव स्वीकृतिका लागि सिफारिस गर्ने : सार्वजनिक सूचनामार्फत् आह्वान गरेबमोजिम प्राप्त हुन आएका सबै प्रस्तावहरू सम्बन्धित छाता संस्थाले आफ्नो सिफारिस साथ प्रस्ताव

उपसमितिमा पठाउने छन् र प्रस्ताव उपसमितिले मूल्याङ्कन गरी स्वीकृतिका लागि कोष सञ्चालन तथा व्यवस्थापन समितिसमक्ष सिफारिस गर्नेछ । प्रस्ताव मूल्याङ्कनको अङ्कभार अनुसूची ३ मा उल्लेख भए वमोजिम हुनेछ ।

४.४ प्रस्तावको स्वीकृति : प्रस्ताव उपसमितिले मूल्याङ्कन गरी पेश गरेका प्रस्तावहरू कोष सञ्चालन तथा व्यवस्थापन समितिले अन्तिम छनौट गरी स्वीकृत गर्ने छ ।

४.५ परियोजनाको खर्चको सीमा : कोषको अनुदानमा सञ्चालन हुने परियोजनाका खर्चको सीमा अनुसूची ४ मा उल्लेख भए वमोजिम हुने छ ।

४.६ परियोजना कार्यान्वयनसम्बन्धी सम्झौता: स्वीकृत परियोजनाहरूको कार्यान्वयनका लागि प्रस्ताव पेश गर्ने संस्थासँग छाता संस्था/घरेलु तथा साना उद्योग कार्यालय/समितिहरूले सम्झौता गर्ने छन् । परियोजना स्वीकृति र सम्झौतापश्चात् परियोजना सञ्चालनका लागि तोकिएको रकमको ५० प्रतिशत कोषको सचिवालयबाट सम्बन्धित संस्थाको खातामा महासङ्घ वा घरेलु तथा साना उद्योग कार्यालय/समितिका कार्यालयहरूको सिफारिसमा निकासा दिइने छ । यस्तो रकम कार्यक्रमको प्रकृति र औचित्य हेरी बढीमा ३ किस्तामा हुने र प्रथम किस्ता ५० प्रतिशतभन्दा कम हुने छैन । साथै जिल्लास्थित घरेलु तथा साना उद्योग विभाग/समितिका कार्यालयहरूबाट प्राप्त प्रस्तावहरूको सम्झौतालगायत अन्य प्रशासनिक कार्य सम्बन्धित कार्यालयहरूको हुने छ ।

४.७ कार्यक्रम सञ्चालनको जानकारी : परियोजना प्रस्ताव स्वीकृत भै सम्झौता भएको १५ दिनभित्र सम्बन्धित संस्थाहरूले तोकिएबमोजिम कार्यक्रम सञ्चालन गर्नु पर्नेछ । यसरी कार्यक्रम सञ्चालन भएको जानकारी सम्बन्धित छाता संस्था र घरेलु तथा साना उद्योग विभागलाई दिई कार्यक्रम सञ्चालन गर्ने संस्थाले प्रस्तावमा उल्लिखित अवधि भित्र कार्य सम्पन्न गरी पेश्की फछ्यौंट सहित अन्तिम किस्ताको भुक्तानी माग गर्नु पर्नेछ । परियोजना सञ्चालन गर्ने संस्थाहरूको कार्यक्रमको अनुगमन, नियमन, नियन्त्रण तथा निर्देशन र खर्च भएका रकमहरूको औचित्यसहित लेखापरीक्षण गराउने दायित्व सम्बन्धित संस्थाहरूको हुनेछ । छाता संस्थाहरूबाट हुने अनुगमन कार्यका लागि आवश्यक रकम समितिको वैठकको निर्णयबमोजिम हुने छ ।

४.८ छाता संस्थाहरूबाट हुने कार्यक्रमको अनुगमन : परिच्छेद ३ को दफा ६ वमोजिमको अनुगमनसम्बन्धी नियमित अनुगमन छाता संस्था, तिनका वस्तुगत सङ्घ, घरेलु तथा साना उद्योग विभाग र विकास समितिका जिल्ला स्थित निकायहरूबाट समेत गराइनेछ । अनुगमनको बेला दिएको निर्देशन पालना गर्ने जिम्मेवारी कार्यक्रम सञ्चालन गर्ने सम्बन्धित संस्थाको हुने छ । कार्यक्रमको किस्ता वा अन्तिम फछ्यौंट गर्दा ती निकायहरूको सिफारिस अनिवार्य हुने छ । कुनै संस्थाले कार्यक्रम सञ्चालन गर्न रकम बुझी लगी तोकिएको समयमा कार्य सम्पादन नगरेमा वा रकम दुरूपयोग गरेमा त्यस्ता संस्थाहरूको बैङ्क खाता रोक्का गरी संस्था दर्ता खारेज गर्नेतर्फ कारवाही गरिने छ ।

परिच्छेद–पाँच

परियोजना सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदन

५.१ कार्यक्रमको सुपरीवेक्षण : परियोजनाको सुपरीवेक्षण सम्बन्धित छाता संस्थाका तोकिएका सदस्यहरू र जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालय प्रमुखहरूले गर्ने छन् । त्यसरी गरिने सुपरीवेक्षणका लागि अनुसूची ५ मा तोकिएबमोजिमको फाराम प्रयोग गरिने छ ।

५.२ कार्यक्रमको अनुगमन र मूल्याङ्कन : परियोजनाको अनुगमन र मूल्याङ्कनका लागि कोष सञ्चालन तथा व्यवस्थापन समितिले अनुगमन वा मूल्याङ्कन गर्न कार्यदल वा कुनै व्यक्तिलाई तोक्न सक्ने छ । यसरी गरिने अनुगमन तथा मूल्याङ्कनको प्रतिवेदन कोष सञ्चालन तथा व्यवस्थापन समितिमा पेश गरिने छ । यसका लागि अनुसूची ६ र ७ मा उल्लेख भएबमोजिमको फाराम प्रयोग गरिने छ ।

५.३ कार्यक्रमको प्रतिवेदन : परियोजना कार्यान्वयन गर्दा सम्बन्धित संस्थाले जम्मा परियोजना अवधिभर दुईपटक प्रतिवेदन बुझाउने छन् । त्यसरी बुझाइने प्रतिवेदन अनुसूची ८ मा उल्लेख भएबमोजिम हुनेछ ।

५.४ विभिन्न स्रोतबाट प्राप्त रकम कोषमा जम्मा हुने : नेपाल सरकारको अनुदान सहयोगको अतिरिक्त लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धनका लागि स्वदेशी र विदेशी दाताहरूबाट प्राप्त रकम कोषमा जम्मा गरिनेछ ।

५.५ वार्षिक कार्यतालिका : कोषको प्रभावकारी सञ्चालनका लागि प्रत्येक वर्ष वार्षिक कार्यतालिका बनाई कार्यान्वयन गरिने छ ।

५.६ लेखापरीक्षण : विनियमावलीको नियम ११ को उपनियम ४ मा व्यवस्था भएअनुसार कोषबाट सहयोग प्राप्त गरेको रकम तथा अनुदान छाता संस्था वा खर्च गर्ने निकायले नेपाल सरकारबाट इजाजत प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई प्रतिवेदन कोषको सचिवालय घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरमा कार्तिक मसान्तभित्र पेश गर्नु पर्नेछ ।

अनुसूची–१

परिच्छेद ४ को ४.१ सँग सम्वन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

परियोजना प्रस्ताव आह्वानको सूचना

(प्रथम पटक सूचना प्रकाशित मिति २०...../...../.....)

लघु, घरेलु तथा साना उद्योग विकास कोषले उद्यमीहरूका सङ्घ/राष्ट्रिय सङ्घ/महासङ्घ तथा वस्तुगत सङ्घहरू र यिनका जिल्ला शाखा र जिल्ला/स्थानीय सङ्घहरूसँग मिलेर लघु, घरेलु तथा साना उद्योगको प्रवर्द्धन तथा विकासमा काम गर्ने गर्दछ । देशका सबै जिल्ला तथा क्षेत्रहरूमा कार्य गर्ने गरी स्थापना गरिएको यस कोषको कार्यक्षेत्र निम्नानुसार रहेको छ ।

(क) प्रविधि प्रयोग र विकाससम्बन्धी कार्यक्रमहरू,
(ख) औद्योगिक क्षमता विकाससम्बन्धी कार्यक्रमहरू,
(ग) बजार पहुँच विस्तारसम्बन्धी कार्यक्रमहरू,
(घ) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउने कार्यक्रमहरू,
(ङ) अध्ययन, अनुसन्धान तथा सहयोग आदान प्रदानसम्बन्धी कार्यक्रमहरू ।

माथि उल्लिखित कार्यक्षेत्रअन्तर्गत रही सञ्चालन गरिने कार्यक्रमहरू सृजनशील तथा सिप, ज्ञान र नवीनतम प्रविधि आदिको प्रयोग गरी उद्योग र उद्यमशीलता प्रवर्द्धनमा उपयोगी हुनु पर्नेछ । तसर्थ मुलुकका जुनसुकै जिल्ला वा भौगोलिक क्षेत्रमा उद्यमशीलता तथा उद्योग प्रवर्द्धनसँग सम्बन्धित कार्यक्रम सञ्चालनका लागि देहायबमोजिम योग्यता पुगेका संस्थाहरूबाट प्रस्ताव आह्वान गरिन्छ । यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३० दिनभित्र निर्दिष्ट ढाँचामा प्रस्ताव पेश गरिसक्नु पर्नेछ ।

आवेदन दिन इच्छुक संस्थामा हुन पर्ने न्युनतम योग्यताहरू :

(क) प्रचलित कानुनबमोजिम दर्ता भएको,
(ख) कुनै राजनीतिक दल तथा सङ्गठनमा आबद्ध नरहेको,
(ग) कोषको उद्देश्य अनुरूपको कार्यक्रम सञ्चालन गर्ने कुरा सहयोगी संस्थाको विधानमा उल्लेख भएको,
(घ) आय व्यय तथा लेखाको अद्यावधिक विवरण राख्ने व्यवस्था भएको तथा प्रचलित कानुनबमोजिम आन्तरिक लेखा नियन्त्रण तथा स्वतन्त्र लेखापरीक्षण गर्ने व्यवस्था सहित अद्यावधिक लेखापरीक्षण भएको,
(ङ) प्रस्ताव गरेबमोजिमको कार्य सञ्चालन गर्न सम्बद्ध सहयोगी संस्थामा दक्ष जनशक्ति भएको वा त्यस्तो दक्ष जनशक्ति उपलब्ध हुन सक्ने क्षमता प्रमाणित भएको,
(च) आवेदन दिने संस्था धर्म, वर्ण, लिङ्ग, जात, जाति, आस्था वा तीमध्ये कुनै कुराको आधारमा भेदभाव नगर्ने गरी कार्य गर्न सक्ने सुनिश्चित भएको हुनुपर्ने,
(छ) आवेदक संस्थाले प्रस्ताव पेश गर्न चाहेको कार्यको अनुभव हुनु पर्ने ।

कार्यक्रमको अवधि :

कार्यक्रम सञ्चालनको अवधि प्रस्तावमा प्रस्तावित भएबमोजिम बढीमा १ वर्षसम्मको हुनेछ ।

परियोजना प्रस्ताव :

प्रस्तावको ढाँचा घरेलु तथा साना उद्योग विभागको वेबसाइट www.dcsi.gov.np घरेलु तथा साना उद्योग महासङ्घको वेबसाइट www.fncsi.org वा नेपाल उद्योग वाणिज्य महासङ्घको वेबसाइट www.fncci.org मा उपलब्ध लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ र यसको अनुसूची २ बाट उपलब्ध गर्न सकिनेछ । प्रस्तावको ढाँचा कार्यालय समयभित्र नेपाल घरेलु तथा साना उद्योग महासङ्घ वा नेपाल उद्योग वाणिज्य महासङ्घको केन्द्रीय सचिवालयबाट समेत प्राप्त गर्न सकिनेछ ।

प्रमाणित गरी संलग्न गर्नुपर्ने कागजातहरू :

प्रस्ताव पेश गर्दा परियोजना प्रस्तावको ढाँचामा उल्लिखित सम्पूर्ण विवरणलगायत निम्नानुसारको थप प्रमाणित कागजात पनि संलग्न गर्नु पर्नेछ,

क) संस्थाको दर्ता नवीकरण गरिएको प्रमाणपत्रका प्रतिलिपि,

ख) PAN/VAT दर्ताको प्रतिलिपि,

ग) संस्थाको विधान भए सोको प्रतिलिपि,

घ) गत आर्थिक वर्ष सम्मको लेखापरीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

ङ) संस्थाले जिल्लामा गरेको कार्य अनुभव पुष्टि हुने कागजातको प्रतिलिपि (दातृ निकायसँग भएको सम्झौता, सम्बन्धित गा.वि.स./जि.वि.स. बाट कार्य अनुभवको सिफारिस) ।

परियोजना प्रस्ताव छनौट विधि तथा अङ्कभार :

यससम्बन्धी विस्तृत विवरण माथि उल्लिखित वेबसाइटहरूमा उपलब्ध लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालन कार्यविधि, २०६९ तथा यसको अनुसूची ३ मा हेर्न सकिनेछ ।

प्रस्ताव बुझाउने ठेगानाः	
नेपाल घरेलु तथा साना उद्योग महासङ्घ, केन्द्रीय कार्यालय माइतीघर हाइट, काठमाडौ, नेपाल पो.व.नं. ६५३० फोनः ४२२२७५१, ४२६९८१७ फ्याक्सः ४२१५६०२ इमेलः fncsi@ntc.net.np वेबसाइटः www.fncsi.org	नेपाल उद्योग बाणिंज्य महासङ्घ केन्द्रीय कार्यालय, पचली, टेकु, काठमाडौं पो.व.नं. २६९ फोनः ४२६२०६१, ४२६२२१८ फ्याक्सः ४२६१०२२ इमेलः fncci@ntc.net.np वेबसाइटः www.fncci.org

जिल्ला स्थित घरेलु तथा साना उद्योग कार्यालयहरू मार्फत् सिफरिस भई पेश हुने प्रस्तावहरू घरेलु तथा साना उद्योग विभागमा दर्ता गर्न सकिनेछ ।

अनुसूची–२

परिच्छेद ४ को ४.२ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

परियोजना प्रस्तावको ढाँचा

भाग १ - संस्थागत विवरण

क) संस्थाको नाम :

ख) ठेगाना :

टेलिफोन : पोष्ट बक्स नं. :

ईमेल : वेबसाइट :

ग) संस्था दर्ता भएको मिति, स्थान र दर्ता नं. :

घ) संस्थाको व्यावसायिक तथा कानुनी आबद्धता :

ङ) नवीकरण मिति :

च) सम्पर्क व्यक्तिको नाम :..... पद : .....

छ) संस्थागत उद्देश्य :

ज) निर्णय प्रक्रिया (संस्थामा निर्णय कसरी गरिन्छ र कार्यान्वयन कसरी हुन्छ ?)

भाग २ - परियोजनाको छोटो विवरण

क) परियोजनाको नाम :

ख) उद्देश्यगत कार्यक्षेत्र : .....

(प्रविधि विकास, क्षमता अभिवृद्धि, बजार पहुँच, औद्योगिक पूर्वाधारको विकास, अध्ययन, अनुसन्धान तथा कार्य सञ्जाल विस्तार)

ग) परियोजनाको भौगोलिक कार्यक्षेत्र :

घ) जम्मा परियोजना बजेट :

ङ) कोषमा माग गरिएको रकम :

च) परियोजनाको अवधि :

छ) परियोजनाको सारांश (बढीमा २ पेज) :

भाग ३ - परियोजनाको विस्तृत विवरण

क) परियोजनाको पृष्ठभूमि र आवश्यकता :

ख) परियोजनाको उद्देश्य :

ग) परियोजनाबाट प्राप्त हुने अपेक्षित उपलब्धि

(उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगार सृजना, आय आर्जन, सिप तथा क्षमता अभिवृद्धि, प्रविधि हस्तान्तरण तथा पहिचान आदि)

क्र.स.	क्रियाकलापहरू	अपेक्षित परिणाम	सूचक

घ) परियोजना क्रियाकलापहरूका कार्यान्वयन विधिहरू

ङ) लक्षित समूह (महिला, जनजाति, दलित, मधेसी, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्ग भएका व्यक्ति, पिछडिएको क्षेत्र आदि)

च) जोखिम (परियोजना कार्यान्वयनका क्रममा प्रभाव पार्न सक्ने बाह्य तत्वहरू)

छ) परियोजनाको दिगोपना (वातावरणीय प्रभाव, स्थानीय साझेदारी, अनुसरण योग्य जस्ता कुराहरू पनि समेटिनु पर्ने) ।

ज) परियोजना अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था

झ) कार्य योजना

क्र.स.	क्रियाकलाप	मिति र समय अवधि (हप्ता वा महिना)								जिम्मेवार	कैफियत
		१	२	३	४	५	६	७	८		

ञ) संस्थागत क्षमता

(१) संस्थागत अनुभव (संस्थाबाट पहिले कार्यान्वयन भएका मुख्य परियोजनाहरू– मिति, अवधि, दाता, लक्षित समूह आदि– बढीमा ५ वटा मात्र)

(२) संस्थागत पूर्वाधार (कार्यालय, कार्यालय सामग्रीहरू, संस्थागत नीति, नियमहरू, जस्त : कर्मचारी नियमावली, आर्थिक प्रशासन नियमावली, सवारी साधनहरू, तालिम हल तथा सामग्रीहरू आदि)

(३) मानव स्रोत– सञ्चालक/कार्य समितिका पदाधिकारी र कर्मचारी (समावेशी, महिला, दलित, जनजाति, मधेसी, मुस्लिम समुदाय, अपाङ्ग भएका व्यक्ति आदि)

ट) संस्थाको बैङ्क खाता भएमा खाता नं. र बैङ्कको नाम

ठ) प्रस्तावित परियोजनाको बजेट

क्र. स.	विवरण	परिमाण	दर	जम्मा बजेट	संस्थाको योगदान	माग गरिएको रकम

ड) सिफारिस गर्ने संस्था :

(१) नेपाल उद्योग बाणिंज्य महासङ्घ

(२) नेपाल घरेलु तथा साना उद्योग महासङ्घ

सिफारिस गर्नेको :

नाम :

पद :

मिति :

संस्थाको छाप :

प्रस्ताव पेश गर्ने :

संस्थाको नाम : ठेगाना :

आधिकारिक व्यक्तिको नाम :

पद :

हस्ताक्षर :

मिति :

संस्थाको छाप :

अनुसूची–३

परिच्छेद ४ को ४.३ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

कार्यक्रम स्वीकृतिका आधार र प्रस्ताव छनौटका लागि अङ्कभार

१. कोषका कार्यनीति तथा कोषका प्राथमिकताहरू, परियोजना छनौटका प्रमुख आधार हुने छन् ।

२. छाता संस्थाहरूको सिफारिसलाई अनिवार्य गरिने र सिफारिस नभएका प्रस्तावहरूलाई छनौट प्रक्रियामा समावेश गरिने छैन । यस प्रयोजनका लागि छाता संस्था नेपाल उद्योग वाणिज्य महासङ्घ र नेपाल घरेलु तथा साना उद्योग महासङ्घ वा तिनका जिल्ला सङ्घहरू वा जिल्ला शाखाहरूको सिफारिस मान्य हुनेछ ।

३. पेश हुन आएका प्रस्तावहरूको मूल्याङ्कनका लागि प्रस्ताव आह्वान फाराममा उल्लेख भएका बुँदामा अङ्कभार दिई छनौट गरिनेछ । परियोजना प्रस्तावको अङ्कभार देहायबमोजिम हुनेछ :

क) सस्थागत क्षमता : ३० अङ्क

१. उद्यमशीलता र कार्य अनुभव, – १० अङ्क

(क) उद्यमशीलताका क्षेत्रमा ५ वटा भन्दा बढी परियोजना कार्यान्वयन गरेकोमा – ५ अङ्क, वा

उद्यमशीलताका क्षेत्रमा ३ वटा सम्म परियोजनाहरू कार्यान्वयन गरेको भए – ३ अङ्क, वा

प्रस्तावित परियोजनासँग प्रत्यक्ष सम्बन्धित नदेखिएका, तर कार्यान्वयन भएका परियोजनाहरू कार्यान्वयन गरेकोमा प्रतिपरियोजना एक अङ्कका दरले बढीमा – २ अङ्क

(ख) कार्य अनुभवतर्फ प्रतिवर्ष १ अङ्कका दरले बढीमा – ५ अङ्क

२. पूर्वाधार तथा वित्तीय क्षमता– (५+५) १०

पूर्वाधारतर्फ

क) कार्यालय सामग्रीहरू (कम्प्युटर, प्रिन्टर, फ्याक्स, टेबल, कुर्सी, दराज आदि) सहितको नियमित कार्यालय सञ्चालन हुने आफ्नै संरचना भएको भए – ५ अङ्क वा

ख) आफ्नै संरचना नभएको तर कार्यालय सञ्चालनका लागि पर्याप्त कोठासहित कार्यालय सामग्रीहरू भएको भए – ४ अङ्क वा

ग) कार्यालय मात्र भएको तर कार्यालय सामग्रीहरू आवश्यकताअनुसार नभएको भए –३ अङ्क वा

घ) कार्यालय पनि नभएको भए – २ अङ्क

वित्तीय क्षमतातर्फ

क) विगत २ वर्षको लेखापरीक्षणको प्रतिवेदन भए – २ अङ्क वा

ख) एक वर्षको लेखापरीक्षण भएको भए – १ अङ्क

ग) कार्यालय व्यवस्थापनका विनियमहरू (आर्थिक तथा कर्मचारी प्रशासन नियमावली) भएको भए – २ (१+१)अङ्क

घ) वार्षिक बजेट स्वीकृत गरी सञ्चालन गरेको भए – १ अङ्क

३. मानव स्रोत – १० अङ्क

क) प्रस्तावित परियोजनासम्बन्धी दक्ष जनशक्ति (संयोजक, लेखापाल र प्रशिक्षकहरू- सम्बन्धित विषयमा अध्ययन गरेको/सम्बन्धित तालिम प्राप्त गरेको तथा सम्बन्धित क्षेत्रमा अनुभव प्राप्त) संस्थामा कार्यरत भएमा – १० अङ्क वा

ख) प्रस्तावित परियोजनाका लागि आवश्यक जनशक्तिमध्ये संस्थासँग आंशिक जनशक्ति मात्र भई बाँकी बाहिरबाट लिने भए – ८ अङ्क वा

ग) परियोजना सञ्चालनका लागि सबै जनशक्ति बाहिरबाट लिनु पर्ने भए – ५ अङ्क

(ख) परियोजना प्रस्तावना: ७० अङ्क

१. सृजनशीलता (Innovation) – २० अङ्क

क) हालसम्म कसैले प्रयोग नगरेको र विभागलाई समेत मार्गदर्शनमा सहयोगी हुने गरी नयाँ विचार भए – २० अङ्क वा

ख) हालसम्म कसैले प्रयोग नगरेको नयाँ कार्यान्वयन विधि भए – १५ अङ्क वा

ग) हालसम्म प्रयोग भई सफलता हासिल गरेको विचार र कार्यान्वयन विधि मिश्रित भए – १२ अङ्क वा

घ) प्रयोग भइरहेको विचार र विधि भए – १० अङ्क

२. लागत सहभागिता, – १० अङ्क

क) तुलनात्मक रूपमा कम मूल्यमा बढी उपलब्धि हासिल हुने देखिएमा – ४ अङ्क

ख) कार्यान्वयन गर्ने संस्थाको पनि निश्चित प्रतिशत लगानी हुने भए – ३ अङ्क

ग) कार्यान्वयनका लागि साझेदारको प्रस्ताव गरिएको भए – ३ अङ्क

३. दिगोपना – १० अङ्क

क) दिगोपनाका लागि भरपर्दो संरचनाको व्याख्या गरिएको भए बढीमा–३ अङ्क

ख) दिगोपनाका लागि स्थानीय स्रोतको प्रयोगको भरपर्दो विकल्प प्रस्तुत गरेको भए बढीमा – ३ अङ्क

ग) दिगोपनाका लागि स्थानीय निकाय जस्तै गा.वि.स., जि.वि.स. वन उपभोक्ता समूह आदिको लिखित प्रतिबद्धता आएको भए बढीमा–४ अङ्क

४. अनुसरण गर्न मिल्ने – १० अङ्क

क) सजिलैसँग अन्य ठाउँमा पनि गर्न मिल्ने देखिएमा – १० अङ्क वा

ख) अन्य ठाउँमा पनि गर्न सकिने, तर अलिक बढी खर्च हुने देखिएमा – ८ अङ्क वा

ग) अन्य ठाउँमा प्रयोग गर्न मिल्ने, तर संरचनालगायत धेरै कुराको सुधार गर्नु पर्ने भए – ६ अङ्क

५. समावेशी/समतामूलक – १० अङ्क

क) कम्तीमा पनि कुनै एक वर्ग जस्तै : महिला, दलित, जनजाति, दुर्गम, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसङ्ख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – ४ अङ्क वा

ख) कम्तीमा पनि कुनै दुई वर्ग जस्तै : महिला, दुर्गम, दलित, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसङ्ख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – ७ अङ्क वा

ग) कम्तीमा पनि कुनै तीन वर्ग जस्तैः महिला, दुर्गम, दलित, मधेसी, अपाङ्ग भएका व्यक्ति, अल्पसङ्ख्यकलाई मध्यनजर गरी परियोजना तयार गरिएको भए – १० अङ्क

६. वातावरणमैत्री – १० अङ्क

क) वातावरणलाई असर नगर्ने देखिएमा – ४ अङ्क वा

ख) वातावरणलाई असर गर्छ भन्ने खासै प्रमाण नदेखिएमा – ६ अङ्क वा

ग) वातावरण संरक्षणमा केही योगदान गर्छ भन्ने ठहरिएमा – ८ अङ्क वा

घ) वातावरण संरक्षणमा महत्त्वपूर्ण योगदान गर्छ भन्ने ठहरिएमा – १० अङ्क

७. विविध

१) परियोजना प्रस्ताव छनौट गर्दा न्युनतम ६५ प्रतिशत अङ्क प्राप्त गर्ने संस्थालाई छनौट गर्न सकिनेछ ।

२) दुर्गम क्षेत्र भनिएका क्षेत्रमा कार्यक्रम सञ्चालन गर्ने परियोजनाको स्वीकृति वा पास अङ्क ५० प्रतिशत अङ्क कायम गरिनेछ ।

३) परियोजना छनौट गर्दा एउटा संस्थालाई सामान्यतया एक पटकमा एउटा भन्दा बढी परियोजना प्रस्ताव स्वीकृत गरिनेछैन ।

४) प्रति परियोजना अधिकतम रकम रु ३ लाख भन्दा बढी हुनेछैन ।

५) कुनै संस्थाद्वारा कुनै एक उद्देश्यको परियोजना एक गाँउ विकास समितिको एक स्थानमा सञ्चालन गर्न स्वीकृत भइसकेपछि सोही प्रकृतिको अर्को परियोजना सोही गाँउ विकास समितिमा स्वीकृत गरिनेछैन ।

६) सार्वजनिक पद धारण गरेका व्यक्तिद्वारा सञ्चालित संस्थाद्वारा पेश गरिएको परियोजना स्वीकृत गरिनेछैन ।

अनुसूची–४

परिच्छेद ४ को ४.५ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

कोष सञ्चालनका लागि खर्चका सीमा

लघु, घरेलु तथा साना उद्योग विकास कोष सञ्चालनका लागि देहायका सीमाभित्र रही खर्च गर्न सकिने छ :

(क) प्रविधि विकाससम्बन्धी कार्यक्रमहरू

(१) प्रविधि हस्तान्तरण – प्रतिसमूह ५ लाख र प्रतिउद्यमी बढीमा – रु. २५ हजार (सम्बन्धित वस्तुगत सङ्घमार्फत् प्राप्त हुने प्रस्तावका आधारमा)

(२) प्रविधि विकास – प्रतिप्रविधि बढीमा – रु. १० लाख ।

(ख) औद्योगिक सिप तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू

(१) सिप विकास तालिमका लागि प्रमुख प्रशिक्षकलाई प्रतिदिन बढीमा एक हजार पाँच सय र सहायक प्रशिक्षकलाई बढीमा दैनिक एक हजार,

(२) क्षमता अभिवृद्धिसम्बन्धी गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम-कार्यपत्र प्रस्तोतालाई बढीमा - रु. ५ हजार, सहजकर्तालाई बढीमा - रु. ४ हजार, सभाध्यक्षलाई बढीमा - रु. ४ हजार, टिप्पणीकर्तालाई बढीमा - रु. ३ हजार (दुई जनासम्मलाई)

(३) औद्योगिक सिप विकास तालिम प्रतिव्यक्ति बढीमा – रु १० हजारसम्म खर्च गर्न सकिने ।

(४) सिप विकास तालिमका लागि कम्तीमा १५ र बढीमा २० जना व्यक्तिको समूह हुनु पर्नेछ ।

(५) गोष्ठी तथा अन्तरक्रियाका लागि सहभागी– कम्तीमा २५ र बढीमा आवश्यकताअनुसार ।

(६) प्रतिवेदन लेखन प्रति विषय रु. २ हजार बढीमा २ जनासम्मलाई

(ग) बजार पहुँच विस्तारसम्बन्धी कार्यक्रमहरू

(१) औद्योगिक प्रदर्शनीका लागि (बजेटको परिधिभित्र रही अधिकतम्)

क) राष्ट्रिय स्तर- प्रतिप्रदर्शनी बढीमा रु १२ लाख, (कम्तीमा ४५ जिल्लालाई समेटी सञ्चालन गरिने राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनीलाई राष्ट्रियस्तरको औद्योगिक प्रदर्शनी भनिने छ । कोषबाट वार्षिक एउटा मात्र राष्ट्रिय औद्योगिक प्रदर्शनीका लागि सहयोग उपलब्ध गराइने छ ।

ख) क्षेत्रीयस्तर- बढीमा रु ५ लाख, (हाल प्रचलित प्रशासनिक विभाजनअनुसार विकास क्षेत्र भनी छुट्टयाइएका क्षेत्रमा सञ्चालन गरिने औद्योगिक प्रदर्शनीलाई क्षेत्रीय औद्योगिक प्रदर्शनी भनिने छ । यस्ता प्रदर्शनीहरूमा सम्बन्धित विकास क्षेत्रका कम्तीमा दुई तिहाई जिल्लाहरूबाट उद्यमीहरूको सहभागिता हुनु पर्नेछ । क्षेत्रीय प्रदर्शनीहरूलाई सहयोग गर्दा प्रति विकास क्षेत्र वर्षमा एकपटक र आयोजक जिल्ला हरेक वर्ष बेग्लाबेग्लै हुनु पर्नेछ ।

ग) जिल्ला स्तर- बढीमा रु १ लाख ५० हजार,

घ) बहुजिल्ला- प्रति थप जिल्ला रु. २५ हजार (बढीमा थप ३ जिल्ला दोहोरो नपर्ने गरी) ।

उल्लेखित रकम प्रत्येक ३ आर्थिक वर्षको फरकमा मात्र दिइनेछ ।

(घ) पूर्वाधार विकासमा संस्थागत टेवा पुऱ्याउने कार्यक्रमहरू

(१) कोसेली घर सञ्चालनका लागि अनुदान (विउपुँजी)– बढीमा रु २ लाख,

(२) सामुदायिक सेवा केन्द्र स्थापना तथा सञ्चालन– बढीमा रु २ लाख ५० हजार,

(३) वस्तु विकास केन्द्र/हस्तकला डिजाइन केन्द्र स्थापना तथा सञ्चालन– बढीमा रु १० लाख,

(४) औद्योगिक केन्द्र वा घरेलु/हस्तकला उद्योग ग्राम स्थापना– बढीमा रु २५ लाख,

(५) सिल्पकला विक्री भण्डारअन्तर्गतका पुराना भौतिक संरचनाहरूको नियमित मर्मत सम्भार– रु. १ लाख ५० हजारसम्म खर्च गर्न सकिने ।

(ङ) अध्ययन, अनुसन्धान तथा सहयोग आदान प्रदानसम्बन्धी कार्यक्रमहरू

(१) औद्योगिक अध्ययन, अनुसन्धान तथा बौद्धिक सम्पति सचेतनासम्बन्धी पुस्तिका– प्रति अध्ययन बढीमा रु. १ लाख

(२) अध्ययन तथा अवलोकन भ्रमण प्रतिभ्रमण राष्ट्रिय– बढीमा रु. १ लाख र अन्तर्राष्ट्रिय– बढीमा रु. ५ लाख । (नेपाल सरकार, मन्त्रालयस्तरीय स्वीकृतिमा)

अनुसूची–८

परिच्छेद ५ को ५.३ सँग सम्बन्धित

नेपाल सरकार
उद्योग मन्त्रालय,
घरेलु तथा साना उद्योग विभाग
लघु, घरेलु तथा साना उद्योग विकास कोष
त्रिपुरेश्वर, काठमाडौँ

परियोजना प्रतिवेदन

भाग १ - संस्थागत विवरण

क) संस्थाको नाम :

ख) ठेगाना :

टेलिफोन : पोष्ट वक्स नं. :

इमेल : वेबसाइट :

ग) संस्था दर्ता भएको मिति, स्थान र दर्ता नं. :

घ) संस्थाको व्यावसायिक तथा कानुनी आबद्धता :

ङ) नवीकरण मिति :

च) सम्पर्क व्यक्ति :

छ) संस्थागत उद्देश्य :

ज) व्यवस्थापन रणनीति (संस्थामा निर्णय कसरी गरिन्छ र कार्यान्वयन कसरी हुन्छ ?) :

भाग २-परियोजनाको छोटो विवरण

क) परियोजनाको नाम :

ख) कार्यक्षेत्र :

१) प्रविधि विकास

२) क्षमता अभिवृद्धि

३) बजार पहुँच

४) औद्योगिक पूर्वाधारको विकास

५) अध्ययन, अनुसन्धान तथा कार्यसञ्जाल विस्तार

ग) परियोजनाको भौगोलिक कार्यक्षेत्र :

घ) जम्मा परियोजना बजेट :

ङ) कोषमा माग गरिएको रकम :

च) परियोजनाको अवधि :

छ) परियोजनाको सारांश :

भाग ३-परियोजना प्रतिवेदनको विस्तृत विवरण

क) परियोजनाको पृष्ठभूमि र आवश्यकता :

ख) परियोजनाको लक्ष्य तथा उद्देश्य :

ग) परियोजनाको वास्तविक उपलब्धि (उत्पादकत्व वृद्धि, बजार पहुँच, रोजगार सृजना, आय आर्जन, सिप तथा क्षमता अभिवृद्धि आदि)

क्र.स.	क्रियाकलापहरू	अपेक्षित परिणाम	सूचक	वास्तविक परिणाम

घ) परियोजना क्रियाकलापहरूको कार्यान्वयन विधिहरू :

ङ) लक्षित समूह (व्यावसायिक संलग्नता, महिला, जनजाति, दलित, मधेसी, अपाङ्ग भएका व्यक्ति, मुस्लिम समुदाय आदि) :

च) जोखिम (परियोजना कार्यान्वयनको क्रममा प्रभाव पार्न सक्ने बाह्य तत्वहरू) :

छ) परियोजनाको दिगोपना :

ज) परियोजना अनुगमन र मूल्याङ्कनसम्बन्धी व्यवस्था :

झ) परियोजना कार्यान्वयनका झलकहरू (उद्घाटन, क्रियाकलापहरू, समापन आदि) :

ञ) लेखापरीक्षण प्रतिवेदन :

ट) सफल कथाहरू वा घटना अध्ययन :

ठ) फोटोहरू, डकुमेन्ट्री वा परियोजना सफल भएका दृश्य सामग्रीहरू :

प्रतिवेदन बुझाउने :

संस्थाको नाम :

ठेगाना :

आधिकारिक व्यक्तिको नाम :

पद :

हस्ताक्षर :

मिति :

संस्थाको छाप :

१.५ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ५ बर्से योजना

गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम ५ बर्से रणनीतिक योजना २०७०/७१-२०७४/७५

अति विपन्न समूहहरू जोसँग आफ्नो घरमा बसेर काम गर्ने स्थान तथा वातावरण हुँदैन, उनीहरू साझा सुविधा केन्द्रमा बसेर काम गर्न सक्छन् । यस्ता केन्द्रहरू लघु उद्यमीहरू आपसमा मिलेर स्थानीय साधन, स्रोत र प्रविधिको प्रयोग गरेर निर्माण गर्न सक्नेछन् । मेडपाअन्तर्गत निर्माण गरिने साझा सुविधा केन्द्रका लागि साझा सुविधा केन्द्र स्थापना मार्गदर्शन तयारी तथा लघु गरेर उद्यमीहरूलाई सहयोग गरिनेछ ।

३.५.४ वित्तीय संस्था तथा प्रविधिहरू उपर लघु उद्यमीहरूको पहुँच (Micro entrepreneurs' accessibility to financial institutions and appropriate technology)

लघुवित्त पहुँच बढाउन नेपाल राष्ट्र बैङ्कसँग सहकार्य गरी ग्रामीण स्वावलम्बन कोषमा लघु उद्यमीहरूको पहुँच बढाई सहुलियत दरको ऋण पास गर्न सहजीकरण गरिनेछ । यसका लागि उद्योग मन्त्रालय र नेपाल राष्ट्र बैङ्कबिच आवश्यकताअनुसार समझदारी पत्रका आधारमा समेत लघु उद्यमी मैत्री ऋण सुविधाका लागि वातावरण तयार गरिनेछ ।

गरिबी निवारण कोष, एलजिसिडिपि (Local Governanace and Community Development Programme), उपाप (Western Upland Poverty Alleviation Programme) लगायतका विभिन्न कार्यक्रमहरूसँग साझेदारीका लागि समझदारी पत्रका आधारमा लघुवित्त सेवामा उद्यमीहरूको पहुँच बढाउन प्रयास गरिनेछ ।

सम्भाव्य लघु उद्यमी समूहहरूले प्रर्बद्धन गरेका समूहहरूलाई सहकारी संस्थाका रूपमा विकास गर्न प्रोत्साहित गरिनेछ । सहकारी तथा गरिबी निवारण मन्त्रालय, युवा स्वरोजगार कोष जस्ता महत्त्वपूर्ण निकायहरूसँग सहकार्य गरी सहकारीमार्फत् लघु उद्यमीहरूलाई वित्तीय सेवा उपलब्ध गराउन प्रयास गरिनेछ ।

वित्तीय सस्था तथा उपयुक्त प्रविधिहरू उपर लघु उद्यमीहरूको पहुँच वृद्धि गर्ने मेडपाको अपेक्षित प्रतिफल रहेको छ । यसका लागि केही परिमाणात्मक प्रतिफलहरू समेत रहेका छन् :

क) ४१,००० लघु उद्यमीहरूले लघुवित्त ऋण सेवा प्राप्त गर्नेछन् । (प्रतिउद्यमी औसत २०,००० का दरले)

ख) जम्मा ऋण परिणाम ८२ करोड हुनेछ ।

ग) ३५,००० उद्यमीहरूले प्राविधिक सेवा प्राप्त गर्नेछन् ।

यी प्रतिफल हासिल गर्नका लागी सम्पन्न गरिने केही मुख्य क्रियाकलापहरू निम्न छन् :

१) सम्भाव्य लघु वित्त सस्थाहरूको नक्साङ्कन गरिनेछ ।

२) लघु उद्यमीहरूलाई व्यावसायिक योजना तयार गर्न सहयोग गरिनेछ ।

३) लघु उद्यमीहरूलाई लघुवित्त संस्थाबाट दिइने ऋण प्रवाह प्रक्रियामा सहजीकरण गरिनेछ ।

४) लघु उद्यमीहरूलाई वित्तीय आवश्यकतालाई सहयोग गर्ने वातावरण मिलाइनेछ ।

५) लघु उद्यमीहरूलाई प्रविधिगत सेवासम्मको पहुँच प्रक्रियामा सहजीकरण गरिनेछ ।

३.५.५ लघु उद्यमीहरूको उत्पादन र सेवालाई विभिन्न तहका बजारसँग आवद्ध गर्ने (Linkage of Macro Enterprises' Product and Services to Market at Different Levels)

लघु उद्यमीका उत्पादन तथा सेवाहरू स्थानीय, क्षेत्रीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारसम्म विस्तार हुने प्रतिफलका लागि यो रणनीतिक योजना तयार गरिएको छ । यसका लागि देहायका केही परिमाणात्मक लक्ष्यहरू समेत रहेका छन्:

१) व्यवसाय आवद्धता (B2B) का लागि लघु उद्यमी र समूह उद्यमीबिच १७,६०० उपकरार गरिनेछन् । ७६ वटा सौगात गृह/कोसेली घरहरू सञ्चालन हुनेछन् ।

२) लघु उद्यमीहरूका उत्पादनहरूको मूल्य स्थानीय बजारमा २५% वृद्धि हुनेछ ।

३) विदेशी बजारमा लघु उद्यमीहरूका उत्पादनको हिस्सा १०% ले वृद्धि हुनेछ ।

यी प्रतिफल हासिल गर्नका लागि सम्पन्न गरिने केही मुख्य क्रियाकलापहरू निम्न छन् :

क) लघु उद्यमी र ठुला उद्यमीबिच हुने उपकरार प्रक्रियामा सहजीकरण गरिनेछ ।

ख) लघु उद्यमीका उत्पादनहरू स्थानीय बजारमा पुऱ्याउन सौगात गृह/कोसेली घरहरू सञ्चालन गर्नका लागि बजारीकरणका रणनीतिहरू विकास तथा कार्यान्वयन गरिनेछन् ।

ग) लघु उद्यमीका उत्पादनहरू विदेशी बजारमा पुऱ्याउनका लागि बजारीकरणका रणनीतिहरू विकास तथा कार्यान्वयन गरिनेछन् ।

३.५.६ वातावरणमैत्री प्रविधिको जानकारी र प्रयोग (Introduction and adoption of environmental-friendly technologies)

वातावरणमैत्री प्रविधिको विकास र प्रयोगमा वृद्धि हुने अपेक्षित प्रतिफल राखिएको छ । यसका लागि देहायका केही परिमाणात्मक लक्ष्यहरू समेत रहेका छन् :

क) उद्यमीहरूलाई ९०% नव विकसित प्रविधिहरूका बारेमा जानकारी हुनेछ ।

ख) ६०% उद्यमहरूले वातावरण मैत्री प्रविधि र अभ्यासहरूको अनुसरण गर्नेछन् ।

यी प्रतिफल हासिल गर्नका लागि सम्पन्न गरिने केही मुख्य क्रियाकलापहरू निम्न छन् :

१) लघु उद्यमीका आवश्यकताहरूको मूल्याङ्कन गरेर प्रविधिको आवश्यकता पत्ता लगाइनेछ ।

२) लघु उद्यमीका लागि प्रविधि विकास प्रक्रियामा आवश्यक सहजीकरण गरिनेछ ।

३) वातावरणमैत्री प्रविधि अनुकूलन प्रक्रिया विकास गरी लघु उद्यमीहरूलाई जानकारी गराइनेछ ।

४) आवश्यक पर्ने स्रोत, सामग्री, उर्जा उपलब्ध गराउन नियमित सहजीकरण गरिनेछ ।

१.६ गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) सञ्चालन निर्देशिका २०७०

भाग २

लक्षित समूह

१. गरिबीको रेखामुनि रहेका परिवारका सदस्यहरू लक्षित समूह हुने :

(१) गरिबीको रेखामुनि रहेका नेपाली नागरिकका परिवारका सदस्यहरू यस कार्यक्रमका लक्षित समूह हुनेछन् ।

(२) अति विपन्न वर्ग, पिछडिएका महिला, दलित, आदिबासी जनजातीहरू, दुर्गम तथा सेवाको पहुँच कम पुगेका गाविसहरूमा यस कार्यक्रमलाई केन्द्रित गरिनेछ ।

(३) लक्षित समूहमा महिला ७०% दलित ३०%, जनजाति ४०%, मधेसी ४०%, युवा (१६–४० वर्ष) ६०% रहनेछन् ।

भाग ५

व्यवसाय विकास सेवाप्रदायक संस्थाको दायित्व तथा जिम्मेवारी

१५. प्रारम्भिक सर्वेक्षण गर्ने :

(१) व्यवसाय विकास सेवा प्रदायक संस्थाका आधिकारिक प्रतिनिधिले कार्यक्रम सञ्चालन गर्ने गाविसको गाउँ उद्यम विकास समितिसँग परामर्श गरी गाउँ उद्यम विकास समितिले तोकेका वडाहरूमा लघु उद्यमी सृजनाका आधारहरू बारे प्रारम्भिक सर्वेक्षण गर्नु पर्दछ ।

(२) उपदफा (१) बमोजिम प्रारम्भिक सर्वेक्षण गर्दा देहायका विधिहरू अपनाउनु पर्दछ :

(क) घरधुरी सर्वेक्षण, सहभागि छनौट र मौजुदा उद्यमी सर्वेक्षण फारम (अनुसूची ५– फारम ए.बि.सि. बमोजिम)

(ख) सहभागितामूलक ग्रामीण लेखाजोखा (PRA)

(ग) बजार सम्भाव्यता विश्लेषण (अनुसूची ६– फारम डि बमोजिम)

(घ) गरिबीको स्तर नक्साङ्कन

(३) उपदफा (२) बमोजिमका विधिबाट गरिएको अध्ययनका आधारमा व्यवसाय विकास सेवा प्रदायक संस्थाले गाविसको सामाजिक/आर्थिक स्थितिको लेखाजोखा सहितको प्रारम्भिक सर्वेक्षण प्रतिवेदन तयार गरी गाउँ उद्यम विकास समितिमा छलफल तथा परामर्शका लागि पेश गर्नु पर्दछ ।

(४) उपदफा (३) बमोजिम छलफल तथा परामर्शका लागि पेश भएको प्रतिवेदनउपर गाउँ उद्यम विकास समितिले सात दिनभित्र छलफल गरी परामर्श उपलब्ध गराउनु पर्दछ ।

(५) उपदफा (४) बमोजिम गाउँ उद्यम विकास समितिले उपलब्ध गराएको परामर्शसहित समावेश गरी तयार भएको अन्तिम प्रतिवेदन कार्यालयमा पेश भई जिल्ला उद्यम विकास समितिबाट अनुमोदन भएपछि प्रारम्भिक सर्वेक्षण कार्य पुरा भएको मानिनेछ ।

१६. बजार केन्द्र तथा कार्यक्रम स्थलको पहिचान र छनौट गर्ने :

(१) व्यवसाय विकास सेवा प्रदायक संस्थाले प्रारम्भिक सर्वेक्षणका आधारमा कच्चा पदार्थ, माग तथा बजार पहुँचको सुनिश्चिततासमेतलाइ आधार मानी एक वा एकभन्दा बढी गाउँ विकास समिति/नगरपालिका समेट्ने गरी उपयुक्त बजार केन्द्र (Market Center) पहिचान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम पहिचान गरिएको बजार केन्द्र मध्ये सबैलाई पायक पर्ने हिसाबले उपयुक्त देखिएको बजार केन्द्रको छनौट गरी उक्त बजार केन्द्रलाई कार्यक्रम स्थल (Programme Location) तोकी गाउँ उद्यम विकास समिति तथा कार्यालयलाई जानकारी दिनुपर्नेछ ।

(३) उपदफा (३) बमोजिमको जानकारी कार्यालयले जिल्ला उद्यम विकास समितिबाट अनुमोदन भएपछि बजार केन्द्र तथा कार्यक्रम स्थलको पहिचान र छनौट कार्य पुरा भएको मानिनेछ ।

१७. बजार प्रविधि तथा वातावरण सम्भाव्यता पहिचान गर्ने :

(१) व्यवसाय विकास सेवा प्रदायक संस्थाले लघु उद्यमी बनाउनका लागि देहायका विषयहरूमा केन्द्रित रहेर अनुसूची ६ (फर्म ई, एफ, जी १, जी २) बमोजिम विश्लेषण गरी बजार, प्रविधि तथा बातावरण सम्भाव्यता पहिचान प्रतिवेदन तयार गर्नु पर्दछ :

(क) स्थानीयस्तरमा उपलब्ध हुने कच्चा पदार्थको सूची तथा सोको विश्लेषण,

(ख) उपलब्ध प्रविधिको सूची तथा सो को विश्लेषण,

(ग) स्थानीय कच्चा पदार्थ र प्रविधिका आधारमा आवश्यक पर्ने सिपको सूची तथा सो को विश्लेषण,

(घ) सम्भावित औद्योगिक वस्तुहरू तथा सो का सम्भावित उपभोक्ताहरू,

(ङ) उद्यम सञ्चालनका लागि आवश्यक भौतिक पूर्वाधारको अवस्था,

(च) वातावरणीय प्रभाव तथा व्यावसायिक वातावरण (सरकारी नीतिको प्रभाव सहित) को अवस्था

(२) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनमा सम्बन्धित बजार केन्द्रमा सम्भावना देखिएका लघु उद्यमहरूको सूचीसमेत समावेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम तयार भएको प्रतिवेदनका बारेमा व्यवसाय विकास सेवा प्रदायक संस्थाले सम्भावित उद्यमीहरूलाई अभिमुखीकरण गराउनु पर्दछ ।

(४) उपदफा (१) बमोजिम तयार भएको एक प्रति प्रतिवेदन तथा उपदफा (३) बमोजिम अभिमुखीकरणको जानकारी व्यवसाय विकास सेवा प्रदायक संस्थाले गाउँ उद्यम विकास समिति र कार्यालयलाई पठाउनु पर्दछ ।

१८. सम्भाव्य लघु उद्यमीको पहिचान र छनौट गर्ने :

(१) सम्भाव्य उद्यमीको प्रारम्भिक सर्वेक्षण प्रतिवेदनबाट गरिबीको रेखामुनिको परिवार भनी ठहरिएका परिवारलाई लक्षित समूह मानि सोही समूहका सदस्यहरूलाई छनौट गर्नु पर्दछ ।

(२) सम्भाव्य उद्यमी पहिचान गर्दा कार्यक्रमको उद्देश्यबमोजिम अति गरिब, पिछडिएका महिला, आदिवासी जनजाति, दलित, अपाङ्ग, सिमान्तकृत तथा सुविधाविहीन समूहको अनुपातलाई ध्यान दिनु पर्दछ ।

(३) उद्यमप्रतिको धारणा, प्रतिबद्धताको स्तर, उपयुक्त उमेर समूह (१६-५० वर्ष), जोखिम बहन गर्न सक्ने क्षमताको स्तर, चाहना, तत्परता, उद्यमका लागि दिने समय, गतिशीलता, पारिवारिक व्यावसायिक वातावरण जस्ता गुणहरूलाई समेत सम्भाव्य उद्यमी पहिचान प्रक्रियामा उचित महत्त्व दिनु पर्दछ ।

(४) सम्भाव्य उद्यमीको पहिचान गरे पछि सोको विवरण तयार गरी व्यवसाय विकास सेवा प्रदायक संस्थाले यस कार्यक्रमका लागि तयार गरिएको GSIMIS सफ्टवेयरको सहयोगबाट सम्भाव्य उद्यमीको अन्तिम छनौट गर्नु पर्दछ ।

(५) उपदफा (४) बमोजिम सम्भाव्य उद्यमीको अन्तिम छनौट भएको मितिले सात दिन भित्र व्यवसाय विकास सेवा प्रदायक संस्थाले सोको प्रतिवेदन तयार गरी गाउँ उद्यम विकास समिति र कार्यालयमा पठाउनु पर्नेछ ।

१९. समूह निर्माण गर्ने :

(१) सम्भाव्य उद्यमी पहिचान भइसकेपछि कार्यक्रमको उद्देश्य, सहभागीको रुची, क्षमता, आवश्यकता, सम्भाव्यता, कच्चा पदार्थ र बजारको उपलब्धता लगायतका पक्षहरूमा ध्यान दिई विभिन्न समूहमा आबद्ध हुन सहभागीलाई अभिमुखीकरण गर्नु पर्दछ ।

(२) समूह निर्माण गर्दा समूह परिचालन, समूह सदस्य सङ्ख्या, समूहका सदस्यहरू आबद्ध रहेको समुदाय, भौगोलिक अवस्थिति आदि पक्षलाई ध्यान दिनु पर्दछ ।

(३) यस कार्यक्रममा एउटा समूहमा न्युनतम ५ जना सदस्यहरू रहन सक्नेछन् ।

२०. उद्यमशीलता विकास तालिम सञ्चालन गर्ने :

(१) सम्भाव्य उद्यमीहरूलाई तालिम स्थलमा २०-२५ जनाको समूहमा उपस्थित गराई सात दिनको उद्यमशीलता विकास तालिम सञ्चालन गर्नु पर्दछ ।

(२) उद्यमशीलता विकास तालिमको पाठ्यक्रममा मुलतः लघु उद्यम सृजना तथा विकास (MECD), आफ्नो व्यवसाय सुरु तथा सुधार गरौ (Stjrt and Improve Your Business-SIYB), Training on Potential Entrepreneur- TOPE/Traing on Strat up Enterpreneur- TOSE/Traing on Existing Enterpreneur- TOEE/ Training on Growing Enterprenue-TOGE जस्ता विषयहरू समावेश हुनेछन् ।

२१. सिप विकास तालिम सञ्चालन गर्ने :

(१) उद्यमशीलता विकास तालिम लिएका सहभागीहरू मध्ये सम्भावित व्यवसाय छनौटका आधारमा विभिन्न समूहमा आबद्ध गरी सिप विकास तालिम सञ्चालन गर्नु पर्नेछ ।

(२) उद्यमशीलता विकास तालिमका सहभागीहरू मध्ये सामान्यतः ३० प्रतिशतलाई लामो अवधि (४५ दिनदेखि बढी ३ महिनासम्म), ३० प्रतिशतलाई मध्यम अवधि (१६ दिनदेखि ४५ दिनसम्म) र ४० प्रतिशतलाई छोटो अवधि (५ दिनदेखि १५ दिनसम्म) को तालिममा सहभागी गराउनु पर्नेछ ।

(३) विभाग, समिति, मेडेप, सिटिइभिटि, अन्य सरकारी तथा अर्धसरकारी तालिम प्रदायक संस्थाहरूले तर्जुमा गरी स्वीकृत गरेको पाठ्यक्रमका आधारमा कार्यालयलाई जानकारी दिई सिप विकास तालिम सञ्चालन गर्नु पर्नेछ ।

(४) विषय विज्ञ र सक्षम प्रशिक्षकहरूको उपस्थितिमा तालिम सञ्चालन गर्नु व्यवसाय विकास सेवा प्रदायक संस्थाको दायित्व हुनेछ ।

(५) सम्झौतामा उल्लेख भएबमोजिम सिप विकास तालिमका क्रममा प्रशिक्षार्थीलाई आवश्यक पर्ने प्रविधि (Technology) व्यवसाय विकास सेवा प्रदायक संस्थाले सहभागीहरूलाई उपलब्ध गराई सोको विवरण अनुसूची ७ बमोजिमको ढाँचामा गाउँ उद्यम विकास समिति र कार्यालयलाई उपलब्ध गराउनु पर्दछ ।

(६) सम्झौतामा उल्लेख भएबमोजिम सिप विकास तालिमका प्रशिक्षार्थीलाई व्यवसाय विकास सेवा प्रदायक संस्थाले शैक्षिक सामग्री, तालिम सामग्री, खाजा खर्च, निर्वाह खर्च जस्ता सुविधाहरू (अनुसूची ८ अनुसार) समयमै उपलब्ध गराई सोको विवरण गाउँ उद्यम विकास समिति र कार्यालयलाई उपलब्ध गराउनु पर्दछ ।

(७) व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूलाई प्रशिक्षक तथा प्रशिक्षण स्थल व्यवस्थापनमा कार्यालय तथा गाउँ उद्यम विकास समितिले आवश्यक सहजीकरण र सहयोग गर्नेछ ।

(८) छोटो र मध्यम अवधिको तालिममा एकपटक तथा लामो अवधिको तालिममा न्युनतम् दुई पटक प्रशिक्षार्थी उद्यमीको सिकाइ उपलब्धि (Learning Achievement) को कार्यालयबाट मूल्याङ्कन गरी सोको विवरण गाउँ उद्यम विकास समिति र जिल्ला उद्यम विकास समितिलाई उपलब्ध गराउनु पर्दछ ।

(९) सिप विकास तालिम सञ्चालनका क्रममा विभिन्न अनुगमनकर्ता तथा सरोकारवालाहरूको राय, सुझावलाई व्यवसाय विकास सेवा प्रदायक संस्थाले कार्यान्वयन गर्नु पर्दछ ।

(१०) तालिम प्राप्त गरी उद्योग व्यवसाय सुरु गरेका उद्यमीहरूलाई लघुउद्यमी समूह, लघु उद्यमी समूह सङ्घ र जिल्ला लघुउद्यमी समूह सङ्घमा आबद्ध गराउन सहयोग गर्नु पर्नेछ ।

२२. व्यवसाय विकास सेवा प्रदायक संस्थाले प्रदान गर्ने परामर्श सेवा :

(१) व्यवसाय विकास सेवा प्रदायक संस्थाले सिप विकास तालिम सञ्चालनका क्रममा व्यवसाय सुरु गर्न सक्ने अवस्था सृजना गर्न प्रशिक्षार्थीहरूलाई विज्ञ, अनुभवी, उदाहरणीय, सफल व्यक्तिहरूबाट व्यवसाय विकास परामर्श प्रदान गर्नु पर्दछ ।

(२) तालिम पछि व्यवसाय सुरु गर्नका लागि आवश्यक पर्ने कच्चा पदार्थ र प्रविधिको प्राप्तिका बारेमा जानकारी गराई उपयोग गर्ने तरिकासमेत सिकाउनु पर्दछ ।

(३) व्यवसाय सुरु गर्नका लागि आवश्यक पर्ने लघु कर्जामा पहुँच पुऱ्याउन लघु उद्यमी र सम्भाव्य वित्तीय संस्थाहरू बिच अन्तरक्रिया गराइ लघुकर्जाको पहुँचमा सहजीकरण गर्नु पर्दछ ।

भाग ६

साझा सुविधा केन्द्र स्थापना र सञ्चालन

२४. साझा सुविधा केन्द्र स्थापनाका लागि सम्भाव्यता अध्ययन गरिने :

(१) अति गरिबी तथा विपन्नताको कारण उद्यम स्थापना गर्न आफ्नो निवास स्थानमा प्रयाप्त स्थान उपलब्ध नहुने तर उद्यम गर्न इच्छुक लघु उद्यमीहरूको सङ्ख्या दसभन्दा बढी रहेको भौगोलिक क्षेत्र/समुदायमा साझा सुविधा केन्द्र स्थापनाका लागि जिल्ला उद्यम विकास समितिले अनुसूची ९ बमोजिम सम्भाव्यता अध्ययन गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सम्भाव्यता अध्ययन गर्दा देहायका पक्षहरूमा ध्यान पुऱ्याउनु पर्दछ:

(क) साझा सुविधा केन्द्र भवन स्थापनाका लागि आवश्यक पर्ने जग्गा उपलब्धताको अवस्था,

(ख) साझा सुविधा केन्द्र निर्माण पछि उद्यमीको उत्पादन, कच्चा पदार्थको उपयोग, रोजगारी र आम्दानीमा हुन सक्ने वृद्धि,

(ग) साझा सुविधा केन्द्रको स्थापनाले समुदायको मनोविज्ञानमा पार्ने सकरात्मक प्रभाव,

(घ) साझा सुविधा केन्द्रको स्थापनामा लाग्ने कुल लागत तथा सो लागतमा साझेदारी गर्न सक्ने स्थानीय निकाय, समुदाय, उद्यमीहरूको प्रतिबद्धता र सिप,

(ङ) साझा सुविधा केन्द्रको व्यवस्थापन र उपयोग प्रक्रिया ।

(३) उपदफा (१) र (२) बमोजिम साझा सुविधा केन्द्रको स्थापनाको सम्भावना देखिएमा कार्यालयले जिल्ला उद्यम विकास समितिबाट निर्णय गराई गाउँ उद्यम विकास समितिमार्फत् साझा सुविधा केन्द्र व्यवस्थापन समितिको गठन गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम गठन भएको व्यवस्थापन समितिले जग्गाको व्यवस्था गरी लागत साझेदारीमा साझा सुविधा केन्द्रको स्थापनाका लागि सम्बन्धित व्यवसाय विकास सेवा प्रदायक संस्था र गाउँ उद्यम विकास समितिको सिफारिससहित कार्यक्रम प्रस्ताव पेश गरेमा कार्यालयले तोकिएको रकम साझा सुविधा केन्द्रको खातामा जम्मा गरी दिनेछ ।

(५) उपदफा (४) बमोजिम कार्यालयले उपलब्ध गराएको रकम र अन्य स्रोतबाट प्राप्त गरेको रकमको आम्दानी खर्चको हिसाव दुरुस्त राखी कार्यालय र गाउँ उद्यम विकास समितिलाई जानकारी गराउने दायित्व केन्द्र व्यवस्थापन समितिको हुनेछ ।

(६) गाउँ उद्यम विकास समितिले साझा सुविधा केन्द्रलाई थप सहयोग उपलब्ध गराउनका लागि व्यवस्थापन प्रभावकारी बनाउन आवश्यक निर्देशन दिन सक्नेछ ।

(७) साझा सुविधा केन्द्रको उपयोग उद्यमीहरूले नगर्ने परिस्थिति सृजना भएमा, योजना अनुरूप उपयोग हुने परिस्थिति सृजना नभएमा वा व्यवस्थापनमा समस्या उत्पन्न भएमा सो केन्द्रको सम्पत्ति गाउँ उद्यम विकास समितिको हुनेछ ।

(८) गाउँ उद्यम विकास समितिले उपदफा (७) बमोजिम प्राप्त हुन आएको केन्द्र अन्य उद्यमी समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

भाग ८

विभिन्न निकायहरूको भूमिका तथा दायित्व

३३. घरेलु तथा साना उद्योग विभाग/समितिको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा घरेलु तथा साना उद्योग विभाग/समितिको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ :

क) आफू मातहतका कार्यालयहरूलाई योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन गर्न सक्षम बनाउने;

ख) नीति, योजना, कार्यक्रम, कार्ययोजना तर्जुमामा मन्त्रालयसँग र कार्यान्वयनमा मातहतका कार्यालयहरूसँग कार्यगत सम्बन्ध स्थापित गर्ने;

ग) जनशक्ति व्यवस्थापन, साधन स्रोत परिचालन, अनुगमन मूल्याङ्कनजस्ता व्यवस्थापकीय कार्यहरूलाई प्रभावकारी बनाउने;

घ) आफू मातहत सञ्चालित कार्यक्रमको प्रगति समीक्षा, खण्डिकृत (लैङ्गिक तथा समावेशी) तथ्याङ्क आधार निर्माण तथा सूचना प्रवाहलाई प्रभावकारी बनाउने;

ङ) विभागीय स्तरमा गर्नुपर्ने समन्वय र सहकार्यलाई नतिजामुखी बनाउने;

च) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रममा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरू छनौटसम्बन्धी कार्य गर्ने;

छ) मेडपामा उद्यमी सृजनाका निर्धारित ढाँचालाई कार्यान्वयन गर्ने, गराउने;

ज) उद्यमशीलता तथा क्षमता विकाससम्बन्धी विभिन्न तालिमका पाठ्यक्रमहरूलाई अद्यावधिक तथा स्तरीकरण गरी कार्यान्वयन गर्ने गराउने;

झ) मातहतका जिल्ला कार्यालयहरूबाट सञ्चालित कार्यक्रमहरूबाट प्रवर्द्धन गरिएका लघु उद्यमीहरूको तथ्याङ्क अधावधिक गर्ने;

ञ) विभागस्तरीय उपलब्धि विवरण तयार गरी चौमासिक रूपमा मन्त्रालयमा पठाउने;

ट) लघु उद्यम इकाइलाई सूचना, स्रोत, दक्षता आदिका दृष्टिले साधन सम्पन्न बनाउने;

ठ) जिल्ला लघु उद्यमी समूह सङ्घ, राष्ट्रिय लघु उद्यमी महासङ्घको क्षमता विकास र लघु उद्यमीको सञ्जाल सुदृढीकरणका लागि सहकार्य गर्ने;

ड) कार्यक्रम कार्यान्वयनका क्रममा आइ पर्ने कार्यान्वयन तहका बाधा अड्चन फुकाउने तथा नीतिगत बाधा अड्चन फुकाउका लागि मन्त्रालयमा सिफारिस गर्ने ।

३४. घरेलु तथा साना उद्योग विभाग/समितिका जिल्लास्थित कार्यालयहरूको भूमिका दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा घरेलु तथा साना उद्योग विभाग/समितिका जिल्लास्थित कार्यालयहरूको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ :

क) लघु उद्यम विकाससम्बन्धी जिल्लास्तरीय योजना तर्जुमा गरी स्वीकृतिका लागि जिल्ला उद्यम विकास समितिमा पेश गर्ने;

ख) स्वीकृत योजना कार्यान्वयन गर्न कार्य योजना बनाई स्वीकृतिका लागि जिल्ला उद्यम विकास समितिमा पेश गर्ने;

ग) स्वीकृत कार्ययोजना कार्यान्वयन गर्नका लागि साधन स्रोत जुटाउन सम्बद्ध पक्षहरू सरकारी, गैरसरकारी, निजी क्षेत्र, विकाससँग कार्यगत सम्बन्ध स्थापित गर्ने;

घ) जिल्लामा कार्यक्रम कार्यान्वयन गर्न सम्भावित गाविसहरू छनौट गर्नका लागि समितिसमक्ष प्रस्ताव पेश गर्ने;

ङ) कार्यक्रम कार्यान्वयन सम्बन्धमा जिल्ला उद्यम विकास कार्यान्वयन समिति, विभाग र मन्त्रालयले दिएको निर्देशन पालना गर्ने;

च) कार्यक्रमको नियमित प्रगति विवरण तयार गरी प्रतिवेदन जिल्ला उद्यम विकास समिति र विभाग/समिति, मेडेपमा पठाउने;

छ) यस निर्देशिकाबमोजिम कार्यक्रम कार्यान्वयनको सुनिश्चितता गराउने;

ज) लघु उद्यम विकास परियोजनासँग निकट सम्पर्क बनाई कार्यहरू गर्ने;

झ) कार्यक्रमको लघु उद्यम विकास प्याकेज कार्यान्वयन गर्न छनौट भएका व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूसँग सम्झौता गर्ने र सम्झौता भएका संस्थाहरूबाट कार्य सम्पादन गराउने, कार्यक्रमको अनुगमन मूल्याङ्कन गर्ने, नतिजामूलक कार्य सम्पादनका आधारमा भुक्तानी दिने;

ञ) अनुगमन तथा मूल्याङ्कन गर्दा सम्झौताबमोजिम गुणस्तरीय सेवा प्रवाह गर्न सक्षम नदेखिएका व्यवसाय विकास सेवा प्रदायक संस्थासँग भएको सम्झौता भङ्ग गर्न जिल्ला उद्यम विकास समितिलाई सिफारिस गर्ने;

ट) लघु उद्यमीका उत्पादनहरूलाई बजार सुनिश्चित गर्न सम्बद्ध निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग अन्तरक्रिया, छलफल आयोजना गर्ने;

ठ) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन जिल्लास्थित वित्तीय संस्थाहरूको पहिचान गरी उद्यमीहरूसँग सम्बन्ध स्थापित गराउन आवश्यक समझदारी कायम गर्ने;

ड) लैङ्गिक तथा समावेशी व्यवस्थापन सूचना व्यवस्थापन प्रणाली स्थापित गरी नियमित रूपमा उद्यमीहरूको तथ्याङ्क अद्यावधिक गर्ने, नियमितरूपमा जिल्ला उद्यम विकास समिति, मेडेप, विभाग/समितिमा पठाउने;

ढ) जिल्लामा सङ्कलित तथ्याङ्कलाई विश्लेषण गरी जिल्ला गरिबी अनुगमन तथा विश्लेषण प्रणाली (DPMAS) मा नियमित सूचना उपलब्ध गराउने

ण) सार्वजनिक सुनुवाइ कार्यक्रममा सहभागी भई प्रगति प्रतिवेदन प्रस्तुत गर्ने ।

(त) जिल्लामा कार्यक्रम सञ्चालनका लागि सम्बन्धित निकाय तथा पदाधिकारीहरूसँग सम्पर्क र समन्वय गरी कार्यक्रम कार्यान्वयनका लागि सहज वातावरण तयार गर्ने

(थ) जिल्ला उद्यम विकास समितिसँग समन्वय गरी सरोकारवालाहरू सबैको सहभागिता सुनिश्चित गरेर नियमित बैठक आयोजना गर्ने ।

(द) कार्यक्रम कार्यान्वयनका क्रममा आइपर्ने कार्यान्वयन तहका बाधा अड्चन फुकाउने तथा आफूले फुकाउन नसक्ने बाधा अड्चन फुकाउन जिल्ला उद्यम विकास समितिमा सिफारिस गर्ने ।

३५. जिल्ला विकास समितिको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा जिल्ला विकास समितिको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ :

क) लघु उद्यम विकाससम्बन्धी जिल्लास्तरीय योजना स्वीकृत गर्ने;

ख) स्वीकृत योजनालाई कार्यान्वयन गर्न आवश्यक स्रोत साधनको सुनिश्चितता गर्ने;

ग) जिल्ला स्थित लघु उद्यम विकासका क्षेत्रमा कार्य गर्ने सरकारी, गैर सरकारी, विकास साझेदार तथा निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग समन्वय गर्ने;

घ) लघु उद्यम विकाससम्बन्धी भएका कामहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी, गराई निर्देशन तथा सुझाव दिने;

ङ) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन जिल्ला स्थित वित्तीय संस्थाहरूसँग समन्वय गर्ने;

च) लघु उद्यम विकास कार्यक्रमसँग सम्बन्धित नीतिगत विषयमा आवश्यकताअनुसार केन्द्रीय निकायमा सिफारिस गर्ने;

छ) जिल्ला उद्यम विकाससम्बन्धी रणनीतिक योजना तर्जुमा गराई जिल्ला परिषद्बाट स्वीकृत गराउने;

ज) लघु उद्यम विकासका लागि स्थानीय स्रोत साधनको परिचालन गर्न गा.वि.स.हरूलाई आवश्यक निर्देशन दिने;

झ) विज्ञहरू मार्फत् गाउँ उद्यम विकास समितिलाई आवश्यक परामर्श, सल्लाह र सुझाव दिने;

ञ) जिल्ला उद्यम विकास समितिलाई समय समयमा आवश्यक निर्देशन दिने ।

३६. व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा व्यवसाय विकास सेवा प्रदायक संस्थाहरूको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ:

क) लघु उद्यम विकाससम्बन्धी व्यवसाय विकाससम्बन्धी सेवा प्रदान गर्ने सन्दर्भमा गुणस्तरीयता, पारदर्शिता, विश्सनीयता कायम गर्ने ।

ख) नतिजामूलक सेवा उपकरार गर्ने सम्बन्धमा सम्झौतामा उल्लेखित शर्तहरूलाई पालना गर्ने;

ग) लघु उद्यमीहरूको सिर्जना र विकाससम्बन्धी सूचना र जानकारीहरू जिल्ला घरेलु कार्यालय/समिति तथा लघु उद्यम विकास कार्यक्रमलाई उपलब्ध गराउने ।

घ) लघु उद्यमसँग सम्बन्धित निकायहरू (घरेलु कार्यालय, गा.वि.स., जि.वि.स., लघु उद्यम विकास कार्यक्रम) सँग प्रत्यक्ष सम्पर्क र समन्वय कायम गरी कार्यान्वयन गर्ने ।

३७. गाविसको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा गाविसको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ :

क) गाविसस्तरमा लघु उद्यम विकाससम्बन्धी नीति, योजना तथा कार्यक्रम तर्जुमा गर्ने;

ख) कार्यक्रम कार्यान्वयन गर्न गाविसका तर्फबाट आवश्यक स्रोत र साधन जुटाउने;

ग) गाउँ स्थित लघु उद्यम विकासका क्षेत्रमा काम गर्ने सरकारी, गैरसरकारी, विकास साझेदार तथा निजी क्षेत्रका सङ्घ संस्थाहरूसँग समन्वय गर्ने;

घ) लघु उद्यम विकाससम्बन्धी गाउँस्तरमा सञ्चालित कामहरूको नियमित अनुगमन, निरीक्षण तथा मूल्याङ्कन गरी सम्बद्ध सेवा प्रदायक संस्थालाई निर्देशन तथा सुझाव दिने;

ङ) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन गाउँस्थित वित्तीय संस्थाहरूसँग समन्वय र सहजीकरण गर्ने;

च) लघु उद्यम विकास कार्यक्रमसँग सम्बन्धित नीतिगत विषयमा आवश्यकतानुसार जिल्लास्तरीय निकायमा सिफारिस गर्ने;

छ) गाउँ उद्यम विकाससम्बधी रणनीतिक योजना तर्जुमा गर्ने ;

ज) व्यवसाय विकास सेवा प्रदायक संस्थाबाट तयार गरिने कार्यक्रमको प्रगति विवरण गाविस बैठकमा छलफल गराउने तथा देखिएका कमी कमजोरी सुधारका लागि निर्देशन, सुझाव दिने;

झ) आफ्नो कार्यक्षेत्र भित्र लघु उद्यम विकासमा काम गर्ने सरकारी, गैर सरकारी, निजिक्षेत्र, नागरिक समाजका सङ्घ संस्थाहरूसँग कार्यगत सम्बन्ध स्थापित गरी कार्यक्रम कार्यान्वयनका लागि अनुकूल वातावरण तयार गर्ने;

ञ) लघु उद्यम विकाससम्बन्धी गाविसमा भएका कार्यक्रमहरूको सार्वजनिक लेखा परीक्षण, सार्वजनिक सुनुवाइ जस्ता कार्यक्रमहरू आयोजना गरी जवाफदेहिता र पारदर्शिता सुनिश्चित गर्ने;

ट) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन आफ्नो कार्यक्षेत्र निकटमा रहेका वित्तीय संस्थाहरूसँग समन्वय गरी जिल्ला उद्यम विकास समिति, व्यवसाय विकास सेवा प्रदायक संस्था, र मेडेपलाई जानकारी गराउने ।

ठ) वडा स्तरमा वडा नागरिक मञ्च र गाविस स्तरमा नागरिक सचेतना केन्द्रमार्फत् अति गरिब र समावेशी उद्यम विकासका लागि स्थानीय समुदायलाई परिचालनका लागि समन्वय गर्ने ।

३८. मेडेपको भूमिका तथा दायित्व :

यस निर्देशिकाको कार्यान्वयनका सन्दर्भमा मेडेपको भूमिका तथा दायित्व देहायबमोजिम हुनेछ :

क) गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई आन्तरिकीकरण गर्न मेडपा रणनीतिक योजनाले निर्धारण गरेका क्रियाकलापमा दातृ पक्षका तर्फबाट आगामि पाँच वर्ष भित्रमा क्रमशः सबै जिल्लाहरूमा जिल्ला उद्यम विकास कोषमार्फत् दातृ निकायको रकम परिचालन गर्ने;

ख) मेडपाका लागि मेडेपका तर्फबाट गर्ने गरी मेडपा रणनीतिक योजनामा वार्षिक कार्ययोजनाको रूपमा उल्लेखित क्रियाकलापहरूलाई कार्यान्वयन गर्ने;

ग) मेडपा कार्यान्वयनका साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि लागि आर्थिक, प्राविधिक तथा मानवीय सहयोग उपलब्ध गराउने;

घ) साझेदार संस्थाहरूको क्षमता अभिवृद्धि गर्दै सो क्षमता मेडपामा उपयोग हुने वातावरण बनाउने

ङ) लघु उद्यमीहरूलाई वित्तीय सुविधा उपलब्ध गराउन मेडपा र वित्तीय संस्थाहरू बिच समन्वय गर्ने;

च) लघु उद्यम विकास कार्यक्रमसँग सम्बन्धित योजना तर्जुमा, वित्तीय सुविधा, प्रविधि र बजारमा पहुँचजस्ता नीतिगत विषयमा आवश्यकतानुसार परामर्श तथा सुझाव दिने;

छ) लघु उद्यम विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा मन्त्रालय, विभाग तथा कार्यालयहरूलाई सहयोग गर्ने । साथै यस निर्देशिकामा मेडेपले सम्पादन गर्ने भनी तोकिएका कामहरू प्रभावकारी रूपमा सम्पादन गर्ने;

ज) मेडपा कार्यान्वयनका लागि जिल्लामा लघु उद्यम विकासका लागि योजना तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनलाई प्रभावकारी बनाउन आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउने ।

भाग ९

स्तरोन्नति तालिमसम्बन्धी व्यवस्था

३९. स्तरोन्नति तालिम दिनु पर्ने :

(१) जिल्ला उद्यम विकास समितिले वार्षिक योजनामा लघु उद्यमीहरूको स्तरोन्नतिका लागि एडभान्स तालिम दिने लक्ष्य समावेश गर्नु पर्नेछ ।

(२) एडभान्स तालिमका लागि मेडेप, गाउँ उद्यम विकास समिति र सम्बन्धित् व्यवसाय विकास सेवा प्रदायक संस्थासँग समन्वय गरी कार्यालयले सहभागी छनौट गर्नु पर्दछ । एडभान्स तालिमका लागि सहभागी छनौट गर्दा तालिमको आवश्यकता, प्रकार, अवधि, सहभागीको सङ्ख्या, तालिम दिने विषयको विवरण (Training Modules), स्रोतव्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता, व्यावसायिक योजनासहित तालिमको अनुमानित लागतसमेत उल्लेख गर्नुपर्नेछ ।

(३) कार्यालयले एडभान्स तालिमका लागि छनौट भएका लघु उद्यमीहरूसँग अर्न्तक्रिया गरी उनीहरूको तालिम आवश्यकता, सम्भाव्यता र क्षमतासमेतको विश्लेषण गरेर एडभान्स तालिममा सहभागी गराउनु पर्दछ ।

(४) एडभान्स तालिम कार्यक्रमहरू जिल्ला सदरमुकाम वा जिल्ला भित्रको उपयुक्त स्थानमा सञ्चालन गर्नु पर्नेछ ।

(५) स्तरोन्नतिका लागि प्रभावकारी हुने विषयमा जिल्ला स्थित तालिम केन्द्रहरूबाट तालिम सञ्चालन हुन नसक्ने देखिएमा विभाग/समितिको सिफारिसमा देशका अन्य उपयुक्त स्थानमा समेत एडभान्स तालिम सञ्चालन गर्न सकिनेछ ।

भाग १०

उपयुक्त प्रविधिको प्रयोग र विकासमा सहयोग

४०. प्रविधि हस्तान्तरण गर्न सकिने :

(१) लघु उद्यमीलाई कोषको वार्षिक कार्यक्रममा व्यवस्था भएअनुसार प्रविधि हस्तान्तरण गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको प्रविधि हस्तान्तरण गर्दा व्यवसाय विकास सेवा प्रदायक संस्था, गाउँ उद्यम विकास समिति र अनुगमन उप-समितिको सिफारिसमा जिल्ला उद्यम विकास समितिको निर्णयअनुसार साझा सुविधा केन्द्रमार्फत् गर्नु पर्नेछ ।

(३) जिल्ला उद्यम विकास समितिले उद्यमको प्रकृति हेरी व्यावसायिक योजनाअनुसार कार्यक्रम र बजेटको परिधिभित्र रही लघु उद्यमी, लघु उद्यमीको समूह वा उद्यमीले प्रवर्द्धन गरेका सहकारीलाई उपयुक्त प्रविधि हस्तान्तरण गर्न सक्नेछ । तर प्रविधि स्तरोन्नतिको सुविधा उद्यमीको लागत सहभागितामा मात्र उपलब्ध गराउनु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम हस्तान्तरण गरिएका उपयुक्त प्रविधि कसैलाई विक्री तथा हस्तान्तरण गर्न पाइने छैन । यदि प्रविधिको उपयोग उद्यमीहरूले नगर्ने परिस्थिति सृजना भएमा सो प्रविधि जिल्ला उद्यम विकास समितिको सम्पत्ति हुनेछ । जिल्ला उद्यम विकास समितिले निर्णय गरी सो प्रविधि उद्यमी समूहलाई हस्तान्तरण गर्न सक्नेछ ।

(५) प्रविधि हस्तान्तरण गरी प्रवर्द्धन गरिएका लघु उद्यमीले आफ्नो वार्षिक प्रगति विवरण कार्यालयमा अनिवार्यरूपमा पेश गर्नु पर्नेछ ।

(६) लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्दा कार्यालयले शर्तनामा गराई बुझाउनुका साथै सोको विवरण अद्यावधिक गर्नु पर्नेछ ।

(७) कार्यालयले लघु उद्यमीलाई प्रविधि हस्तान्तरण गर्ने कार्यक्रमको पूर्व जानकारी विभाग/समिति र मेडेपलाई पन्ध्र दिन अगाडि गराउनु पर्नेछ ।

(नोट : यस दफाको प्रयोजनका लागि "प्रविधि हस्तान्तरण" भन्नाले व्यवसाय सञ्चालन, विस्तार, स्तरोन्नति गर्नका लागि आवश्यक पर्ने मेसिन उपकरणहरू आफैँले उपलब्ध गराउने कार्य वा त्यस्ता मेसिन उपकरणहरू खरिद गर्नका लागि लागत साझेदारीमा सहयोग गर्न वा त्यस्ता मेसिन उपकरणहरू सञ्चालन गर्न आवश्यक पर्ने विशेष प्रकारको सिप सिकाउने कार्य भन्ने बुझ्नु पर्दछ ।)

भाग १३

प्राविधिक तथा परामर्श सेवासम्बन्धी व्यवस्था

४३. लघु उद्यमीहरूलाई प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउनु पर्ने :

(१) यस कार्यक्रमअन्तर्गत सिप विकास तालिम प्राप्त गरी व्यवसाय सञ्चालन गर्ने लघु उद्यमीहरूलाई आवश्यक पर्ने प्राविधिक तथा परामर्श सेवा कार्यालयले निःशुल्क उपलब्ध गराउनु पर्नेछ ।

(२) कुनै पनि प्रशिक्षार्थी लघु उद्यमीले माग गरेको प्राविधिक तथा परामर्श सेवा मेडेप वा कार्यालयले उपलब्ध गराउन असमर्थ भएमा अनुगमन उपसमितिको सिफारिसमा जिल्ला उद्यम विकास समितिले स्थानिय स्तरमा उपलब्ध विषय विज्ञमार्फत् त्यस्तो प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने व्यवस्था मिलाउनेछ ।

(३) अनुगमन उपसमितिले उपनियम (२) बमोजिमको परामर्शका लागि सिफारिस गर्दा परामर्शको आवश्यकता, प्रकार, अवधि, सहभागीको सङ्ख्या, परामर्श दिने विषयको विवरण स्रोत व्यक्ति, लागत लाभ विश्लेषण, लागत सहभागिता, व्यावसायिक योजना सहित परामर्श सेवाको अनुमानित लागतसमेत उल्लेख गर्नुपर्नेछ ।

(४) उपदफा (२) बमोजिम प्राविधिक तथा परामर्श सेवा उपलब्ध गराउने विषय विज्ञलाई विषय हेरी सेवा शुल्क निर्धारण गर्नु पर्ने छ । तर यस्तो परामर्श सेवा एक लघु उद्यमीलाई दुई पटकभन्दा बढी उपलब्ध गराइने छैन ।

(५) यसरी उपलब्ध गराइने प्राविधिक तथा परामर्श सेवा सम्बन्धमा मेडेपसँग परामर्श गरी अन्य आवश्यक व्यवस्था जिल्ला उद्यम विकास समितिले मिलाउन सक्नेछ ।

भाग १४

बजारीकरण सञ्जाल

४४. बजारीकरणको सञ्जाल निर्माणमा सहयोग गर्नु पर्ने :

(१) मेडेपसँग समन्वय गरी जिल्ला उद्यम विकास समितिले लघु उद्यमीहरूको उत्पादनलाई बजारीकरण गर्न उद्यमीहरूलाई सहयोग गर्नुपर्नेछ ।

(२) जिल्ला उद्यम विकास समितिले लघु उद्यमीबाट उत्पादित वस्तु वा सेवाको दिगो बजारीकरणका लागि लघु उद्यमी, लघु उद्यमी समूह, जिल्ला लघु उद्यमी समूह सङ्घ, सहकारी र खरिद गर्ने संस्था/समुदाय वा व्यक्तिसँग देहायबमोजिमका कार्यहरू गरी सम्पर्क र सम्बन्ध स्थापित गराउनेछ :

(क) औद्योगिक तथा बजार मेला प्रदर्शनीमा सहयोग,

(ख) प्रचार प्रसारमा सहयोग,

(ग) सम्बन्धित खरिदकर्तासँग सम्पर्क स्थापना तथा समन्वय,

(घ) सरोकारवालासँग अन्तरक्रिया/बैठक आयोजना

(ङ) बजार प्रबर्द्धनमा सहयोग पुग्ने कार्यमा सहजीकरण

भाग १५

गुणस्तर नियन्त्रण र सुधार

४५. गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नु पर्ने :

(१) मेडेपसँग समन्वय गरी जिल्ला उद्यम विकास समितिले लघु उद्यमीहरूलाई उपयुक्त प्रविधि हस्तान्तरण, दक्ष जनशक्ति उपलब्धता, कच्चा पदार्थ प्राप्ति, प्रशोधन, लेबलिङ, टेस्टिङ, प्याकिङमा सहयोग गरी गुणस्तर नियन्त्रण र सुधारमा सहयोग गर्नुपर्नेछ ।

(२) लघु उद्यमीका उत्पादनलाई गुणस्तर यकिन र प्रमाणित गराई ब्राण्ड नाम तथा ट्रेडमार्क लिनु पर्ने वा उद्यम दर्ता गर्नु पर्ने भए सो कार्यमा समेत गाउँ उद्यम विकास समितिको सिफारिसमा मेडेपसँग समन्वय गरी जिल्ला उद्यम विकास समितिले आवश्यक सहयोग गर्नुपर्नेछ ।

१.७ ग्रामीण स्वावलम्बन कोष सञ्चालन निर्देशिका, २०६९

७. सञ्चालन हुन सक्ने उद्यम तथा सेवा व्यवसायहरू : कोषबाट प्रवाह हुने कर्जाबाट स्थानीय स्रोत, साधन र सिपको अधिकतम उपयोग गरी लक्षित वर्गको आम्दानी एवम् रोजगारी वृद्धिमा सघाउ पुऱ्याउने देहायबमोजिमका व्यवसाय वा कार्यहरू सञ्चालन गर्न सकिनेछ :

(क) कृषि तथा बागवानी,

(ख) पशुपन्छी पालन,

(ग) स-साना ग्रामीण तथा घरेलु लघु उद्यम (माइक्रो इन्टरप्राइजेज),

(घ) स्वरोजगारमूलक एवम् आयमूलक व्यवसायहरू (जस्तै : रिक्सा, टागा, कपाल काट्ने व्यवसाय आदि) ।

(ङ) स-साना खुद्रा पसल, औषधी पसल, भेटेरेनरी औषधी पसल, मलखाद्य बिउ-बीजन बेचविखन पसल,

(च) नवीकरणीय ऊर्जा,

(छ) लघु सिँचाइ,

(ज) मत्स्यपालन, र

(झ) अन्य ।

९. **कोषबाट उपलब्ध हुने कर्जाको प्राथमिकता :** कोषबाट कर्जा उपलब्ध गराउँदा ग्रामीण क्षेत्रमा कार्यरत संस्थाहरूलाई देहायका आधारमा प्राथमिकता दिइनेछ :

(क) राष्ट्रिय योजना आयोगको गरिबी नक्साङ्कन (पोभर्टी म्यापिङ) भित्र परेको क्षेत्र वा नेपाल सरकारले तोकेको गरिबीको परिधिभित्र पर्ने क्षेत्र वा जिल्ला ।

(ख) कुनै पनि बैङ्क तथा वित्तीय संस्थाको कर्जामा पहुँच नभएका लक्षित वर्गलाई सेवा पुऱ्याएका संस्था ।

(ग) ग्रामीण क्षेत्रमा नै कार्यालय खोली कार्यरत रहेको सहकारी तथा गैर-सरकारी संस्था । तर, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूलाई कर्जा लगानी गर्दा ग्रामीण क्षेत्रमा नै कार्यालय खोली कार्यरत रहनु पर्ने अनिवार्यता रहने छैन ।

स्पष्टीकरण: "ग्रामीण क्षेत्र" भन्नाले यस प्रयोजनका लागि काठमाडौं उपत्यका, महानगरपालिका र उप-महानगरपालिकाबाहेकका क्षेत्रलाई जनाउनेछ ।

१०. **सहकारी तथा गैर-सरकारी संस्थाका लागि कर्जा लगानी तथा असुली नीति :** कोषबाट कर्जा प्रदान गर्दा देहायबमोजिमको प्रक्रिया अपनाइनेछ :

(ञ) दोस्रो पटकको कर्जा सदुपयोग गरी राम्रो ख्याति कमाएका ऋणी सदस्यले सामूहिक रूपमा कुनै लघु उद्यम सञ्चालन गर्न चाहेमा त्यस्तो सामूहिक परियोजनाका लागि प्रति परियोजना बढीमा एकलाख पचासहजार रूपैयाँसम्म प्रदान गर्न सकिनेछ ।

(ट) कोषबाट स्वीकृत गरिएको उपरोक्त कर्जा परियोजनामा देहायबमोजिम लगानी गर्नु पर्नेछ :

(१) कोषबाट प्राप्त कर्जाबाट बढीमा असी प्रतिशतसम्म ।

(२) संस्थाको आफनो स्रोतबाट न्युनतम बीस प्रतिशत ।

(ठ) कोषबाट स्वीकृत भएको कर्जा वितरण व्यवस्था देहायबमोजिम हुनेछ :

(१) कोषबाट स्वीकृत भएको कर्जा बिस लाख रूपैयाँसम्म एक किस्तामा र सोभन्दा बढी रकमको हकमा सामान्यतया समान रूपमा दुई किस्तामा उपलब्ध गराइनेछ ।

११. **सहकारी तथा गैर-सरकारी संस्थाको दायित्व :**

(क) कोषबाट प्राप्त हुने कर्जा लक्षित वर्गको आयस्तर सुधार गर्न सहायक हुने स्वरोजगारमूलक उद्यम तथा सेवा व्यवसायहरू सञ्चालन गर्न प्रयोग गर्नु पर्नेछ ।

(ख) संस्थाले लक्षित वर्गलाई नियमित रूपमा बचत गर्न प्रोत्साहित गर्नु पर्नेछ र सङ्कलित बचत रकम बचतकर्ताहरूको हितका लागि सञ्चालन हुने आय तथा स्वरोजगारमूलक व्यवसायहरूमा प्रयोग गर्नु पर्नेछ ।

(ग) आर्थिक कारोबार गर्दा सम्भव भएसम्म नजिकको वाणिज्य बैङ्क वा वित्तीय संस्थामार्फत् गर्नु पर्नेछ ।

(घ) संस्थाबाट लगानी भएको कर्जाको सदुपयोग भए/नभएको नियमित रूपमा अनुगमन गर्नु पर्नेछ ।

(ङ) लक्षित वर्गलाई आवश्यक पर्ने सिपमूलक तथा व्यवस्थापनसम्बन्धी तालिमहरू उपलब्ध गराउनु पर्नेछ ।

(च) संस्थाको कारोबारको लेखापरीक्षण नियमित तवरले स्वीकृति प्राप्त लेखापरीक्षकबाट अनिवार्य रूपमा गराउनु पर्नेछ ।

(छ) कोषले मागेका विवरणहरू नियमितरूपमा पेश गर्नु पर्नेछ ।

(ज) कोषबाट कर्जा स्वीकृत भएका सदस्यहरूलाई तोकिएबमोजिम कर्जा लगानी गर्नु पर्नेछ । विशेष परिस्थिति परी सदस्य परिवर्तन गरी लगानी गर्नु परेमा अनिवार्यरूपमा कोषको पूर्व स्वीकृति लिनु पर्नेछ ।

१२. **निरीक्षण तथा अनुगमन :** सहकारी तथा गैर-सरकारी संस्थाबाट पेश हुन आएको कर्जा प्रस्ताव उपर कोषको तर्फबाट स्थलगत पूर्व लगानी सम्भाव्यता अध्ययन गरिनेछ । कोषबाट संस्थालाई कर्जा उपलब्ध गराइसकेपछि समय-समयमा कर्जा सदुपयोगिताको निरीक्षण तथा अनुगमन गर्न सकिनेछ । निरीक्षण तथा अनुगमनको क्रममा माग गरिएअनुरूपका विवरण तथा जानकारीहरू उपलब्ध गराउनु सम्बन्धित संस्थाको कर्तव्य हुनेछ ।

१.८ महिला उद्यमशीलता विकास कोष (सञ्चालन) कार्यविधि, २०६९

प्रस्तावना : नेपाल सरकारले जारी गरेको औद्योगिक नीति, २०६७ ले महिला उद्यमीहरूलाई विशेष सहुलियत र सुविधा प्रदान गर्ने नीति लिएअनुसार महिला उद्यमशीलतालाई प्रवर्द्धन, विकास र विस्तार गराई राष्ट्रिय विकास अभियानमा महिलालाई संलग्न गराउन महिला उद्यमीद्वारा उद्योग स्थापना, सञ्चालन, उद्यम व्यवसायमा थप प्रविधि विस्तार, बजार विस्तार तथा क्षमता अभिवृद्धि जस्ता कार्यमा कर्जा प्रवाहमार्फत् सघाउ पुऱ्याउने उद्देश्यले प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०१३ को दफा २ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो कार्यविधि जारी गरेको छ ।

३. कोषको स्थापना

(१) महिला उद्यमशीलता विकास कोषको नामले एउटा कोषको स्थापना गरिएको छ ।

(२) कोषमा देहायबमोजिमको रकम रहनेछ :

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) कोषको कर्जा प्रवाह तथा असुलीबाट प्राप्त हुने साँवा ब्याजको रकम,

(ग) कुनै स्वदेशी व्यक्ति, सरकारी वा गैरसरकारी संस्थाबाट प्राप्त हुने रकम,

(घ) कुनै विदेशी सरकार वा संस्था, अन्तर्राष्ट्रिय संस्था वा निकाय वा व्यक्तिबाट अनुदान, चन्दा, सहयोग स्वरूप प्राप्त रकम, तर, विदेशी सरकार वा संस्था,

अन्तर्राष्ट्रिय संस्था वा निकाय वा विदेशी व्यक्तिसँग आर्थिक स्रोत लिनुअघि कोषले नेपाल सरकार अर्थ मन्त्रालयको स्वीकृति लिनु पर्नेछ ।

४. कोषको उद्देश्य :

(१) लघु, घरेलु तथा साना उद्योगका लागि महिला उद्यमीलाई सरल सहज ढङ्गले बिना धितो कर्जा उपलब्ध गराउने ।

(२) महिलालाई कर्जा प्रवाह गरी उद्यमशीलताको माध्यमबाट महिलाहरूको आर्थिक तथा सामाजिक स्तर उकास्नका लागि सहयोग पुऱ्याउने ।

(३) महिला उद्यमशीलताको विकास, विस्तार एवम् प्रवर्द्धन गर्न सहयोग गर्ने ।

(४) लघु, घरेलु तथा साना उद्योगको माध्यमद्वारा महिलालाई उद्योग व्यवसाय सञ्चालन प्रक्रियामा संलग्न गराउने ।

५. कोषको रकम वृद्धि गर्न सक्ने : नेपाल सरकारले वार्षिक बजेटमार्फत् वा समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशित गरी कोषको रकममा आवश्यकताअनुसार वृद्धि गर्न सक्नेछ ।

६. कोषको प्रयोग :

(१) महिलालाई उद्यमी बन्न प्रोत्साहन गर्न, महिलाको नाममा उद्योगको स्थापना, सञ्चालन, थप प्रवर्द्धन, प्रविधि विकाससम्बन्धी कार्यमा सरल र सुलभ तरिकाबाट बिनाधितो कर्जा प्रवाह गर्न कोषको प्रयोग गरिनेछ ।

(२) कोषको रकम नेपाल राष्ट्र बैङ्कबाट स्वीकृति प्राप्त बैङ्कमा खाता खोली जम्मा गरिनेछ ।

(३) कोषमा नेपाल सरकारले उपलब्ध गराएको रकमको हकमा फ्रिजसम्बन्धी प्रचलित कानुनी व्यवस्था लागू हुनेछ ।

(४) कोषको रकम बैङ्कमार्फत् महिला उद्यमीलाई लगानी गरिनेछ ।

(५) कोषको रकम बैङ्कमार्फत् लगानी तथा असुली गरे बापत लगानी गरेको रकमको तिन प्रतिशत रकम सम्बन्धित बैङ्कलाई सञ्चालन एवम् प्रशासनिक खर्चको रूपमा दिइनेछ ।

(६) लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन र व्यवस्थापन गर्ने कार्यका लागि कोषमा जम्मा भएको रकमको पाँच प्रतिशत केन्द्रीय समितिले आफैं वा जिल्ला समितिमार्फत् खर्च गर्न सक्नेछ । तर यस्तो रकम एक आर्थिक वर्षमा रु. पाँच लाखभन्दा बढी हुने छैन ।

(७) कोषको खाता सञ्चालन केन्द्रीय समितिका संयोजक र घरेलु तथा साना उद्योग विभागको आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतमा हुने ।

७. केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समिति :

(१) कोष सञ्चालनका लागि केन्द्रीय स्तरमा देहायबमोजिमको एक केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समिति रहनेछ :

(क) महानिर्देशक, घरेलु तथा साना उद्योग विभाग - संयोजक

(ख) कार्यकारी निर्देशक, घरेलु तथा साना उद्योग विकास समिति - सदस्य

(ग) उपसचिव, उद्योग मन्त्रालय, नीति विश्लेषण शाखा - सदस्य

(घ) प्रतिनिधि, महिला विकास विभाग - सदस्य

(ङ) प्रतिनिधि, महालेखा नियन्त्रकको कार्यालय - सदस्य

(च) प्रतिनिधि, नेपाल राष्ट्र बैङ्क - सदस्य

(छ) प्रतिनिधि, नेपाल उद्योग वाणिज्य महासङ्घ - सदस्य

(ज) प्रतिनिधि, नेपाल घरेलु तथा साना उद्योग महासङ्घ - सदस्य

(झ) प्रतिनिधि, महिला उद्यमी महासङ्घ नेपाल - सदस्य

(ञ) प्रतिनिधि, राष्ट्रिय लघु उद्यमी महासङ्घ नेपाल - सदस्य

(ट) उपसचिव, घरेलु तथा साना उद्योग विभाग - सदस्यसचिव

(२) केन्द्रीय समितिले आवश्यकताअनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

(३) केन्द्रीय समितिको बैङ्क आवश्यकताअनुसार बस्नेछ ।

(४) केन्द्रीय समितिले आफ्नो कार्यविधि आफै व्यवस्थित गर्नेछ ।

८. केन्द्रीय कोष सञ्चालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार :

(१) कोषको अधिकतम र प्रभावकारी उपयोग गर्नका लागि केन्द्रीय स्तरका सम्बद्ध निकायहरू बिच आवश्यक समन्वय, सञ्चालन र व्यवस्थापन गर्ने,

(२) महिलालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न आवश्यकताअनुसार प्रचारप्रसार गर्ने,

(३) कर्जा मागका लागि जिल्लाबाट प्राप्त निवेदनहरूको छानबिन गरी उपयुक्त देखिएका संस्थालाई कर्जा उपलब्ध गराउन स्वीकृति दिने,

(४) कर्जाप्रवाह तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने वा गर्न लगाउने, र प्राप्त प्रतिवेदनका आधारमा आश्यकताअनुसार सुझाव तथा निर्देशन दिने,

(५) कर्जाप्रवाह तथा असुली सन्तोषजनक नदेखिएको जिल्लामा कर्जा प्रवाह गर्न पुनरावलोकन गर्ने, रोक्का गर्ने, बन्द गर्ने वा अन्य आवश्यक कारबाही गर्ने,

(६) कर्जा प्रवाहका लागि अनुसूची–१ को आधारमा जिल्ला छनौट गर्ने,

(७) कोषको वार्षिक लेखापरीक्षण गराउने,

(८) कोषबाट भएको कर्जा प्रवाह तथा असुलीलगायतका अन्य काम कारबाहीको सम्बन्धमा वार्षिक प्रतिवेदन तयार गरी मन्त्रालयसमक्ष पेश गर्ने,

(९) कोषबाट कर्जा प्रवाह गर्ने रकमको सीमा बढाउने वा घटाउने,

(१०) कोष सञ्चालन तथा व्यवस्थापनका लागि आवश्यकताअनुसार उपसमिति गठन गर्ने,

(११) कोष व्यवस्थापन जिल्ला समितिलाई आवश्यकताअनुसार सुझाव तथा निर्देशन दिने,

(१२) कर्जा लगानी तथा असुली गर्नका लागि बैङ्कसँग सम्झौता गर्ने,

(१३) कर्जाप्रवाह गर्ने अनुमति पाएको बैङ्कले सम्झौताबमोजिम काम गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने र आवश्यकताअनुसार बैङ्कलाई सुझाव दिने ।

९. कोष व्यवस्थापन जिल्ला समिति :

(१) जिल्लामा रहेका उद्यमशील महिलालाई सहज, सरल र प्रभावकारी रूपमा कर्जा प्रवाह गरी कोषको समुचित प्रयोग गर्न सघाउ पुऱ्याउनका लागि जिल्लास्तरमा देहायबमोजिमको कोष व्यवस्थापन जिल्ला समिति रहनेछ :

(क) कार्यालयको प्रमुख - संयोजक

(ख) महिला विकास अधिकृत, महिला तथा बालबालिका कार्यालय - सदस्य

(ग) प्रतिनिधि, कोष तथा लेखा नियन्त्रक कार्यालय - सदस्य

(घ) प्रमुख, जिल्ला स्थित कर्जा प्रवाह गर्ने अनुमति पाएको बैङ्क - सदस्य

(ङ) प्रतिनिधि, जिल्ला स्थित उद्योग वाणिज्य सङ्घ - सदस्य

(च) प्रतिनिधि, जिल्ला स्थित नेपाल घरेलु तथा साना उद्योग महासङ्घ वा सङ्घ - सदस्य

(छ) प्रतिनिधि, जिल्ला स्थित लघु उद्यमी सङ्घ नेपाल - सदस्य

(ज) प्रतिनिधि, जिल्लास्थित महिला उद्यमी सङ्घ नेपाल - सदस्य

(झ) कार्यालय प्रमुखले तोकेको कार्यालयको कर्मचारी - सदस्यसचिव

(२) जिल्ला समितिले आवश्यकताअनुसार विशेषज्ञलाई बैठकमा आमन्त्रित गर्न सक्नेछ ।

(३) जिल्ला समितिको बैठक महिनाको एक पटक बस्नेछ ।

(४) जिल्ला समितिले केन्द्रीय समितिको निर्देशनको अधीनमा रही आफ्नो कार्यविधि आफैँ व्यवस्थित गर्नेछ ।

१०. कोष व्यवस्थापन जिल्ला समितिको काम, कर्तव्य र अधिकार :

(१) कोषको उपयोग गरी महिलालाई उद्यम स्थापना, विकास, विस्तार तथा प्रवर्द्धन गर्नेतर्फ आकर्षित गर्न प्रचारप्रसार गर्ने ।

(२) कोषबाट कर्जा लिन चाहने उद्यमीको छाता संस्थाको सिफारिससहित निवेदन लिने,

(३) कर्जा मागका लागि प्राप्त भएका आवेदन प्रस्ताव अनुसूची–२ का आधारमा मूल्याङ्कन गरी सिफारिस सहित आवश्यक कारबाहीका लागि केन्द्रीय समितिमा पठाउने, यसरी सिफारिस गर्दा कर्जाका लागि माग भएका निवेदनहरूमध्ये द्वन्द्व पीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक, महिलाद्वारा सञ्चालन गरिने उद्यमलाई प्राथमिकता दिनु पर्नेछ ।

(४) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुली सन्तोषजनक नदेखिएमा केन्द्रीय समितिमा जानकारी गराउने,

(५) कोषबाट प्रवाह गरेको कर्जा लगानी तथा असुलीको निरीक्षण, अनुगमन तथा मूल्याङ्कन गर्ने,

(६) जिल्लाका लागि आवश्यक पर्ने कर्जा सीमा तथा अन्य विषयमा केन्द्रीय समितिलाई सुझाव दिने,

(७) कर्जा प्रवाह भएका संस्थाको निरीक्षण गरी आवश्यकताअनुसार महिला उद्यमीलाई परामर्श दिने,

(८) जिल्लामा भएको कर्जा लगानी तथा असुलीको प्रगति विवरण चौमासिक रूपमा केन्द्रीय समितिमा पठाउने,

(९) केन्द्रीय समितिबाट कर्जा स्वीकृत भएको जानकारी सम्बन्धित व्यक्तिलाई तिन दिनभित्र दिने ।

११. कर्जा प्रवाह, व्याज र असूलीसम्बन्धी व्यवस्था :

(१) कोषबाट कर्जा लिन चाहने महिलाले आफू सम्बद्ध जिल्ला स्थित छाता संस्थाको सिफारिस सहित अनुसूची–३ बमोजिमको ढाँचामा देहायबमोजिमका कागजातहरू संलग्न राखी सम्बन्धित कार्यालयमा निवेदन दिनु पर्नेछ :

(क) आफुले गर्न चाहेको उद्योग व्यवसाय वा उद्यमको विवरण,

(ख) कर्जा लगानी गर्ने प्रस्तावित उद्योग व्यवसाय वा उद्यमको योजना (स्किम),

(ग) कर्जा लगानी गर्न माग गरेको रकम,

(घ) नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(ङ) जुन उद्योग व्यवसाय वा उद्यममा कर्जा लगानी गर्न चाहेको हो सो संस्था प्रचलित कानुनबमोजिम दर्ता, नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,

(च) कर्जा माग गर्ने संस्था जुन छाता संस्थाको सदस्य हो सो जिल्ला स्थित छाता संस्थाको सिफारिस,

(२) उपदफा (१) बमोजिम निवेदन प्राप्त भएपछि सम्बन्धित कार्यालयले प्राप्त निवेदन रीतपूर्वक भए नभएको हेरी रीत नपुगेको भएमा रीत पुऱ्याई ल्याउन सम्बन्धित निवेदनकर्तालाई जानकारी गराउनु पर्नेछ ।

(३) कार्यालयमा प्राप्त निवेदन रीत पुगेको देखिएमा जिल्ला समितिले आवश्यक छानबिन गरी उपयुक्त देखिएका निवेदनहरू केन्द्रीय समितिमा सिफारिससहित पठाउनु पर्नेछ ।

(४) कर्जा मागको सम्बन्धमा जिल्ला समितिले निर्णय गरेको मितिले तिन दिनभित्र आवश्यक कागजातसहित केन्द्रीय समितिमा सिफारिस पठाउनु पर्नेछ ।

(५) केन्द्रीय समितिलाई प्राप्त भएका निवेदनहरूमध्ये स्वीकृत भएका निवेदन केन्द्रीय समितिले स्वीकृत गरेको सात दिनभित्र सम्बन्धित जिल्ला समिति र सम्बन्धित जिल्लाको कर्जा लगानी गर्ने बैङ्कमा पठाउनु पर्नेछ ।

(६) सम्बन्धित संस्थाले कर्जा स्वीकृत गरेको जानकारी जिल्ला समितिबाट प्राप्त गरेको एक महिनाभित्रमा कार्यालयको पत्रसाथ सम्बन्धित बैङ्कमा स्वीकृत कर्जाको रकम भुक्तानीका लागि माग गर्नुपर्ने छ । यसरी माग गरेको तिन दिनभित्र सम्बन्धित बैङ्कले सम्बन्धित संस्थाको आधिकारिक व्यक्तिलाई कर्जा लगानीको रकम भुक्तानी दिनुपर्ने छ ।

(७) कोषबाट लगानी हुने कर्जाको ब्याज दस प्रतिशत हुनेछ ।

(८) कोषबाट कर्जा लगानी भएको रकमको साँवा, ब्याज भुक्तान गर्ने अवधि दुई वर्षको हुनेछ ।

(९) कोषबाट लिएको कर्जाको भुक्तानी तरिका र तालिका सम्बन्धित बैङ्कले तोकेबमोजिम हुनेछ ।

(१०) कोषबाट कर्जा लगानी गर्दा सम्बन्धित उद्योगले सिर्जना गर्न सक्ने रोजगारीको सङ्ख्यालाई आधार मानिनेछ ।

अनुसूची २

दफा १० सँग सम्बन्धित

उद्यम छनौटको आधार

विषय	प्राप्ताङ्क
१. स्थानीय स्रोत साधनको उपयोग	२० अङ्क
२. तालिम प्राप्त उद्यमी	१० अङ्क
३. कृषिमा आधारित राष्ट्रिय प्राथमिकता प्राप्त उद्योग	२० अङ्क
४. द्वन्द्वपीडित, अपाङ्ग, एकल महिला, सीमान्तकृत, अल्पसङ्ख्यक	२० अङ्क
५. दिगोपना	१० अङ्क
६. रोजगारी सिर्जना	१० अङ्क
७. प्रदुषण नियन्त्रण	१० अङ्क
जम्मा	१०० अङ्क

अनुसूची ३

दफा ११ सँग सम्बन्धित

कर्जा मागको निवेदनको ढाँचा

(यो फाराम भर्न कार्यालयका कर्मचारीले सहयोग गर्नेछन् ।)

श्री कार्यालय प्रमुखज्यू

घरेलु तथा साना उद्योग कार्यालय/समिति,

.....जिल्ला

महोदय,

निम्नलिखित विवरणबमोजिमको उद्योग स्थापना/सञ्चालन/विस्तार गर्न कर्जाका लागि यो निवेदन गरेको छु/छौं । पेश गरिएको विवरण ठीक छ । झुठा ठहरेमा प्रचलित कानुनबमोजिम सहुँला बुझाउँला ।

१. उद्योगको नाम :

२. उद्देश्य :

३. उद्योग रहेको स्थान :

(क) अञ्चल :

(ख) जिल्ला :

(ग) नगर/गाउँ :

(घ) वडा नं./कि नं. :

४. उद्योगको स्तर : (√ चिन्ह लगाउने)

(क) लघु ( ) (ख) घरेलु ( ) (ग) साना ( )

५. उद्योगको कानुनी रूप (फर्म) : (√ चिन्ह लगाउने)

(क) निजी ( ) (ख) साझेदारी ( ) (ग) प्रा. लि. ( )

६. उद्योगको वर्ग : (√ चिन्ह लगाउने)

(क) उत्पादनमूलक ( ) (ख) उर्जामूलक ( ) (ग) कृषि तथा वनजन्य ( ) (घ) खनिज ( )

(ङ) पर्यटन ( ) (च) सेवा ( ) (छ) निर्माण ( ) (ज) अन्य ( )

७. ऋण माग गर्ने निवेदकको

पूरा नामथर:

ठेगाना :

दस्तखत:

८ पुँजी लगानी :

(क) स्थिरपुँजी	मूल्य	कैफियत
जमिन :.....	.....	.....
भवन :.....	.....	.....
मेसिन औजार :	.....	.....
फर्निचर फिक्स्चर :	.....	.....
अन्य :	.....	.....
जम्मा :		
(ख) चालु पुँजी :	.....	.....
(ग) कुल पुँजी :	.....	.....

९. उद्योग दर्ता नं..... मिति.....

नवीकरणको अवधि ..... नवीकरण भएको मिति.....

१०. माग गरिएको कर्जा रकम

(क) स्थिर पुँजी :..... ....

(ख) चालु पुँजी : ....

(ग) कुल पुँजी : ....

कर्जाको उपयोग गरिने क्षेत्रहरू

११.१ पुँजी तथा क्षमता वृद्धि भए (पुँजी वृद्धिका लागि)

स्थिर पुँजी	कच्चा पदार्थ	मेसिन औजार	अन्य	जम्मा
साविक	.....	.....	.....	.....
प्रस्तावित	.....	.....	.....	.....

कुल पूँजी रु. ..... १) स्थिर पुँजी रु..... २) चालु पुँजी रु.....

११.२. उद्योगबाट हुने उत्पादन/सेवाको विवरण

वस्तु उत्पादन/सेवा	**इकाइ**	**वार्षिक क्षमता**	**मूल्य**
१.	.....	.....	.....
२.	.....	.....	.....
३.	.....	.....	.....
४.	.....	.....	.....

११.३ उद्योगबाट हुने उत्पादन/सेवाको विवरण (वार्षिक) (क्षमता वृद्धिका लागि)

सांविक			प्रस्तावित कायम गर्ने		
वस्तु/सेवा	**इकाइ**	**वार्षिक क्षमता**	**वस्तु/सेवा**	**इकाइ**	**वार्षिक क्षमता**
१.			१.		
२.			२.		
३.			३.		
४.			४.		

११.४ पुँजी वृद्धि/क्षमता वृद्धिको कारण

१.

२.

३.

४.

१२.

कच्चा पदार्थको विवरण	वार्षिक परिमाण	मूल्य
१.		
२.		
३.		
४.		

१३. मेसिन उपकरण

क्र.सं.	विवरण	सङ्ख्या	प्रति एकाइ मूल्य	जम्मा मूल्य	विद्युत शक्ति (कि.वा.)	स्रोत
१.						
२.						
३.						
४.						
५.						
जम्मा						

१४. जनशक्ति : प्राविधिक : अप्राविधिक : अन्य : जम्मा सङ्ख्या :

१५. सिफारिस गर्ने संस्था (सङ्घ वा महासङ्घ)

निवेदकको पत्राचारको ठेगाना :

जिल्ला : न. पा./गा. वि. स. :

वडा नं. : ब्लक नं. :

फोन नं. : फ्याक्स नं. : इमेल :

१५. सम्पर्क व्यक्तिको नाम ठेगाना र फोन नं. :

१६. लोकेसन म्याप

१७ सर्तहरू पालना बारे

१. उद्योग सञ्चालन गर्दा वातावरण प्रदुषण हुन दिने छैन ।

२. कार्यालयले माग गरेको विवरण र तथ्याङ्कहरू मागेको बखत उपलब्ध गराउने छु ।

३. उद्योग सञ्चालन किटान गरिएकै स्थानमा उद्योग सञ्चालन गर्नेछु ।

४. उद्योग दर्ता सञ्चालन किटान गरिएको उद्देश्य विपरीत काम गर्ने छैन ।

५. अन्य निकायबाट समेत अनुमति लिनुपर्ने भए अनुमति लिई कार्य सञ्चालन गर्नेछु ।

६. उद्योग सञ्चालन गर्दा बाल मजदुर प्रयोग गर्ने छैन ।

७. घर तथा जग्गा खरिदका लागि कर्जा प्रवाह गरिने छैन ।

मिति :

निवेदकको सही :

औंठाको छाप :

दायाँ बायाँ

नोट: १) कुनै महलमा विवरण नअटाएमा छुट्टै कागजमा लेखि संलग्न गर्नु होला ।

२) यो निवेदनसाथ निम्न कागजातहरू संलग्न गर्नु पर्नेछ ।

क) सम्बन्धित व्यक्तिको नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

ख) साझेदारी फर्मको हकमा साझेदारी कबुलियतनामा

ग) प्रा. लि. वा पब्लिक लि. को हकमा प्रबन्धपत्र, नियमावली, कम्पनी दर्ताको प्रमाणपत्र, कम्पनी दर्तापत्रको प्रमाणित प्रतिलिपि ।

ङ) उद्योग आफै घर/जग्गामा स्थापना हुने भए जग्गाधनी पूर्जा, भाडामा भए रीतपूर्वकको भाँडा सम्झौतापत्र

च) उद्योगको उद्देश्य र प्रकृति हेरी अन्य आवश्यक कुराहरू

१.९ राष्ट्रिय सहकारी नीति, २०६९

९.३.८ गरिब घरपरिवार पहिचान सहित त्यस्ता व्यक्तिहरूलाई सहकारीमा सङ्गठित गरी वचत परिचालन, विना धितो कर्जा, जोखिम व्यवस्थापन, सिपमूलक तालिम, कृषि उत्पादन तथा लघु उद्यम स्थापनामा सहयोग उपलब्ध गराइने छ ।

१०.३.८ गरिब घरपरिवार पहिचान पत्रका आधारमा गरिबहरू मात्र सदस्य भई सञ्चालनमा ल्याइएका वा अन्य सहकारीमा आबद्ध परिचय प्राप्त गरिब सदस्यहरूलाई प्रदान गरिने बिनाधितो कर्जाको सुरक्षण, वचतको सुरक्षण, बाली तथा पशुधन बिमा, कृषि तथा लघु व्यवसायका लागि पुँजीगत अनुदान, सिपमूलक तालिम जस्ता आय अभिवृद्धि तथा जोखिम व्यवस्थापनका कार्यमा निर्दिष्ट कार्यविधिबमोजिम सहयोग गर्ने आवश्यक व्यवस्था मिलाइने छ ।

१०.५.१९ सहकारीमार्फत् सञ्चालन गरिने लघु वित्त कार्यक्रमलाई सदस्यहरूको आर्थिक शोषण नहुने गरी परिचालन गर्न र सहकारीमार्फत् गरिने थोक कर्जा प्रवाहमा एकरूपता कायम गर्न स्पष्ट कार्यविधिहरूको तर्जुमा गरी कार्यान्वयनमा ल्याइने छ ।

१.१० श्रम तथा रोजगार नीति, २०६२

३.१.५. रोजगारमूलक पूर्वाधार र स्थानीय विकासका कार्यक्रमहरू– जस्तै : ग्रामीण सडक, लघु सिञ्चाई, स्वास्थ्य, शिक्षा आदि कार्यक्रमहरू सञ्चालन गरी थप रोजगारी सृजना गर्ने ।

३.१.९. उद्यमशीलता तथा लघु उद्यमहरूको विकास गरी स्वरोजगारका लागि अवसरहरूको सृजना गर्नेतर्फ जोड दिने ।

३.१.१०. स्व-रोजगारका लागि उद्यमशील युवाहरूलाई लघु कर्जा कार्यक्रमसँग आबद्ध गर्ने ।

१.११ राष्ट्रिय लघु वित्त नीति, २०६४

१. पृष्ठभूमि :

केन्द्रीय तथ्याङ्क विभागद्वारा गरिएको सन् २००३/०४ को जीवनस्तर निर्धारण सर्वेक्षणअनुसार नेपालमा निरपेक्ष गरिबीको अनुपात ३०.८ प्रतिशत रहेको देखिएबाट नेपालको आर्थिक विकासमा गरिबी मुख्य समस्याको रूपमा रहेको पाइन्छ । यस समस्याको समाधनार्थ निरपेक्ष गरिबीको उल्लिखित अनुपातलाई क्रमशः कम गर्दै लैजान तत्काल एउटा दीर्घकालीन नीतिको खाँचो टड्कारो रूपमा महसुस गरिएको छ । यस्तो नीतिअन्तर्गत आवश्यक स्रोतको व्यवस्था एवम् स-साना वचतको परिचालनसमेत गरी मुख्यतया ग्रामीण तथा विपन्न क्षेत्रमा आय, रोजगार र व्यवसायमूलक कार्यक्रमको सञ्चालनका लागि सो क्षेत्रमा एकातिर कर्जाको पहुँच पुऱ्याउने कार्य गर्न आवश्यक देखिएको छ भने अर्कातिर विपन्न वर्गमा आत्मविश्वासको

वातावरण सृजना गरी समग्रमा मुलुकको आर्थिक विकास हुने कार्यनीति अवलम्बन गर्न वाञ्छनीय हुन आएको छ ।

५. नयाँ नीतिको आवश्यकता :

देशको आर्थिक अवस्था, भौगोलिक एवम् सामाजिक बनावट तथा स्रोत परिचालन गर्न सक्ने क्षमता आदि समेतलाई दृष्टिगत गर्दा लघु वित्त कार्यक्रम मुलुकको निमित्त निकै उपयोगी हुने देखिन्छ । देशको आर्थिक विकासको प्रमुख एजेण्डाको रूपमा रहेको गरिबी निवारणको उद्देश्य परिपूर्तिमा लघु वित्त एक महत्त्वपूर्ण र प्रभावकारी साधन भएकाले यसलाई गरिबी निवारणको एक सहयोगी उपकरणको रूपमा विकास गर्दै लैजाने वातावरण निर्माण गरी सोहीअनुरूप लघु वित्त नीति तर्जुमा हुनु समसामयिक देखिएको छ ।

विकट भौगोलिक क्षेत्र, सामाजिक एवम् आर्थिकरूपमा पिछडिएका तथा विपन्न परिवारलाई लघु वित्त सेवाको माध्यमबाट आवश्यक पुँजी, साधन तथा स्रोत उपलब्ध गराई उनीहरूको क्षमताको उपयोग गर्नुका साथै केही गरुँ भन्ने जागरुक उद्यमी एवम् सिप भएका व्यक्तिहरूलाई आय आर्जनका अवसर प्रदान गर्नु समयको टड्कारो माग भएको छ । स्थानीय स्तरमा गठन भएका स्वस्फुर्त सामुदायिक संस्थाहरूमा रहेको बचत रकमलाई बीज पूँजीका रूपमा उपयोग गर्दै बाह्य स्रोतलाई उचित ढङ्गबाट परिचालन गरी पुँजी निर्माण गर्ने कार्य संस्थागतरूपमा गर्न नसकिएको विद्यमान अवस्थामा लघु वित्त कार्यक्रमलाई राष्ट्रिय विविधता तथा भौगोलिक एवम् सामाजिक अवस्थाअनुसार लचिलोरूपले लागू गर्न अत्यावश्यक भइसकेको छ । तसर्थ, विपन्न परिवारको उद्यमशील क्षमतालाई समुचितरूपमा प्रस्फुटित गर्न, उपयुक्त अवसरको सृजना गरी राष्ट्रिय विकासको मूल प्रवाहमा ती परिवारलाई समेट्न तथा सेवाग्राही एवम् सेवा-प्रदायक दुवैलाई सहज, समन्वित र व्यवस्थित गराई लघु वित्त सेवालाई एउटै छाता मुनि समेटन आवश्यक संरचनागत एवम् कानुनी व्यवस्थाको पूर्वाधारस्वरूप प्रस्तुत नीति तर्जुमा भएको छ ।

६. परिभाषा तथा कार्यक्षेत्र :

लघु वित्त भन्नाले लघु वचत, लघु कर्जा, लघु कर्जा बिमा/लघु कर्जा सुरक्षण तथा विप्रेषण जस्ता माध्यमबाट विपन्न वर्गका समुदायलाई स्व-रोजगारका अवसरहरू दिलाई तिनीहरूको उद्यमशीलताको विकास गरी आय आर्जन क्रियाकलापमा संलग्न गराउन सहयोग पुऱ्याउने वित्तीय सेवालाई जनाउँदछ ।

लघु वित्तसम्बन्धी राष्ट्रिय नीतिले माथिका क्रियाकलापका अतिरिक्त सामाजिक तथा सामुदायिक सेवासमेतलाई समेट्नेछ । यस नीतिको कार्यान्वयन पछि नेपालको भौगोलिक एवम् सामाजिक विविधतालाई सम्बोधन गर्दै समयानुकूल एवम् लचिलो कार्यनीति र कार्यशैली अवलम्बन गर्न सकिनेछ ।

यस नीतिले सेवाग्राही एवम् सेवाप्रदायक दुबैलाई आपसी समझदारी र समन्वयको आधारमा सहकार्य गर्न कानुनी आधारसमेत प्रदान गर्नेछ ।

७. लक्ष्य :

दिगो, सरल एवम् पहुँचयोग्य लघु वित्त सेवाका माध्यमबाट गरिबी न्युनिकरणमा सघाउ पुऱ्याउनु राष्ट्रिय लघु वित्त नीति-२०६४ को लक्ष्य हुनेछ ।

८. उद्देश्यहरू :

राष्ट्रिय लघु वित्त नीति, २०६४ को लक्ष्य प्राप्तिका लागि देहायका उद्देश्यहरू निर्धारण गरिएको छ :

८.१ विपन्न र कमजोर आर्थिक स्थिति भएका परिवार र महिला वर्गमा लघु वित्त सेवाको पहुँच बृद्धि गरी आयमूलक र स्वरोजगारमूलक कार्यहरू सञ्चालन गर्ने ।

८.२ लघु वित्त संस्थाहरू मार्फत् लघु वित्त सेवालाई भरपर्दो र सर्वसुलभ बनाउने ।

८.३ लघु वित्त सेवा प्रदायक संस्थाहरूलाई दिगो र स्वसक्षमरूपमा स्थापित हुन आवश्यक पर्ने क्षमता विकासमा सहयोग गर्ने ।

८.४ लघु वित्तसम्बन्धी आवश्यक कानुनको तर्जुमा गर्ने ।

८.५ लघु वित्त सेवाको पहुँच वृद्धि तथा यस्तो सेवालाई अनुशासित बनाउन उपयुक्त संस्थागत संयन्त्रको विकास गर्ने ।

९. राष्ट्रिय लघु वित्त नीति :

सामुदायिक संस्था तथा लघु वित्त कारोवारमा संलग्न संस्थाहरूको लघु वित्त सेवामा सहज पहुँच बढाउन र लघु वित्त सेवा विस्तार गर्न लघु वित्त संस्थाहरू बिच स्वस्थ र प्रतिस्पर्धात्मक वातावरण सृजना गरी निजी क्षेत्रलाई समेत यसतर्फ प्रोत्साहित गर्न देहायका लघु वित्त नीतिहरू कार्यान्वयनमा ल्याइनेछ :

९.१ भौगोलिक एवम् ग्रामीण तथा सहरी क्षेत्रको आर्थिक तथा सामाजिक विविधताअनुसार विपन्न समुदायलाई लक्षित गरी लघु वित्त सेवाको प्रवाहलाई सरल बनाउने ।

९.२ लघु वित्त सेवाका सेवाग्राही विपन्न परिवारको पहिचानका लागि स्पष्ट मापदण्ड तयार गरी धितो वा विना धितोमा (सामूहिक जमानी) लघु वित्त सेवा प्रवाह गर्ने व्यवस्थालाई सुदृढ पार्ने ।

९.३ लघु वित्त संस्थाहरूको सामाजिक परिचालन एवम् सशक्तीकरण, संस्थागत विकास र पुनरसंरचनाका लागि आवश्यक सहयोग उपलब्ध गराउनका साथै यस कार्यमा निजी तथा सार्वजनिक क्षेत्रबाट स्थापित वा स्थापना हुने थोक कर्जा प्रदान गर्ने वित्तीय संस्थाहरूलाई समेत प्रोत्साहित गर्ने ।

९.४ गरिबी निवारणसम्बन्धी विभिन्न कार्यक्रम र परियोजनाहरूलाई यसै नीतिसँग आबद्ध गरी समन्वयात्मकरूपमा सञ्चालन गर्ने ।

९.५ लघु उद्यमशीलताको विकास गर्नका लागि स्थापित निकायहरूसँग समन्वय गरी लक्षित वर्गको उद्यमशीलता विकास गर्न सहयोग पुऱ्याउने ।

९.६ स्थानीयस्तरमा विद्यमान सामुदायिक संस्था, वचत तथा कर्जा समूह, लघु वित्त कारोबारमा संलग्न संस्थाहरूलाई सहज रूपमा मान्यता प्राप्त गर्ने कानुनी व्यवस्था गरी लघु वित्त सेवा प्रदायक संस्थाहरूसँग सम्बन्ध स्थापित गर्ने व्यवस्था गर्ने ।

९.७ विपन्न वर्गमा लघु वित्त पहुँच बढाउनका साथै त्यस्तो वर्गलाई वचत परिचालनमा सरिक गराउन अभिप्रेरणा जगाउने ।

९.८ दिगो एवम् सरल रूपमा लघु वित्त सेवा उपलब्ध गराउन आवश्यक संस्थागत तथा कानुनी व्यवस्था गरी सेवा प्रदायकलाई स्वःअनुशासित वनाई समयानुकूल नियमन, सुपरीवेक्षण, अनुगमन तथा मूल्याङ्कनको व्यवस्था गर्नका लागि नेपाल राष्ट्र बैङ्कको प्रत्यक्ष निगरानीमा एक छुट्टै निकायको गठन गर्ने ।

९.९ दीर्घकालीनरूपमा लघु वित्त सेवाको सहज आपूर्तिका लागि स्रोत साधन उपलब्ध गराउन राष्ट्रिय लघु वित्त विकास कोषको स्थापना गर्ने । साथै लघु वित्त सेवाका लागि विभिन्न स्वदेशी तथा विदेशी निकायबाट प्राप्त हुने स्रोत तथा साधनहरू यस राष्ट्रिय लघु वित्त विकास कोष मार्फत परिचालन गर्ने ।

९.१० विद्यमान सहकारी तथा लघु वित्त संस्थाहरूको सङ्ख्या, सेवा प्रवाह तथा पहुँचबारेको जानकारीका लागि आवश्यक सर्वेक्षण गर्ने ।

९.११ लघु वित्तको क्षेत्रमा कार्यरत व्यक्तिहरूको व्यावसायिक क्षमता अभिवृद्धिका लागि लघु वित्तसम्बन्धी तालिमको व्यवस्था मिलाउने ।

९.१२ लघु वित्त संस्थाहरूले पुऱ्याएको सेवा र तिनीहरूको शेयर पूँजीको आधारमा निक्षेप सङ्कलनमा क्रमशः खुकुलो नीति अपनाउँदै लगिने ।

९.१३ लघु वित्त संस्थाहरूलाई लाग्दै आएको संस्थागत आयकर तथा विपन्न वर्गद्वारा यी संस्थाहरूमा राखिने निक्षेपबाट प्राप्त हुने व्याजमा लाग्ने व्याजकर सम्बन्धमा लचिलो नीति लिइने ।

१.१२ जिल्ला उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन कार्तिक, २०६९

प्राक्कथन

बिभिन्न चरणमा कार्यक्रम लागु भएका जिल्लाहरूबाट लघु उद्यम विकास कार्यक्रम क्रमशः बहिर्गमन हुँदै जाने र जिल्ला विकास समितिले कार्यक्रमलाई आन्तरिकीकरण गरी निरन्तरता दिने सम्बन्धमा जिल्लाको आवधिक योजनाअर्न्तगत लघु उद्यम विकाससम्बन्धी गतिविधिहरूलाई समावेश गर्न सम्बन्धित जिल्ला विकास समितिलाई सहजीकरण गर्न सहयोग पुऱ्याउने उद्देश्यले नेपाल सरकार उद्योग मन्त्रालय र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयुक्त प्रयासमा जिल्ला उद्यम विकास रणनीतिक योजना तर्जुमा मार्गदर्शन तयार गरिएको छ । यो मार्गदर्शनको सहयोगबाट जिल्ला विकास समितिमार्फत् स्थानीयस्तरमा लघुउद्यम विकास कार्यक्रमलाई योजनाबद्ध ढङ्गले कार्यान्वयन गर्न सकिने र यसको माध्यमबाट रोजगारीका अझ बढी अवसर सिर्जना भई ग्रामीण गरिबी निवारणमा उल्लेख्य योगदान पुग्ने अपेक्षा गरिएको छ ।

–सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय र उद्योग मन्त्रालय सिंहदरबार, काठमाडौं

१.२ मार्गदर्शनको औचित्य :

सहभागितामूलक अवधारणाको आधारमा सञ्चालित उद्यम विकाससम्बन्धी कार्यक्रमहरूलाई स्थानीयस्तरमा एकीकृत, समन्वयात्मक, व्यवस्थित एवं संस्थागत ढङ्गबाट सञ्चालन गर्न रणनीतिक अवधारणा तयार गर्ने प्रक्रियालाई सहजीकरण गर्नुपर्ने आवश्यकता महसुस भएको छ । यसबाट जिल्लामा लघु, घरेलु तथा साना उद्यम विकास एवं छ विस्तारका लागि वातावरण सिर्जना हुनेछ । हाल उद्यम विकाससम्बन्धी जिल्लाको दीर्घकालीन, आवधिक तथा रणनीतिक योजना नभएका कारण उद्यम विकासका लागि जिल्लाको स्पष्ट अवधारणा आउन सकेको छैन । यसकारण हाल सञ्चालित कार्यक्रमहरू बिच एकरूपता छैन भने योजनाको अभावमा भविष्यमा समेत यो समस्या रहिरहन सक्छ । सम्बन्धित सरोकारवालाहरूको पहिचान, स्रोत, क्षमता र अवसरको विश्लेषण तथा एकीकृत प्रयास नहुँदा प्राप्त अवसरको अधिकतम सदुपयोग गर्न सकिएको छैन । यस परिप्रेक्ष्यमा उद्यम विकाससम्बन्धी कार्यक्रमलाई स्थानीय स्तरमा एकीकृत, समन्वयात्मक, व्यवस्थित एवम् संस्थागत ढङ्गबाट सञ्चालन गर्ने रणनीतिको आवश्यकता टड्कारो भएको छ । यस कार्यमा जिविस र स्थानीय सरोकारवालाहरूको क्षमता विकासमा सहयोग पुऱ्याउनु पर्ने दायित्व केन्द्रको समेत रहेको हुँदा यो मार्गदर्शन तयार गरी जिल्ला विकास समितिहरूलाई उपलब्ध गराइएको छ ।

१.४ उद्देश्य :

विपन्न, गरिब र लक्षित वर्गको हित हुने गरी जिल्ला लघु, घरेलु तथा साना उद्यम विकास योजना तर्जुमा गर्न जिल्ला विकास समितिलाई सहयोग पुऱ्याउनु यस मार्गदर्शनको मुख्य उद्देश्य रहेको छ । यसका खास उद्देश्यहरू यसप्रकार छन्:

(१) लघु, घरेलु तथा साना उद्यमको विकास र विस्तारका लागि स्थानीय निकायहरूले अवलम्बन गर्ने योजना तर्जुमा प्रक्रियाका प्रत्येक चरणमा लघु, घरेलु तथा साना उद्यमसँग सरोकार राख्ने कार्यालय, निकाय वा सङ्घ संस्थाहरूको भूमिका सुनिश्चित गर्नु ।

(२) स्थानीय आवश्यकता, स्रोत साधन, क्षमता र जिम्मेवारी स्पष्ट हुने गरी जिल्लाको रणनीतिक उद्यम विकास योजना तर्जुमा गर्न जिविस र सम्बन्धित साझेदार संस्थालाई सहयोग पुऱ्याउनु ।

१.१३ गाउँ उद्यम विकास योजना तर्जुमा कार्यविधि तथा कार्यान्वयन निर्देशिका, २०६६

गाउँ उद्यम विकास योजना

१.१ परिचय

गाउँ विकास समितिअर्न्तगत सञ्चालन गर्न सम्भावित उद्यम धन्दाहरूलाई योजनाबद्ध रूपमा चित्रण गरिएको लिखित दस्तावेजलाई सामान्य अर्थमा गाउँ उद्यम विकास योजना (गा.उ.वि.यो.) भनिन्छ । गा.उ.वि.यो. ले मूलतः लघु उद्यम, साना तथा घरेलु उद्यमको माध्यमबाट रोजगारी सृजना गर्न लक्षित गर्दछ । बुँदागतरूपमा गाउँ उद्यम विकास योजनाका प्रमुख विशेषताहरू तपसीलबमोजिम प्रस्तुत गर्न सकिन्छ ।

- समूहगत तथा संस्थागतरूपमा बस्ती-बस्तीबाट माग भई आएका प्राथमिकता प्राप्त नयाँ उद्यमहरूको छनौट ।
- परम्परागतरूपमा चलिआएका पुराना उद्यमहरूलाई प्रवर्द्धन तथा संरक्षण गर्ने आयामहरू ।
- उद्यम विकासलाई टेवा पुऱ्याउने, प्रविधि, सिप, कला, कौशल तथा अनुभवहरू ।
- उद्यम प्रवर्द्धन तथा विकासका लागि आवश्यक सामग्री व्यवस्थापन, सेवा प्रवाह तथा बजार व्यवस्थापनका क्रियाकलापहरू ।
- समग्ररूपमा योजनालाई सफल बनाउन आवश्यक सहयोग तथा समन्वयका क्षेत्रहरू ।
- उद्यम व्यवसाय प्रवर्द्धन गर्न आवश्यक व्यवसाय विकास सेवाहरू जस्तै उद्यमशीलता, लगानी, सिप, प्रविधि, बजारीकरण, परामर्श आदि सेवाहरूलाई क्रमबद्ध तरिकाले लक्षित वर्गमा पुऱ्याउने नमुना ।

१.२ गाउँ विकास योजनाको वर्तमान स्थिति

- आर्थिक विकासका योजना भन्दा भौतिक पूर्वाधारमा बढी जोड दिइएको छ ।
- गरिब तथा अति गरिबहरू सङ्गठित भई आफ्ना मागहरूमा पहुँच गर्न सकेका छैनन् ।
- गा.वि.स.मा आउने स्रोतलाई प्राथमिकीकरण गरी एकीकृत व्यवस्थापन गर्न सकिएको छैन ।
- कुनै गा.वि.स.मा स्रोतको उपयोग गरी उद्यम विकासका योजनाहरू बन्न नसकेका ।
- गाविस/बस्ती स्तरका समुदायहरू सामाजिक परिचालनका माध्यमबाट सशक्तीकरण भई विकासको काममा अग्रसर भएका तर उद्यम विकासको ज्ञानमा कमीको साथै ज्ञान उपयोगको उपयुक्त वातावरण वन्न नसकेको अवस्था रहेको ।

१.३ गाउँ उद्यम विकास योजनाको आवश्यकता

- ग्रामीण भेगमा उपलब्ध श्रोत र साधनलाई उद्यममा परिवर्तन गरी वस्तु उत्पादन गर्न एक विस्तृत योजनाको छुट्टै आवश्यकता पर्दछ ।

- ग्रामीण गरिबी घटाउन लघु उद्यम, घरेलु तथा साना उद्यमहरूको माध्यमबाट रोजगारी श्रृजना गर्न ठुलो भूमिका हुन्छ । तसर्थ, यसका लागि विस्तृत योजनाको आवश्यकता रहन्छ ।
- छरिएर रहेका स्रोत साधनलाई अभिलेख बनाई व्यवस्थितरूपमा स्थलगत उद्यम विकास योजना निर्माण गर्न यसको आवश्यकता रहेको छ ।
- गाउँ विकास योजनाले पूर्वाधार तथा परम्परागत पूर्वाधारलाई बढी जोड दिएको अवस्थामा गाउँ उद्यम विकास योजनाले लघु उद्यम प्रवर्द्धन, विस्तार, प्रशोधन, भण्डारण तथा बजारीकरणका लागि उपयुक्त स्रोत र साधनको पक्षमा योजना बनाउने, र परिचालन गर्नुपर्ने हुन्छ ।
- गा.वि.स.ले बनाएको परम्परागत योजनाभित्र उद्यम विकास सानो अंश देखिने र दातृ संस्था, स्थानीय निकाय र साझेदार संस्थाहरूबाट प्राप्त हुन सक्ने सहयोगका लागि विस्तृत खाका चाहिने हुँदा उद्यम विकास योजनाले यो आवश्यकतालाई पूर्ति गर्दछ ।
- गाउँ उद्यम विकास योजनाले दीर्घकालीन रणनीति बनाई श्रोत साधनको प्रक्षेपण गर्दछ । यो निर्देशिका गा.वि.स./न.पा. तथा जि.वि.स. योजनाहरूको लागि एक सहयोगी दस्तावेज हुन सक्दछ ।
- आर्थिक विकासका लागि स्थानीय स्तरमै दक्ष र अनुभवी जनशक्ति तयार गर्न यस निर्देशिकाले सहयोग गर्नेछ ।

१.१४ बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०६३

(ख) राष्ट्र बैङ्कले तोकिदिएको अवधिसम्म नियमित रूपमा वचत गरी तोकिदिएको वचत कायम राखेका समूह वा समूहका सदस्यलाई लघु व्यवसाय सञ्चालन गर्न कुनै चल अचल सम्पत्ति सुरक्षण वा जमानत लिई वा नलिई लघुकर्जा दिने,

(ग) इजाजतपत्र प्राप्त संस्था वा स्वदेशी वा विदेशी सङ्घ संस्था आदिबाट ऋण वा अनुदान प्राप्त गर्ने र त्यस्तो ऋण वा अनुदान लघुकर्जा वितरणमा वा सो कार्यलाई प्रभावकारी बनाउने काममा प्रयोग

(ङ) न्यून आय भएका व्यक्तिको आर्थिक स्थितिमा सुधार हुने खालका लघु व्यवसाय गर्ने,

(च) लघु व्यवसायका सम्बन्धमा गोष्ठी सञ्चालन गर्ने, परियोजना तर्जुमा गर्न प्रशिक्षण दिने, सहयोग गर्ने, प्राविधिक ज्ञान दिलाउने र आवश्यकतानुसार प्राविधिक सहयोग जुटाउने ।

१.१५ जिल्ला विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७

२५. **सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :** (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिन सक्ने कृषि (कृषि/पशु विकास/मत्स्य विकास) तथा गैर कृषि (लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(२) गैर कृषिमा आधारित : घरेलु तथा लघु उद्यम र कृषिजन्य उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सिपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनिकरण गर्ने, जस्तै : सुधारिएको आरन, छाला प्रशोधन आदि ।

(ग) आर्थिक/सिप विकास

कृषिमा आधारित : कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषिजन्य लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोस्ट मल, गोठ सुधार, व्यावसायिक तरकारी एवम् फलफुल खेती विकास, माटो सुधार, बिउ विजन, उन्नत प्रविधिको विस्तार, हाट हटियाको व्यवस्थापन, प्रवर्द्धन कार्यक्रम, महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सिपहरू र अन्य कृषि, पशु विकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारीसम्बन्धी क्रियाकलापहरू ।

गैर कृषिमा आधारित : घरेलु तथा लघु उद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सिपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनिकीकरण गर्ने, गरिब महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सिपहरू आदि । गरिब महिला सामुदायिक संस्थाहरूलाई साना तिना आय आर्जन गर्न कोषको सहयोग ।

१.१७ गाउँ विकास समिति अनुदान सञ्चालन कार्यविधि, २०६७

२३. **सडक निर्माणसम्बन्धी विशेष व्यवस्था :** (१) पूर्वाधार विकासबाट अधिकतम लाभ लिनका लागि सडक सुविधा पुग्ने क्षेत्रमा तत्काल रोजगारी र आयआर्जनमा बढावा दिन सक्ने कृषि (कृषि/पशु विकास/मत्स्य विकास) तथा गैर कृषि (लघु उद्योग, उद्यम, व्यवसाय) सम्बन्धी आर्थिक तथा सामाजिक विकासका क्रियाकलापहरू उक्त क्षेत्रमा नै संकेन्द्रित (कन्सन्ट्रेट) गरी सञ्चालन गर्न प्राथमिकता दिनुपर्नेछ ।

(२) गैर कृषिमा आधारित : घरेलु तथा लघु उद्यम सञ्चालन तथा व्यवस्थापन र परम्परागत सिपलाई संरक्षण गर्दै आधुनिकिकीरण गर्ने, जस्तै : सुधारिएको आरन, सुधारिएको चुलो आदि ।

(ग) आर्थिक/सिप विकास

- **कृषिमा आधारित :** कृषि, खाद्य तथा फलफुल प्रशोधन, कृषिजन्य लघु उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोस्ट मल, गोठ सुधार, व्यावसायिक तरकारी एवम् फलफुल खेती विकास, माटो सुधार, बिउ विजन, उन्नत प्रविधिको विस्तार, हाट हटियाको व्यवस्थापन, प्रवर्द्धन कार्यक्रम, महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सिपहरू र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारीसम्बन्धी क्रियाकलापहरू ।

- **गैर कृषिमा आधारित :** घरेलु तथा लघु उद्यम उद्योगहरूको सञ्चालन तथा व्यवस्थापन, परम्परागत सिपलाई परिमार्जन गर्दै बजारमैत्री रूपमा आधुनिकीकरण गर्ने, गरिब महिलाहरूको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सिपहरू आदि । गरिब महिला सामुदायिक संस्थाहरूलाई साना तिना आयआर्जन गर्न कोषको सहयोग ।

भाग २

कृषिमा आधारित लघु उद्यमसम्बन्धी नीतिहरू

२.१ कृषि व्यवसाय प्रवद्र्धन नीति (२०६३) कार्यान्वयन कार्यविधि, २०६५

३.६. नीति : कृषि व्यवसाय प्रवद्र्धन गर्नका लागि कृषि व्यवसायका सम्भावना र आवश्यकताको आधारमा कृषक एवम् व्यापारीहरू तथा कृषि उद्यमी एवम् सम्बन्धित सरोकारवालाहरू बिच हुने करार सेवालाई व्यवस्थित तथा वैज्ञानिक बनाइने छ ।

कार्यान्वयन कार्यविधि :

हाल प्रचलनमा रहेका करारसम्बन्धी कानुनहरूको उपयोग गर्नुका साथसाथै कृषि क्षेत्रमा गरिने करारअन्तर्गत जीवित पशुलगायत नाशवान प्रकृतिका वस्तु पनि संलग्न हुने तथा जोखिमयुक्त हुने हुनाले कृषि क्षेत्रको प्रयोजनका लागि विशेष करार व्यवस्थासम्बन्धी अध्ययन गरी तदनुरूप व्यवस्था गरिने छ ।

३.७ नीति : कृषिजन्य व्यवसायका लागि आवश्यक पर्ने उपकरण, थ्रेसर, स्प्रिङकलर, बीडिङ मेसिन, हार्भेस्टर, चिलिङ भ्यान, कुलिङ भ्याट, मिल्क प्रोसेसर, कृषि यन्त्र आदिमा आयात गर्दा सम्बन्धित निकायहरूको सिफारिसमा व्यवसाय स्थापना भएको १० वर्षसम्म भन्सार ७५ प्रतिशत अर्थ मन्त्रालयको बजेट वक्तव्यमा समावेश गरी छुट दिइनेछ ।

कार्यान्वयन कार्यविधि :

३.७.१ कृषि व्यवसाय सञ्चालन गर्न आवश्यक पर्ने यन्त्र, उपकरण आयात गर्दा लाग्ने भन्सार महसुलमा छुट दिनका लागि नेपाल सरकारको बजेट वक्तव्यमा यस्तो छुट समावेश गरी छुट दिने व्यवस्था गरिने छ ।

३.७.२ कृषि यन्त्र उपकरण भन्नाले अनुसूची २ अनुरूपका यन्त्र उपकरण बुझ्नु पर्दछ ।

३.७.३ कृषि व्यवसाय विशेषको प्रयोगका लागि कृषि यन्त्र, उपकरण आयात गर्नु पर्दा इन्भ्वाइसको प्रतिलिपि सहित जिल्ला स्तरमा सम्बन्धित जिल्ला कृषि विकास कार्यालय वा पशु सेवा कार्यालय वा खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वा सहकारी कार्यालयमा निवेदन पेश गर्नु पर्ने छ । सम्बन्धित कार्यालयले उक्त प्रस्ताव कृषि विकास समितिको वैठकमा पेश गर्नु पर्ने छ । यसरी पेश हुन आएको प्रस्ताव जाचँबुझ गरी कृषि व्यवसाय विशेषको प्रयोगका लागि आयात हुने यकिन भएमा उक्त विवरण सिफारिस साथ सम्बन्धित विभागमा साथै क्षेत्रीय निर्देशनालयमा पेश गर्नु पर्ने छ ।

३.७.४ सम्बन्धित विभागले उक्त छुट दिन मनासिव देखेमा अर्थ मन्त्रालयमा सिफारिस गरी पठाउनुका साथै एक प्रति जानकारी कृषि तथा सहकारी मन्त्रालयमा पठाउनु पर्ने छ ।

३.७.५ यसरी सुविधा सिफारिस गरिएको सम्बन्धमा सम्बन्धित जिल्ला कृषि विकास/पशु सेवा कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय वा सहकारी कार्यालयमा कार्यालयले अभिलेख अद्यावधिक गरी राख्नु पर्ने छ ।

३.७.६ कृषि तथा सहकारी मन्त्रालयले प्रत्येक आर्थिक वर्ष सरकारबाट प्रस्तुत हुने बजेटको प्रयोजनका लागि कार्यविधिमा उलेखित सुविधा समावेश गर्न आवश्यक समन्वय गर्ने छ ।

३.८ नीति : कृषि व्यवसायको परियोजना धितोमा राखि कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ । कृषि व्यवसाय प्रवर्द्धनका लागि कृषक समूह जमानतमा ऋण प्रवाहित गरिने छ ।

कार्यान्वयन कार्यविधि :

३.८.१ अत्यन्त व्यावसायिक प्रकृति तथा मेसिनरी प्रयोग गरी सञ्चालन गरिने कृषि व्यवसायका लागि व्यवसाय धितोमा राखी कर्जा दिइनेछ । यसरी धितोमा राख्दा, कोल्ड स्टोर, डेरी उद्योग तथा यस्तै अन्य उपकरण प्रयोग गर्नुपर्ने र अत्यन्त व्यावसायिक प्रकृतिका कृषि व्यवसायलाई नै पूर्ण वा आंशिक धितो कायम गर्ने व्यवस्था मिलाइने छ ।

३.८.२ गरिब तथा साना कृषकहरूले कृषि व्यवसायमा लगानी गर्ने क्रममा कर्जा लिँदा लघु व्यवसाय कर्जा कार्यक्रमको व्यवस्था गरी कृषक समूह जमानीमा कर्जा प्रवाह गर्ने व्यवस्था मिलाइने छ ।

३.८.३ सरकारी स्वामित्व भएका कृषि विकास बैङ्क तथा संस्थाबाट यस दफाअनुसारको कर्जा सुविधा प्रवाह हुनेछ ।

३.९ नीति : कृषि व्यवसायमा कर्जा लगानी गर्दा व्यवसायबाट आय प्राप्त हुन सक्ने (Gestation period) सम्भावनाका आधारमा कर्जा भुक्तानी हुने व्यवस्था गरिने छ ।

कार्यान्वयन कार्यविधि :

३.९.१ उत्पादन लिन लामो समय लाग्ने चिया, फलफुल, पशुपालन जस्ता क्षेत्र कृषिजन्य कर्जा प्रवाह गर्दा व्यवसायबाट उत्पादन लिन लाग्ने समय अवधि (Gestation Period) लाई दृष्टिगत गरी कर्जा भुक्तानी तालिका बनाउने व्यवस्था गरिने छ ।

३.१० नीति : विपन्न वर्ग, महिला र दलित वर्गबाट कृषि उद्यम स्थापना/सञ्चालन गर्न विशेष कार्यक्रम लागु गरिने छ ।

कार्यान्वयन कार्यविधि :

३.१०.१ जिल्ला कृषि विकास कार्यालय तथा जिल्ला पशु सेवा कार्यालयले आ-आफ्ना कार्यक्षेत्रअन्तर्गत दलित, विपन्न (मुक्त कमैया, मुक्त हलियासमेत) पिछडिएका जनजाति, आदिबासी, मधेसी एवम् महिलाको अवस्था पहिचानसम्बन्धी आधारभूत सर्वेक्षण (Baseline Survey) गरी विवरण अभिलेखीकरण गर्नु पर्ने छ ।

३.१०.२ उपरोक्त विवरणका आधारमा जिल्लामा कम्तीमा एक विपन्न वर्ग, दलित, पिछडिएका जनजाति, आदिबासी, मधेसी र महिला लक्षित गरिबी न्युनीकरणसम्बन्धी विशेष आयोजना सञ्चालन गर्नु पर्ने छ ।

३.१०.३ उपरोक्त विशेष आयोजनाले दलित, गरिब तथा महिलाहरूको आवश्यकता र सम्भवनालाई दृष्टिगत गरी, उत्पादन, लघु कृषि व्यापार, लघु प्रशोधन उद्योग तथा सहकारी विकास जस्ता कार्यतर्फ जोड दिनु पर्ने छ ।

३.१३ नीति : कृषि व्यवसाय प्रवर्द्धन गर्नका लागि आवश्यक मध्यमस्तरीय जनशक्ति विकास गर्न शिक्षण संस्थाहरूको समन्वयमा समयानुकूल पाठ्यक्रम समावेश तथा परिमार्जन गराइनेछ ।

कार्यान्वयन कार्यविधि :

३.१३.१ गैर सरकारी, सहकारी वा निजी क्षेत्रबाट कृषि व्यवसायसम्बन्धी प्रशिक्षण गर्ने संस्थाको स्थापना गर्न चाहेमा स्थापना गर्ने प्रोत्साहित गरिने छ ।

३.१३.२ समयानुकूल कृषि व्यवसायसम्बन्धी सम्भाव्य पाठ्यक्रम समावेश गर्नका लागि कृषि तथा सहकारी मन्त्रालयले शिक्षण सस्थाहरूसँग समन्वय गर्नेछ ।

३.२६. नीति : प्राङ्गारिक खेती प्रविधिद्वारा उत्पादित कृषि वस्तुहरूको गुणस्तर प्रमाणीकरण गरी कृषि व्यवसायलाई प्रवर्द्धन गरिने छ ।

कार्यान्वयन कार्यविधि :

३.२६.१ नेपाल सरकार (कृषि तथा सहकारी मन्त्रालय) बाट स्वीकृत प्राङ्गारिक कृषि प्रणालीको प्राविधिक मापदण्ड, २०६४ अनुसार उक्त प्राङ्गारिक कृषि वस्तुहरूको प्रमाणीकरण गर्नु गराउनु पर्ने छ ।

३.२६.२ प्राङ्गारिक कृषि बाली वा वस्तुको प्रमाणीकरणको व्यवस्था गर्ने सम्बन्धमा कृषि तथा सहकारी मन्त्रालयमा लङ्गैगिक समता तथा वातावरण शाखाले संयोजन तथा समन्वय गर्ने छ ।

अनुसूची २

Machines and Equipment

Production: Bed Planter, Cultivator, disk harrow, feed drier, seed grader, feed grinder/mixture, pellet machine, platform balance, power tiller, threshor, tractor, tractor trailor, submersible pump, tagging machine, water pump, hatching incubator, fishing net, harvester, combined harvester, zero tillage machine, solar dryer, transplanter, ridge, fruit grinder, computerized milk tester, milking machine, straw bailer, mower, grass racker, sugarcane harvester, sugarcane planter, sprayer (hand compression sprayer, knap sack sprayer, foot sprayer, duster, power sprayer).

Parent Stock Breeding: Nest box, vaccinator, break trimmer, drinker, egg tray racks and trolley, feeder, plastic sheets for covering as well as portioning the shed and fumigation box.

Feed Production: Silo, grinder, mixer, carrying can, shifter, cooler, crumbler, bagging bin, elevator and batching machine.

Dairy: Chilling vat, milk carrying can, reception vat, milk storage tank, harmonizer, milk filling plant, Garber centrifuge, milk tanker, cream separator, batch pasteurizers, filling and ceiling machine (liquid nitrogen), drip freezer, ice cream churner cum freezer, pressing machine, (hydraulic pressure).

Meat Processing: Stunning apparatus (captive bolt with catriage, electrical), splitting saw, meat tenderizer, device for lifting carcass, trolley and hock, knife, cooking vat, refrigated vat and drip freezer, vacuum packing machine, high speed meat cutter/ bawl chopper, heavy duty meat mincer, splitting saw, brine injection equipment, sausage filler and stuffer, smoking chamber cum drying machine.

Fruit and Vegetable Processing: Mechanical dryer, vacuum packaging machine, nitrogen filling and ceiling machine, dip fat fryer, high speed mixture, juice extractor, pulper, ceiling machine (pouch, cup, and bottle), pillet and slider.

Tea/Coffee Processing: Holler, Polper, Grinder, roaster, sorting and screening machine.

Ginger Processing: Washing, Grading, Roaster and Grinder machine.

Bakery

Dow-mixture, backing oven, ceiling machine, bar ceiler, impulse ceiler and bread slicer.

Irrigation: Equipment and Machine

Transportation of Agri Produces: Equipment and machine

२.२ पन्छी पालन नीति, २०६८

८. नीतिहरू :

८.१ तुलनात्मक लाभ र सम्भाव्यताको आधारमा स्थानीय र उन्नत जातका पन्छीको उत्पादन, उत्पादकत्व वृद्धि र विकासको साथै विस्तार गरिने छ ।

८.२ पन्छी व्यवसाय तथा उद्योगसँग सम्बन्धित उपकरण तथा कच्चा पदार्थको उत्पादन तथा विकास स्वदेशमै गरी उद्योगहरूमा लगानी प्रवाह गर्ने अनुकूल वातावरण बनाइने छ ।

८.३ पन्छी तथा पन्छीजन्य व्यवसायलाई उच्च प्राथमिकता प्राप्त कृषि उद्योगको मान्यता प्रदान गरिने छ र सोहीबमोजिम सुविधा प्रदान गरिने छ ।

८.४ निजी क्षेत्र, सङ्घ/संस्था र स्थानीय निकायको सहभागिता र समन्वयमा पन्छी व्यवसाय क्षेत्रमा आवश्यक पूर्वाधार जस्तै बजारस्थल, बधशाला, प्रशोधन केन्द्र, प्रयोगशाला आदिको विस्तार र सेवाको स्तरीयता कायम गरिने छ र ती क्षेत्रहरूको आवधिक अनुगमन गरिनेछ ।

८.५ आन्तरिक तथा विश्व बजारमा पन्छी तथा पन्छीजन्य वस्तुहरूको पहुँच बढाउन तुलनात्मक लाभ र प्रतिस्पर्धात्मक क्षमता बढाइने नीति लिनेछ ।

८.६ भौगोलिक क्षेत्रअनुसार हावापानी सुहाउँदो सम्भाव्य क्षेत्रहरूमा प्राङ्गारिक उत्पादन (Organic production) लाई प्रोत्साहित गरिने छ ।

८.७ पन्छीजन्य महामारी रोगहरूको आशङ्काबाट पन्छीजन्य उत्पादनहरूको उपभोगमा पर्न जाने असर र यसबाट उत्पादनमा पर्ने प्रभावलाई न्युनीकरण गरिने छ ।

८.८ पन्छीजन्य पदार्थको उत्पादन गर्दा मानव स्वास्थ्य र वातावरणमा नकारात्मक असर पुग्न दिइने छैन । त्यस्तो व्यावसायिक उद्योग स्थापना पूर्व सामाजिक र वातावरणीय प्रभाव मूल्याङ्कन गरिनेछ ।

२.३ पुष्प प्रवद्र्धन नीति, २०६९

७. नीति तथा कार्यनीति :

उद्देश्य : १. पुष्प तथा पुष्पजन्य वस्तुको उत्पादन र उत्पादकत्वमा बृद्धि गर्ने ।

७.१.१ नेपालका विभिन्न भागमा पुष्प खेती विस्तार गर्न पुष्प नर्सरी स्थापना गर्न प्रोत्साहित गरिनेछ ।

७.१.२ व्यावसायिक पुष्प खेतीको सम्भावना भएका क्षेत्रमा पुष्प फार्महरू स्थापनामा जोड दिइने छ । शिक्षित बेरोजगार तथा सेवा निवृत्त व्यक्ति वा समूहलाई पुष्प तथा पुष्पजन्य व्यवसाय स्थापना तथा सञ्चालनका लागि प्रोत्साहन गरिनेछ ।

७.१.३ पुष्प व्यवसायको विकास तथा विस्तार गर्न यससँग सम्बन्धित सरकारी, गैरसरकारी तथा प्राज्ञिक संस्थाहरूसँगको समन्वय तथा सहकार्यमा अध्ययन तथा अनुसन्धान कार्य गरिने छ । पुष्प क्षेत्रको प्रविधि विकास र प्रविधि प्रसारमा संलग्न सरकारी निकायहरूमा दक्ष जनशक्ति र भौतिक पूर्वाधारको व्यवस्था गरी सशक्तीकरण गरिने छ ।

७.१.४ पुष्प उत्पादन र उत्पादन उप्रान्तका प्रविधिको सूची तयार गरी सम्भाव्यताका आधारमा जिल्ला कृषि विकास कार्यालय, निजी क्षेत्र तथा दुबैको सहकार्यमा प्रविधिको विस्तार गरिनेछ ।

७.१.५ सम्भाव्यताको आधारमा कुनै जिल्लामा कुनै निश्चित प्रजातिका व्यावसायिक पुष्प खेती हुन सक्ने पाइएमा त्यस जिल्लालाई त्यस प्रजातिको पुष्प क्षेत्र घोषणा गरी ती ठाउँमा पूर्वाधार विकासका एकीकृत प्याकेज व्यवस्था गर्न प्राथमिकता दिइनेछ ।

७.१.६ व्यावसायिकरूपमा पुष्प खेती भएका पकेटहरूमा पुष्प तथा पुष्पजन्य व्यवसाय प्रवर्द्धनका लागि सिञ्चाई, कृषि सडक, सङ्कलन केन्द्र, शीत भण्डार (कोल्ड स्टोरेज, कुलिङ च्याम्बर भएको ढुवानी साधन), ग्रामीण विद्युतीकरण, उपयुक्त कृषि प्रविधिको विकास, प्रयोगशाला परीक्षण सेवा जस्ता व्यवसाय प्रवर्द्धनका पुर्वाधारहरू सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसमेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.७ पुष्प व्यवसायका लागि चाहिने रासायनिक मल, प्राङगारिक मल, किटनासक, झार नासक, रोग नासक विषादी तथा कृषि सामग्री आदि पुष्प उद्योग तथा पुष्प नर्सरीले सम्बन्धित निकायको सिफारिसमा अन्य मूलकबाट आयात गर्न पाउने व्यवस्था मिलाइनेछ ।

७.१.८ पुष्प नर्सरी तथा पुष्प फर्महरूले आवश्यक फुलका माउ बोट बिरुवा (Mother Plant), कलमी बिरुवाहरू, फुलको गानो तथा जराहरू, फुलको बिउ बिजन, सिञ्चाइ र बाली संरक्षणका उपकरणहरू, ग्लास हाउस निर्माणका सामग्रीहरू, कुलिङ च्याम्बर भएको ढुवानी साधन (Refrigerated truck) आयातमा लाग्ने कर महसुल रकम आर्थिक ऐनमा व्यवस्था गरी सहुलियत प्रदान गर्न सकिनेछ ।

७.१.९ पुष्प खेती र पुष्प व्यवसायलाई विद्यालय, विश्वविद्यालय/कलेजहरूका पाठ्यक्रममा समावेश गर्ने पहल गरिने छ । कृषि अनुसन्धान केन्द्र तथा कृषि तालिम केन्द्रहरूमा पुष्प खेतीसम्बन्धी प्राविधिक तालिम गराउने व्यवस्था गरी पुष्प तथा पुष्पजन्य व्यवसायको क्षेत्रमा जनशक्तिको विकास गरिनेछ ।

७.१.१० सहरी क्षेत्रमा र सडक किनारामा पुष्प र पुष्पजन्य वनस्पतिहरू लगाई सडक र सहरको सौन्दर्य वृद्धि गर्ने तथा वातावरण स्वच्छ राख्ने कार्यलाई सरकारी, निजी, सहकारी तथा गैर सरकारी क्षेत्रसमेतको सहकार्यमा विस्तार गरिने छ ।

७.१.११ पुष्प र पुष्पजन्य वस्तुहरू प्रशोधन गरी वानस्पतिक औषधीहरू, अत्तर र अन्य सौन्दर्य प्रशाधनका सामग्रीहरू उत्पादन गर्ने उद्योगहरू स्थापनामा प्रोत्साहन गरिने छ ।

७.१.१२ पुष्प खेती तथा व्यवसायलाई प्रवर्द्धन गर्न यसलाई वित्तीय संस्थाहरूबाट प्रदान गरिने प्राथमिकता प्राप्त कर्जाको क्षेत्र भित्र पारी आवश्यक ऋण उपलब्ध गराइनेछ ।

७.१.१३ पुष्प व्यवसायको परियोजना धितोमा राखी कर्जा प्रवाह गर्ने व्यवस्था तथा पुष्प व्यवसाय प्रवर्द्धनका लागि कृषक समूहको जमानतमा ऋण प्रवाह गरिने छ ।

२.४ राष्ट्रिय कफी नीति, २०६०

कफी उत्पादन, प्रशोधन एवम् व्यापारिक कारोबारमा निजी तथा सहकारी क्षेत्रसमेतको सहभागिता वृद्धि गरी देशमा उपलब्ध सम्भावनाहरूको दिगो र व्यवस्थित उपयोग गरी आय आर्जन, रोजगारीको अवसर वृद्धि एवम् बैदेशिक मुद्रा आर्जन गर्ने भरपर्दो स्रोतको रूपमा कफी विकास गर्न गराउन नेपाल सरकारले राष्ट्रिय कफी नीति, २०६० स्वीकृत गरी लागू गरेको छ ।

३. नीति तथा कार्य नीतिहरू :

३.१ उत्पादन तथा प्रशोधन :

३.१.२ कफी खेतीका लागि प्रयोग भएको जग्गाको हदबन्दीमा प्रचलित नियमानुसार छुट दिइनेछ ।

३.१.४ कफी प्रशोधन उद्योगका लागि आवश्यक मेसिनरी औजार आयात गर्दा कृषिजन्य उद्योगहरूले पाए सरहको सुविधा पाउने छ ।

३.१.१० व्यावसायिक कफी खेतीका लागि निजी र सरकारी जग्गा लिजमा दिने व्यवस्था गरिनेछ ।

२.५ पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१

पृष्ठभूमि :

देशको कुल ग्राहस्थ उत्पादनको एक तिहाईभन्दा बढी कृषि क्षेत्रबाट प्राप्त हुने दुई तिहाईभन्दा बढी जनसङ्ख्या रोजगारी तथा जीविकोपार्जनका लागि यस क्षेत्रमा निर्भर रहने भएकाले नेपालको अर्थतन्त्रमा कृषि क्षेत्रको महत्त्वपूर्ण भूमिका रहेको स्पष्ट छ । नेपालमा प्रत्येक वर्ष ४ लाख ५० हजार जति उत्पादसील युवाहरू वैदेशिक श्रम बजारमा प्रवेश हुने गरेको छन् । यसै सन्दर्भमा युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गरी कृषि उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने र कृषि क्षेत्रको व्यावसायीकरणबाट आय आर्जन बढाउने उद्देश्यले युवा लक्षित कार्यक्रमअन्तर्गत विशेष पशु उत्पादन (डेरी, बाखा, बङ्गुर र पशु सेवा बजार प्रवर्द्धन) कार्यक्रम सञ्चालनार्थ प्रतिस्पर्धी रूपमा अनुदान प्रवाह गर्न नेपाल सरकारले गत आ.व. २०७०/७१ देखि युवा लक्षित कार्यक्रम सञ्चालन गरेका र साथै यस आ.व. मा समेत उक्त कार्यक्रमले निरन्तरता पाएको हुँदा सो कार्यक्रमलाई थप प्रभावकारीरूपमा सञ्चालन गर्न "पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१" तयार गरिएको छ ।

परिच्छेद १

प्रारभिक

१. सङ्क्षिप्त नाम र प्रारम्भ :

क) यो कार्यबिधिको नाम "पशु सेवा विभागअन्तर्गत सञ्चालित युवा लक्षित कार्यक्रम कार्यान्वयन कार्यविधि, २०७१" रहेको छ ।

ख) यो कार्यबिधि कृषि विकास मन्त्रालयबाट स्वीकृत भएको मितिबाट प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा–

क) युवा लक्षित कार्यक्रम (Youth Focused Program) भन्नाले युवाहरूलाई कृषि क्षेत्रमा आकर्षित गर्ने प्रविधि, तालिम तथा बीउ पुँजीसहितको व्यावसायिक पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन), व्यावसायिक बङ्गुर प्रवर्द्धन, बाख्रा प्रवर्द्धन र पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम भन्ने बुझ्नु पर्छ ।

ख) युवा भन्नाले युवा लक्षित कार्यक्रम सञ्चालन गर्न चाहने १८ देखि ५० वर्षसम्मका नेपाली नागरिक भन्ने बुझ्नु पर्छ ।

ग) समिति भन्नाले जिल्ला कृषि विकास समितिलाई जनाउँदछ ।

घ) स्किम/परियोजना भन्नाले पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन), व्यावसायिक बङ्गुर प्रवर्द्धन, बाख्रा प्रवर्द्धन र पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालनका लागि तयार गरिएको प्रस्ताव भन्ने बझ्नु पर्छ ।

ङ) पशु विकास कार्यदल भन्नाले जिल्लामा पशु विकाससम्बन्धी कार्यक्रमहरूको पहिचान गरी तर्जुमा, कार्यान्वयन र अनुगमन मूल्याङ्कनका लागि तोकिएबमोजिमका पदाधिकारी रहने गरी गठन भएको कार्यदललाई जनाउँछ ।

३. उद्देश्य : यस कार्यबिधिका उद्देश्य देहायबमोजिम रहेको छ :

क) गाईपालन, भैँसिपालन, बाख्रापालन, बङ्गुर पालन, तथा पशु पन्छी बजार प्रवर्द्धनसम्बन्धी व्यवासय सञ्चालनका लागि आवश्यक पर्ने प्रविधि तथा प्रतिस्पर्धी अनुदान प्रदान गर्ने ।

ख) स्वदेशमा स्वरोजगारका अवसरहरू सृजना गरी रोजगारीका लागि विदेशिने क्रम न्युनीकरण गर्न सहयोग पुऱ्याउने ।

ग) युवाहरूको आय आर्जनमा टेवा पुऱ्याई कृषक परिवारको जीवनस्तरमा सुधार ल्याउन सहयोग पुऱ्याउने ।

परिच्छेद २

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन)

४. युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन) कार्यक्रम सञ्चालन प्रक्रिया : युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन) कार्यक्रम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछ ।

क) स्किम अवधि : यो कार्यक्रम नेपाल सरकारले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ख) स्किमका लागि जिल्ला छनोटका आधारहरू : व्यावसायिक गाई भैँसी पालनका लागि सम्भाव्य भएका तराई तथा मध्य पहाडका कृत्रिम गर्भाधान र राष्ट्रिय पशु आहार विकास अभियान कार्यक्रम लागू भएका जिल्लाहरूमा सम्भाव्यताका आधारमा पशु उत्पादन निर्देशनालयले जिल्लाहरूको प्राथमिकीकरण गरी जिल्लाहरूको छनौट तथा कार्यक्रम सञ्चालन गर्ने छ । निवेदन दिने फार्महरू जिल्ला पशु सेवा कार्यलय वा सम्बन्धित अन्य निकायमा अनिवार्य रूपमा दर्ता भएको हुनु पर्नेछ ।

ग) व्यावसायिक गाई भैँसी फार्म वर्गीकरण : फार्मलाई ३ वर्गमा विभाजन गरिने छ ।

१) साना व्यावसायिक गाई भैँसी फार्म : यस कार्यक्रमका लागि ५ देखि १० वटा उन्नत दुधालु गाईपालन वा भैँसीको हकमा न्यूनतम २ देखि ४ वटासम्म उन्नत दुधालु भैँसी पालन गरी दुध उत्पादन व्यवसाय सुरु गरेका फार्महरूलाई मानिने छ ।

२) मझौलास्तरका व्यावसायिक गाई भैँसी फार्म : ११ देखि ३० वटा उन्नत दुधालु गाईपालन वा भैँसीको हकमा न्युनतम ५ देखि १२ वटासम्म उन्नत दुधालु भैँसी पालन गरी दुध उत्पादन व्यवसाय सुरु गरेका फार्महरूलाई मानिने छ ।

३) समूह व्यावसायिक फार्म : ३० देखि माथि उन्नत दुधालु गाई पालन वा भैँसीको हकमा न्युनतम १२ देखी माथी उन्नत दुधालु भैँसिपालन गरी दुध उत्पादन वा प्रशोधन व्यवसाय सुरु गरेका फार्महरूलाई मानिने छ ।

घ) कार्यक्रमका लागि उपलब्ध गराइने सहयोग :

१) साना व्यावसायिक फार्म : उन्नत गाई भैँसी खरिद गरी बिमा गरिएको प्रति उन्नत गाईका लागि बढीमा रु. २०००० (बिस हजार) का दरले बढीमा रु. २,००,०००.०० (दुई लाख) सम्म र प्रति भैँसी रु ५०,०००.०० (पचास हजार) का दरले बढीमा रु. २,००,०००.०० (दुई लाख) सम्म नगद अनुदान उपलब्ध गराइनेछ ।

२) मझौला स्तरका व्यावसायिक गाई भैँसी फार्मको सुदृढीकरणका लागि तपशीलमा उल्लेखित क्रियाकलापहरू कार्यान्वयन गर्न प्रति फार्म बढीमा रु ३,००,०००.०० (तिन लाख) सम्म अनुदान उपलब्ध गराइनेछ ।

क्रियाकलापहरू :

फर्म सुदृढीकरणसँग सम्बन्धित कार्यहरू :

- गोठ निर्माण सुधार तथा फर्म सुरक्षा (बार बन्देज), जैविक सुरक्षा, आदि ।
- पशु प्रजनन, आहारा तथा अन्य व्यवस्थापकीय कार्य (कृत्रिम गर्भाधन, उपकरण, ग्राइन्डर, च्याफ कटर, काउम्याट, मिल्क क्यान, ह्वील ब्यारो) आदि ।

अनुदान दिइने आधारहरू :

- ११-१५ दुधालु गाई वा दुधालु भैँसी ५-६ मा अधिकतम रु. २,२५,०००.००
- १६-२० दुधालु गाई वा दुधालु भैँसी ७-८ मा अधिकतम रु. २,५०,०००.००
- २१-२५ दुधालु गाई वा दुधालु भैँसी ९-१० मा अधिकतम रु. २,७५,०००.००
- २६-३० दुधालु गाई वा दुधालु भैँसी ११-१२ मा अधिकतम रु. ३,००,०००.००

३) उन्नत दुधालु गाई ३० भन्दा माथी र भैँसी दुधालु १२ भन्दा माथि पालन गरी व्यवसाय गरेका समूह व्यावसायिक गाई भैँसी पालन गरी व्यवसाय गरेका समूह व्यावसायिक गाई भैँसी पालन फार्महरूलाई यान्त्रिकीकरणका लागि तपशील उल्लेखित मेसिनरी औजार खरिद गर्न प्रतिफार्म बढीमा रु. ४,००,०००.०० (चार लाख) अनुदान उपलब्ध गराइने छ ।

- ३१-५० दुधालु गाई वा दुधालु भैँसी १३-२० मा अधिकतम रु. ३,२५,०००.००
- ५१-७५ दुधालु गाई वा दुधालु भैँसी २१-३० मा अधिकतम रु. ३,५०,०००.००
- ७६-१०० दुधालु गाई वा दुधालु भैँसी ३१-४० मा अधिकतम रु.३,७५,०००.००
- १०० भन्दा दुधालु गाई वा दुधालु भैँसी ४० भन्दा अधिकतम रु. ४,००,०००.००

फार्म यान्त्रीकरणसँग सम्बन्धित क्रियाकलापका लागि आवश्यक मेसिनरी औजारहरू : मिल्किङ मेसिन वा मिल्किङ पार्लर वा फोरेज ब्लक मेसिन वा यू.एम.एम.बि. मेसिन वा विद्युतीय फिडर वा वाटरर वा मिल्क क्यान वा साइलो पिट वा डिप वेल, डिप बोरिङ वा पाश्चुराइजर वा फ्रिजर वा चिलिङ भ्याट आदि ।

ङ) प्रस्ताव आह्वान : व्यक्तिगतरूपमा युवा कृषकले वा साझेदारीमा उन्नत गाई भैँसी फार्महरू साना वा मझौला स्तर फार्म सुदृढीकरण वा समूह व्यावसायिक फार्ममा यान्त्रीकरणका लागि राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरी जिल्ला पशु सेवा कार्यालयमा पेश गर्ने गरी पशु उत्पादन निर्देशनालयबाट प्रस्ताव आह्वान गरिने छ । प्रस्ताव आह्वानको सूचना अनुसूची १ बमोजिम राष्ट्रिय स्तरको दैनिक पत्रिकामा सम्बन्धित निर्देशनालय वा केन्द्रीय कार्यालयहरूले प्रकाशन गर्नेछन् । आवेदन एवम् उपलब्ध गराउनु पर्ने कागजातहरू अनुसूची २ बमोजिम र कार्ययोजना अनुसूची ३ (क) बमोजिमको ढाँचामा हुनु पर्नेछ ।

च) प्रस्ताव मूल्याङ्कन :

१) प्रस्ताव आह्वान भएबमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरूको सूची सार्वजनिक खरिद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावलीअनुसारका पदाधिकारीको रोहबरमा मुचुल्का बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरूले सिफारिससहित सोको विवरण पशु उत्पादन निर्देशनालयमा पठाउनु पर्नेछ ।

२) च (१) मा प्राप्त प्रस्तावहरूको प्रारम्भिक छानबिन, स्थलगत निरीक्षण तथा अनुसूचीमा आधारहरूलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपशीलअनुसारको ३ सदस्यीय मूल्याङ्कन समिति रहने छ ।

मूल्याङ्कन समितिको बनोट :

१) सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजक : १ जना

२) पशु उत्पादन निर्देशनालयको वा पशु उत्पादन निर्देशनालयबाट तोकिएको अधिकृत स्तरको केन्द्रीय प्रतिनिधि, सदस्य १ जना

३) सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको युवा लक्षित कार्यक्रम हेर्ने फोकल अधिकृत : १ जना

छ) प्रस्तावहरूको स्वीकृति :

१) मूल्याङ्कन समितिले अनुसूची ५ (क) बमोजिमको ढाँचामा मूल्याङ्कन गरी छनौट भएका प्रस्तावहरू स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सोको जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रीय कार्यालयलाई अनिवार्यरूपमा पठाउनु पर्नेछ ।

२) स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला विकास कृषि समितिमा भएको प्रस्तावहरूको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल वा जिल्ला कृषि समितिले पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृति प्रस्तावहरूका प्रस्तावलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ (क) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशुसेवा कार्यलयको हुनेछ ।

परिच्छेद ३

युवा लक्षित व्यावसायिक बाखा प्रवर्द्धन कार्यक्रम

५. युवा लक्षित व्यावसायिक बाखा प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया :

क) कार्यक्रम सञ्चालन हुने जिल्लाहरू : केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालयबाट सञ्चालन गरिने कार्यक्रमका लागि पशु उत्पादन निर्देशनालयबाट जिल्लाहरूको छनौट गरिनेछ । जिल्ला पशु सेवा कार्यालयहरूले यस कार्यविधिअनुसार कार्यक्रम स्वीकृत तथा सञ्चालन गर्न सक्नेछन् ।

ख) कार्यक्रम सञ्चालन अवधि : यो कार्यक्रम नेपाल सरकारले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

ग) व्यावसायिक बाखा पालन फार्म : यस कार्यक्रमअन्तर्गत व्यावसायिक बाखा पालन फार्महरूलाई निम्नानुसार वर्गीकरण गरिने छ ।

१) **निजी व्यावसायिक बाख्रापालन फार्म :** यस कार्यक्रमको प्रयोजनका लागि न्युनतम ५० वटा प्रजनन् योग्य वा सो सङ्ख्यामा बाख्रापालन गरी व्यवसाय सुरु गर्ने फार्महरूलाई निजी व्यावसायिक बाख्रा फार्म मानिने छ ।

२) **समूह वा समितिमा सञ्चालन हुने व्यावसायिक बाख्रापालन फार्महरू :** कृषक समूह वा समितिमा कम्तीमा ५ जना सदस्य भएको र प्रत्येक कृषक सदस्यसँग औसतमा १० वटा प्रजनन योग्य माउ बाख्रा भएको वा सो सङ्ख्यामा बाख्रापालन गरी व्यवसाय सुरु गर्ने समूह वा समितिअन्तर्गतका फार्महरूलाई व्यावसायिक मानिने छ ।

३) **सहकारीमा सञ्चालन हुने व्यावसायिक बाख्रा पालन फार्महरू :** कम्तीमा २५ जना सदस्यहरूले बाख्रा पालन गरिरहेको वा सो सङ्ख्याका कृषकहरूले बाख्रा पालन व्यवसाय सुरु गर्ने र प्रति सदस्य कम्तीमा औषत १० माउ बाख्रा (सहकारीमा कम्तीमा २५० माउ बाख्रा) भएको फार्महरूलाई व्यावसायिक मानिने छ ।

घ) कार्यक्रमबाट उपलब्ध गराइने अनुदान रकम :

१) निजी व्यावसायिक फार्म स्थापना वा सुदृढीकरणका लागि बढी रु. २,००,०००.०० (दुई लाख)

२) समूह वा समितिमा व्यावसायिक बाख्रा पालन फार्महरू स्थापना वा सुदृढीकरणका लागि बढीमा रु. १,५०,०००.०० (एक लाख पचास हजार)

३) सहकारीमा व्यावसायिक बाख्रापालन फार्महरू स्थापना वा सुदृढीकरणका लागि बढीमा रु. २,००,०००.०० (दुई लाख)

नोटः प्रस्तावले कम्तीमा अनुदान रकम बराबरको लगानी गर्नु पर्नेछ ।

ङ) अनुदान रकमको उपयोग :

यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यवसायीले बाखाको खोर निर्माण वा सुधार, जैविक सुरक्षाका लागि फेन्सिङ, डिपिङ ट्याङ्क, घाँस विकास तथा नर्सरी स्थापना प्रजनन बोका खरिद कृ.ग. व्यवस्थापन वा आवश्यक उपकरण खरिदमा उपयोग गर्न सक्नेछन् । यो रकमबाट बाखाको दाना, औषधी, खनिज पदार्थलगायतका खपत हुने सामग्रीहरू खरिद गर्न भने पाइने छैन ।

च) कार्यक्रम सञ्चालन प्रक्रिया :

१) **प्रस्ताव आह्वान :** निजी फार्म वा समूह वा समिति वा सहकारीमा आबद्ध कृषकहरूबाट सहकार्यमा व्यावसायिक बाख्रा फार्म स्थापना वा सुदृढीकरणका लागि पशु उत्पादन निर्देशनालय वा केन्द्रीय भेडाबाख्रा प्रवर्द्धन कार्यालयबाट राष्ट्रिय दैनिक पत्रिकामा प्रस्ताव आह्वान गरिने छ । प्रस्ताव आह्वानको सूचना अनुसूची १ बमोजिम र अनुदान सहयोग प्राप्त गर्नका लागि दिइने आवेदन पत्र

तथा सङ्क्षिप्त कार्ययोजना प्रस्ताव क्रमशः अनुसूची २ र ३ (ख) बमोजिम हुने छ ।

झ) प्रस्ताव मूल्याङ्कन :

१) प्रस्ताव आह्वान भएबमोजिम निर्धारित मिति र समय भित्रमा पेश हुन आएका प्रस्तावहरूको सूची सार्वजनिक खरिद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावलीअनुसारका पदाधिकारीहरूको रोहबरमा मुचुल्का बनाई सम्बन्धित जिल्ला पशुसेवा कार्यालयहरूले सिफारिस सहित सोको विवरण केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालय पठाउनु पर्छ ।

२) झ (१) मा प्राप्त प्रस्तावहरूको प्रारम्भिक छानबिन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरूलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसिलअनुसारको ३ सदस्यीय मूल्याङ्कन समिति रहने छ ।

मूल्याङ्कन समितिको बनोट :

१. सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजक : १ जना

२. केन्द्रीय भेडाबाखा प्रवर्द्धन कार्यलय वा पशु उत्पादन निर्देशनालयबाट तोकिएका अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि, सदस्य : १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको युवा लक्षित कार्यक्रम हेर्ने, फोकल अधिकृत, सदस्य सचिव : १ जना

ञ) मूल्याङ्कन आधारहरू :

मूल्याङ्कन आधारहरू अनुसूची ५ (ख) मा उल्लेखअनुसार हुनेछन् ।

ट) प्रस्तावहरूको स्वीकृति :

१) मूल्याङ्कन समितिले अनुसूची ५ (ख) बमोजिमको ढाँचामा मूल्याङ्कन गरी छनौट भएका प्रस्तावहरू स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्ने छ र सोको जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रीय कार्यालयहरूलाई अनिवार्यरूपमा पठाउनु पर्नेछ ।

२) स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरूको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृति प्रस्तावहरूका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ (क) बमोजिम सम्झौता गर्न दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

परिच्छेद ४

युवा लक्षित व्यावसायिक बङ्गुर प्रर्वद्धन कार्यक्रम

६. युवा लक्षित व्यावसायिक बङ्गुर पालन कार्यक्रम सञ्चालन प्रक्रिया :

क) स्किम सञ्चालन प्रक्रिया देहायबमोजिम हुनेछ :

१. **स्किम सञ्चालन हुने जिल्लाहरू :** प्राथमिकताका आधारमा छनौट गरिने ।

२. **स्किम सञ्चालन अवधि :** यो कार्यक्रम नेपाल सरकारले निर्णय गरेबमोजिम अवधिसम्म सञ्चालन हुनेछ ।

३. **लक्षित वर्ग :** ग्रामीण युवा, रोड कोरिडोर लक्षित र वैदेशिक रोजगारबाट फर्किएका विशेषत सम्बन्धित काममा दक्षता हासिल गरेका युवाहरूलाई मानव संसाधनको रूपमा रहेका १८ देखि ५० वर्ष उमेर समूहको व्यवसायहरू । साथै सबै सामाजिक समूहका कृषकहरूलाई प्राथमिकताअनुसार समावेश गराइने छ ।

ख) व्यावसायिक बङ्गुरपालनको वर्गीकरण :

यस स्कीम सञ्चालन गर्नका लागि तपसीलमा बमोजिम ३ किसिमको बङ्गुर फार्महरू वर्गीकरण गरिने छ ।

१) **साना बङ्गुर पालन फार्म :** यस कार्यक्रमको प्रयोजनका लागि खोर निर्माण कार्य पुरा गरी बङ्गुर पालन सुरु गर्न तयारी अवस्थामा रहेको वा पाठा पाठी उत्पादन (Breeding) का लागि भए कम्तीमा ५ वटा र मासु उत्पादन (Fattening) का लागि भए कम्तीमा १५ वटा बङ्गुर पालन गर्नु पर्नेछ ।

२) **मझौला स्तरका बङ्गुर पालन फार्महरू :** प्रत्येक कृषक सदस्यसँग कम्तीमा १५ वटा प्रजनन योग्य माउ बङ्गुर भएको वा मासु उत्पादनका लागि मात्र भए कम्तीमा ४५ वटा पाठापाठीको सङ्ख्यामा व्यवसाय सुरु गरेको साझेदारी फार्म वा निजी व्यवसायीहरूलाई मझौला स्तरका व्यावसायिक फार्महरू मानिने छ ।

३) **समूह व्यावसायिक बङ्गुर पालन फार्महरू :** प्रत्येक सदस्यसँग कम्तीमा ३० वटा प्रजनन योग्य माउ बङ्गुरभन्दा बढी सङ्ख्यामा व्यवसाय सुरु गरेको वा मासु उत्पादनका लागि मात्र भए कम्तीमा ६० वटा पाठापाठीको सङ्ख्यामा व्यवसाय सुरु गरेको साझेदारी फार्म वा निजी व्यवसायीहरूलाई व्यावसायिक बङ्गुरपालन फार्म मानिने छ ।

ग) कार्यक्रमबाट उपलब्ध गराइने रकम :

१) व्यवसाय उन्मुख (साना) बङ्गुरपालन फार्म स्थापना वा सुदृढीकरणका लागि बढीमा रु. १,००,०००.००।- एक लाख मात्र एक पटक ।

२) निजी वा साझेदारी अर्ध व्यावसायिक (मझौला स्तरका) बङ्गुर पालन फार्म स्थापना वा सुदृढीकरणका लागि बढीमा रु. १,२५,०००.००।- एक लाख पच्चिस हजार मात्र एक पटक ।

३) निजी वा साझेदारी अर्धव्यावसायिक (समूह स्तरका) बङ्गुर पालन फार्म स्थापना वा सुदृढीकरणका लागि बढीमा रु. १,५०,०००.००।- एक लाख पचास हजार मात्र एक पटक ।

घ) रकमको उपयोग :

१) यस कार्यक्रमबाट उपलब्ध गराइने रकमले साना बङ्गुर पालन फार्मले बङ्गुरको प्रजनन योग्य उमेरका निर्देशित बङ्गुरहरू खरिद गर्नु पर्ने छ । यो रकमबाट बङ्गुरको भाले, खोर निर्माण तथा सुधार तथा खर्च भएर नजाने उपकरण सामग्री आदीमा खर्च गर्न पाइने छ ।

२) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट मझौला बङ्गुर पालन फार्मले बङ्गुरको प्रजनन योग्य उमेरका बङ्गुरहरू खरिद गर्नु पर्ने छ । यो रकमबाट बङ्गुरको भाले, खोर निर्माण तथा सुधार, बङ्गुरका लागि उपयोग हुने खर्च भएर नजाने उपकरण सामग्री आदिमा मात्र खर्च गर्न पाइने छ ।

३) यस कार्यक्रमबाट उपलब्ध हुने रकमबाट व्यावसायिक बङ्गुर पालन फार्मले बङ्गुरको प्रजनन योग्य उमेरका निर्देशित बङ्गुरहरू खरिद गर्नु पर्ने छ । यो रकमबाट बङ्गुरको खोर मर्मत सम्भार दाना उत्पादन गर्ने ग्राण्डर मिक्चर र बायो ग्याँसमा खर्च गर्न पाइने छ ।

ङ) प्रस्ताव आह्वान : प्रत्येक वर्ष निजी वा साझेदारी व्यावसायिक बङ्गुर फार्महरूबाट अनुसूची १ अनुसार प्रस्ताव आह्वान गरिने छ । उक्त प्रस्तावको आह्वान केन्द्रीय बङ्गुर कुखुरा प्रवर्द्धन कार्यालय हरिहर भवनबाट हुनेछ । इच्छुक युवाहरूले आवेदनका साथमा अनुसूची ३ (ग) बमोजिमको कार्ययोजनासहित प्रस्तावमा संलग्न हुनु पर्ने कागजात अनुसूची २ अनुसार पेश गर्नुपर्नेछ ।

च) प्रस्ताव मूल्याङ्कन :

१) प्रस्ताव आह्वान भएबमोजिम निर्धारित मिति र समयभित्रमा पेश हुन आएका प्रस्तावहरूको सूची सार्वजनिक खरिद ऐन, ऐ.ऐ. नियमावली र प्रचलित आर्थिक नियमावलीअनुसारका पदाधिकारीहरूको रोहवरमा मुचुल्का बनाई सम्बन्धित जिल्ला पशु सेवा कार्यालयहरूले सिफारिससहित सोको विवरण केन्द्रीय बङ्गुर कुखुरा प्रवर्द्धन कार्यालय र पशु उत्पादन निर्देशनालय पठाउनु पर्छ ।

२) च (१) मा प्राप्त प्रस्तावहरूको प्रारम्भिक छानविन, स्थलगत निरीक्षण तथा अनुसूचीमा उल्लेखित आधारहरूलाई समेत लिई मूल्याङ्कन गर्नका लागि तपसीलअनुसारको ३ सदस्यीय मूल्याङ्कन समिति रहने छ ।

मूल्याङ्कन समितिको बनोट :

१. सम्बन्धित जि.प.से.का. को प्रमुख, संयोजक : १ जना

२. केन्द्रीय बङ्गुर कुखुरा प्रवर्द्धन कार्यालय वा पशु उत्पादन निर्देशनालयबाट तोकिएका अधिकृतस्तरको केन्द्रीय प्रतिनिधि सदस्य : १ जना

३. सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको, युवा लक्षित कार्यक्रम हेर्ने फोकल अधिकृत : सदस्य सचिव : १ जना

छ) मूल्याङ्कनका आधारहरू :

मूल्याङ्कनका आधारहरू अनुसूची ५ (ग) मा उल्लेख भएअनुसार हुनेछन् ।

ज) प्रस्तावहरूको स्वीकृति :

१) मूल्याङ्कन समितिले अनुसूची ५ (ग) बमोजिमको ढाँचामा मूल्याङ्कन गरी छनौट भएका प्रस्तावहरू स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश गर्नु पर्नेछ र सोको जानकारी पशु उत्पादन निर्देशनालय र सम्बन्धित केन्द्रीय कार्यालयहरूलाई अनिवार्य रूपमा पठाउनु पर्नेछ ।

२) स्वीकृति वा अनुमोदनका लागि पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश भएका प्रस्तावहरूको सम्बन्धमा कुनै दुविधा भए पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पशु उत्पादन निर्देशनालयको राय तथा सुझाव लिन सक्ने छ ।

३) पशु विकास कार्यदल वा जिल्ला कृषि विकास समितिमा पेश भई स्वीकृति प्रस्तावहरूका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ (क) बमोजिम सम्झौता गर्न दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

परिच्छेद ५

युवा लक्षित पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम

७. युवा लक्षित पशुपन्छी बजार प्रवर्द्धन कार्यक्रम सञ्चालन प्रक्रिया :

क) पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय वा क्षेत्रीय पशु सेवा निर्देशनालय वा जिल्ला पशु सेवा कार्यालयले स्वीकृत वार्षिक कार्यक्रमअनुसार राष्ट्रियस्तरको पत्रिका तथा वेबसाइटमा पशु जन्य उत्पादनहरूको प्रवर्द्धन गर्न प्रथम चौमासिक अवधिभित्र ३५ दिनेको सूचना प्रकाशन गरी तपसीलबमोजिम क्रियाकलाप सञ्चालनका लागि प्रस्ताव माग गर्नेछ ।

१. चिलिङ भ्याट स्थापना तथा सञ्चालन
२. डेरी पसल निर्माण तथा सुधार
३. मासु पसल निर्माण तथा सुधार
४. छाला सङ्कलन
५. स्थानीय स्तरमा जुत्ता तथा छालाका सामग्रीहरू उत्पादन
६. स्थानीय स्तरमा उपलब्ध भेडाको ऊन प्रशोधन तथा सामग्री उत्पादन
७. विविध पशुजन्य उत्पादनहरूको बजारीकरणसम्बन्धी कार्यक्रमहरू

ख) सूचना प्रकाशन भएपश्चात् इच्छुक बेरोजगार युवाहरूले अनुसूची २ अनुसारको निवेदन र अनुसूची ३ (घ) बमोजिम व्यावसायिक प्रस्ताव पशुपन्छी बजार प्रवर्द्धन निर्देशनालय वा क्षेत्रीय पशु सेवा कार्यालयमा पेश गर्नु पर्नेछ ।

ग) प्रस्ताव पेश गर्दा अनुसूची २ अनुसारका कागजातहरू अनिवार्यरूपमा समावेश हुनु पर्नेछ ।

घ) स्वीकृत वार्षिक कार्यक्रम बजेटमा उल्लेखित लक्ष्यका आधारमा सार्वजनिक निजी साझेदारीमा अनुदान वितरण गरिनेछ ।

ङ) प्राप्त हुन आएका प्रस्तावहरू अनुसूची ५ (घ) को आधारमा छनौट र स्वीकृत गरिनेछ ।

च) प्रस्ताव स्वीकृत भए पश्चात् प्रस्तावकसँग अनुसूची ४ (क) अनुसार द्विपक्षीय सम्झौता गरिनेछ ।

छ) कार्य प्रगति र सम्बन्धित कार्यालयको प्राविधिक प्रतिवेदन सन्तोषजनक ठहरेमा अनुदान रकम २ किस्तामा उपलब्ध गराइनेछ । पहिलो ५० प्रतिशत रकम सुरुको ५० प्रतिशत कार्य समाप्त भए पछि र बाँकीको ५० प्रतिशत रकम कार्य सम्पन्न भएपछि उपलब्ध गराइनेछ वा सम्झौता मुताबिकका सम्पूर्ण काम सम्पन्न भइसकेपश्चात् आवश्यक कागजात र बिल भर्पाइको आधारमा एकमुष्ट भुक्तानी दिइनेछ ।

ज) छनौट विधि : प्राप्त प्रस्तावहरू छनौट गर्न तपसीलअनुसारको छनौट समिति गठन गरिने छ ।

सम्बन्धित कार्यालय प्रमुखले तोकेको अधिकृत	: संयोजक
सम्बन्धित कार्यालयको योजना शाखा हेर्ने पदाधिकारी	: सदस्य
सम्बन्धित कार्यक्रम हेर्ने पशु सेवा विभाग, योजना शाखा	: सदस्य
अधिकृत प्रतिनिधिसम्बन्धी अन्य सरकारी निकाय	: सदस्य
अधिकृत प्रतिनिधि केन्द्रीय निकाय (तोकिएको)	: सदस्य

झ) छनोट समितिले नियमानुसारको रित पऱ्याई प्रस्तावहरू मध्येबाट अनुसूची ५ (घ) को आधारमा अनुदानका लागि उपयुक्त प्रस्तावहरूको छनौट गर्नेछ । प्रस्ताव छनौटको क्रममा प्रस्तावकहरूको समान अङ्क हुन आएमा पहिलो दर्ता भएको प्रस्तावकलाई गरिनेछ ।

ञ) छनौट समितिमा पेश भई स्वीकृत प्रस्तावहरूका प्रस्तावकलाई अनुदान प्रदान गर्नका लागि अनुसूची ४ (ख) बमोजिम सम्झौता गर्ने दायित्व सम्बन्धित जिल्ला पशु सेवा कार्यालयको हुनेछ ।

अनुसूची ५ (क)

युवा लक्षित विशेष पशु उत्पादन (व्यावसायिक गाई भैँसी पालन) कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू

क्र.स.	दन	आवेदकको नाम	ठेगाना	प्रस्तावित कार्ययोजना (२५)	व्यवसायको सम्भाव्यता वा उपयुक्त (१०)	अनुभव वा तालिम (१०)	पालिरहेको गाई भैँसी को सङ्ख्या (१०)	घाँस बिकास गरेको वा बिकास गरिने जग्गाको क्षेत्रफल (१०)	वैदेशिक रोजगारबाट फर्केको (१०)	जैबिक तथा पर्यावरणीय सुरक्षा बिधि (१०)	कुल प्राप्ताङ्क (१००)

मूल्याङ्कन समिति पदाधिकारीहरूको :

नाम थर: नाम थर: नाम थर:

पद: पद: पद:

दस्तखत: दस्तखत: दस्तखत:

मिति: मिति: मिति:

अनुसुची ५ (ख)

बाख्रा पालन व्यवसायको प्रस्ताव छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू

क्र.सं.	दन	आवेदकको नाम	ठेगाना	कार्य योजना (१५)	व्यवसायको सम्भाव्यता वा उपयुक्त (१५)	शैक्षिक योग्यता (१०)	वैदेशिक रोजगारबाट फर्केको (१०)	बाख्रापालन वा घाँस खेतीमा तालिम प्राप्त (१५)	पालिरहेको बाख्राको सङ्ख्या (१५)	घाँस खेती गरेको जग्गा र चरनको क्षेत्रफल (२०)	कुल प्राप्ताङ्क (१००)

मूल्याङ्कन समिति पदाधिकारीहरूको :

नाम थर: नाम थर: नाम थर:

पद: पद: पद:

दस्तखत: दस्तखत: दस्तखत:

मिति: मिति: मिति:

अनुसुची ५ (ग)

युवा लक्षित व्यावसायिक बङ्गुर प्रबर्द्धन कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू

क्र.सं.	दन	आवेदकको नाम	ठेगाना	कार्य योजना (२५)	व्यवसायको सम्भाव्यता वा उपयुक्त (२५)	अनुभव वा तालिम (२०)	वैदेशिक रोजगारबाट फर्केको (१०)	पालिरहेको वा व्यवसाय सुरु गर्ने बङ्गुरको सङ्ख्या* (२०)	कुल प्राप्ताङ्क (१००)

मूल्याङ्कन समिति पदाधिकारीहरूको :

नाम थर:

पद:

दस्तखत:

मिति:

नाम थर:

पद:

दस्तखत:

मिति:

नाम थर:

पद:

दस्तखत:

मिति:

* १) खोरको अवस्था : ५ अङ्क

२) दाना पानीको व्यवस्थापन : ५ अङ्क

३) जैविक सुरक्षाको अवस्था : ५ अङ्क

४) बङ्गुरको जात र सङ्ख्या : ५ अङ्क

अनुसुची ५ (घ)

युवा लक्षित व्यावसायिक पशुपन्छी बजार प्रबद्र्धन कार्यक्रम सञ्चालनका लागि छनौट गर्दा अपनाइने मूल्याङ्कनका आधारहरू

मूल्याङ्कनका आधारहरू/अङ्क	२५	२०	१५	१०	कैफियत
शैक्षिक योग्यता	स्नातकोत्तर वा सो भन्दा बढी	स्नातक	प्रमाणपत्र तह	एसएलसी	विदेशबाट फर्केका युवाहरूको हकमा शैक्षिक योग्यताको र विदेश नगएका शिक्षित युवाहरूको हकमा विदेश बसेको अवधिको नम्बर गणना गरिने छैन ।
प्रस्तावसँग मेल खाने सम्बन्धित विषयको तालिम	६ महिनाभन्दा बढीको	३ देखि ६ महिना सम्मको	२ देखि ३ महिना सम्मको	२ महिनाभन्दा बढी	
विदेश बसेको अवधि	४ वर्ष वा सोभन्दा बढी	३ देखि ४ वर्षसम्म	२ देखि ३ वर्ष सम्म	१ देखि २ वर्ष सम्म	
प्रत्यक्ष लाभान्वित हुने सङ्ख्या	३०० परिवारभन्दा बढी	२०० देखि ३०० परिवारसम्म	१०० देखि २०० सम्म	१०० सम्म	

२.६ बाली तथा पशु पन्छी बीमा निर्देशिका, २०६९

परिच्छेद ३

दाबी भुक्तानी

११. दाबी भुक्तानी :

१) बीमकले आफूसमक्ष परेको बाली तथा पशुपन्छी बीमा दाबीको तत्काल छानबिन गरी तिस दिन भित्र दाबी भुक्तानी गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

२) उपनिर्देशन (१) बमोजिम दाबी भुक्तानी गर्दा आफुले ताकेको बाली तथा पशुपन्छी बीमाको दाबीसम्बन्धी आवश्यक कागजात प्राप्त भए पछि सात दिन भित्र छानबिन गराई दायित्व यकिन गरी भुक्तानी गर्नुपर्ने भएमा बीमितलाई भुक्तानी गर्नुपर्छ ।

३) उपनिर्देशन (२) बमोजिम दाबी भुक्तानी गर्दा घटना घटेको समयमा भएको वास्तविक क्षति वा बीमाङ्क रकम जुन कम हुन्छ सो बराबरको रकम मात्र दाबी भुक्तानी गर्नु पर्नेछ ।

४) उपनिर्देशन (३) बमोजिमको कागजात, विवरण तथा सिफारिसबमोजिम दाबी भुक्तानी गर्न नपर्ने भएमा स्पष्ट आधार र कारण खुलाई बीमितलाई लिखित जानकारी दिनुपर्नेछ ।

५) बाली तथा पशुपन्छी बीमा लेखअन्तर्गत कुनै हानी नोक्सानी भएमा त्यस्तो हानी नोक्सानीको निरीक्षण (सर्भे) गर्ने र बीमा लेखको आधारमा क्षतिको मूल्याङ्कन गर्ने कार्य सम्बन्धित बाली तथा पशुपन्छी विशेषज्ञ वा प्राविधिक व्यक्तिद्वारा गराउनु पर्नेछ ।

६) दाबी भुक्तानी सम्बन्धमा कुनै विवाद उत्पन्न भएमा बीमा नियमावली, २०४९ को नियम ३३ बमोजिम बीमा समितिमा उजुरी गर्न सक्नेछ ।

परिच्छेद ४

सुरक्षण हुने बालीको क्षेत्रफल र लागत

१२. बालीको लागत : बाली बीमा गर्दा बाली लगाउँदादेखि बाली पाक्दासम्म लाग्ने लागत मूल्य कृषि मन्त्रालयमार्फत् उपलब्ध गराएको आधारभूत लागत विवरणबमोजिम हुनेछ ।

१३. न्युनतम क्षेत्रफल : प्रत्येक कृषकले सुरक्षण गर्न पाउने बालीको न्युनतम क्षेत्रफल पहाडमा आठ आना (आधा रोपनी) र तराईमा एक कठ्ठा हुनु पर्नेछ । सोभन्दा कमा क्षेत्रफलमा लगाइएको बाली बीमालेख जारी गरिने छैन ।

परिच्छेद ५

सुरक्षण हुने पशुपन्छी धनको अधिकतम बीमाङ्कको सिमा र उमेर

१४. **अधिकतम बीमाङ्क :** बैङ्क तथा वित्तीय संस्थाबाट ऋण लिई खरिद गरेको, आफ्नै गोठमा हुर्केको वा आफ्नै लगानीबाट खरिद गरेको पशुपन्छीधनहरूलाई स्थानीय मूल्यको आधारमा बीमाङ्क रकम देहायबमोजिम हुनेछ :

क) गाईभैँसी

गाई	उन्नत	स्थानीय
बाच्छी (१ वर्षसम्मको)	रु. ३०००.००	रु. १०००.००
बाच्छी (१ वर्षदेखि माथि)	रु. ७५०००.००	रु. २५०००.००
दुधालु	रु. १,५०,०००.००	रु. ५०००.००

वा सोको वास्तविक मूल्य जुन कम हुन्छ सोसम्म ।

भैँसी	उन्नत	स्थानीय
पाडी (१८ महिनासम्मको)	रु. ३०००.००	रु. १५०००.००
पाडी (१८ महिनामाथिको)	रु. ६०००.००	रु. ३०००.००
दुधालु	रु. १,२५,०००.००	रु. ७०००.००

वा सोको वास्तविक मूल्य जुन कम हुन्छ सो सम्म ।

ख) प्रजननका लागि पालिएको प्रति राँगो तथा साढेँको बढीमा रु. ७००००.०० (सत्तरी हजार) वा सोको वास्तविक मूल्य जुन कम हुन्छ सो सम्म ।

ग) ढुवानी वा जोत्नका लागि प्रतिगोरु वा राँगो रु. ४००००.०० (चालिस हजार वा सोको वास्तविक मूल्य जुन कम हुन्छ सोसम्म ।

घ) नाक/चौँरी

बाच्छी	रु.१२०००.००
कोरेली	रु.२५०००.००
दुधालु	रु.५००००.००
वयस्क याक	रु.८००००.००

वा सोको वास्तविक मूल्य जुन कम हुन्छ सो सम्म ।

ङ) मासुका लागि पालिएका भेडा बाख्रा तथा बङ्गुर आदिका पाठाहरूको उमेरअनुसार स्थानीय बजार मूल्य वा बढीमा रु. ८०००.००।– (आठ हजार) हुनेछ ।

च) पाठा पाठी उत्पादनका लागि पालिने माउको मूल्य बढीमा देहायबमोजिम हुनेछ :

बाख्रा र भेडा रु. १०००.००

बङ्गुर रु. १०००.००

छ) मासु, चल्ला तथा अण्डाका लागि पालिने हाँस वा कुखुराको मूल्य देहायबमोजिम हुनेछ :

ब्रोइलर (आठ हप्ताको) (मासु उत्पादन गर्ने)	रु. ४००.००
लेयर्स (अण्डा पार्ने)	रु. ७००.००
ह्याचरी (चल्ला पार्ने)	रु. १२००.००
हाँस (अण्डा पार्ने)	रु. ७००.००
हाँस (मासु उत्पादन गर्ने)	रु. ६००.००

१५. उमेर : पशुधनको बीमायोग्य उमेर (न्युनतम र अधिकतम) देहायबमोजिम हुनेछ :

क) स्थानीय तथा उन्नत जातको गाई २ वर्ष (अथवा पहिलो बेत भएको) देखि १० वर्षसम्म

ख) भैँसी ३ वर्ष (अथवा पहिलो बेत भएको) देखि १२ वर्षसम्म

ग) स्थानीय तथा उन्नत नश्लको बाच्छी/कोरेलो वा पाडीको ६ महिनादेखि २ वर्षसम्म

घ) प्रजननका लागि उन्नत नश्लको साँढे वा राँगो ३ वर्ष देखि ७ वर्षसम्म

ङ) ढुवानी वा जोत्नका लागि गोरु वा राँगा ३ वर्ष देखि १२ वर्षसम्म

च) भेडा, बाख्रा र बङ्गुर ३ महिनादेखि विक्रीका लागि तयार हुन्जेलसम्म ।

स्पष्टीकरण : बाली तथा पशुपन्छीको बीमाङ्कको हकमा प्रत्येक वर्ष तथ्याङ्क हेरी आवश्यक पुनरावलोकन गर्न सकिनेछ तथा यस निर्देशनमा समावेश नभएका बाली, पशुपन्छी तथा अन्य बीमाङ्कको हकमा सम्बन्धित मन्त्रालयमार्फत् उपलब्ध भएको तथ्याङ्कलाई आधार मानी निर्धारण गर्न सकिनेछ ।

१) पशुपन्छीको मूल्य जात र पालिने क्षेत्रअनुसार फरक फरक हुन सक्नेछ ।

२) पशुपन्छीको मूल्याङ्कन गर्दा प्रस्तावित पशुपन्छीको उमेर, स्वास्थ्य स्थिति र उत्पादकत्वको आधारमा गर्नु पर्नेछ ।

३) तर यसरी निर्धारण गरिने मूल्य स्थानीय बजारमा चलेको मूल्यभन्दा बढी हुने छैन ।

४) बीमा गरिएको बाली तथा पशुपन्छीको बीमा अवधि भित्र क्षति भएमा क्षतिको मूल्याङ्कन सम्बन्धित विशेषज्ञ/प्राविधिकबाट गराउनु पर्नेछ ।

बाली तथा पशुपन्छी बीमाको बीमाशुल्क र कमिसनसम्बन्धी व्यवस्था :

क्र.सं.	बाली तथा पशुपन्छी बीमाको किसिम		बीमा शुल्क	कमिशन
१	बाली बीमा		बीमाङ्कको ५ प्रतिशत - प्रति बाली	बीमा शुल्कको १५ प्रतिशत
२	पशु बीमा		बीमाङ्कको ५ प्रतिशत - प्रति बाली	बीमा शुल्कको १५ प्रतिशत
३	पन्छी बीमा*	व्यावसायिक	बीमाङ्कको ६ प्रतिशत - प्रति समूह (व्याच)	बीमा शुल्कको १५ प्रतिशत
		घरपालुवा	बीमाङ्कको ५ प्रतिशत - प्रति समूह (व्याच)	

* बीमा शुल्क गणना गर्दा एक वर्ष भन्दा कम समयमा उत्पादन पुरा हुने पन्छीको हकमा प्रति समूह (व्याच) र एक वर्ष वा सो भन्दा बढी समयमा उत्पादन पुरा हुने पन्छीको हकमा प्रति वर्षका दरले बीमा शुल्क गणना गर्नुपर्नेछ ।

२.७ बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान उपलब्ध गराउने निर्देशिका, २०७०

प्रस्तावना : कृषि तथा पशुपालन व्यवसायमा भएको जोखिमहरू कम गरी ती व्यवसायतर्फ कृषकहरूलाई आकर्षण गर्न र कृषि क्षेत्रमा निजी तथा सहकारी क्षेत्रको लगानी बढाउन र लगानी सुरक्षित गर्न आवश्यक भएको छ । यो आवश्यकतालाई सम्बोधन गर्न नेपाल सरकारको शासकीय तथा आर्थिक सुधारको तत्कालीन कार्ययोजना, २०६९ को कृषि क्षेत्र विकाससम्बन्धी बुँदा ११ मा माछा, पशुपन्छी र कृषि उपजको व्यावसायिक उत्पादनमा जोखिम बीमा गरिदिने र सो बीमाको ५० प्रतिशत अनुदान सरकारले दिने भनि उल्लेख हुनुका साथै नेपाल सरकार, अर्थ मन्त्रालयले जारी गरेको आर्थिक वर्ष २०६९/७० को आय व्ययको सार्वजनिक जानकारी वक्तव्यको बुँदा ३० मा समेत "कृषिको व्यवसायीकरणका लागि जोखिम न्युनीकरण गरी कृषकलाई माछा, पशुपन्छी र कृषि उपजमा गरेको लगानीलाई सुरक्षित गर्न २०६९ माघ १ गते देखि लागु भएको माछा, पशुपन्छी र बाली बीमा कार्यक्रममा सहभागी कृषकहरूले तिरेको बीमा प्रिमियम वापत ५० प्रतिशत रकम नेपाल सरकारले व्यहोर्ने गरी बजेट विनियोजन भएअनुसारको कार्यक्रम कार्यान्यवयन गर्न वाञ्छनीय भएकोले सुशासन (व्यवस्थापन र सञ्चालन) ऐन, २०६४ को दफा ४५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले यो निर्देशिका स्वीकृत गरी लागू गरेको छ ।

परिच्छेद ३

बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रक्रिया तथा अनुगमनको व्यवस्था

८. **बीमा प्रिमियम अनुदान उपलब्ध गराउने प्रक्रिया :** बीमाङ्कको प्रिमियममा अनुदान उपलब्ध गराउँदा देहायबमोजिमको प्रक्रिया अपनाउनु पर्नेछ :

क) वार्षिक कार्यक्रम स्वीकृत भएको हुनुपर्ने : बाली तथा पशुधन बीमाको प्रिमियम बापत दिइने अनुदान रकम वार्षिक कार्यक्रमको सीमाभित्र रही दिइनेछ ।

ख) माछा, पशुपन्छी र कृषि उपजको व्यावसायिक उत्पादन गर्ने व्यक्तिले बीमा अनुदान स्किमअन्तर्गत बाली तथा पशुधनको जोखिम बीमा गर्न बीमा ऐन, २०४९ अन्तर्गत स्थापना भएको बीमा कम्पनीमा निवेदन दिनु पर्नेछ,

ग) उपदफा ख अनुसार प्राप्त निवेदनको आधारमा बाली तथा पशुधनको बीमा सम्बन्धित बीमा कम्पनीले गर्नेछन् । यसरी बीमा गरिने बाली तथा पशुधनको कुल बीमा प्रिमियम रकमको ५० प्रतिशत रकम बीमितले तिर्नु पर्नेछ र बीमितले बीमा प्रिमियम रकम तिरेको मितिबाट नै बीमा लेख जारी भएको मानिनेछ । हाललाई बीमा प्रिमियम अनुदान स्किमअन्तर्गत प्रतिबीमाङ्कको अधिकतम सीमा रु. १ करोडसम्मको मात्र हुनेछ,

घ) बाली तथा पशुधन बीमा गर्ने कम्पनीले बाँकी ५० प्रतिशत प्रिमियम रकम बाली तथा पशुधान बीमा कोषबाट भुक्तानी लिनु पर्नेछ । सो का लागि बीमा कम्पनीले बीमालेखको प्रतिलिपि र सम्बन्धित कार्यालयको सिफारिस पत्रजस्ता कागजात अनिवार्यरूपमा बीमा गरेको ३० दिनभित्र समितिमा पेश गर्नु पर्नेछ । यसरी पेश हुन आएका कागजातहरू समितिले अध्ययन गरी भुक्तानीको व्यवस्था मिलाउनेछ,

ङ) बीमा गरिने बाली तथा पशुधनको बीमाङ्क रकम निर्धारण, बीमा प्रिमियम रकम निर्धारण, दावी भुक्तानी प्रक्रिया र बीमासम्बन्धी अन्य व्यवस्थाहरू बाली तथा पशुपन्छी बीमा निर्देशन, २०६९ र सम्बन्धित बीमा लेखमा उल्लेख भएबमोजिम हुनेछ ।

भाग ३

वनमा आधारित लघु उद्यमसम्बन्धी व्यवस्थाहरू

३.१ वन नीति, २०७१

वन ऐन, २०४९, वन नियमावली, २०५१, कार्य सञ्चालन निर्देशिका, वन क्षेत्र नीति आदिमा गरिएको व्यवस्थाले सामुदायिक वनको अवधारणालाई संस्थागत गरेको छ । यी कानुनी व्यवस्थाहरूले सामुदायिक वन उपभोक्ता समूहको अवधारणालाई एक स्वतन्त्र, स्वायत्त तथा स्वशासित संस्थाको रूपमा वैधानिकता दिएकाले उपभोक्ता समूहका सदस्यहरू राष्ट्रिय वन संरक्षण तथा व्यवस्थापनमा जिम्मेवार बनेका छन् । सामुदायिक वनका साथै कबुलियती वनका कार्यक्रमहरूमा समेत गरिबी निवारणलाई उच्च महत्त्व दिइएको छ ।

कबुलियती वन नीति, २०५८ मा क) व्यापारिक वन उद्यम, ख) पर्यापर्यटन उद्यम ग) गरिबीको रेखामुनि रहेका परिवारहरूलाई जग्गा लिजमा उपलब्ध गराउने प्रावधान रहेको छ । साथै विपन्न परिवारलाई अन्य आर्जनका क्रियाकलापमा अवसर प्रदान गर्न कबुलियती वन र जीवनस्तर सुधार कार्यक्रमलाई निरन्तरता दिइने र सजीवनको व्यावसायिक उत्पादनका लागि विशेष कार्यक्रम कार्यान्वयन गरिने जस्ता नीतिगत प्रावधानहरूको पनि व्यवस्था छ ।

३.२ निजी वन विकास निर्देशिका, २०६८

६. निजी जग्गामा भएका गैरकाष्ठ उत्पादन हुने रुखहरू तथा जडिबुटी खेती :

यस परिच्छेदमा अन्यत्र जेसुकै भए तापनि कुनै संस्था वा कृषकले आफ्नो निजी जग्गामा लगाइएका गैरकाष्ठ वन पैदावार उत्पादन हुने रुख वा जडिबुटी खेती दर्ता गर्न चाहेमा नजिकैको रेन्ज पोष्ट वा ईलाका वन कार्यालयमा सम्भावित वार्षिक उत्पादनको जानकारी सहित निवेदन दिन सक्ने छन् । यसरी प्राप्त निवेदन उपर आवश्यक जाँचबुझ गरी लगाइएका निजी वृक्ष वा जडिबुटीलगायतका अन्य वन पैदावारको अभिलेख सहित निशुल्क दर्ता गर्नु पर्नेछ । यस्ता निवेदकहरूले उत्पादन गर्ने रुख वा जडिबुटी खेतीबाट हुन सक्ने सम्भावित वार्षिक उत्पादनको विवरण रेन्ज पोष्ट इलाका वन कार्यालय अद्यावधिक राखी जिल्ला वन मन्त्रालयमा जानकारी दिनुपर्दछ ।

परिच्छेद ५

निजी वन समूह र सहकारी गठन तथा दर्ता

११. निजी वन समूह र सहकारी गठन तथा दर्ता :

क) कम्तीमा ७ जना दर्ता गर्न भएका निजी वन धनी मिली एउटा निजी वन समूह गठन गर्न सक्नेछन् । त्यसरी गठन गरिएको निजी वन समूहले "निजी वन समूह" दर्ताका लागि अनुसूची ८ बमोजिमको ढाँचामा जिल्ला वन कार्यालयमा निवेदन दर्ता गर्न सक्नेछन् ।

ख) निजी वन समूह दर्ता निवेदन दिँदा समूहको विधान तथा निजी वन समूहको कार्ययोजनासमेत संलग्न गर्नु पर्नेछ । कार्ययोजना तयार गर्दा अनुसूची ९ मा उल्लेख गरिएका बुदाँहरू संलग्न गर्नु पर्नेछ ।

ग) निजी वन समूह गठन गर्न परेको निवेदनउपर जिल्ला वन कार्यालयले पन्ध्र दिनभित्र प्रतिवेदन पेश गर्ने गरी आफ्ना कर्मचारीमार्फत् छानबिन गराउन सक्नेछ ।

घ) छानबिन प्रतिवेदन प्राप्त भएको ७ दिनभित्र जिल्ला वन कार्यालयले समूह दर्ता गरी अनुसूची १० बमोजिमको ढाँचामा निवेदकलाई प्रमाणपत्र दिनु पर्नेछ । दर्ता गर्न नमिल्ने भए आवश्यक कारण सहित निवेदकलाई ७ दिनभित्र गराउनु पर्दछ ।

ङ.) उपदफा घ बमोजिम जानकारी प्रप्त भई निवेदकलाई चित्त नबुझेमा जानकारी प्राप्त भएको १५ दिनभित्र सम्बन्धित क्षेत्रीय वन निर्देशकसमक्ष उजुरी दिन सक्नेछन् ।

च) दर्ता भएको समूहले पेश गरेको विधान तथा कार्ययोजनाअनुसार कार्यक्रमहरू सञ्चालन गर्नु पर्नेछ ।

छ) उजुरी प्राप्त भएको मितिले ३० दिनभित्र क्षेत्रीय वन निर्देशकले छानबिन गरी निर्णय दिनु पर्नेछ । उक्त निर्णय अन्तिम हुनेछ ।

ज) विभिन्न समूहहरू मिली निजी वन समूह सञ्जाल गठन गर्न सक्नेछन् । यस्तो सञ्जाल (Network) लाई जिल्लास्तरमा जिल्ला वन कार्यालयले, क्षेत्रीय स्तरमा क्षेत्रीय वन निर्देशनालयले र राष्ट्रिय स्तरमा वन विभागले सूचीकृत गरिदिने छन् ।

१२. निजी वन समूह र सहकारी गठन तथा दर्ता :

क) निजी वन धनीहरू वा समूहहरू मिली सहकारी ऐन, नियमअनुसार सहकारी गठन तथा दर्ता गर्न सक्ने छन् ।

ख) सहकारी गठन तथा दर्ता हुनुभन्दा अगाडि निजी वन कार्ययोजना अनुसूची ९ मा उल्लेखित बुँदाहरूको आधारमा तयार भएको हुनु पर्नेछ ।

ग) गठन गरिएको निजी वन सहकारीले सहकारी ऐन, नियमअनुसार क्रियाकलाप गर्न पाउने छन् । तर यसको जानकारी सम्बन्धित जिल्ला वन कार्यालयमा दिनु पर्नेछ ।

घ) गठन भएको निजी वन सहकारीले कार्ययोजनाअनुसार जिल्ला वन कार्यालयसँग समन्वय राखी निजी वनसम्बन्धी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ ।

परिच्छेद ६

निजी वन व्यवस्थापन तथा प्राविधिक सहयोग

१३. निजी वन व्यवस्थापन तथा प्राविधिक सहयोग क्षेत्रहरू :

क) निजी वन व्यवस्थापन तथा सम्बद्र्धन गर्ने कार्यको जिम्मेवारी निजी वन धनीको नै हुनेछ । तर यस सम्बन्धमा निजी वन धनीले आवश्यक प्राविधिक सहयोग माग गरेमा जिल्ला वन कार्यालय तथा अन्तर्गतका निकायले त्यस्तो सहयोग उपलब्ध गराउनु पर्नेछ । निजी वन धनीले यस सम्बन्धमा अन्य निजी, सरकारी तथा गैर सरकारी सङ्घ/संस्थाहरूबाट समेत प्राविधिक सहयोग लिन सक्ने छन् ।

ख) जिल्ला वन कार्यालयसँग आबद्ध भएका सङ्घ, संस्था तथा व्यक्तिहरूले उपलब्ध गराएका वनसम्बन्धी प्राविधिक सहयोगको गुणस्तर नियन्त्रण कार्य दफा १६ बमोजिमको प्राविधिक समितिले गर्नेछ ।

ग) निजी वन व्यवस्थापनका लागि प्राविधिक सहयोगका क्षेत्रहरू निम्नानुसार रहने छन् ।

- बिउ/बिजन/विरुवाको पहिचान, सङ्कलन तथा उत्पादन
- नर्सरी व्यवस्थापन
- निजी वन स्थापना गर्ने क्षेत्र सर्वेक्षण तथा प्रजातिको पहिचान
- निजी वन वृक्षरोपण, पुनरोपण गोडमेल तथा सम्बर्द्धन
- रोग निदान
- कृषि वन प्रणाली
- निजी वनको रुख कटान तथा अन्य वन पैदावारको सदुपयोग
- निजी वनको स्रोत सर्वेक्षण तथा मूल्याङ्कन
- वन पैदावारको बजार पहिचान, व्यवस्थापन तथा मूल्याङ्कन
- अन्य प्राविधिक सहयोग

१४. प्राविधिक सहयोग प्रदान गर्ने निकाय :

निजी वन विकासका लागी निम्न निकायले प्राविधिक सहयोग उपलब्ध गराउन सक्नेछ ।

क) जिल्लास्तर :

- जिल्ला वन कार्यालय र अन्तर्गतका निकाय
- जिल्ला भू-संरक्षण कार्यालय
- जिल्ला वनस्पति कार्यालय
- वनसम्बन्धी कार्य गर्ने गैर सरकारी संस्था
- वनसम्बन्धी कार्य गर्ने परियोजना/आयोजना
- वन प्राविधिकहरूको संस्था
- वन अनुसन्धानसम्बन्धी फिल्ड कार्यालय
- राष्ट्रिय निकुञ्ज तथा आरक्षण कार्यालय
- वन उपभोक्ता समूह/सञ्जालहरू

ख) क्षेत्रीय तथा केन्द्रस्तर :

- क्षेत्रीय वन निर्देशनालय
- क्षेत्रीय वन बिउ केन्द्र
- वन विभाग
- वनस्पति विभाग
- वन अनुसन्धान तथा सर्वेक्षण विभाग
- भू तथा जलाधार संरक्षण विभाग
- राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग
- वनसम्बन्धी कार्य गर्ने परियोजना/आयोजना
- वनसँग सम्बन्धित सञ्जालहरू

१५. सहयोग र शुल्कसम्बन्धी व्यवस्था :

क) बिरुवा उत्पादन गर्न आवश्यक पर्ने सामग्री (पोलिथिन ब्याग, किटनाशक औषधी, औजार, बिउ बिजन आदि) जिल्ला वन कार्यालयले उपलब्ध गराउन सहयोग गर्न सक्नेछ ।

ख) प्राविधिक सेवा उपलब्ध गराए वापतको सेवा शुल्क तोक्न वा सम्बन्धित निकायमा सिफारिस गर्न तथा अन्य आवश्यक कुराहरूको व्यवस्था गर्न दफा १६ बमोजिम गठित प्राविधिक समितिले तोकेबमोजिम हुनेछ ।

परिच्छेद ९

निजी वन पैदावारको कटानी, ढुवानी तथा इजाजतसम्बन्धी व्यवस्था

२१. निजी वनको रुख कटानी :

क) दर्ता भएको निजी वन धनीले आफ्नो निजी वनको रुख कटानी गर्नुपर्ने भएमा सम्बन्धित गाँउ विकास समिति वा नगरपालिकाको सिफारिस साथ कटान गर्नुभन्दा एक दिन अगाडि जिल्ला वन कार्यालय वा इलाका वन कार्यालय वा रेन्ज पोष्टलाई जानकारी दिई कटान गर्न सक्नेछ ।

ख) व्यावसायिक प्रयोजनका लागि कटान गरिएका रुखहरूको सङ्ख्या, प्रजाति, आयतनको जानकारी जिल्ला वन कार्यालयमा निजी वन धनीले उपलब्ध गराउनु पर्नेछ ।

ग) दर्ता नभएको निजी वन, राष्ट्रिय वन, ऐलानी, पर्तिसँग जोडिएको भएमा सम्बन्धित रेन्ज पोष्टबाट छानबिन गराई मात्र कटान गर्नु पर्नेछ । छानबिनको क्रममा रेन्जरले अमिनको आवश्यकता ठानेमा अमिन झिकाई छानबिन प्रक्रिया पुरा गर्नु पर्नेछ । कटान गर्नुपर्ने रुखमा निजी वन धनीले साङ्केतिक चिन्ह लगाउनु पर्नेछ ।

घ) उपदफा (ग) अनुसार अमिनको आवश्यकता परेमा जिल्ला वन कार्यालयको सिफारिसमा नापी शाखाले निवेदकबाट प्रचलित कानुनबमोजिम दस्तुर लिई प्राविधिक सेवा उपलब्ध गराउनु पर्नेछ ।

ङ) निजी वनको रुख कटान गर्न अनुसूची ४ बमोजिमको ढाँचामा जिल्ला वन कार्यालयले निवेदकलाई इजाजत दिनु पर्नेछ ।

च) कटान गरिएका रुखबाट तयार पारिएका गिण्डा तथा दाउराको नाप पैमाइस अनुसूची ५ बमोजिम तयार गर्नु पर्नेछ ।

२२. निजी वनको काठ, दाउरा, गैरकाष्ठ वन पैदावार ढुवानी र इजाजत :

क) निजी वन धनीले आफ्नो निजी वनको काठ, दाउरा निजी वन रहेकै ठाउँमा प्रयोग गर्नु पर्दा जिल्ला वन कार्यालयको इजाजत लिनु पर्ने छैन ।

ख) दर्ता गरिएको निजी वन धनीले निजी वनको काठ, दाउरा जिल्लाभित्र ओसार पसार गर्दा गाउँ विकास समिति वा नगरपालिकाको सिफारिस लिई गर्न सक्नेछ । यसरी ओसार पसार गर्ने काठ दाउराको लागत सम्बन्धित रेन्ज पोष्टबाट प्रमाणित गराएको हुनु पर्नेछ ।

ग) दर्ता नभएको निजी वनको काठ दाउरा जिल्ला भित्र ओसार पसार गर्न सम्बन्धित रेन्ज पोष्टको सिफारिसमा जिल्ला वा इलाका वन कार्यालयको इजाजत लिनु पर्नेछ ।

घ) निजी वनको काठ दाउरा जिल्ला बाहिर ओसार पसार गर्न सम्बन्धित रेन्ज पोष्ट वा इलाका वन कार्यालयको सिफारिसमा जिल्ला वन कार्यालयको इजाजत लिनु पर्नेछ ।

ङ) जिल्ला वन कार्यालयबाट प्रमाणित ऐलानी पर्ति तथा सरकारी वन क्षेत्रमा नपाइने प्रजातीका काठ दाउराको ओसार पसार जिल्ला भित्र गर्दा कसैको इजाजत लिइ रहनु पर्ने छैन ।

च) जिल्ला वन कार्यालयबाट प्रमाणित ऐलानी पर्ति तथा सरकारी वन क्षेत्रमा नपाइने प्रजातिका काठ दाउराको ओसार पसार जिल्ला बाहिर गर्नु पर्दा जिल्लामा रहेको चेक पोष्टमा काठ दाउराको लगत दरपीठ गराई लैजान सकिनेछ । सोको लागत अनुसूची ५ अनुसार निजी वन धनीले तयार गरी जिल्ला वन कार्यालयमा पेश गर्नु पर्नेछ ।

छ) निजी वनबाट उत्पादित काठ दाउराको लगत रेन्ज पोष्टमार्फत् जिल्ला वन कार्यालयमा बुझाउनु गर्नु पर्नेछ ।

ज) इजाजत पत्रको साथमा निजी वनको काठ दाउराको प्रजाति, थान, नाप साइज, जम्मा परिमाण आयतन अनुसूची ५ बमोजिम संलग्न हुनु पर्नेछ ।

झ) जिल्ला बाहिर ओसार पसार गर्ने निजी वनको काठमा जिल्ला वन कार्यालयले टाँचा लगाई अनुसूची ६ बमोजिमको ढाँचामा इजाजत दिनु पर्नेछ ।

ञ) निजी वनको काठ दाउरा ओसार पसार गर्नका लागि सर्म्पूण प्रक्रिया पुरा गरी जिल्ला वन कार्यालयमा दर्ता भएको मितिले तिन दिनभित्र इजाजत दिनु पर्नेछ ।

ट) निवेदकले इजाजत प्राप्त गरेको सात दिनभित्र ओसार पसारको प्रक्रियाहरू गरी इजाजत पत्रमा तोकिएको मितिमा सक्नु पर्नेछ ।

ठ) जडीबुटी तथा अन्य गैर काष्ठ वन पैदावारको हकमा जिल्ला वन कार्यालयले अनुसूची ७ बमोजिमको ढाँचामा इजाजत पत्र दिनु पर्नेछ ।

ड) यस निर्देशिकाको परिच्छेद २ को ६ अनुसार दर्ता भएका गैर काष्ठ वन पैदावार उत्पादन हुने रुखहरू तथा जडिबुटी खेतीबाट उत्पादित पैदावार सम्बन्धित जग्गा धनीले आफ्नो क्षेत्रको रेन्ज पोष्ट वा इलाका वन कार्यालयमा जानकारी दिई कटान मुछान तथा बेचबिखन गर्न सक्नेछ । यसरी कटान तथा सङ्कलन गरिएका पैदावारहरू कृषक वा संस्थाले दिएको निवेदनको आधारमा परिच्छेद २ (६) बमोजिमको अभिलेखसँग भिडाई जिल्ला वन कार्यालयले छोडपुर्जी दिने व्यवस्था गर्नेछ ।

२३) म्याद थपसम्बन्धी व्यवस्था :

क) इजाजत लिई ओसार पसार गर्नुपर्ने निजी वनका काठ दाउराको म्याद समाप्त भई म्याद थप गर्न माग आएमा इजाजत दिने अधिकारीले उचित कारण बुझी बढीमा ३० दिनसम्मको म्याद थप दिनसक्ने छ ।

ख) ओसार पसार गर्दा बाटोमा उचित कारणवश रोकिन गई म्याद समाप्त भएमा रोकिएको जिल्लाको जिल्ला वन कार्यालयबाट म्याद थप गराई लैजानु पर्नेछ ।

२४) अन्य व्यवस्था :

- यस परिच्छेदमा भएको व्यवस्था निजी वनबाट उत्पादित जडीबुटी तथा अन्य वन पैदावारमा पनि लागु हुनेछ । तर काठ दाउराका लागि मात्र आकर्षित हुने दफा जडीबुटीको हकमा लागू हुने छैन ।
- वन विकासमा संलग्न मान्यता प्राप्त संस्था तथा व्यक्तिलाई पुँजीगत अनुदान उपलब्ध गराई सञ्चालन गरिने कार्यहरू
- जडीबुटी तथा गैर काष्ठ बिरुवा रोपण/पुनःरोपण सहयोग
- सामुदायिक तथा सार्वजनिक जग्गामा सङ्घ सस्था तथा व्यक्तिलाई, समुदायलाई ढुवानी, वृक्षरोपण तथा व्यवस्थापन सहयोग
- निजी कृषक तथा उद्यमीलाई प्रति विरुवा रु. ३ का दरले ढुवानी, वृक्षरोपण सहयोग अनुदान
- निजी जग्गामा रोपणका लागि गरिब तथा विपन्न वर्गलाई रु. ५ का दरले ढुवानी तथा वृक्षरोपण सहयोग अनुदान
- उद्यम विकास तथा बजारीकरणसम्बन्धी उद्यमीहरूलाई तालिम (आयमूलक जडीबुटी खेतीसम्बन्धी)
- जडिबुटी सङ्कलन/भण्डारण/प्रशोधन केन्द्र स्थापना तथा सञ्चालनमा अनुदान सहयोग
- गैरकाष्ठ वन पैदावारमा आधारित वन उद्यम विकास सहयोग (सिस्नु पाउडर, बेतबाँस, निगालो, अम्रिसो, बायो ब्रिकेट, पङ्खे चुलो, कार्भिङ) तालिम/गोष्ठी/कोचिङ/बैठक
- क्षमता विकाससम्बन्धी तालिम
- फोकल टिम बैठक- जिल्लास्तर
- पकेट क्षेत्र स्तरीय फोकल टिम बैठक
- जडिबुटी खेती विस्तार तथा व्यवस्थापनसम्बन्धी फिल्ड स्तरीय कोचिड.
- जडिबुटी सङ्कलनकर्ता, मध्यस्थकर्ता तथा व्यापारीबिच अन्तरक्रिया गोष्ठी
- जडिबुटी दिगो संरक्षण तथा सङ्कलनसम्बन्धी फिल्डस्तरमा सङ्कलनकर्ताहरूसँग अन्तरक्रिया गोष्ठी
- कार्यक्रमको क्षेत्र स्तरीय वार्षिक पूर्व योजना तर्जुमा गोष्ठी
- सिप विकाससम्बन्धी तालिम तथा पुँजी सहयोग
- जडिबुटी सङ्कलन, भण्डारण तथा प्रशोधन तालिम
- जडिबुटी खेती विस्तार तथा व्यवस्थापन तालिम
- उद्यम विकास तथा बजारीकरणसम्बन्धी उद्यमीहरूलाई तालिम
- बायो ब्रिकेट तालिम तयारी सामग्री सहयोग

अनुसूची ४

निजी वन कटानी इजाजत पत्र

नेपाल सरकार

वन तथा भू संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय

.....

मितिः

श्री.....

.....

विषयः कटानी इजाजत सम्बन्धमा

तपाई/तपाईहरूले मिति.....मा दिएको निवेदनमा यस कार्यालयबाट छानबिन हुँदा ..... गा.वि.स./न.पा./वडा नं.:.....स्थित कित्ता नं.....मा रहेको वन पैदावर निजी वनको भएबमोजिम तपसिलमा उल्लेखित रुख कटान गर्नका लागि इजाजत दिइएको छ ।

तपसिल

सि.न.	प्रजाति	गोलाई	उचाइ	कटान गर्ने रुख सङ्ख्या	कैफियत
१					
२					
३					
४					
५					

.....

(जिल्ला वन अधिकृत)

बोधार्थः

१. श्री.....इलाका वन कार्यालय/रेन्जपोष्ट

२. श्री.....गाविस/नगरपालिका

३. श्री.....निजी वन समूह सञ्जाल

अनुसूची ५

निजी वनबाट उत्पादित काठ, दाउरा, वा अन्य वन पैदावारका तेरिज फाराम

गाविस/नगरपालिका ..... वडा नं. ..... कित्ता नं ..... मा रहेको निजी वनबाट उत्पादित..... च.नं..... मिति ..... का इजाजत पत्रनानुसारको गोलियो काठ/चिरान/अन्य वन पैदावर थान.....को .....घन फिट/घन मिटर निम्नानुसार नाप साइजका गोलिया काठ/चिरान/अन्य वन पैदावरको विवरण तेरिज फाराम

क्र.सं.	प्रजाति	किसिम	नाम साइज	थान	इकाइ	परिमाण	कैफियत

तेरिज तयार गर्ने दस्तखत:

नाम:

पद:

मिति:

अनुसूची ६

निजी वनको वन पैदावर (काठ, दाउरा) निकासी इजाजत पत्र

नेपाल सरकार

वन तथा भू संरक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय

.....

मिति :

च.नं.

विषय: निकासी इजाजत पत्र ।

श्री.....

.....

तपाईं/तपाईंहरूको मागअनुसार ..... सम्म लैजान मिति ..... को नापी बीमाको अनुसार ..... टाँचा निसान लागेको तपसीलबमोजिम ..... निजी वनको वन पैदावर.....दिनभित्र ..... बाट ..... सम्म उठाई लैजान यो इजाजत पत्र दिइएको छ ।

तपसिल

क्र.सं.	कि.नं. र ठेगाना	वन पैदावर प्रजाति	किसिम (काठ/ दाउरा/अन्य वन पैदावर)	थान	इकाइ	परिमाण	कैफियत
	जम्मा						

.....

जिल्ला वन अधिकृत

बोधार्थ:

१. जिल्ला वन कार्यालय.....चेक पोष्ट/रेन्ज पोष्ट (प्रस्थान बिन्दु)

२. जिल्ला वन कार्यालय.....चेक पोष्ट (पहुँच बिन्दु)

अनुसूची ७

जडिबुटी निकासी इजाजत पत्र

श्री.....

.....

मिति ..... को तपाईंको मागअनुसार तपसिलबमोजिमको गाविस/नगरपालिका ..... कित्ता नम्बर ..... निजी वन जडिबुटी..... दिनभित्र ..... स्थानबाट ..... स्थानसम्म उठाई लैजाने गरी यो इजाजत पत्र दिइएको छ ।

तपसिल

क्र.सं.	जडिबुटीको नाम	इकाइ	परिमाण	कैफियत
	जम्मा			

.....

जिल्ला वन अधिकृत

बोधार्थः

१. जिल्ला वन कार्यालय.....चेक पोष्ट/रेन्ज पोष्ट (प्रस्थान बिन्दु)

२. जिल्ला वन कार्यालय.....चेक पोष्ट (पहुँच बिन्दु)

अनुसूची ८

निजी वन समूह दर्ता निवेदनको ढाँचा

श्री जिल्ला वन अधिकृत,

जिल्ला वन कार्यालय.....

.....

निजी वन निर्देशिका २०६५ मा भएको व्यवस्थाबमोजिम निजी वन समूहको गठन गरी समूह दर्ता गरी पाउन समूहको विधान तथा कार्ययोजना संलग्न गरी पेश गरेका छौं । समूह दर्ता गरी सोको जानकारी पाउन अनुरोध छ ।

निवेदक

.....निजी वन समूहको तर्फबाट

क्र.सं.	नाम	ठेगाना (गाविस/न.पा. वडा, टोल)	पद	कैफियत
१				
२				
३				
४				
५				

अनुसूची ९

निजी वन समूहको कार्ययोजनामा समावेश गर्नु पर्ने बुँदाहरू

१. भूमिका

२. पृष्ठभूमि

२.१ निजी वन समूहको नाम र ठेगाना

२.२ निजी वन धनीको सङ्ख्या

२.३ निजी वनले ओगटेको क्षेत्रफल -कित्ता नं. समेत

२.४ निजी वन समूहको कार्य क्षेत्र (संलग्न गाविस/न.पा. वडा, टोल)

३. निजी वन स्थापनाको उद्देश्य

४. निजी वनको हालको अवस्था

५. निजी वनमा ५ वर्ष भित्र गरिने कृयाकलाप योजना

६. निजी वनमा आवश्यक पर्ने प्रावधिक सहयोगको किसिम

७. निजी वनबाट प्राप्त हुने उपलब्धि तथा फाइदाहरू

८. अनुगमन तथा मूल्याङ्कनको व्यवस्था

९. विविध

अनुसूची १०

निजी वन समूह दर्ताको प्रमाण पत्रको ढाँचा

नेपाल सरकार

वन तथा भू सरंक्षण मन्त्रालय

वन विभाग

जिल्ला वन कार्यालय

.....

मिति :

दर्ता नं.

श्री.....निजी वन समूह

.....

यस कार्यालयको मिति.....को निर्माणअनुसार निजी वन निर्देशिका २०६५ ले दिएको अधिकार प्रयोग गरी त्यस समूहलाई दर्ता गरी यो प्रमाण पत्र दिइएको छ ।

निजी वन समूहको विवरण

१. समूह रहेको ठेगाना :

२. समूह सदस्य सङ्ख्या :

३. निजी वनहरूले ओगटेको क्षेत्रफल :

४. निजी वन समूहको कार्य क्षेत्र (संलग्न गाविस/न.पा. वडा, टोल) :

प्रमाण पत्र दिने अधिकृतको

दस्तखत:

नाम:

दर्जा:

मिति:

(द्रष्टव्य: यो प्रमाण पत्र हराएमा, च्यातिएमा वा नासिएमा अर्को प्रमाणपत्र लिन पच्चिस रूपैया दस्तुर लाग्नेछ ।)

३.३ सुनाखरी सङ्कलन तथा खेती विकास कार्यविधि निर्देशिका, २०६९

परिच्छेद ५

सुनाखरीको व्यावसायिक खेती

१.२ सुनाखरीको व्यासायिक खेती विकाससम्बन्धी व्यवस्था :

(१) उद्योग वा सुनाखरी सङ्कलन एवम् प्रशोधन गर्न सक्नेछ । खेती गर्न खोजिएको प्रजातिको पहिचान वनस्पति विभागबाट गराई सोको विस्तृत व्यावसायिक योजना तयार गरी वनस्पति विभागको प्राविधिक सिफारिससहित सो योजना वन विभागबाट स्वीकृत गराउनु पर्नेछ । स्वीकृत व्यावसायिक योजनामा उल्लेखित सुनाखरी प्रजातिका माउ विरुवा नियमावलीमा तोकिएबमोजिमको राजस्व तिरी प्राप्त गर्न र साइटिस महासन्धिका प्रावधान पुरा गरी विदेशबाट आयात गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम सुनाखरी प्रजातिको खेती विस्तार गरी बेर्ना उत्पादन गर्न व्यावसायिक योजनामा उल्लेख भएबमोजिम तन्तु प्रजननलगायतका अन्य जैविक प्रविधि अपनाई बेर्ना उत्पादन गरी ग्रीन हाउसमा हुर्काउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम सुनाखरी प्रजातिको खेती गरी व्यवसाय गर्ने व्यापारिक फर्म वा उद्योगसँग अनिवार्यरूपमा तन्तु प्रजनन पयोगशाला हुनु पर्नेछ । यो प्रजनन प्रयोगशाला तत्काल स्थापना गर्न सम्भव नभएमा नेपालमा उपलब्ध निजी तन्तु प्रजनन् प्रयोगशालासँग सम्झौता गरी बिरुवा उत्पादन गर्नु पर्नेछ । यस्ता व्यापारिक फर्मलाई चाहिने सङ्ख्यामा बेर्ना उत्पादन हुने व्यवस्था गरेपछि मात्रै निकासीका लागि साइटिस अनुमति पत्र वन विभागबाट प्रदान गरिनेछ ।

(४) उपदफा (३) मा उल्लेख भएबमोजिमको प्रविधिबाट उत्पादन गरेको बेर्ना सामुदायिक वन वा निजी वन वा कबुलियति वनमा पाइने रुखको हाँगामा रोपी उत्पादन गर्नका लागि त्यस्ता सामुदायिक वन उपभोक्ताहरूको सहमतिमा सुनाखरी प्रजातिको खेती गर्न इच्छुक व्यक्ति, फर्म वा कम्पनीले त्यसबाट उत्पादित उत्पादनलाई किन्ने प्रत्याभूति हुने गरी करारनामा गर्नु पर्नेछ । खेतीका सम्बन्धमा सम्बन्धित जिल्ला वन कार्यालयलाई सुरुमै जानकारी गराउनु पर्नेछ र सङ्कलित उत्पादनलाई पनि खेती गरी उत्पादन भएको हो भन्ने कुरा सम्बन्धित जिल्ला वन कार्यलयबाट प्रमाणित गराउनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमका उत्पादन गरिएका सुनाखरीको बेर्नालाई ग्रीन हाउस वा बगैँचामा रोपी यथेष्ट मात्रामा उत्पादन भएको छ वा छैन भन्ने कुराको अनुगमन सम्बन्धित जिल्ला वन कार्यालयले गर्नु पर्दछ ।

(६) सामुदायिक वनमा वा ग्रीन हाउस वा सेड हाउसमा रोपी उत्पादन गरिएको उत्पादनमा प्राकृतिक स्थानबाट सङ्कलन गरिएको सुनाखरी मिसाउन पाइने छैन । यसरी मिसाइएमा मिसाउने र मिसाउन सहमति दिने अधिकारीलाई समेत प्रचलित कानुनबमोजिम कारवाही हुनेछ ।

(७) हरेक वर्ष कहाँ कति सुनाखरीको खेती गरिएको छ भनी सम्बन्धित फर्म वा कम्पनीले सम्बन्धित क्षेत्रको जिल्ला वन कार्यालयलाई र वनस्पति विभागलाई जानकारी दिनुपर्नेछ ।

(८) सुनाखरीलाई प्रशोधन गरेर मात्रै निकासी गर्नुपर्नेछ ।

(९) सबै सुनाखरीका प्रजाति साइटिसको अनुसूचीमा पर्ने भएकोले यसको दिगो संरक्षण, सम्बद्र्धन र व्यवस्थापन पक्षमा जोड दिनु पर्नेछ ।

परिच्छेद ६

पुनर्स्थापन कार्य र अनुगमन तथा मूल्याङ्कनसम्बन्धी व्यवस्था

१.३ पुनर्स्थापनको व्यवस्था मिलाउनु पर्ने :

(१) सुनाखरी सङ्कलन कार्यबाट सुनाखरीको दिगो संरक्षण, सम्बद्र्धन र विकासमा पर्न सक्ने प्रतिकूल प्रभावलाई रोक्न तथा यसबाट पर्ने वातावरणीय प्रभावसमेतलाई न्युनीकरण गरी दिगोरूपमा सङ्कलन गर्ने कार्यलाई सुनिश्चित गर्न सम्बन्धित अनुमति प्राप्त उद्योगले जिल्ला वन कार्यालयले तोकिदिएको स्थानमा सुनाखरीको संरक्षण तथा सम्बद्र्धन गर्ने कार्यक्रमहरू सञ्चालन गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम सुनाखरी सङ्कलन गर्न उपलब्ध गराइने वन क्षेत्र सुनाखरी सङ्कलनका लागि उपलब्ध गराइएको क्षेत्र भित्रै वा सो क्षेत्रसँग जोडिएको उपयुक्त स्थानमा जिल्ला वन अधिकृत आफैँले वा निजले खटाएको प्रविधिकले सकभर एउटै स्थानको खोजी गरी उपलब्ध गराउनु पर्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम सुनाखरीको संरक्षण तथा सम्बद्र्धन गर्ने खालका कार्यक्रम सञ्चालन गर्दा लाग्ने सम्पूर्ण खर्च सम्बन्धित उद्योग वा निकायको हुनेछ ।

(४) सुनाखरीको संरक्षण तथा सम्बद्र्धन गर्न तोकिएको वन क्षेत्र भित्र रहेका वा हुर्केका अन्य जैविक स्रोतहरूमा प्रतिकूल असर नपार्ने गरी संरक्षण कार्य गरिराख्नु पर्नेछ ।

(५) जिल्ला वन कार्यलयले सुनाखरीको संरक्षण तथा सम्बद्र्धन गर्ने क्षेत्रको नाप, नक्सा र प्रारम्भिक अवस्थाको चित्रण हुने अभिलेखनको साथै प्रगति विवरणको जानकारीसमेत अद्यावधिक गरी वार्षिक रूपमा सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा दिनुपर्नेछ ।

१.४ अनुगमन तथा मूल्याङ्कन व्यवस्था :

(१) स्रोत सर्वेक्षण, सुनाखरी सङ्कलन गर्ने क्षेत्रको छनौट, सुनाखरी सङ्कलन, ढुवानी, घाटगद्दी एवम् निकासी, सुनाखरीको संरक्षण तथा सम्बद्र्धन गर्न तोकिएको वन क्षेत्रको छनौट गर्नेलगायतका सम्पूर्ण कार्यहरू सम्बन्धित रेन्ज पोष्टको रेन्जरको प्रत्यक्ष निगरानीमा मात्र सञ्चालन गर्नुपर्नेछ । उल्लेखित कार्यहरूको नियमित अनुगमन नगरेमा वा गराउन नसकेमा त्यसको जिम्मेवारी सम्बन्धित रेन्ज पोष्टको रेन्जर, इलाका वन कार्यालयका सहायक वन अधिकृत र जिल्ला वन अधिकृतसमेतमा रहनेछ ।

(२) सुनाखरी सङ्कलन तथा ढुवानीसँग सम्बन्धित कार्यहरूमा कुनै किसिमको अनियमितता देखिएमा तुरुन्त सोको रोकथाम गरी आवश्यक सुधारसमेतको व्यवस्था सम्बन्धित रेन्ज

पोष्ट इलाका वन कार्यलय र जिल्ला वन कार्यालयले गर्नुपर्नेछ । त्यस्तो अनियमितता भएको बारेमा सम्बन्धित जिल्ला वन अधिकृतले कारवाही गरी क्षेत्रीय वन निर्देशक र वन विभागका महानिर्देशकसमेतलाई तुरुन्त जानकारी दिनुपर्नेछ ।

(३) सम्बन्धित जिल्ला वन अधिकृत सुनाखरी सङ्कलन गर्ने कार्यको स्वीकृत प्रारम्भिक वातावरणीय परीक्षण/वातावरणीय मूल्याङ्कन प्रतिवेदनमा उल्लेख भएका प्रावधानहरू लगायत सुनाखरी सङ्कलनसम्बन्धी सम्झौता गरिएको उद्योग वा सुनाखरी सङ्कलन गर्ने निकायहरूले सम्झौताअनुरूप कार्य गरे नगरेको नियमितरूपमा अनुगमन गर्नुपर्नेछ ।

(४) सुनाखरी सङ्कलन तथा विक्री वितरणसम्बन्धी मासिक प्रगति विवरण जिल्ला वन कार्यालयले अनुसूची ४ बमोजिमको ढाँचामा सम्बन्धित क्षेत्रीय वन निर्देशक र वन विभागमा अनिवार्यरूपमा पठाउनु पर्नेछ ।

(५) सुनाखरी सङ्कलनसम्बन्धी कार्यको वार्षिक अनुगमन एवम् मूल्याङ्कन गर्न सम्बन्धित जिल्ला वन अधिकृत वा निजले तोकेको प्राविधिक कर्मचारीले अनिवार्यरूपले स्थलगत निरीक्षण गरी निरीक्षणबाट देखिएको समग्र अवस्था वन क्षेत्रमा परेको समग्र प्रभावसमेतको वास्तविकता खुलेको स्पष्ट र तथ्यपरक स्थलगत प्रतिवेदन तयार गरी सम्बन्धित क्षेत्रीय वन निर्देशनालय र वन विभागमा एक एक प्रति पठाउनु पर्नेछ ।

(६) सुनाखरी सङ्कलन गर्ने सिजन सकिएको तिन महिनाभित्र उपदफा (५) बमोजिम वार्षिक अनुगमन एवम् मूल्याङ्कन गर्ने कार्य सङ्कलन गर्न निकायको प्रतिनिधि र जिल्ला वन कार्यालयको प्रतिनिधिको रोहवरमा सम्बन्धित क्षेत्रीय वन निर्देशक वा निजले तोकेको कर्मचारीले गरिसक्नु पर्नेछ । वार्षिक अनुगमन फारमको नमुना अनुसूची ५ बमोजिम हुनेछ ।

(७) वार्षिक अनुगमन एवम् मूल्याङ्कन गर्दा नियमानुसार गरिनु पर्ने कामहरू भए गरेको नपाइएमा सम्बन्धित उद्योग वा सुनाखरी सङ्कलन गर्ने निकायलाई प्रचलित ऐन नियमानुसार अधिकार प्राप्त अधिकारीले कारवाही गर्नु पर्नेछ ।

३.४ सामुदायिक वन विकास कार्यक्रमको मार्गदर्शन, २०६५

५.५ वनमा आधारित उद्यम विकास :

सामुदायिक वनबाट दाउरा, घाँस, सोत्तर, काठ जस्ता उपभोक्ताका दैनिक आधारभूत आवश्यकता पुरा गर्नुका साथै वनमा आधारित उद्यम सञ्चालन गरेर समूहमा रोजगार तथा आर्थिक उपार्जनको अवसर सिर्जना गरी जीविकोपार्जनमा सुधार ल्याउनु पर्दछ ।

वनमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालनका लागि निम्न कार्यहरू गर्न सकिन्छ :

- उद्यम सञ्चालन तथा व्यवस्थापनको प्रक्रिया निर्धारण गर्ने ।
- वनमा रहेको कच्चा पदार्थहरूबाट सञ्चालन गर्न सकिने सम्भाव्य उद्यमहरूको सूची तयार गर्ने ।

- कुन किसिमको उद्यम सञ्चालन गरेमा फाइदा हुन्छ त्यसको सम्भाव्यता अध्ययन गरी छनौट गर्ने ।
- उद्यम सञ्चालनबाट कुन वर्गको कति जना लाभान्वित हुन सक्छन् लेखाजोखा गर्ने ।
- उद्यमबाट उत्पादन भएको वस्तुको बजारको खोजी गरी यसको खपत सुनिश्चित गर्ने ।
- उद्यम सञ्चालन गर्न सहयोग गर्न सक्ने सरोकारवालाहरूको सूची तयार गर्ने र कसले कस्तो भौतिक, आर्थिक, सिपमूलक सहयोग गर्न सक्दछ जानकारी सङ्कलन गरी सहयोगका लागि पहल गर्ने ।
- वनमा आधारित उद्यमको व्यावसायिक योजना (Business Plan) बनाउने ।
- सम्भाव्यता हेरी पर्यापयर्टन (Eco-tourism) विकास गर्ने ।
- उद्दश्ये मिल्ने समूहसँग सञ्जाल निर्माण गरी सहकार्य गर्न सम्भाव्य क्षेत्रहरूको पहिचान गर्ने ।
- एक सामुदायिक वन एक उद्यमको अवधारणालाई जोड दिने ।

वनमा आधारित उद्यम विकास कार्यक्रम सञ्चालन गर्न सिप, ज्ञान र स्रोतको आवश्यकता पर्न सक्दछ ।

- त्यसका लागि सहयोगी निकायहरूको सहयोग लिन सकिन्छ ।
- गरिब उन्मुख लघु उद्यमको प्रवर्द्धनमा सहयोग गर्ने ।

भाग ४

पर्यटनमा आधारित लघु उद्यमसम्बन्धी व्यवस्थाहरू

४.१ पर्यटन उद्योग सेवा प्रवाह निर्देशिका, २०७०[१]

५५. पथ प्रदर्शक (Trekking Guide/Tour Guide) को इजाजतपत्र एवम् परिचयपत्र जारी गर्ने :

(१) पथ प्रदर्शकको काम गर्न चाहने व्यक्तिले पथ पदर्शक इजाजत एवम् परिचयपत्रका लागि अनुसूची १५ बमोजिमको ढाँचामा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको इजाजतपत्र माग गर्ने सम्बन्धित व्यक्तिले देहायबमोजिमका कागजातसहित रु. १०।- (दस) को टिकट टाँसी महाशाखामा निवेदन दिनु पर्नेछ :

(क) नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठानद्वारा प्रदान गरिएको तालिमको प्रमाण पत्र,

(ख) नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र फोटो तिन प्रति,

(ग) रु. १३५ (एकसय पैँतिस) दस्तुर बुझाएको रसिद,

(घ) टुर गाइडका लागि कम्तीमा स्नातक तह उत्तीर्ण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) अङ्ग्रेजीबाहेक अन्य भाषा उल्लेख गर्नुपर्ने अवस्थामा सोको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा उपदफा (२) बमोजिमका कागजातहरूको आवश्यक जाँचबुझ गरी अभिलेख भिडाई सही ठहरे इजाजतपत्र एवम् परिचयपत्र प्रदान गरिने छ ।

५६. पथ प्रदर्शक (Trekking Guide/Tour Guide) को इजाजतपत्र र परिचयपत्र नवीकरण :

(१) पथ प्रदर्शकको इजाजतपत्र प्राप्त व्यक्तिले इजाजतपत्रको नवीकरण गर्नका लागि म्याद समाप्त भएको पैँतिस दिनभित्र निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन देहायबमोजिमका कागजातसहित रु. १०।- (दस) को टिकट टाँसी महाशाखामा दिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा उपदफा (२) बमोजिमका कागजातहरूको आवस्यक जाँचबुझ गरी अभिलेख भिडाई सही ठहरे इजाजतपत्र एवम् परिचयपत्र प्रदान गरिने छ ।

(क) अनुसूची १६ बमोजिमको प्रगति प्रतिवेदन, फोटो १ प्रति, पुरानो इजाजतपत्र र परिचयपत्र,

(ख) नवीकरण दस्तुर रु. ५०।- (पचास) बुझाएको रसिद,

---

१ नेपाल सरकार, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट स्वीकृति मिति २०७०।०३।३०

(ग) इजाजतपत्रको नवीकरण गर्ने म्याद नाघेपछि नवीकरण गर्न आएमा थप दस्तुर वापत दुई महिनासम्म रु. २५ (पच्चिस), चार महिनासम्म रु. ६० (साठी), छ महिनासम्म रु. १०० (एकसय) र एक वर्षसम्मको भए रु. २५० (दुई सय पचास) र एक वर्षभन्दा बढी अवधि भुक्तान नभएको भए प्रत्येक वर्षका लागि रु. २५० (दुई सय पचास) का दरले थप दस्तुर तिरेको रसिद,

(घ) स्थायी लेखा नं. (PAN) दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,

(ङ) इजाजतपत्रको नवीकरण गर्ने म्याद एक वर्षभन्दा कम बाँकी रहेको अवस्थामा नवीकरण गर्न सकिनेछ ।

५७. पथ प्रदर्शक (Trekking /Tour Guide) को इजाजतपत्र हराएमा नयाँ इजाजतपत्र प्रदान गर्ने :

(१) पथ प्रदर्शकको इजाजतपत्र/परिचय पत्र कुनै कारणले हराएमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निवेदन देहायबमोजिमका कागजातसहित रु. १०।- (दस) को टिकट टाँसी महाशाखामा दिनु पर्नेछ :

(क) पथ प्रदर्शक इजाजतपत्र/परिचयपत्र हराएको स्थानको प्रहरी कार्यालयको सिफारिस पत्र,

(ख) इजाजतपत्र/परिचयपत्रको प्रतिलिपि वापत रु. २५।- (पच्चिस) दस्तुर बुझाएको रसिद,

(ग) फोटो १ (एक) प्रति ।

(३) उपदफा (१) बमोजिम प्राप्त निवेदन तथा उपदफा (२) बमोजिमका कागजातहरूको आवस्यक जाँचबुझ गरी अभिलेख भिडाई सही ठहरे नयाँ इजाजतपत्र एवम् परिचय पत्र प्रदान गरिने छ ।

९२. होमस्टेसम्बन्धी व्यवस्था :

नेपालको ग्रामीण तथा सहरी क्षेत्रमा स्थापना तथा सञ्चालन हुने होमस्टेहरूको दर्ता, वर्गीकरण, नवीकरण, अनुगमन तथा निरीक्षण, व्यवस्थापन तथा सञ्चालनसम्बन्धी व्यवस्था होमस्टे सञ्चालन कार्यविधि, २०६७ मा उल्लेख भएबमोजिम हुनेछ ।

४.२ होमस्टे सञ्चालन कार्यविधि, २०६७

२. परिभाषा: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "होमस्टे" भन्नाले पर्यटकलाई आवास, खाना र अन्य सेवा प्रदान गर्ने उद्देश्यले आफ्नै घर समुदायमा निजी वा सामूहिक रूपमा सञ्चालन गरिएको सेवा सम्झनु पर्छ ।

(च) "होमस्टे इकाई" भन्नाले "होमस्टे सञ्चालन गर्न व्यवस्थापन समितिअन्तर्गत रहेका प्रत्येक घर" सम्झनु पर्छ ।

३. **उद्देश्य :** होमस्टे सञ्चालनका मुख्य उद्देश्य देहायबमोजिमका हुनेछन् :

(क) होमस्टे सञ्चालन गरी पर्यटन क्षेत्रको प्रतिफल ग्रामीण समुदायमा पुऱ्याउने,

(ख) होमस्टे सञ्चालन गरी ग्रामीण क्षेत्रका जनतालाई पर्यटन सेवामा सहभागी गराउने,

(ग) होमस्टे सञ्चालन गरी ग्रामीण समुदायको आयस्रोत वृद्धि गरी जीवनस्तर वृद्धि गर्ने,

(घ) होमस्टे सञ्चालन गरी ग्रामीण तथा स्थानीयस्तरमा स्वरोजगार विकासको माध्यमको रूपमा उपयोग गर्ने,

(ङ) होमस्टे सञ्चालन गरी पर्यटकलाई ग्रामीण जनजीवन साथै संस्कृतिका बारेमा जानकारी दिने,

(च) होमस्टे आवास सुविधा मात्र नभई पर्यटकलाई रितिरिवाज, कला संस्कृति र रहनसहनको उत्कृष्ट अनुभव हासिल गर्ने मौका प्रदान गर्ने,

(छ) सहरी इलाकामा पर्यटकलाई सरल र सहज वातावरणमा बसोबासको व्यवस्था गर्ने ।

४. **होमस्टेको वर्गीकरण :** अनुसूची १ मा उल्लिखित मापदण्ड पुरा गरी अलग/अलग स्वामित्व भएका कम्तीमा पाँचवटा घरधनीले सामूहिक व्यवस्थापन गरी सञ्चालन गरेको होमस्टेलाई सामुदायिक ग्रामीण होमस्टे ग्रामीण तथा सहरी क्षेत्रमा निजीस्तरमा सञ्चालित होमस्टेलाई निजी होमस्टेको रूपमा वर्गीकरण गरिएको छ ।

५. **पर्यटकीय क्रियाकलाप :**

(१) होमस्टेले स्थानीय क्षेत्रमा सञ्चालन हुने सांस्कृतिक कार्यक्रम र क्रियाकलाप, परम्परागत खेलमा सहभागी गराउने, उपलब्ध हुने क्षेत्रमा जङ्गल ट्रेक, इको ट्रेक तथा दृश्यावलोकनको कार्यक्रमको व्यवस्था गर्नु पर्नेछ ।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक होमस्टेले देहायबमोजिमको कार्यक्रमको आयोजना गर्नु पर्नेछ :

(क) स्थानीय सांस्कृतिक नाचगान तथा फुलमालाका साथ पर्यटकको स्वागत गर्ने,

(ख) पर्यटकहरूलाई सामुदायिक भवन वा खुला ठाउँमा मौलिक परम्परा वा संस्कृतिमा आधारित सांस्कृति कार्यक्रमहरूको प्रस्तुति मेला, जात्रा जस्ता गतिविधिहरू आयोजना गरी सहभागी गराउने ।

(ग) सांस्कृतिक सम्पदा, सङ्ग्रहालय, घरेलु तथा हस्तकला सामग्री उत्पादन केन्द्र स्थल, दृश्यावलोकन, जङ्गल, वन्यजन्तु तथा चरा अवलोकन गर्ने व्यवस्था गर्ने,

(घ) स्थानीय कृषि, घरेलु तथा हस्तकला प्रविधि मा सहभागी गराई पर्यटक तथा स्थानीय जनताबिच जीवनशैली, कला संस्कृति आदि विषयमा अनुभव तथा ज्ञानको आदान प्रदान गराउने,

(ङ) पर्यटकको बिदाई गर्दा स्थानीय संस्कृति झल्कने मायाको चिनोसहित फुलमाला पहिराउने ।

६. **दर्ताका लागि निवेदन दिने :**

(१) होमस्टे सञ्चालन गर्न चाहनेले देहायबमोजिमका कागजातसहित अनुसूची २ बमोजिमको ढाँचामा रु. ५।- को टिकट टाँसी महाशाखा वा कार्यालयमा निवेदन दिनु पर्नेछ-

(क) सामुदायिक होमस्टेको हकमा कम्तीमा पाँचजना घरधनीले आ-आफ्नो घरमा सामूहिकरूपमा होमस्टे सञ्चालन गर्न सहमत भएको लिखित प्रतिबद्धता तथा निजी होमस्टका लागि सम्बन्धित नगरपालिका वा गाउँ विकास समितिको सिफारिस,

(ख) जग्गा धनी प्रमाण पूर्जाको प्रतिलिपि । नगरपालिका क्षेत्रको हकमा नक्सा पास भएको प्रमाण,

(ग) होमस्टे सञ्चालकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।

(२) उपदफा (१) बमोजिमको निवेदन परेमा महाशाखा वा सम्बन्धित कार्यालयले आफ्नो संयोजकत्वमा नेपाल पर्यटन बोर्ड, सम्बन्धित गाउँ विकास समिति/नगरपालिका, स्थानीय स्वास्थ्यकर्मीसमेतको प्रतिनिधिले निरीक्षण गरी अनुसूची १ बमोजिमको मापदण्ड पुरा भए/नभएको निरीक्षण गरी महाशाखा वा सम्बन्धित कार्यालयमा प्रतिवेदन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको निरीक्षणबाट अनुसूची १ बमोजिमको मापदण्ड पुरा भएको प्रतिवेदन प्राप्त भएमा महाशाखा वा सम्बन्धित कार्यालयले प्रत्येक होमस्टेलाई एकाइको रूपमा दर्ता गरी अनुसूची ३ बमोजिमको ढाँचामा होमस्टे दर्ता प्रमाणपत्र दिनेछ ।

(४) मापदण्ड पुरा नगरेकाको हकमा आवश्यक सुधार गर्न समय दिइनेछ र पुनः स्थलगत निरीक्षण गरिनेछ ।

७. होमस्टे व्यवस्थापन तथा सञ्चालन : (१) सामुदायिक होमस्टे सञ्चालन गर्न चाहने सञ्चालकहरूले साधारण भेला गरी देहायबमोजिमको होमस्टे सञ्चालन तथा व्यवस्थापन समिति गठन गर्नुपर्नेछ–

(क) समुदायका सदस्यहरूबाट एक जना – अध्यक्ष

(ख) समुदायका सदस्यहरूबाट एक जना – उपाध्यक्ष

(ग) समुदायका सदस्यहरूबाट एक जना – कोषाध्यक्ष

(घ) समुदायका सदस्यहरूबाट महिला सदस्य – सदस्य

(ङ) समुदायका सदस्यहरूबाट एक जना सदस्य – सदस्य-सचिव

(२) होमस्टेमा सहभागी हुने घर सङ्ख्याको आधारमा समावेशी हुने गरी समुदायले थप ६ जनासम्म सदस्यको चयन गर्न सक्नेछ ।

(३) होमस्टे व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ,–

(क) पर्यटकीय क्रियाकलापहरू र पर्यटनहरूले पालना गर्नुपर्ने आचारसंहिताको बारेमा जानकारी गराउने ।

(ख) आगन्तुक/पर्यटकहरूको स्वागत तथा पाहुनाको आवास व्यवस्था मिलाउने,

(ग) पर्यटकको दर्ता व्यवस्था गर्ने,

(घ) आयव्ययको स्रेस्ता व्यवस्थित र दुरुस्त राख्ने,

(ङ) प्रत्येक होमस्टेको नियमित अनुगमन गर्ने,

(च) स्थानीय भ्रमण प्याकेजहरूको निर्माण र प्रचार प्रसार गर्ने,

(छ) स्थानीय वातावरण, परम्परा, शैली तथा संस्कृतिको संरक्षण गर्ने,

(ज) सांस्कृतिक कार्यक्रमहरूको प्रदर्शन/व्यवस्थापन गर्ने,

(झ) पर्यटकहरूको स्वास्थ्योपचार र अन्य आकस्मिक सेवाहरूको व्यवस्थापन र समन्वय गर्ने,

(ञ) होमस्टेको साइनेज तथा लोकेसन म्याप तयार गर्ने,

(ट) पर्यटक आवास गृहमा उपलब्ध हुने सुविधा तथा मेनु/मूल्य निर्धारणमा एकरूपता कायम गर्ने,

(ठ) प्रत्येक आर्थिक वर्ष समाप्त भएको पैँतिस दिन भित्र पर्यटक सङ्ख्या, प्रमुख क्रियाकलाप आय तथा व्यय देखिने वार्षिक प्रतिवेदन महाशाखा वा कार्यलयमा पठाउने,

(ड)) होमस्टेको विकास, पबर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू गर्ने ।

(ढ) जिल्लास्थित होमस्टे समन्वय समिति र केन्द्रमा रहेको पर्यटन मन्त्रालयसँग नियमित सम्पर्क र सञ्चार गर्ने ।

(ण) अनुसूची ४ बमोजिमको सूचना पर्यटकहरूले देख्ने स्थानमा राख्नु पर्ने,

(त) होमस्टे विकास प्रवर्द्धन तथा व्यवस्थापनका लागि अन्य आवश्यक कार्यहरू गर्ने,

८. **जिल्ला होमस्टे समन्वय समिति** : (१) प्रत्येक जिल्लामा जिल्ला विकास समितिअन्तर्गत रहने गरी सम्बन्धित जिल्ला विकास समितिको पर्यटन हेर्ने सदस्यको संयोजकत्वमा पूर्वाधार विकास, स्वास्थ्य, शिक्षा, सञ्चार, सुरक्षा, खानेपानी, विद्युत कार्यालयका प्रतिनिधि सदस्य रहने गरी जिल्ला होमस्टे समन्वय समिति गठन गर्न सकिनेछ ।

(२) जिल्ला होमस्टे समन्वय समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिमको हुनेछ :

(क) जिल्ला स्थित होमस्टे व्यवस्थापन समितिहरू बिच समन्वय र सहजीकरण गर्ने,

(ख) पूर्वाधार विकास र क्षमता अभिवृद्धिसम्बन्धी कार्य गर्ने,

(ग) पर्यटकलाई स्वास्थ्यसम्बन्धी जनचेतना जगाउने,

(घ) आकस्मिक स्वास्थ्यसम्बन्धी सहयोग र समन्वय गर्ने,

(ङ) सम्भाव्य पर्यटकीय सम्पदाहरूको विवरण तयार गर्ने,

(च) बाटो, पदयात्रामार्ग, भ्यूटावर, खानेपानी, स्वास्थ्य चौकी जस्ता साना पूर्वाधारहरू बनाउने वा बनाउन सम्बन्धित गा.वि.स.लाई सहयोग गर्ने ।

९. **अनुगमन तथा निरीक्षणसम्बन्धी व्यवस्था :** (१) महाशाखा वा कार्यालयले आवश्यकतानुसार समय समयमा होमस्टे व्यवस्थापन समितिका कार्यहरू तथा प्रत्येक होमस्टेको इकाइको अनुगमन तथा निरीक्षण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको निरीक्षणका क्रममा तोकिएको मापदण्ड पुरा नगर्ने होमस्टेलाई मनासिव माफिकको म्याद दिई मापदण्ड पुरा गर्न लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको म्यादभित्र पनि मापदण्ड कायम गर्न नसकेका होमस्टेलाई महाशाखा वा कार्यालयले निलम्बन वा खारेज गर्न सक्नेछ ।

१०. **नवीकरण :** (१) प्रत्येक होमस्टे देहायबमोजिमको कागजात संलग्न गरी प्रत्येक पाँच वर्षमा होमस्टे नवीकरणका लागि महाशाखा वा कार्यालयमा रु. ५।- को टिकट टाँसी निवदेन दिनु पर्नेछ ।

(क) विगत पाँच वर्षको आय व्यय र होमस्टेले प्रदान गरेको र पर्यटकहरूको लगत तथा विवरण ।

(ख) सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको प्रतिवेदन ।

(२) उपदफा (१) बमोजिम नवीकरणका लागि निवेदन पर्न आएमा महाशाखा वा कार्यालयले सम्बद्ध होमस्टेको निरीक्षण गरी मापदण्ड पुरा भएकाको हकमा होमस्टको नवीकरण गर्नेछ र पुरा नभएका होमस्टेको नवीकरण हुने छैन ।

११. **प्रचार प्रसार तथा बजारीकरण :** होमस्टेको होर्डिङ बोर्ड, साइनबोर्ड, ब्रोसियर, पोष्टर, सिडी जस्ता प्रचार प्रसारका सामग्रीहरूको उत्पादन, वेभसाइट, पत्रपत्रिका, रेडियो, टेलिभिजन, उत्सव, मेला, महोत्सव, गैरआवासीय नेपालीसँगको सहकार्य, टुर अपरेटर तथा पत्रकारहरूलाई परिचयात्मक भ्रमण, भ्रमण प्याकेजको निर्माण तथा विक्री प्रवर्द्धन जस्ता काम कारवाई र क्रियाकलाप नेपाल पर्यटन बोर्ड र तारा गाँउ विकास समितिले निजी क्षेत्रका ट्राभल तथा ट्रेकिङ एजेन्सीसँग सहकार्य गरी होमस्टेको प्रचार प्रसार तथा बजारीकरण गर्नेछ ।

१२. **होमस्टे एसोशिएसन :** होमस्टेसम्बन्धी नीति निर्माण, व्यवस्थापन, प्रवर्द्धन तथा होमस्टे सञ्चालन मापदण्डमा एकरूपता तथा अनुगमन कार्यमा नेपाल सरकारलाई सहयोग पुऱ्याउन होमस्टे सञ्चालकहरूको होमस्टे एसोशिएसनले कार्य गर्नेछ ।

१३. **विविध :**

(१) प्रसिद्ध धार्मिक तिर्थस्थलमा दर्शनका लागि आउने दर्शनार्थी तथा तिर्थालुहरूको बसोबास र खानपीनको वन्दोवस्त मिलाउन होमस्टे सञ्चालनका लागि स्थानीय समुदायसमेतको सहभागीमा अनुरोध भएमा यस कार्यविधिको अन्य व्यवस्थाहरूको अधीनमा रही सञ्चालन अनुमति दिन सकिनेछ

(२) होमस्टेमा ट्राभल एजेन्सीमार्फत् आउने पर्यटकको बीमा गराउने जिम्मेवारी सम्बन्धित ट्राभल एजेन्सीको हुनेछ । व्यक्तिगतरूपमा आउने पर्यटकको हकमा बीमा गर्ने जिम्मेवारी सम्बन्धित पर्यटकको नै हुनेछ ।

(३) होमस्टे सञ्चालन गर्ने सञ्चालकले प्रचलित नेपाल कानुनबमोजिम नेपाल राष्ट्र बैङ्कको पूर्व स्वीकृति लिएर मात्र विदेशी मुद्राको कारोबार गर्नु पर्नेछ ।

(४) होमस्टे सञ्चालनसम्बन्धी आधारभूत तालिम नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रशिक्षण प्रतिष्ठानलगायत अन्य स्वीकृत प्राप्त तालिम केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

अनुसूची १

(दफा ४ सँग सम्बन्धित)

होमस्टे सञ्चालनका आधारभूत मापदण्ड

१. होमस्टेका लागि घर, कोठा र शैय्या :

(क) प्रत्येक सामुदायिक होमस्टका लागि भिन्न भिन्न स्वामित्व भएका कम्तीमा ५ वटा घर (होमस्टे युनिट) हुनु पर्नेछ । एकआपसमा सहज पहुँचका लागि बाटोको प्रबन्ध भएको, घरहरू मौलिक संस्कृति झल्कने र हावा हुरी, जङ्गली जनावर आदिबाट सुरक्षित हुनु पर्ने, खुला, हिलो तथा धुलोरहित सफासुग्घर हुनुपर्नेछ ।

(ख) होमस्टेमा पाहुनाका लागि कम्तीमा एउटा अलग्गै कोठा हुनु पर्नेछ ।

(ग) होमस्टे सञ्चालन गर्ने एक घरमा बढीमा ४ कोठा पर्यटकका लागि छुट्याउन सकिनेछ ।

(घ) एउटा कोठमा बढीमा २ वटामात्र ओछ्यान रहनुपर्ने छ । ओछ्यान कम्तीमा ६.५ फिट लम्बाइ र ३ फिट चौडाइको हुनुपर्नेछ ।

(ङ) भुइँमा कार्पेट वा राडी वा सफा गुन्द्री ओछ्याएको हुनुपर्नेछ ।

(च) ढोकामा खुट्टा पुछ्ने बोरा वा डोरम्याट भएको हुनुपर्नेछ ।

(छ) नरम खालको सेतो तन्ना भएको र सेतै खोल भएका ओढ्नेको व्यवस्था हुनुपर्नेछ ।

(ज) भित्तामा वा ढोकाको पछाडिपर्ट्टि लुगा झुन्ड्याउने व्यवस्था भएको हुनुपर्नेछ ।

(झ) कोठामा बिजुली बत्ती वा लाल्टिन वा मैन वा टुकी पानस बाल्ने व्यवस्था हुनुपर्नेछ ।

(ञ) सुत्ने कोठामा धुवाँ आउन नहुने ।

(ट) सुत्ने कोठामा राम्रा राम्रा दृश्य र स्थानीय संस्कृति झल्कने तस्विरहरू भएमा राम्रो हुने ।

(ठ) फोहोर फाल्ने एउटा टोकरी (डस्टबीन) को व्यवस्था हुनुपर्नेछ ।

(ड) सम्भव भएसम्म प्रत्येक पाहुनाका लागि १ जोर चप्पल (स्लिपर) को व्यवस्था हुनुपर्नेछ ।

(ढ) सम्भव भएसम्म भित्तामा एउटा अर्धकद (आधा शरीर) देखिने समूहे ऐना झुन्डाएको हुनुपर्नेछ ।

(ण) सम्भव भएसम्म सुत्ने कोठामा चिया टेबल राख्नु राम्रो हुने ।

(त) सम्भव भएसम्म सुत्ने कोठामा २ वटा कुर्सी राख्नु राम्रो हुने ।

२. शौचालय र स्नानगार :

(क) सुविधायुक्त र सफा शौचालय हुनु पर्ने ।

(ख) होमस्टे सञ्चालन गर्ने घर वा समुदायमा नुहाउने प्रबन्ध (छुट्टै बाथरुम वा कम्तीमा छेकिएर नुहाउन सकिने सुविधायुक्त ठाउँ ।

(ग) स्नानगारमा पानीको बाल्टी, मग, साबुन, रुमाल आदि आधारभूत वस्तुहरू हुनु पर्ने ।

३. भान्छा कोठा र खाना खाने व्यवस्था :

(क) पाहुना राख्ने घर/कोठा नजिक गाई भैँसी अथवा भेडाबाखा, सुँगुर, कुखुरा आदि बाँध्न वा पाल्न नहुने ।

(ख) धेरै धुँवा नहुने भान्सा (उन्नत वा सुधारिएको चुलो भएको ।

(ग) पानीको सुविधा मिलाउनुपर्ने र खानेपानी फिल्टर गरेर वा उमालेर मात्र दिने ।

(घ) स्थानीय खानाका परिकारहरूलाई स्वस्थकर ढङ्गले पकाउने र खुवाउने प्रबन्ध हुनुपर्ने ।

(ङ) नेपालीहरूलाई राम्रोसँग पलेटी कसेर वसेर खान मिल्ने ठाउँ हुनुपर्ने ।

(च) विदेशीलाई सानो डाइनिङ टेबलको पनि प्रबन्ध भए राम्रो हुने ।

(छ) खानपिन विवरण तथा मूल्य निर्धारण गरिएको हुनुपर्ने (मेनु भएको ।

४. स्वास्थ्य, सरसफाइ तथा सुरक्षा :

(क) मुसा, लामखुट्टे, उडुस, उपियाँ आदिबाट सुरक्षित हुनु पर्ने, दुर्गन्ध वा गाई भैँसीको गोठबाट टाढा हुनु पर्ने, सामुदायिकरूपमा प्राथमिक उपचारको व्यवस्था हुनु पर्ने, खुला नाली र ढल हुन नहुने ।

(ख) वातावरणमैत्री पर्यटन क्रियाकलाप, पर्यटकीय सम्पदाहरूको संरक्षण, सार्वजनिक शौचालयको व्यवस्था, वृक्षरोपण ।

अनुसूची २

(दफा ६(१) सँग सम्बन्धित)

होमस्टे दर्ताका लागि दिइने निवेदन

श्री पर्यटन उद्योग महाशाखा/पर्यटन कार्यालय,

हामीहरूले जिल्ला ..... गा.वि.स./न.पा. ..... वडा नं. ..... टोल/गाउँ .....मा सञ्चालन गर्न लागेको ..... होमस्टेलाई होमस्टे सञ्चालन कार्यविधि, २०६७ बमोजिम सामुदायिक/निजी होमस्टेको रूपमा दर्ता गरी पाउन निवेदन गर्दछु/गर्दछौ ।

होमस्टे सञ्चालन कार्यविधि निर्देशिका, २०६७ को अधिनमा रही आफ्नो होमस्टे सञ्चालन गर्नेछौं ।

संलग्न कागजात :

१. होमस्टे सञ्चालन गर्ने निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपिहरू

२. होमस्टे सञ्चालन गर्ने प्रत्येक घरधनीको जग्गा धनी प्रमाणपत्रको प्रतिलिपि

३. प्रत्येक घरधनीले होमस्टे सञ्चालन गर्न मञ्जुर गरेको कागजात सहित होमस्टे व्यवस्थापन समितिको निर्णयको प्रतिलिपी

४. व्यवस्थापन समिति गठन तथा दर्ता गर्नेसम्बन्धी स्थानीय भेलाको निर्णय

५. निजी होमस्टेको हकमा सम्बन्धित स्थानीय निकायको सिफारिस

६. आधारभूत प्रशिक्षण लिएको भए सोको प्रमाणपत्रको प्रतिलिपि

होमस्टे युनिटहरू (दर्ता हुने व्यक्तिहरूको विवरण) :

क्र.सं.	सञ्चालकको नामथर	ठेगाना	क्र.सं.	सञ्चालकको नामथर	ठेगाना

नोट : सामुदायिक होमस्टेको हकमा होमस्टे व्यवस्थापन समितिको अध्यक्ष वा अधिकार दिएको व्यवस्थापन समितिको सदस्यले निवेदन दिनु पर्ने छ ।

निवेदक,

नामथर:

ठेगाना:

मिति :

अनुसूची ३

(दफा ६(३) सँग सम्बन्धित)

नेपाल सरकार

पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

पर्यटन उद्योग महाशाखा

प्रमाणपत्र सङ्ख्याः

भृकुटीमण्डप

काठमाडौं, नेपाल

मितिः .....

होमस्टे सञ्चालन प्रमाणपत्र ..... लाई होमस्टे सञ्चालन कार्यविधि, २०६७ मा व्यवस्था भएअनुसार सामुदायिक/निजी होमस्टेका रूपमा दर्ता/नवीकरण गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

१) सदस्यको नाम :

२) ठेगाना :

३. मान्य अवधि :

HOME STAY OPERATION CERTIFICATE

..... home stay is registered/renewed as a community / private home stay under home stay operation procedures 2067 B.S.

1. Name of the owner:
2. Address of the owner :
3. Valid up to .....

Section Officer

शर्तहरू

- व्यवस्थापन समितिसँग समन्वय गरी पर्यटकहरूलाई बसोबासको व्यवस्था गर्नुपर्ने छ ।
- चलन चल्तीको वा निर्धारित मूल्यभन्दा बढी मूल्य लिनु हुदैन ।
- स्थानीय समाजिक सांस्कृतिक वातावरणलाई असर पर्ने खालका क्रियाकलापहरू गर्नु गराउनु हुँदैन । यो प्रमाणपत्र तथा अनुसूची ४ बमोजिमको आचारसंहिता सबैले देख्ने स्थानमा राख्नु पर्नेछ ।
- व्यवस्थापन समितिसँग समन्वय गरी प्रत्येक वर्ष प्रतिवेदन बुझाउनु पर्नेछ ।
- यो प्रमाणपत्र प्रत्येक ५/५ वर्षमा नवीकरण गराउनु पर्नेछ ।

अनुसूची ४

(दफा ७ (३) (ङ) सँग सम्बन्धित)

Code of Conduct for the Visitors

The home stay visitors are expected to abide the following points:

1. Do not pressure the owner for food, beverage and facilities not available at home stay.
2. Do not disturb people at home or outside.
3. Do not offer anything to the people beyond one's capacity.
4. Beware of doing any behavior (such as sexual activities), which is impermissible to the local socio-cultural values.
5. Respect to the rites and rituals of the local people. Wear such clothes that are permissible to the community.
6. Do not impress the owner or use or other people for doing immoral or illegal activities. Respect to the household routine for entrance and exit.
7. Supply and use of narcotics or any forms of psychotropic drugs at home or outside is strictly prohibited.
8. Respect to the bio-diversity and ecology of the environment.

भाग ५

विविध

५.१ राष्ट्रिय युवा नीति, २०६६

(ञ) नेपालको प्राकृतिक स्रोतसाधनहरूको सदुपयोग हुने गरी पर्यटन, घरेलु उद्योग, कृषि उद्योगका विषयमा सिप प्रशिक्षण केन्द्रको स्थापना गरी तालिम दिइनेछ भने सरकारी तथा गैरसरकारी क्षेत्रबाट शिक्षामा भइरहेको लगानीलाई कृषि, पर्यटन, पशुपालन, वन विज्ञान, जडीबुटी उत्पादन तथा प्रशोधन, जलविद्युत्लगायतका क्षेत्रहरूमा समुचित प्रविधिको विकास गर्नका लागि केन्द्रित गरिनेछ ।

५.२ औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता, २०६७

नेपाल सरकारले सन् २०१० लाई लैङ्गिक हिंसा विरुद्धको वर्षको रूपमा मनाउने निर्णय गरेको पृष्ठभूमिमा नेपालले अन्तर्राष्ट्रिय समुदायसमक्ष व्यक्त गरेका लैङ्गिक हिंसा विरुद्धका विभिन्न प्रतिवद्धता र मुलुकभित्र विद्यमान सदाचार र सुसंस्कृतिका आवश्यक पक्षलाई समेत समेटी सुरक्षित, मर्यादित र स्वच्छ कार्य वातावरण सिर्जना गरी औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा नियन्त्रण गर्ने उद्देश्यले "औद्योगिक प्रतिष्ठानका कार्यस्थलमा हुने लैङ्गिक हिंसा विरुद्धको आचार संहिता" बनाई लागू गर्न यो आचार संहिता जारी गरेको हो ।

३. लैङ्गिक हिंसा हुने काम कारवाही गर्न गराउन नहुने :

३.१ प्रतिष्ठानले लैङ्गिक हिंसा हुने कुनै पनि किसिमको कार्य गर्नु गराउनु हुँदैन ।

३.२ प्रतिष्ठानमा कर्मचारी वा कामदारले काम गर्दा प्रतिष्ठानले लैङ्गिक हिंसा हुने वातावरण सिर्जना गर्नु हुँदैन ।

४. प्रतिष्ठानले लैङ्गिक हिंसा हुन नदिन कार्यहरू गर्नु पर्ने : प्रतिष्ठानले कार्यस्थलमा लैङ्गिक हिंसा हुन नदिन देहायका कार्यहरू गर्नु पर्नेछ :

(क) लैङ्गिक हिंसा हुन नदिन कामदार, कर्मचारी र व्यवस्थापनबिच निरन्तर सम्पर्क, सम्वाद र छलफल हुने व्यवस्था गर्ने,

(ख) लैङ्गिक हिंसा विरुद्ध जनचेतना जगाउने विभिन्न कार्यक्रमहरू सञ्चालन गर्ने,

(ग) सिप, क्षमता र वृत्ति विकासका क्रियाकलापहरू सञ्चालन गर्ने र यस्ता क्रियाकलापहरूमा महिला कामदार वा महिला कर्मचारी वा तेस्रो लिङ्गीको सहभागिता अभिवृद्धि गर्न सहुलियत वा प्रोत्साहन दिने,

(घ) लैङ्गिक हिंसा गर्ने कामदार वा कर्मचारीउपर विभागीय कारवाही गर्न प्रतिष्ठानको सम्बन्धित नियमावली/विनियमावलीमा आवश्यक प्रावधान राख्ने,

(ङ) लैङ्गिक हिंसाका घटना घटेको पाइएमा छानबिन गरी दोषी उपर कारवाही गर्ने,

(च) कम्तीमा दुई महिना एकपटक बैठक गर्ने,

(छ) प्रतिष्ठानमा लेख्दा, बोल्दा र व्यवहार गर्दा लैङ्गिक संवेदनशीलता र शिष्टाचारमा जोड दिने ।

(ज) महिला र पुरुषका लागि छुट्टाछुट्टै ड्रेसिङ कक्ष र शौचालयको व्यवस्था गर्ने,

५. आचार संहिता कार्यान्वयन तथा अनुगमन समिति :

५.१. यस आचार संहिताको उल्लङ्घन हुन नदिन आवश्यक कार्यक्रम सञ्चालन गर्न र यस आचार संहिताको उल्लङ्घन भएको पाइएमा वा यससम्बन्धी उजुरी परेकोमा छानविन गरी दोषी उपर कारवाहीका लागि सिफारिस गर्न प्रत्येक प्रतिष्ठानमा देहायबमोजिमको एक आचार संहिता कार्यान्वयन तथा अनुगमन समिति रहनेछ ।

(क) प्रतिष्ठानका कार्यकारी प्रमुख वा निजले तोकेको प्रतिष्ठानको वरिष्ठ अधिकृत - संयोजक

(ख) सम्वन्धित प्रतिष्ठानको प्रशासन शाखा वा जनशक्ति व्यवस्थापन शाखाका प्रमुख - सदस्य

(ग) प्रतिष्ठानमा क्रियाशील ट्रेड युनियनका प्रतिनिधिहरू एक एक जना - सदस्य

(घ) प्रतिष्ठानका कार्यकारी प्रमुखले तोकेको महिला कामदार र महिला कर्मचारी एक एक जना - सदस्य

(ङ) प्रतिष्ठानका कार्यकारी प्रमुखले तोकेको पुरुष कामदार वा कर्मचारी एक जना - सदस्य

५.२. समितिको बैठक समितिको संयोजकले तोकेको मिति, समय र स्थानमा कम्तीमा दुई महिनामा एक पटक बस्नेछ ।

५.३. समितिको बैठकका लागि कम्तीमा पचास प्रतिशत सदस्यहरूको उपस्थिति अनिवार्य हुनेछ ।

५.४. समितिको बैठकमा उपस्थित बहुमत सदस्यहरूको निर्णय समितिको निर्णय मानिनेछ ।

५.५. समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछ :

(क) प्रतिष्ठानभित्र लैङ्गिक हिंसा हुने कुनै कार्य हुन नदिन प्रशिक्षण, अभिमुखिकरण कार्यक्रम, जनचेतना अभिवृद्धि र प्रचार प्रसार गर्ने,

(ख) प्रतिष्ठानभित्र लैङ्गिक हिंसा हुने कुनै कार्य भए गरेको पाइएमा वा कुनै उजुरी परेकोमा उजुरीउपर छानविन गरी दोषी उपर कारवाहीका लागि कार्यकारी प्रमुखसमक्ष सिफारिस गर्ने,

(ग) लैङ्गिक हिंसा विरुद्धको कार्य योजना तयार गर्ने र सो कार्य योजना कार्यान्वयनका लागि कार्यक्रम तयार गरी कार्यान्वयन गर्ने,

(घ) प्रतिष्ठानमा लैङ्गिक हिंसा हुन नदिन आवश्यक सतर्कता अपनाउने,

(ङ) लैङ्गिक हिंसा विरुद्ध सञ्चालित कार्यक्रमको अनुगमन, मूल्याङ्कन गर्ने,

(च) लैङ्गिक हिंसासम्बन्धी उजुरी वा गुनासो निवेदन, उजुरी पेटिका, इमेल, टेलिफोन, फ्याक्सलगायतका माध्यमवाट लिने व्यवस्था मिलाउने ।

(छ) लैङ्गिक हिंसा विरुद्ध उजुरी गर्ने उजुर कर्ताको नाम, थर घटनाको पुष्टि नभएसम्म गोप्य राख्ने व्यवस्था गर्ने ।

(ज) कार्यस्थलको वातावरण स्वस्थ, सुरक्षित, पारदर्सी र लैङ्गिक मैत्री बनाई लैङ्गिक हिंसाको स्थिति उत्पन्न नहुने व्यवस्था गर्ने ।

५.६. समितिले आफूसमक्ष प्राप्त उजुरी वा गुनासोको सम्बन्धमा छानविन गरी घटनाको प्रकृति हेरी सात दिनदेखि बढीमा तिन महिना भित्र सिफारिस गरिसक्नु पर्नेछ ।

६. आचार संहिताको पालना गर्नु पर्ने :

६.१ यस आचार संहिताको पालना गर्नु गराउनु सबै प्रतिष्ठानको कर्तव्य हुनेछ ।

६.२ यस आचार संहिताको पालना प्रतिष्ठानको व्यवस्थापनमा संलग्न व्यक्तिले समेत गर्नु पर्नेछ ।

६.३ यस आचार संहितको पालना भए नभएको अनुगमन प्रतिष्ठान दर्ता गर्ने निकाय र सोको तालुक निकायले अनुगमन सूचकको विकास गरी गर्नेछ ।

६.४ यस आचार संहिता पूर्णरूपमा पालना गर्ने गराउने कार्यमा उत्कृष्ट ठहरिएका प्रतिष्ठानलाई अनुगमन सूचकको आधारमा अनुगमन गर्ने निकायले पुरस्कृत गर्नेछ ।

५.३ आर्थिक वर्ष २०७२/७३ को मौद्रिक नीति

८६. बैङ्क तथा वित्तीय संस्थाहरूबाट विपन्न वर्गमा प्रवाह हुने कर्जाको अनुपातलाई ०.५ प्रतिशत विन्दुले वृद्धि गरी वाणिज्य बैङ्कहरूका लागि कुल कर्जाको ५.० प्रतिशत, विकास बैङ्कहरूका लागि ४.५ प्रतिशत र वित्त कम्पनीहरूका लागि ४.० प्रतिशत कायम गरिएको छ । साथै, व्यावसायिक कृषिलाई समेत समावेश गर्ने गरी विपन्न वर्गमा जाने कर्जालाई पुनर्परिभाषित गरिने छ ।

९२. लघुवित्त संस्थाहरूबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको अधिकतम सीमा रु. २ लाखबाट वृद्धि गरी रु. ३ लाख पुऱ्याइने छ । त्यसैगरी, धितो लिई प्रदान गरिने लघु उद्यम कर्जाको अधिकतम सीमा रु. ५ लाखबाट वृद्धि गरी रु. ७ लाख कायम गरिने छ ।

९५. वचत तथा ऋण सहकारी संस्थाहरूका साथै लघुवित्त कारोबार गर्ने संस्थाहरूको सङ्ख्यामा उल्लेख्य वृद्धि भइरहेको र यी संस्थाहरूको प्रभावकारी नियमन तथा सुपरीवेक्षण गर्न एउटा छुट्टै सबल निकायको आवश्यकता रहेको सन्दर्भमा नेपाल सरकारको बजेट वक्तव्यमा उल्लेख भएबमोजिम त्यस्तो संस्थाको स्थापनाका लागि ऐनको मस्यौदा तयार गरी नेपाल सरकारसमक्ष पेश गरिने छ ।

९६. यस बैङ्कबाट वित्तीय मध्यस्थताको कारोबार गर्न अनुमति प्राप्त गरेका गैर-सरकारी संस्थाहरूलाई तोकिएको प्रक्रिया पुरा गरी २०७२ असार मसान्तसम्ममा "घ" वर्गको लघुवित्त संस्थामा परिणत भइसक्न निर्देशन दिइएकोमा भूकम्पपछिको विषम परिस्थितिसमेतलाई दृष्टिगत गरी उपरोक्त समयावधि २०७२ पुस मसान्तसम्म थप गर्ने व्यवस्था मिलाइने छ ।

९७. जनसाधारणलाई वित्तीय सेवाको उपयोग गर्नका लागि प्रोत्साहन गर्न, वित्तीय सेवाका ग्राहकहरूको हित संरक्षण गर्न तथा वित्तीय समावेशीकरण बढाउन राष्ट्रिय वित्तीय साक्षरता नीति तर्जुमा गरी लागू गरिने छ ।

९८. ग्रामीण क्षेत्रमा बसोबास गर्ने समूहे हिस्सा अझै पनि निरक्षर रहनुका साथै उनीहरूमा वित्तीय चेतनाको समेत कमी रहेको परिप्रेक्ष्यमा सरकारले सञ्चालन गर्ने अनौपचारिक शिक्षा, मौद्रिक नीति २०७२/७३ ।

९८. प्राविधिक तालिम तथा विद्यालयस्तरका पाठ्यक्रममा वित्तीय साक्षरता (Financial Literacy) सम्बन्धी विषयलाई समेत क्रमशः समावेश गराउन नेपाल सरकार तथा अन्य सरोकारवाला निकायहरूसँग समन्वय गरिने छ ।

आर्थिक वर्ष २०७१/७२ को मौद्रिक नीतिको लक्ष्य तथा प्रगति विवरण

बुँदा नं.	लक्ष्य कार्यक्रम	कार्यान्वयन स्थिति
९७	बैङ्क तथा वित्तीय संस्था नभएका स्थानमा लघुवित्त संस्थाहरूबाट स्वीकारयोग्य धितो लिई समूहमा आबद्ध भएका तथा नभएका सबैलाई लघुउद्यम सञ्चालन गर्न रु. ५ लाखसम्म कर्जा प्रदान गर्ने व्यवस्था गर्ने ।	२०७१ असोज ७ मा निर्देशन जारी गरिएको ।
९८	(क) बैङ्क तथा वित्तीय संस्थाहरूको उपस्थिति कम भई वित्तीय पहुँचको अवस्था कमजोर रहेका क्षेत्रमा अवस्थित सहकारी संस्थाहरूलाई परिचालन गरी ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा प्रवाहमा प्राथमिकता दिने । (ख) लघुवित्त संस्थाहरूलाई पनि आवश्यक परेको खण्डमा ग्रामीण स्वावलम्बन कोषबाट थोक कर्जा प्रवाह गर्ने ।	२०७१ मंसिरबाट काठमाडौं उपत्यका बाहिरका नगरपालिका क्षेत्रका सहकारी संस्थाहरूलाई समेत ग्रामीण स्वावलम्बन कोषबाट कर्जा प्रदान गर्न सकिने व्यवस्था गरिएको । साथै, अपाङ्गता भएका व्यक्तिहरूद्वारा सञ्चालित सहकारी संस्थाहरूलाई कर्जा लगानी गर्दा ग्रामीण क्षेत्रमा नै कार्यालय खोली कार्यरत रहनु पर्ने अनिवार्यतालाई हटाइएको । लघुवित्त संस्थाहरूलाई समेत ग्रामीण स्वाबलम्बन कोषबाट थोक कर्जा प्रवाह गर्न सकिने सम्बन्धमा कोष सञ्चालक समितिमा प्रस्ताव पेश भएको ।
१०२	बैङ्क तथा वित्तीय संस्थाबाट विगत दुई वर्षदेखि विपन्न वर्ग कर्जा उपभोग गरी असल वर्गमा परेका समूह सदस्यलाई सामूहिक जमानीमा प्रदान गरिने कर्जाको सीमा रु. १ लाख ५० हजारबाट वृद्धि गरी रु. २ लाख पुऱ्याइने र धितो लिई प्रदान गरिने लघुउद्यम कर्जाको सीमा रु. ४ लाखबाट वृद्धि गरी रु. ५ लाख कायम गर्ने ।	२०७१ साउन ३० मा निर्देशन जारी गरिएको ।
१०३	बैङ्क तथा वित्तीय संस्थाहरूबाट महिलाहरूद्वारा प्रवर्द्धित लघु उद्यमका लागि सम्बन्धित परियोजना धितोमा प्रवाह हुने रु. ७ लाखसम्मको परियोजना कर्जालाई विपन्न वर्ग कर्जामा गणना गरिने । साथै, यस्तो कर्जा सुरक्षण गराउने व्यवस्था मिलाइने ।	२०७१ साउन ३० मा निर्देशन जारी गरिएको ।